# बैतडेली गौरापर्वका गीतमा लोकविश्वास

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत

नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित दर्शनाचार्य तह

तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को

शोधप्रयोजनार्थ

प्रस्तुत

## शोधप्रबन्ध


**शोधकर्ता**

दीपकसागर पन्त

क्रमाङ्क : १८

दर्शनाचार्य तह

नेपाली केन्द्रीय विभाग, कीर्तिपुर


२०८१

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको दर्शनाचार्य तहका विद्यार्थी श्री दीपकसागर पन्तले *बैतडेली गौरापर्वका गीतमा लोकविश्वास* शीर्षकको शोधप्रबन्ध मेरो निर्देशनमा तयार पार्नुभएको हो । स्थलगत रूपमा सामग्री सङ्कलन गरी परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधकार्य सन्तोषजनक भएकाले म यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०८१/०३/२४

....................................

सहप्रा.डा. दुर्गाबहादुर घर्ती
शोधनिर्देशक
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ

**त्रिभुवन विश्वविद्यालय**

मानविकी तथा सामाजिकशास्त्र सङ्काय

## नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौँ

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य तहको उपाधिका लागि छात्र दीपकसागर पन्तले तयार पारेको *बैतडेली गौरा पर्वका गीतमा लोकविश्वास* शीर्षकको प्रस्तुत शोधप्रबन्ध सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

| **शोधप्रबन्ध मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| १. प्रा.डा. कृष्णप्रसाद न्यौपाने | ........................ |
| (विभागीय प्रमुख) | |
| २. सहप्रा.डा. दुर्गाबहादुर घर्ती | ......................... |
| (शोधनिर्देशक) | |
| ३. सहप्रा.डा. साधना पन्त | ........................ |
| (आन्तरिक परीक्षक) | |
| ४. प्रा.डा.खगेन्द्रप्रसाद लुइटेल | |
| (बाह्य परीक्षक) | ........................ |

मिति : २०८१।०३।

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको दर्शनाचार्य तह, तेस्रो सत्रको पाठ्यांश सङ्केत ६०९ र ६१० को प्रयोजनका लागि तयार पारिएको *बैतडेली गौरापर्वका गीतमा लोकविश्वास* शीर्षकको प्रस्तुत शोधप्रबन्ध मैले त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागका आदरणीय गुरु सहप्रा.डा. दुर्गाबहादुर घर्तीको प्राज्ञिक सल्लाह तथा कुशल निर्देशनमा तयार पारेको हुँ । यो शोधप्रबन्ध तयार गर्ने सन्दर्भमा आइपरेका विभिन्न कठिनाइहरूसँग जुध्ने प्रेरणा प्रदान गर्दै सही मार्गनिर्देशन गरेर शोधकार्य सम्पन्न गर्न उत्प्रेरित गर्नुभएकोमा आदरणीय गुरुज्यूप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधप्रबन्ध तयार पार्ने सन्दर्भमा बेलाबखत आवश्यक सहयोग र सुझाव प्रदान गर्नुहुने दर्शनाचार्य तह, नेपाली केन्द्रीय विभागका सम्पूर्ण आदरणीय गुरुहरूप्रति म कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधप्रबन्ध मूलतः क्षेत्रीय अध्ययन विधिबाट तयार पारिएकाले सामग्री सङ्कलन एवम् अन्य सन्दर्भमा सहयोग पुऱ्याउनुहुने कविराज भट्ट, गायत्री भट्टज्यूप्रति विशेष आभार व्यक्त गर्दछु । साथै अनुसन्धानका क्रममा त्रि.वि. पुस्तकालय, त्रि.वि नेपाली विभागीय पुस्तकालय, एसियाली अनुसन्धान केन्द्र तथा नेपाल प्रज्ञा प्रतिष्ठानका कर्मचारीहरूले गर्नुभएको अमूल्य सहयोग तथा मलाई विद्वत्वृत्ति उपलब्ध गराई सहयोग पुऱ्याउने विश्वविद्यालय अनुदान आयोगप्रति धन्यवाद प्रकट गर्दछु । यस शोधप्रबन्धका लागि गौरापर्वका अवसरमा गीतहरू गाएर विशेष सहयोग गर्नुहुने गीदारा/गीदारीहरू नन्दादेवी भट्ट, अम्बिका भट्ट, द्रौपतीदेवी पन्त, कुइरा भट्टराई, जानकीदेवी भट्ट, कविराज भट्ट, अमर टेर र अन्य सबैप्रति आभारी छु ।

अन्त्यमा *बैतडेली गौरापर्वका गीतमा लोकविश्वास* शीर्षकको यस शोधप्रबन्धलाई आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष पेस गर्दछु ।

...................

दीपकसागर पन्त

शैक्षिक सत्र : २०७७/२०८०

क्रमाङ्क : १८

दर्शनाचार्य तह

नेपाली केन्द्रीय विभाग,

त्रिभुवन विश्वविद्यालय,

कीर्तिपुर

# विषयसूची

## पहिलो परिच्छेद : शोधपरिचय


| | | |
|---|---|---|
| १.१ | विषयप्रवेश | १ |
| १.२ | समस्याकथन | ३ |
| १.३ | शोधको उद्देश्य | ३ |
| १.४ | पूर्वकार्यको समीक्षा | ४ |
| १.५ | शोधको औचित्य र महत्त्व | ९ |
| १.६ | शोधको सीमाङ्कन | ९ |
| १.७ | शोधविधि | ९ |
| | १.७.१ सामग्री सङ्कलन विधि | ९ |
| | १.७.२ विश्लेषण विधि | १० |
| १.८ | शोधप्रबन्धको रूपरेखा | ११ |


## दोस्रो परिच्छेद : बैतडी जिल्लाको सङ्क्षिप्त परिचय


| | |
|---|---|
| २.१ विषयप्रवेश | १२ |
| २.२ बैतडीको नामकरण | १२ |
| २.३ बैतडी जिल्लाको भौगोलिक परिचय | १२ |
| २.४ ऐतिहासिक परिचय | १३ |
| २.५ धार्मिक तथा सांस्कृतिक परिचय | १४ |
| २.६ सामाजिक परिचय | १८ |
| २.७ निष्कर्ष | १९ |

## तेस्रो परिच्छेद : बैतडेली गौरापर्वका गीतका प्रकार र लोकविश्वास


३.१ विषयप्रवेश २०

३.२ लोकगीतको सैद्धान्तिक परिचय २१

३.३ लोकगीतको संरचना २३

३.४ लोकविश्वासको सैद्धान्तिक परिचय २५

३.५ लोकविश्वासको वर्गीकरण २७

३.६ बैतडेली गौरापर्वका गीतमा प्रस्तुत लोकविश्वास ४३

३.६.१ फागमा लोकविश्वास ४४

३.६.२ सगुनमा लोकविश्वास ४५

३.६.३ धमारीमा लोकविश्वास ४६

३.६.४ भोलाउलोमा लोकविश्वास ४८

३.६.५ झोडामा लोकविश्वास ४९

३.६.६ घरगीतमा लोकविश्वास ५०

३.७ निष्कर्ष ५०


## चौथो परिच्छेद : बैतडेली गौरापर्वका गीतमा प्रयुक्त लोकविश्वासको विश्लेषण


४.१ विषयप्रवेश ५२

४.२ स्वैरकल्पनाप्रतिका विश्वास ५२

४.३ जादु, टुनामुना तथा योगसम्बन्धी लोकविश्वास ६५

४.४ आत्मशीलताप्रति विश्वास ६८

४.५ विविध लोकविश्वास ६९

४.६ निष्कर्ष ७८

## पाँचौं परिच्छेद : सारांश तथा निष्कर्ष


५.१ सारांश ७९

५.२ निष्कर्ष ८०

परिशिष्ट-क : बैतडेली गौरापर्वका गीत ८३

परिशिष्ट-ख : स्रोतव्यक्तिको नामावली ११९

परिशिष्ट-ग : बैतडी जिल्लाको नक्सा १२०

सन्दर्भ सामग्रीसूची १२१

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयप्रवेश

बैतडी जिल्ला नेपालको सुदूरपश्चिम प्रदेशअन्तर्गत पर्ने नौओटा जिल्लामध्येको एक पहाडी जिल्ला हो । यसको पूर्वमा बझाङ र डोटी, उत्तरमा दार्चुला एवम् दक्षिणमा डडेल्धुरा जिल्ला पर्दछन् । विभिन्न साना-ठूला पहाड, खोँच-बेँसीहरूबाट निर्मित यस जिल्लाको पश्चिममा महाकाली नदीले भारतसँगको सिमाना छुट्याएको छ र सो नदीको पारिपट्टि भारतको उत्तराखण्ड राज्यको पिथौरागढ जिल्ला पर्दछ । यो जिल्ला भाषा, लोकसाहित्य, धर्म तथा संस्कृतिका हिसाबले निकै सम्पन्न मानिन्छ । यस क्षेत्रमा गौरा, दसैं, तिहार, माघेसङ्क्रान्ति, ओल्के सङ्क्रान्ति, कृष्णजन्माष्टमी, जनैपूर्णिमा, बिसु आदि चाडपर्व मनाउने गरिन्छ । यी चाडपर्व मनाउने आफ्नै किसिमको मौलिक पद्धति तथा परम्परा रहिआएको छ । पुरातात्त्विक सम्पदा र सांस्कृतिक सम्पदाको पुरानो इतिहास बोकेको यो जिल्ला लोकसाहित्यका क्षेत्रमा पनि निकै धनी रहेको छ । यहाँ मनाइने विभिन्न जात्रा, उत्सव, चाडपर्वहरूमा परम्परा, इतिहास, संस्कृति, सभ्यता तथा मान्छेका भावनालाई विभिन्न किसिमका गीतगाथा तथा कलात्मक पक्षहरूबाट झल्काउने गरिन्छ। यस जिल्लामा लोकसाहित्यका विभिन्न विधाहरूलाई आआफ्नै तरिकाले प्रयोग गरिँदै आएका पाइन्छ ।

गौरा सुदूरपश्चिम क्षेत्रको महत्त्वपूर्ण धार्मिक एवम् सांस्कृतिक पर्व हो । यो पर्व सुदूरपश्चिम र भारतको कुमाउँ क्षेत्रमा परापूर्वकालदेखि नै मनाउँदै आएको पाइन्छ । भाद्र शुक्ल तथा कृष्ण पक्षको पञ्चमीदेखि अष्टमीसम्म विभिन्न कार्यक्रमको आयोजना गरेर यो पर्व मनाइन्छ । मुख्यतया यो त्यस क्षेत्रका विवाहित र सधवा नारीहरूद्वारा गौरीमहेश्वरको पूजा तथा व्रत गरेर पर्याप्त नाचगान एवम् रमाइलोका साथ सम्पन्न गरिने पर्व हो । यस पर्वको पहिलो दिन महिलाहरूले निराहार रही आ-आफ्नो घरमा तामा वा पित्तलको भाँडोमा 'बिरुडा' अर्थात् पाँचथरीका गेडागुडी भिजाउने गर्छन् । गौरापर्वमा व्रतालु तथा तथा श्रद्धालु महिलाहरूद्वारा गौराघरमा गई गरिने शिव र गौरीको पूजाअर्चनामा बिरुडालाई अक्षता र प्रसादका रूपमा प्रयोग गर्ने गरिन्छ । बिरुडा भिजाएको केही दिनपछि महिलाहरूले सामूहिक रूपमा धान, साउँ, तिल, अपामार्ग आदि बिरुवाका बोटबाट गौराको प्रतिमा (मूर्ति) बनाई गौराघरमा भित्र्याउँछन् । धार्मिक अनुष्ठान एवम् पूजाआजाका साथै गौरालाई गौराघरमा भित्र्याइसकेपछि श्रद्धालु महिलाद्वारा शिव र गौरी (गौरा) को पूजाआजा गर्ने गरिन्छ । पूजाआजाका सम्पूर्ण क्रियाकलापमा अनुष्ठान र त्यसका प्रत्येक कार्यक्रमको पूर्णता र सफलताको कामनालाई सर्वोपरि राखेर यसको महत्त्व झल्काउने फाग गाउने प्रचलन रहिआएको छ । यस्ता फागगीतमा मङ्गलकामना र भक्तिभाव प्रकट भएको हुन्छ । गौरा भित्र्याइसकेपछि विसर्जन नगरिएसम्म गौराघरमा पुरुष तथा महिलाहरू छुट्टाछुट्टै रूपमा गोलबद्ध

भई स्थानीय लोकभाषामा देउडा, धमारी, चैत, ढुस्को, भोलाउलो, झोडा, घरगीत आदि लोकगीत गाएर तथा खेलेर आनन्द लिन्छन् । अनुकूल तिथि हेरी विसर्जन गरिने गौरापर्वले मानिसमा धार्मिक आस्था, आपसी सद्भाव बढाउन मदत पुऱ्याउने मात्र नभई यस वर्षमा व्रत बसी शिव र गौरीको पूजाआजा गर्नाले सुखशान्ति प्राप्त हुने, ईष्ट र कुलदेवता प्रसन्न हुने जनविश्वास छ ।

हरेक मानव समाज विश्वासको जगमा अडिएको छ । नेपाली लोकजीवनमा विश्वास, आत्मविश्वास, लोकविश्वास र अन्धविश्वास गरी आस्थाका चार श्रेणी देखापर्दछन् । कुनै सिद्धान्त, नीतिनियम, चालचलन, काम र व्यवहार आदिप्रति आस्था र श्रद्धासहितको दृढ निश्चयमूलक मानसिक धारणा नै विश्वास हो । लोकमा अनेक प्रकारका विश्वास प्रचलित हुन्छन् । सामान्यतः यिनै लोकसमाजले विश्वास गरेका महत्त्वपूर्ण अंश तथा परम्परादेखि लोकमा प्रचलित रूढ तत्त्वहरू नै लोकविश्वास हुन् । यसर्थ लोकसमुदायले सामूहिक सत्यका रूपमा अन्तस्करणदेखि नै स्वीकार गरेका परम्परागत विश्वासहरूलाई लोकविश्वास भनिन्छ । लोकविश्वासको उत्पत्ति मानव जीवनजत्तिकै आदिम भएको मानिन्छ । मानव समाजमा जीवनको थालनीदेखि नै सुरु भएको लोकविश्वास व्यावहारिक प्रयोजनका दृष्टिले अमर बनेको देखिन्छ । वेदको समयदेखि मानिसका विभिन्न विचार जसमा उनीहरूले विश्वास पाए, तिनै विश्वासका धरातलमा टेकेर लोकविश्वासको जन्म भएको विश्वास छ । लोकविश्वास देश, काल र परिस्थितिअनुसार फरक-फरक हुन्छन् । लोकमा प्रचलित धर्म, कर्म, पुराण, संस्कार, साहित्य, चालचलन र रहनसहन आदिको यसमा अभिव्यक्ति हुन्छ । जहाँ लोकको विश्वास रहेको हुन्छ त्यो नै लोकविश्वास हो । नेपाली समाजमा पनि विभिन्न लोकविश्वास पाइन्छन् । नेपाली समाजमा प्रचलित लोकविश्वासभित्र स्वैरकल्पनाप्रतिका विश्वास, धर्मअनुष्ठानप्रतिका विश्वास, जादु, टुनामुना तथा योगप्रतिका विश्वास, आत्मशीलताप्रतिका विश्वास तथा अन्य विविध लोकविश्वास पर्दछन् । यस्ता लोकविश्वास लोकले सिर्जना गरेको साहित्यमा अधिक मात्रामा प्रतिबिम्बित भएको पाइन्छ । सुदूरपश्चिम क्षेत्रमा मनाइने मुख्य पर्व गौराका लोकगीतहरूमा धार्मिक तथा सांस्कृतिक विषयवस्तु समेटिएका हुन्छन् । धर्म र संस्कृतिसँग लोकविश्वासको निकटको सम्बन्ध रहेको पाइन्छ । गौरापर्वमा गाइने फाग, सगुन, देउडा, चैत, धमारी, ढुस्को, भोलाउलो, झोडा आदि लोकगीतमा धार्मिक तथा सांस्कृतिक लोकविश्वास पाइन्छन् । यस्ता लोकगीतका विषयवस्तु धार्मिक तथा सांस्कृतिक हुनु, धर्म तथा संस्कृतिसँग लोकविश्वासको सम्बन्ध रहनु अनि गौरापर्वमा गाइने लोकगीतमा लोकविश्वास पाइनु जस्ता सन्दर्भले लोकविश्वासका कोणबाट पनि गौरापर्वका गीतहरूको अध्ययनको आवश्यकता रहेको छ भन्ने देखिन्छ । त्यसैले लोकविश्वासका आधारमा विश्लेषण र मूल्याङ्कन आवश्यक ठानी शोधका निम्ति यो विषय छनोट गरिएको छ ।

## १.२ समस्याकथन

बैतडेली गौरापर्वका गीतमा केकस्ता लोकविश्वास प्रतिबिम्बित भएका छन् भन्ने यस शोधकार्यको प्रमुख जिज्ञासा हो । त्यससँग सम्बन्धित मुख्य मुख्य शोधसमस्याहरू निम्नलिखित रहेका छन् :

(१) बैतडेली गौरापर्वका गीतमा केकस्ता लोकविश्वास प्रस्तुत भएका छन् ?

(२) बैतडेली गौरापर्वका गीतमा लोकविश्वासको प्रस्तुति केकसरी गरिएको छ ?

## १.३ शोधको उद्देश्य

समस्याकथनमा औँल्याइएका समस्याहरूको समाधानतर्फ अग्रसर हुनु नै यस शोधकार्यको मूल उद्देश्य हो । गौरापर्वका गीतमा अन्तर्निहित लोकविश्वास पत्ता लगाउनु आफैमा महत्त्वपूर्ण र जटिल कार्य हो । यसै मुख्य उद्देश्य पूरा गर्नका निम्ति प्रस्तुत शोधकार्यमा निम्नलिखित उद्देश्य लिइएका छन् :

(१) बैतडेली गौरापर्वका गीतमा प्रस्तुत लोकविश्वासको वर्गीकरण गर्नु,

(२) बैतडेली गौरापर्वका गीतमा प्रस्तुत लोकविश्वासको विश्लेषण गर्नु,

## १.४ पूर्वकार्यको समीक्षा

प्रस्तुत पूर्वकार्यको समीक्षामा यस शोधकार्यको मुख्य उद्देश्यअनुरूप गौरापर्वका गीतमा लोकविश्वाससँग सम्बद्ध पूर्वाध्ययनहरूको विवरण दिई तिनको समीक्षा गरिएको छ र तिनका उपादेयताका क्षेत्रहरू तथा सीमाको पनि पहिचान गरिएको छ। नेपाली लोकसाहित्यका विभिन्न भेदहरूको सङ्कलन, अध्ययन तथा विश्लेषण गर्ने कार्यले लामो समय पार गरिसकेको छ । यस क्रममा विभिन्न क्षेत्रगत सीमा निर्धारण गरी यो वा त्यो रूपमा उक्त क्षेत्रमा प्रचलनमा रहेका लोकगीतको सङ्कलन तथा तिनको विभिन्न कोणबाट विश्लेषण गरिएको पाइन्छ । ती अध्ययनमध्ये लोकगीतको परिचय, लोकगीतका तत्त्व निर्धारण, लोकगीतमा लोकविश्वास र शोधविधिका बारेमा अध्ययन अनुसन्धान गरी प्रकाशन गरिएका कृति, पुस्तक, अप्रकाशित शोधप्रबन्ध र शोधपत्रहरूमा गरिएका खोजअनुसन्धान सम्बद्ध कार्यहरूलाई प्रस्तुत शोधकार्यका सन्दर्भमा पूर्वकार्यका रूपमा ग्रहण गरी कालक्रमिक विवरण दिएर तिनको समीक्षासमेत तल प्रस्तुत गरिएको छ ।

देवकान्त पन्तको *डोटेली लोकसाहित्य : एक अध्ययन* (२०३२) कृतिले डोटी साम्राज्यको इतिहास, संस्कृति, परम्परा तथा लोकसाहित्यका प्राचीनताको रूपरेखा कोर्ने कार्य गरेको छ । डोटेली क्षेत्रमा प्रचलित संस्कार, इतिहास, प्रार्थना र भारत (हुड्केली) गरी जम्मा चार खण्डमा विभाजित यस कृतिको पहिलो खण्डमा एउटा सगुन र तीसओटा फागको सङ्कलन र वर्णन गरिएको छ । कुनै पनि धार्मिक अनुष्ठानको थालनीमा स्वस्तिवाचन गर्दा अथवा पूजाकार्य

प्रारम्भ गर्दा गाइने सगुनलाई सुरुमा राखेर विभिन्न कार्य सम्पन्न गर्दा गाइने सांस्कारिक फागको मूलपाठ र तिनको छोटो परिचय यसमा प्रस्तुत गरिएको छ । साथै यसमा स्थानीय विभिन्न देवीदेवताको परिचय र तिनका धमारी, भोलाउलो, भारत र चैतको प्रस्तुति छ । पन्तको उक्त अध्ययनबाट डोटेली संस्कारका फागका साथै त्यहाँको इतिहास, राजवंशावली, स्थानीय देवीदेवताका मान्यता र विश्वास, गौरालगायतका चाडपर्वका विषयवस्तुहरू पाइन्छन् । यसले गौरापर्वका गीतमा धार्मिक, आध्यात्मिक तथा सांस्कृतिक लोकविश्वास पाइने कुराको सङ्केत गर्दछ । त्यसैले प्रस्तुत पूर्वकार्यले यस शोधकार्यको अध्ययनका लागि सहयोग पुऱ्याएको छ ।

जयराज पन्तले *डोटेली गौरापर्वका गीतहरूको वर्गीकरण, विश्लेषण र सङ्कलन* (२०३६) शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा डोटेली गौरापर्वको परिचय उल्लेख गरी उक्त पर्वमा गाइने फागहरूको विश्लेषण गरेका छन् । प्रस्तुत शोधमा फागलाई विश्लेषण गर्ने आधारका रूपमा लय, अन्तरा, अवसर, स्थान, कसरी गाउने, गायक, विषयवस्तु, भाषा, सङ्कलनको स्रोतलाई विश्लेषणको आधार बनाएको पाइन्छ । उक्त शोधपत्रमा फागको परिचय, फागका किसिम, तत्त्व, विशेषता, विश्लेषणका क्रममा फागभित्र अन्तर्निहित लोकविश्वासमाथि चर्चा गरिएकाले यस शोधकार्यका लागि सहयोगी बनेको छ ।

विजय चालिसेले *डोटेली लोकसंस्कृति र साहित्य* (२०३९) मा डोटी क्षेत्रको भूगोल, इतिहास र सामाजिक-सांस्कृतिक अवस्था, धार्मिक परम्परा, चाडपर्व, धार्मिक महत्त्वका स्थल, लोकसाहित्य, डोटेली भाषिकाजस्ता विविध विषयवस्तु समेटेर छोटकरीमा डोटेली जनजीवनको शब्दचित्र उतार्ने काम गरेका छन् । डोटेली धार्मिक परम्परा र चाडवाड शीर्षकअन्तर्गतका शिवशक्ति, देवी, भगवती शक्ति, भागेश्वर, कैलपाल, भैरव आदि देवताहरूको वर्णन पनि गरिएको पाइन्छ । यी विभिन्न देवीदेवताको स्तुति तथा यहाँ प्रचलित चाडबाडका अवसरमा चैत, धमारी, भैनी, ढुस्को, डै्याडा, फाग, भारत, भोलाउलोजस्ता लोकपद्यहरू प्रचलनमा रहेको भन्दै तिनका नमुनासहित विश्लेषण गरेका छन् । प्रस्तुत पूर्वकार्यबाट गौरालगायत विभिन्न सांस्कृतिक पर्वमा लोकगीतको अधिक प्रयोग हुने र ती लोकगीतमा धर्म, संस्कृति, देवीदेवता, वीरपुरुष, राजामहाराजा तथा समाजका विभिन्न पक्षको चित्रण गरिएको पाइन्छ भन्ने जानकारी प्राप्त हुन्छ । गौरापर्वका गीतमा अभिव्यक्त यस्ता धार्मिक तथा सांस्कृतिक कुराहरू समाजमा रहेका विश्वाससँग जोडिएका हुन्छन् भन्ने कुरालाई यसले सङ्केत गर्दछ । त्यसैले प्रस्तुत कृतिले गौरापर्वका गीतमा रहेका धार्मिक, सांस्कृतिक लोकविश्वासको अध्ययनका लागि सहयोग गरेको छ ।

उमा चन्दले *बैतडेली सांस्कारिक फागहरूको सङ्कलन, वर्गीकरण र परिचय* (२०५३) मा बैतडी जिल्लामा प्रचलित जन्मदेखि विवाहसम्मका खासखास संस्कारहरूका फागहरूको सङ्कलन गरी फागगीतको परिचय प्रस्तुत गरेकी छन् । यस अध्ययनले फागको एउटा पक्षलाई चिनाउने प्रयास गरेको छ । क्षेत्रगत हिसाबले हेर्दा पनि यसमा बैतडी जिल्लामा प्रचलित

फागको अध्ययन गरिएको छ । फागगीतमा लोकविश्वासको अध्ययन गर्न यसले पूर्ण सहयोग नपुऱ्याए पनि आंशिक रूपमा उपयोगी रहेको छ ।

जयराज पन्तले *अँजुलीभरि सगुन पोल्टाभरि फाग* (२०५५) नामक पुस्तकमा जन्मदेखि विवाहसम्मका विभिन्न संस्कारहरूमा गाइने डोटेली सगुन र फागहरूका विभिन्न भेदको सङ्कलन एवं अध्ययन गरेका छन् । यस पुस्तकमा उनले सगुन र फागका धार्मिक, सांस्कृतिक, नैतिक, औपदेशिक, ऐतिहासिक, सामाजिक, भाषिक, साहित्यिक मूल्यहरूबारे पनि उल्लेख गरेका छन् । यसमा समाविष्ट फागको गौरापर्वमा गाइने फागसँग पनि समानता रहेका छन् । यी लोकरचनामा धर्म, संस्कृति, पुराण, समाज तथा यसभित्रको धार्मिक, सांस्कृतिक विश्वासहरूको बारेमा चर्चा गरिएको छ । उनले यस पुस्तकमा डोटेली संस्कृतिले शुभाशुभ वस्तु, शुभाशुभ सङ्केत, शुभाशुभ वचनको महत्त्वपूर्ण स्थान दिँदै आएको, छोरी, दिदी, बहिनी, फुपू अर्थात् चेलीबेटीहरू देवीको रूप भएको, अन्य सामाजिक, सांस्कृतिक क्रियाकलापमा विभिन्न लोकविश्वासहरू कायम रहेको धारणा राखेका छन् । त्यसैले प्रस्तुत कृतिले गौरापर्वका गीतमा अन्तर्निहित धार्मिक तथा आध्यात्मिक, सांस्कृतिक लोकविश्वासको अध्ययनको लागि सहयोग पुऱ्याएको छ ।

हंसपुरे सुवेदीको *नेपाली लोकजीवन : लोकविश्वास* (२०५५) लोकविश्वाससम्बन्धी सैद्धान्तिक कृति हो । यसमा नेपाली जनजीवनमा प्रचलनमा रहेका लोकविश्वासबारे अध्ययन गरिएको छ । नेपाली लोकविश्वासलाई धार्मिक, सांस्कृतिक, आभिचारिक, व्यावहारिक तथा अन्धविश्वास गरी पाँच प्रकारमा चर्चा गरेका सुवेदीले परिच्छेद किटान नगरी पहिलो शीर्षकमा नेपाली लोकजीवन : परम्परा र मौलिकता, दोस्रोमा विश्वास-लोकविश्वास तथा शकुन-अपशकुन, तेस्रोमा पुण्यपाप तथा स्वर्ग नरक, चौथोमा श्राद्धकर्म र कुलायन पूजा, पाँचौँमा लागो भागो र जोखना, छैटौँमा नजर लाग्नु वा आँखा लाग्नु, सातौँमा टुनामनतर वा मोहनी, आठौँमा धामी छ पतुर्नु तथा देवता चढ्नु, नवौँमा डाइनी बोक्सी र बोक्सेरोप्रतिको लोकधारणा, दसौँमा लोकजीवन प्राप्त किच्कन्नी तथा भयाप्नी, एघारौँमा राक्षस पूजा क्रममा लाखे-लाखेनाच, बाह्रौँमा हिन्दू परम्परामा भूतप्रतिको लोकविश्वास, तेह्रौँमा मसान, मुर्कट्टा र ख्याक, चौधौँमा इन्द्रजाल र जादु, पन्ध्रौँमा हाम्रा पुरुषवर्ग प्रचलित नाम-हिजो र आजको सन्दर्भमा दिइएको छ । यसरी प्रस्तुत कृतिमा लोकविश्वासको सामग्री समेटिएकाले लोकविश्वासको सैद्धान्तिक अध्ययनको लागि सहयोगी बनेको छ ।

चूडामणि बन्धुले *नेपाली लोकसाहित्य* (२०५८) नामक पुस्तकमा लोकसाहित्यका बारेमा चर्चा गरेका छन् । लोकसाहित्यको परिचय, लोकवार्ता, लोकसाहित्यका अध्ययन पद्धति, नेपाली लोकसाहित्यको अध्ययन परम्परा, लोकगीत, नेपालीका सामान्य गीतहरू, फागलाई विशेष रूपले उल्लेख गरेका छन् । त्यसमा पनि यिनले धार्मिक गीत, संस्कारगीत, पर्वगीत, श्रमगीतका शृङ्खला विभाजन गरेका छन् । त्यसअन्तर्गतका मांगल, महाल, र सगुनका भेदभित्र समेटेका छन् । उनले यस्ता गीतको सामाजिक, सांस्कृतिक महत्त्व प्रकाश पार्नुका साथै विभिन्न

संस्कारहरूमा गाइने फागहरूको अंशसहित त्यसको विश्लेषण गर्ने कार्य गरेका छन् । प्रस्तुत पूर्वकार्यले गौरापर्वका गीतमा धार्मिक, सामाजिक तथा सांस्कृतिक विषयवस्तु समेटिएको हुन्छ र त्यसमा लोकविश्वास पाइन्छ भन्ने कुराको सङ्केत गर्दछ । यसमा लेखकले गौरापर्वसँग सम्बद्ध विभिन्न लोकगीतका साथै अन्य डोटेली साहित्य, संस्कार र संस्कृतिको परिचय दिएको भए पनि लोकविश्वासमै केन्द्रित भएर अध्ययन गरेका भने छैनन् । यो कृति डोटेली भाषा तथा लोकसंस्कृतिको अध्ययन अनुसन्धानका लागि महत्त्वपूर्ण रहेको छ ।

गणेशदत्त अवस्थीले *बैतडेली सांस्कारिक फागहरूको अध्ययन* (२०६१) शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा बैतडी जिल्लामा प्रचलित विभिन्न चालचलन, रीतिरिवाज, संस्कारको चर्चा गर्नुका साथै फागको सङ्कलन तथा विश्लेषण पनि गरेका छन् । प्रस्तुत अध्ययनबाट बैतडी जिल्लामा प्रलचलनमा रहेका सांस्कारिक फागमा विभिन्न धार्मिक तथा सांस्कृतिक कुराहरू पाइन्छन् भन्ने जानकारी प्राप्त हुन्छ । धार्मिक, सांस्कृतिक कुराहरू समाजमा रहेका विश्वाससँग जोडिएका हुन्छन् भन्ने कुरालाई यसले सङ्केत गर्दछ । त्यसैले प्रस्तुत अध्ययनले बैतडेली गौरागीतमा अभिव्यक्त धार्मिक तथा सांस्कृतिक लोकविश्वासको अध्ययनमा सहयोग पुर्‍याएको छ ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले *लोकवार्ताविज्ञान र लोकसाहित्य* (२०६३) नामक पुस्तकमा लोकगीतको सैद्धान्तिक चर्चा तथा वर्गीकरण गर्दै सामयिक लोकगीतअन्तर्गत ऋतुगीत, पर्वगीत, श्रमगीत, संस्कारगीत र धार्मिकगीत समाविष्ट गरेका छन् । यसै क्रममा सगुन, फाग, धमारी, भोलाउलोजस्ता गौरापर्वका गीतको उदाहरणसहित परिचय दिएका छन् । गौरापर्वको चिनारी दिने क्रममा महिलाहरूले पूजाआजा, व्रत र धार्मिक अनुष्ठान गर्ने र यसै सन्दर्भमा महिलाहरूले गाउने लोकगीतलाई गौरागीत भनिन्छ भनेर चिनाएका छन् । गौरापर्व मनाउने क्रममा विविध प्रकारका मांगल, फाग, सगुन, अठवाली आदि धार्मिक गीत, नारीसम्बन्धी सामाजिक गीत तथा देउडा पनि गाइने सन्दर्भ उल्लेख गरेका छन् । साथै यस कृतिमा लोकविश्वासलाई चिनाउने क्रममा यो लोकधारणा, लोकप्रचलन तथा लोकआस्थासँग सम्बद्ध विषय भएको उल्लेख गरेका छन् । प्रस्तुत अध्ययनबाट बैतडी जिल्लामा प्रलचलनमा रहेका गौरापर्वका गीतमा विभिन्न धार्मिक तथा सांस्कृतिक विषयवस्तुहरू पाइन्छन् र ती लोकगीत समाजमा रहेका विश्वाससँग जोडिएका हुन्छन् भन्ने कुराको जानकारी प्राप्त हुन्छ । त्यसैले प्रस्तुत अध्ययनले बैतडेली गौरापर्वका गीतमा अभिव्यक्त लोकविश्वासको अध्ययनको लागि सहयोग गरेको छ ।

जयराज पन्तले *डोटेली गौरापर्वका गीत र गाथाहरू* (२०६४) भन्ने पुस्तकमा गौरापर्वका अवसरमा गाइने विभिन्न लोकगीतको सङ्कलन तथा विश्लेषण गरेका छन् । उक्त पुस्तकमा उनले फागगीत, अठ्वाली गाथा, घरगीत, भोलाउलो तथा भ्रोःडा गीतलाई चिनाउने काम गरेका छन् । यसका मुर्हुत जुराएर स्थानीय परम्परा, साहित्य, संस्कृति र सिङ्गो सभ्यताकै लागि महत्त्वपूर्ण भएको बताएका छन् । गौरापर्व मनाउँदा हरेक क्रियाकलापमा लोकगीत

गाउने प्रचलन रहेकाले तिनको सम्बन्ध गौरापर्व र जनमानसले विश्वास गर्ने विभिन्न धार्मिक, सांस्कृतिक कुराहरू भएको उल्लेख गरेका छन् । यसमा फागको गायनअवसर, फागका किसिमलाई पनि विश्लेषण गर्दै पूर्वाङ्गका फागका रूपमा गणेशस्थापनाको फाग, कलशपूजाको फाग, दीपपूजाको फाग, मातृपूजाको फाग, ज्यूँतीपूजाको फाग, बसोधाराको फागलाई पनि उल्लेख गरेका छन् । यस पुस्तकमा फागको परिचय, फागका किसिमहरू, फागको वर्गीकरण, फागमा लुकेको जनमानसको विश्वासबारे चर्चा गरिएकाले यस पूर्वकार्यले प्रस्तुत शोधकार्यका लागि आंशिक सहयोग गरेको छ ।

मोतीलाल पराजुलीले *नेपाली लोककथा : सिद्धान्त र विश्लेषण* (२०७१) नामक कृतिमा लोकविश्वासलाई सैद्धान्तिक रूपमा चिनाउने काम गरेका छन् । उनले आफ्नो समाजमा परम्परादेखि पत्यार गर्दै र भनिँदै आएको चालचलन, रीतिरिवाज वा कामकुरो आदिप्रति हुने दृढ निश्चित वा पत्यार नै लोकविश्वास भएको कुरा उल्लेख गरेका छन् । लोकले कतिपय कुराहरू सामूहिक सत्यका रूपमा स्वीकार गरेको हुन्छ जुन परम्परागत हुन्छ । यस्तो विश्वास जाति वा समुदाय केन्द्रित हुन्छ । उनले लोकविश्वास देश, काल र परिस्थितिअनुसार फरक-फरक हुन्छन् भनेका छन् । आफ्नो कृतिमा नेपाली समाजमा स्वैरकल्पनासम्बन्धी लोकविश्वास, धर्मअनुष्ठानसम्बन्धी लोकविश्वास, जादु, टुनामुना तथा योगसँग सम्बन्धित लोकविश्वास, आत्मशीलतासम्बन्धी लोकविश्वास तथा विविध लोकविश्वास गरी पाँच प्रकारका लोकविश्वास रहेका छन् भनेर लोकविश्वासको वर्गीकरणसमेत गरेका छन् । यस कृतिमा लोकविश्वासको परिभाषा तथा वर्गीकरण समेटिएकाले लोकविश्वासको सैद्धान्तिक पक्षको अध्ययन गर्नका निमित्त यस पुस्तकले ठूलो सहयोग गरेको छ ।

खगेन्द्रप्रसाद पाठकले *डोटी जोरायल क्षेत्रका गौरागीतको अध्ययन* (२०७४) शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा डोटी जोरायल क्षेत्रमा प्रचलित विभिन्न चाडपर्व चिनाईं ती चाडपर्वसँग सम्बद्ध विभिन्न सन्दर्भमा गाइने फागगीत, चैतगीत आदिको सङ्कलन तथा विश्लेषण गरेका छन् । यस अन्तर्गत उनले भगवतीको चैत, समैजीको चैत, रुद्र साईको चैत, गणगिरी बोहराको चैत, सुना देउवाको चैत, रूपा साइको चैत, श्रीकृष्ण भगवान्को चैत, मुगलको चैत, लाखी साईको चैतको सङ्कलन तथा यी चैतभित्र रहेका अन्तरवस्तु केलाएका छन् । यी चैतले हिन्दु धर्ममा वर्णित विभिन्न भगवान्, स्थानीय देवीदेवताप्रति आम व्यक्तिको विश्वास व्यक्त गरेका छन् । प्रस्तुत अध्ययनले गौरापर्वमा गाइने विभिन्न लोकगीतमा धर्म, संस्कृति, ईश्वर, स्थानीय देवीदेवताप्रति लोकले विश्वास गर्ने विषयवस्तुहरू पाइन्छन् भन्ने जानकारी प्राप्त हुन्छ । त्यसैले यस अनुसन्धानले गौरापर्वका गीतमा अन्तर्निहित आध्यात्मिक, सांस्कृतिक लोकविश्वासको अध्ययनको लागि पूरै सहयोग नगरे पनि केही मात्रामा मार्गदर्शकको रूपमा काम गरेको छ ।

द्रोणकुमार उपाध्याय पौडेलले *लोकवार्ता सिद्धान्त र नेपाली सन्दर्भ* (२०७४) नामक कृतिमा लोकमा प्राचीनकालदेखि प्रचलित रहिआएका संस्कार वा विश्वासहरूलाई नै

लोकविश्वास भनिन्छ भनेका छन् । उनका विचारमा यस्ता लोकविश्वासको निर्माण प्रक्रिया अद्यापि निरन्तर छ । जीवनको विकास र विकासशील अग्रगमनको प्रत्येक नवीन पाइलाका चालमा नयाँ नयाँ लोकविश्वासको उदय हुनु शाश्वत प्रक्रिया भएको र लोकविश्वास समयअनुसार रूपान्तारित हुन्छन् भन्ने उनको तर्क रहेको छ । पौडेलले उक्त कृतिमा लोकविश्वासको सैद्धान्तिक पक्षको चर्चा त्यति धेरै नगरे पनि नेपाली समाजमा परम्परागत रूपमा प्रचलनमा रहेका मुख्य २०५ ओटा लोकविश्वासको सूची प्रस्तुत गरेका छन् । यसरी यस कृतिमा थोरै अंशमा भए पनि लोकविश्वासका सामग्री समेटिएकाले अध्ययनको लागि उपयोगी बनेको छ ।

षडानन्द पौड्यालको *नेपाली लोकविश्वास* (२०७८) लोकविश्वासमा आधारित सैद्धान्तिक विवेचना गरिएको पुस्तक हो । यस पुस्तकमा नेपाली लोकजीवनमा प्रचलित लोकविश्वासहरूको पहिचान गरी तिनको विश्लेषण गरिएको छ । मानव समाजमा जीवनको थालनीदेखि नै सुरु भएको लोकविश्वास व्यावहारिक प्रयोजनका दृष्टिले अमर बनेको कुरा उल्लेख गरिएको छ । पौड्यालले अदृश्य शक्तिलाई शुभाशुभ फल दिन समर्थवान् तत्त्व स्वीकार गरिएको अवसरमा मानव समाजमा लोकविश्वासको बीज प्रकट भएको र परम्परित धर्म, संस्कृति र लोकव्यवहारलाई जीवनको सत्य स्वीकार गर्ने समाजमा लोकविश्वास अझै व्यापक बनेको बताएका छन् । लोकगीतमा जीवनको सत्यापन गर्ने दृष्टिले सकारात्मक, नकारात्मक र निदानात्मक विश्वास व्यक्त हुने र सबै प्रकारका लोकगीतमा लोकविश्वासको प्रयोग हुने उल्लेख गरेका छन् । यस पुस्तकमा नेपाली लोकविश्वासअन्तर्गत मानव शरीरसँग सम्बन्धित लोकविश्वास, खानासँग सम्बन्धित लोकविश्वास, मानवेतर शरीरसँग सम्बन्धित लोकविश्वास, यात्रासँग सम्बन्धित लोकविश्वास, व्यवहारसँग सम्बन्धित लोकविश्वास, शास्त्रीय विधानमा आधारित लोकविश्वास, संस्कृतिसँग सम्बन्धित लोकविश्वास र सपनासँग सम्बन्धित लोकविश्वास गरी आठ वटा शीर्षकमा अध्ययन गरिएको छ । लोकविश्वासको परिभाषा तथा वर्गीकरण गरी विस्तृत रूपमा अध्ययन गरिएको यस पुस्तकमा नेपाली लोकगीतमा अन्तर्निहित लोकविश्वासबारे पनि चर्चा गरिएकाले लोकविश्वासको सैद्धान्तिक पक्षको अध्ययन गर्नका निमित्त सहयोग गरेको छ ।

उपर्युक्त पूर्वकार्यको समीक्षाबाट लोकसाहित्यमा हालसम्म विभिन्न लेखक, विद्वान्, बुद्धिजीवीहरूले गौरापर्वका गीत ढुस्को, धमारी, फाग, सगुन, चैत, झोडा, घरगीतका बारेमा जानकारी दिने उद्देश्यले विभिन्न लेखरचना, पुस्तक शोधप्रबन्ध आदिमा तत्सम्बन्धी प्रशस्त जानकारी दिने प्रयास गरेका र थुप्रै किसिमका अध्ययन र अनुसन्धान भएको ज्ञात हुन्छ । तर यी अध्ययनहरूमा गौरापर्वका गीतहरूमा प्रतिबिम्बित लोकविश्वासलाई मात्रै लिएर कुनै पनि अध्ययन गरिएको पाइँदैन । त्यसैले लोकविश्वासको कोणबाट गौरापर्वका गीतमा अन्तर्निहित लोकविश्वासको अध्ययन गर्नु आवश्यक भएको कुरा पूर्वकार्यको समीक्षाबाट प्रष्ट हुन्छ । यो नितान्त नौलो विषय भएकाले प्रस्तुत विषय शोधको लागि उपयुक्त ठहरिएको छ । तसर्थ

प्रस्तुत शोधकार्यमा लोकविश्वासको सैद्धान्तिक स्वरूप र गौरापर्वका गीतमा अन्तर्निहित लोकविश्वासको विश्लेषण मूल्याङ्कन गरिएको छ ।

### १.५ शोधको औचित्य र महत्त्व

राज्यको सांस्कृतिक र राष्ट्रिय सम्पत्तिका रूपमा चिनिने लोकसाहित्यको अध्ययन अनुसन्धान गर्नु अहिलेको मानिसको लागि आवश्यकता हो । बैतडेली गौरापर्वका गीतमा लोकविश्वासको अध्ययनका लागि गरिने प्रस्तुत शोधकार्यले त्यस क्षेत्रको धर्म, संस्कृति, समाज, भाषा, रीतिरिवाज, मान्छेको जीवन, आस्था, विश्वास, परिवेश आदि विविध पक्षको चित्रण गर्नुका साथै लोकसाहित्यका महत्त्वपूर्ण र प्रचलित विधाअन्तर्गतका फाग, धमारी, चैत, ढुस्को, भोलाउलो, घरगीतको अध्ययन गरिनाले र त्यसमा अभिव्यक्त लोकविश्वासलाई आधार बनाइनाले प्रस्तुत शोधकार्य डोटेली लोकसाहित्यका अध्ययन परम्परामा महत्त्वपूर्ण र औचित्यपूर्ण उपलब्धि हुने छ । यस विषयमा केन्द्रित भएर शोधकार्य गर्न उचित ठहरिन्छ किनभने हालसम्म यस शीर्षकमा कसैले पनि अध्ययन कार्य गरेको छैन । माथि उल्लेख गरिएको पूर्वकार्यको पर्यावलोकनबाट यो कुराको जानकारी हुन आउँछ ।

### १.६ शोधको सीमाङ्कन

प्रस्तुत शोधकार्य सुदूरपश्चिम प्रदेशको पहाडी जिल्ला बैतडीमा प्रचलित गौरापर्वका गीतको सङ्कलन तथा तिनको लोकविश्वासको सिद्धान्तका आधारमा विश्लेषण गरेर तयार पारिएको छ । यी गौरापर्वका गीतहरू बैतडी जिल्लाको पाटन नगरपालिका क्षेत्र, दशरथचन्द नगरपालिकाको वडा नं. १, गुरुखोला र सोही नगरपालिका वडा नं. २, देहीमाडौँ क्षेत्रका मुख्य गौरापर्व मनाइने स्थानमा गएर गौरापर्वकै समयमा त्यहाँका स्थानीय बासिन्दासँग गीत तथा खेलमा सहभागी हुँदै प्रत्यक्ष रूपमा सङ्कलन गरिएको छ । बैतडी जिल्लाबाट सङ्कलित गौरापर्वका गीतहरूलाई विषयवस्तु तथा आयामका आधारमा फाग, सगुन, धमारी, चैत, भोलाउलो, भ्फोडा र घरगीतमा वर्गीकरण गरी त्यसमा अन्तर्निहित लोकविश्वासको अध्ययन गरिएको छ ।

### १.७ शोधविधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरूको सङ्कलन र अध्ययनको लागि प्रयोग गरिने सामग्री विश्लेषण विधिको छुट्टाछुट्टै तल चर्चा गरिएको छ :

#### १.७.१ सामग्री सङ्कलन विधि

यस अध्ययनका निम्ति आवश्यक सामग्रीको सङ्कलन मूलतः क्षेत्रीय कार्यबाट गरिएको छ । क्षेत्रीय कार्यद्वारा सङ्कलन गरिएको सामग्री प्राथमिक सामग्री हुन् । पुस्तकालयीय कार्यद्वारा सङ्कलित सामग्री द्वितीयक स्रोतका हुन् । सम्बद्ध समस्याको प्राज्ञिक समाधानका लागि बैतडी जिल्लाको पाटन नगरपालिका क्षेत्र, दशरथचन्द नगरपालिकाको वडा नं. १, गुरुखोला र सोही

नगरपालिका वडा नं. २, देहीमाडौँ गएर त्यहाँ प्रचलनमा रहेका अथवा त्यहाँ गाइँदै आएका गौरापर्वका गीत सुनेर त्यस कार्यमा आफैँ प्रत्यक्ष सहभागी भई शोधकार्यको सीमाङ्कनमा उल्लेख गरिएका गौरापर्वका गीतलाई उनीहरूले भनेकै ढङ्गमा सङ्कलन गरिएको छ । यी लोकगीतहरूको सङ्कलनका क्रममा पाटन खोल्सीकी ८१ वर्षीय नन्दादेवी भट्ट, ५१ वर्षीय अम्बिका भट्ट, पाटन ६, गागरा बस्ने ८५ वर्षीय द्रौपतीदेवी पन्त, पाटन जरौलीकी ७२ वर्षीय कुइरा भट्टराई, बैतडी जिल्ला गुरुखोला घर भई हाल महेन्द्रनगर, कञ्चनपुर बस्दै आउनुभएकी ६३ वर्षीय जानकीदेवी भट्ट, दशरथचन्द नगरपालिका, देहीमाडौँका ३७ वर्षीय कविराज भट्ट र दशरथचन्द नगरपालिका, गुरुखोलाका ४० वर्षीय अमर टेरलाई मुख्य स्रोत व्यक्तिका रूपमा छनोट गरिएको छ । क्षेत्रकार्यमा आधारित प्रकृतिको अध्ययन भएकाले यस स्रोतमा प्राथमिक स्रोतका सामग्रीहरूको अध्ययन विश्लेषण तथा शोधविधिका लागि विभिन्न पुस्तक, लेख, रचना तथा शोधपत्रहरूमा प्रस्तुत खोजअनुसन्धान तथा विश्लेषण सम्बद्ध द्वितीय स्रोतका सामग्रीहरू पुस्तकालयीय अध्ययन विधिका आधारमा सङ्कलन गरिएका छन् । सैद्धान्तिक तथा प्रायोगिक सन्दर्भमा आइपरेका कठिनाइहरूको समाधानका लागि सम्बन्धित विषयका विज्ञहरूसितको प्रत्यक्ष भेटघाट तथा सञ्चार सम्पर्कबाट सहयोग लिई निष्कर्षमा पुगिएको छ ।

### १.७.२ विश्लेषण विधि

बैतडेली गौरापर्वका गीतमा लोकविश्वासको अध्ययन गर्दा लोकसाहित्यिक मान्यता र लोकविश्वासको सिद्धान्तका आधारमा गरिने हुनाले निगमनात्मक विधिको प्रयोग गरिएको छ । स्थापित सिद्धान्तको आधारमा अध्ययनको आधार तयार पारिएको भए तापनि गीत विश्लेषणका सन्दर्भमा भने आगमनात्मक विधिको समेत प्रयोग गरिएको छ । विश्लेषण गर्दा व्याख्यात्मक र विवेचनात्मक विधिको अबलम्बन गरिएको छ । प्रस्तुत शोधका निम्ति सङ्कलित सामग्रीको विश्लेषणको प्रमुख आधार लोकगीतमा अभिव्यक्त लोकविश्वासलाई मानिएको छ ।

प्रस्तुत शोधमा उठाइएका समस्याको प्राज्ञिक समाधानका लागि लोकविश्वासको सैद्धान्तिक आधारमा बैतडेली गौरापर्वका गीतको विश्लेषण गरी निष्कर्ष निकालिएको छ । बैतडी जिल्लाको पाटन नगरपालिका क्षेत्र, दशरथचन्द नगरपालिकाको गुरुखोला र देहीमाडौँ क्षेत्रमा प्रचलित गौरापर्वका गीतमा केकस्ता लोकविश्वास प्रस्तुत भएका छन् भन्ने प्रश्नसँग सम्बद्ध भएर उक्त क्षेत्रमा प्रचलित गौरापर्वका गीतको वर्गीकरण गरी अध्ययन गरिएको छ । सङ्कलित गौरापर्वका गीतहरूलाई विषयवस्तु तथा आयामका आधारमा फाग, सगुन, धमारी, चैत, ढुस्को, भोलाउलो, झोडा, घरगीतमा विभाजन गरी ती लोकगीतमा प्रस्तुत भएका लोकविश्वासको खोजी तथा पहिचान गरी तिनलाई सैद्धान्तिक आधारमा वर्गीकरण गरिएको छ ।

बैतडेली गौरापर्वका गीतमा लोकविश्वासको प्रस्तुति कसरी गरिएको छ भन्ने प्रश्नसँग सम्बद्ध सामग्रीको विश्लेषण गर्दा लोकविश्वासका सिद्धान्तका आधारमा गौरापर्वका गीतको अध्ययन गरिएको छ। नेपाली समाजमा प्रचलित लोकविश्वासभित्र स्वैरकल्पनाप्रतिका विश्वास, धर्मअनुष्ठानप्रतिका विश्वास, जादु, टुनामुना तथा योगप्रतिका विश्वास, आत्मशीलताप्रतिका विश्वास तथा अन्य विविध लोकविश्वासहरू पर्दछन् । यिनै लोकविश्वासको मान्यताका आधारमा गौरापर्वका गीतमा प्रतिबिम्बित लोकविश्वासको प्रस्तुतिको माध्यम तथा पद्धतिबारे विश्लेषण गरिएको छ।

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधकार्यलाई सुसङ्गठित र व्यवस्थित रूपमा प्रबन्धन गर्नका लागि यस शोधप्रबन्धको मूल भागलाई पाँचओटा परिच्छेदमा विभाजन गरिएको छ र ती परिच्छेदलाई पनि आवश्यकताअनुरूप विभिन्न शीर्षक र उपशीर्षकहरूमा समेत बाँडिएको छ । यस शोधप्रबन्धको परिच्छेदगत रूपरेखा यस प्रकार छ :

| | |
|---|---|
| पहिलो परिच्छेद : | शोधपरिचय |
| दोस्रो परिच्छेद : | बैतडी जिल्लाको सङ्क्षिप्त परिचय |
| तेस्रो परिच्छेद : | बैतडेली गौरापर्वका गीतका प्रकार र लोकविश्वास |
| चौथो परिच्छेद : | बैतडेली गौरापर्वका गीतमा प्रयुक्त लोकविश्वासको विश्लेषण |
| पाँचौं परिच्छेद : | सारांश तथा निष्कर्ष |

परिशिष्ट

सन्दर्भ सामग्रीसूची

# दोस्रो परिच्छेद
# बैतडी जिल्लाको सङ्क्षिप्त परिचय

## २.१ विषयप्रवेश

गौरापर्व बैतडी जिल्लामा परम्परादेखि मनाइँदै आएको लोकपर्व हो । यस पर्वमा गरिने क्रियाकलाप तथा प्रस्तुत हुने गीतले यस क्षेत्रको समग्र संस्कृति बोकेको छ । यो पर्व सुदूरपश्चिम प्रदेशका अन्य जिल्लाहरूमा पनि मनाइने भए तापनि बैतडी जिल्लामा प्रचलित गौरापर्वका गीतमा र अन्य जिल्लामा प्रचलित गीतका बीचमा विषयवस्तु र प्रस्तुतिगत भिन्नता रहेको पाइन्छ । यसो हुनुमा यहाँको भूगोल, संस्कृति, भाषा, इतिहासले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । कुनै पनि भूगोल, इतिहासको प्रभाव लोकसमुदायमा पर्दछ । त्यही लोकसमुदायबाट नै लोकसाहित्यको सिर्जना भएको हुन्छ र त्यसमा लोकका विभिन्न आस्था एवम् विश्वास व्यक्त भएका हुन्छन् । यसरी लोकसाहित्य, त्यसमा प्रयुक्त लोकविश्वास तथा त्यससँग सम्बद्ध भूगोलका बीचमा अन्तरसम्बन्ध हुने भएकाले यस परिच्छेदमा बैतडी जिल्लाको सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको छ ।

## २.२ बैतडीको नामकरण

नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका विभिन्न ठाउँहरूको नामकरण पहाड, नदी, देवीदेवता तथा परम्परामा नाम कमाएका ऐतिहासिक व्यक्तिको नामबाट गरिएको पाइन्छ । कुनै पनि ठाउँविशेषको परिचय दिनका लागि त्यस ठाउँको नामकरण गरिएको हुन्छ । बैतडी जिल्लाको नामकरणका सन्दर्भहरू पनि विभिन्न प्रकारका देखापर्दछन् ।

यस जिल्लाको नाम पौराणिक ग्रन्थअनुसार वायोत्तड (वायु+उतड) हो । जसलाई उत्तड उन्मुख भनिन्छ । जुन शब्दको शाब्दिक अर्थ वायुन्मुख पर्वत हुन आउँछ । यसैको परिवर्तित रूप बैतड भएर नै पछि बैतडी हुन आएको हो । त्यस्तै अर्को कथनअनुसार बैतडी नामसँग बहत्तडीको सम्बन्ध रहेको छ । बह=हावा र तडि=अडिने वा हावा उडिने हो । बैतडीका चारैतिर डाँडाकाँडा भएको हुनाले हावा पास नहुने जस्तो ठाउँ ठानेर बहत्तडी भनिएको र यही बहत्तडीबाट नै बैतडी भएको हो भन्ने प्रसङ्ग पनि आउँछ (भट्ट, २०७७, पृ.२७) । त्यसैगरी बैतडी जिल्लाको नामकरणबारे सुनिने किंवदन्तीअनुसार यस ठाउँमा धेरै वायु बयलो चल्ने भएकाले यसलाई वायुतट भनिन्थ्यो र यसै वायुतटको अपभ्रंश रूप बैतडी हुन गयो (भट्ट, २०७७, पृ.२९) । बैतडीको नामकरणका सम्बन्धमा कुनै एउटा आधार मात्र पर्याप्त छैन । यसको नामकरणका सन्दर्भमा विभिन्न किंवदन्ती तथा विद्वान्हरूका आआफ्ना धारणा रहेका छन् । यसरी यी विभिन्न धारणाबाट बैतडीको नामकरण वायुसँग सम्बन्धित भएर गरिएको जानकारी हुन्छ ।

## २.३ बैतडी जिल्लाको भौगोलिक परिचय

बैतडी जिल्ला हाल सुदूरपश्चिम प्रदेशका नौओटा जिल्लामध्येको एक पहाडी जिल्ला हो । यसको पूर्वमा बझाङ र डोटी, उत्तरमा दार्चुला एवम् दक्षिणमा डडेल्धुरा जिल्ला पर्दछन्

। विभिन्न साना-ठूला पहाड, खोँच-बेँसीहरूबाट निर्मित यस जिल्लाको पश्चिममा महाकाली नदीले भारतसँगको सिमाना छुट्याएको छ र सो नदीको पारिपट्टि भारतको उत्तराखण्ड राज्यको पिथौरागढ जिल्ला पर्दछ । यस जिल्लाको कुल क्षेत्रफल १४५१.१३ वर्ग कि.मि. रहेको छ भने यो जिल्ला समुद्री सतहबाट ३९० मिटरदेखि २९५० मिटरसम्मको उचाइमा अवस्थित छ (भट्ट, २०७७, पृ.२५) । यस जिल्लामा कतै समथर र कतै धेरै उचाइमा रहेका भूभाग रहेका छन् । भौगोलिक विविधताकै कारण यहाँको जलवायुमा पनि भिन्नता रहेको छ ।

प्राकृतिक तथा जैविक विविधताले पनि यो जिल्ला निकै सम्पन्न मानिन्छ । बैतडी जिल्लाको भौगोलिक सीमाङ्कन यहाँका खोला, नदी र अग्ला पहाडहरूले गरेको पाइन्छ । बैतडी जिल्लाको भौगोलिक तथा प्राकृतिक सौन्दर्य थप्ने काम यहाँ निरन्तर बगिरहने खोला नदीहरूले गरेका छन् । महाकाली बैतडी जिल्लाको प्रमुख नदी हो । यो नदी नेपाल-भारतको सिमाना भएर उत्तरबाट पश्चिम हुँदै बैतडी, दार्चुला, डडेल्धुरा र कञ्चनपुरको पश्चिम हुँदै भारतको वनवासाबाट शारदा नदीमा प्रवेश गरेको छ । यहाँका अन्य नदीहरूमा ईश्वरीगाड, सुर्नया, चौलानी, ठोपरी, बगाडीगाड, जमाडीगाड, कोटिला गाड, ढिकगाड, गडिबाटागाड, बागागाड, निलगढगाड, पेल्यागाड, अगरीगाड आदि पर्दछन् । त्यसैले जलस्रोतका दृष्टिले पनि बैतडी धनी जिल्लाका रूपमा चिनिन्छ । प्राकृतिक हिसाबले यस जिल्लालाई लेकाली, पहाडी, बेँसी प्रदेश गरी तीन भागमा विभाजन गर्न सकिन्छ । यस जिल्लाको लेकाली तथा पहाडी प्रदेशअन्तर्गत उत्तरी सिमानामा ग्वाल्लेक केदार धुरा पर्दछ भने उत्तरमा ईश्वरीगाड, पश्चिममा भारतको उत्तराञ्चल प्रदेशको झुलाघाट, दक्षिणमा घनघस्या लेक रहेको छ । महाकाली नदी, त्रिपुरासुन्दरी, जगन्नाथ मन्दिर, निङ्गलाशैनी भगवती मन्दिर, उदयदेव मन्दिर, मेलौली मन्दिरजस्ता प्रमुख स्थानहरूले यस जिल्लालाई रमणीयता प्रदान गरेको छ । न धेरै गर्मी न धेरै चिसो हुने ठिक्कको जनजीवनमा सुहाउँदो हावापानी रहनुले यस जिल्लाको वातावरण मानवीय बसोबासका लागि अति उपयोगी रहेको छ । प्राकृतिक सम्पदाले सम्पन्न बैतडी जिल्लामा यहाँको जलवायु अनुकूलका विभिन्न किसिमका वनस्पति पाइन्छन् । बैतडी जिल्लामा चारवटा नगरपालिका (दशरथचन्द, पाटन, मेलौली, पुर्चौंडी) र छवटा गाउँपालिका (डिलासैनी, दोगडाकेदार, पञ्चेश्वर, शिवनाथ, सिगास र सुर्नया) रहेका छन् । यहाँ थुप्रै जलस्रोत भएर पनि सिँचाइको उचित प्रबन्ध नहुँदा कृषियोग्य जमिन पनि बाँझोमा परिणत भएको छ । जसको परिणामस्वरूप बर्सेनी बसाइँसराइ गरी तराईका कैलाली, कञ्चनपुरलगायतका जिल्लाहरूमा जीविकोपार्जनका लागि बसाइँ सर्ने मानिसहरूको क्रम बढ्दो छ ।

## २.४ ऐतिहासिक परिचय

बैतडी जिल्ला ऐतिहासिक रूपमा पनि छुट्टै परिचय बोकेको जिल्ला हो । यस जिल्लाको इतिहास कुमाउँ (भारत) कत्युर वंशका शासकहरूसँग सम्बन्धित छ । यो जिल्ला मध्यकालमा खसिया मल्लहरूको शासनमा रहेको थियो । खसियाहरू (मल्ल) ले इसाको दशौँ शताब्दीदेखि १४ औँ शताब्दीको अन्त्यसम्म बृहत् एक राज्यमा शासन गरेका थिए । यिनको राज्य पूर्वमा त्रिशूली, पश्चिममा गढवाल, दक्षिणमा तराईसम्म र उत्तरमा तल्लाकोटसम्म बिस्तार भएको

थियो । त्यसपछि १४ औं शताब्दीको अन्त्यमा खसिया मल्लहरूको पतन भएपछि सुदूरपश्चिममा २२/२४ राज्यको अभ्यूदयपश्चात् हालको बैतडी जिल्ला डोटी राज्यको अधीनमा भएकोले यसको इतिहास नै डोटीको इतिहास हो भन्न सकिन्छ । मल्लहरूको बिगबिगी हुँदा पनि डोटी एक राज्यका रूपमा खडा भई सकेको होला भन्ने आभास हुन जान्छ तर त्यस समयमा डोटी एक स्वतन्त्र राज्य नभएर खसिया रजौटाहरूको अधिनस्थ राज्यका रूपमा रहेको थियो (सिजापति, २०५४, पृ. १०) ।

समयको अन्तरालसँगै खसिया मल्लहरूको पतनपश्चात् डोटी राज्यको शक्तिमा वृद्धि भयो र डोटीका सामन्तहरू त्यहाँका राजाको अधीनमा रहे । यहाँका राजा मान्धाता शाहीले पछि गएर बझाङ पनि हमला गरी ठूलो इलाकामा राज्य गरेका थिए । बैतडी जिल्लामा अवस्थित रौलाकेदार स्वराड र कुल्लेकोटमा चन्द्रवंशीहरूले स्वतन्त्र भएर राज्य गर्ने प्रयास गरेका थिए तर सो प्रयास डोटीका राजाहरूले सफल हुन नदिएर केवल आफ्ना सामन्त मात्र तुल्याए । डोटी राज्यका अन्तिम शासक दीप शाहीका पालामा एक बृहत् नेपाल सिर्जना गर्ने मनसायले अगाडि बढेका नायबबहादुर शाहले पठाएका फौजले ई.सं. १७९० मा डोटीमाथि विजय प्राप्त गऱ्यो र उक्त समयमा बैतडीमा भुली चन्द र स्वराडमा जैतु चन्द डोटीका राजाका सामन्त थिए । भुली चन्दले नेपाली सेनामाथि मुठभेड गर्न कठयतेको डाँडामाथि एउटा किल्ला बनाए तर नेपाली फौजमाथि चन्दको केही सिप चलेन र आखिरमा मारिए भन्ने लोकोक्ति रहेको छ (सिजापति, २०५४, पृ. १३) । केही समयपश्चात् बैतडीमा लडाइँ भयो र हैजा र बिफरको महामारीले गर्दा त्यहाँका बासिन्दाहरू गाउँ छोड्न बाध्य हुँदा नेपाली फौजले पानी पनि पाएन । यस सङ्कटपूर्ण क्षणमा बैतडी बरकुली बस्ने योगी बरनाथले नेपाली फौज गुप्त रूपले रसदपानीको व्यवस्था गरेबापत नै बैतडी इलाकालाई नेपाल राज्यको एउटा अभिन्न अङ्गका रूपमा गाँसे भन्ने कुरा त्यहाँका अग्रज र रचनाहरूबाट ज्ञात हुन आएको छ (सिजापति, २०५४, पृ. १२) यही नै बैतडी जिल्लाको ऐतिहासिक पृष्ठभूमि हो ।

### २.५ धार्मिक तथा सांस्कृतिक परिचय

बैतडी जिल्लालाई चिनाउने अर्को महत्त्वपूर्ण आधार धार्मिक तथा सांस्कृतिक पक्ष हो । यस जिल्लालाई यहाँको मौलिक संस्कृति, चाडपर्व, देवालय तथा मठमन्दिरले परापूर्वकालदेखि चिनाउँदै आएका छन् । धार्मिक तथा सांस्कृतिक आधारमा यस जिल्लाको आफ्नो छुट्टै पहिचान रहेको छ । बैतडी जिल्लाका मानिसहरू हिन्दू धर्ममा बढी मात्रामा आश्रित छन् । त्यसैले यहाँका मानिसहरू देवीदेवताको पूजाउपासनामा बढी ध्यान दिन्छन् । यहाँका मानिसहरू भूमिदेवता र स्थानीय देवताप्रति बढी आस्थावान् रहने गर्छन् । ताल, गुफा र पर्वतमा देवीदेवताको वास हुन्छ र देवता रिसाएमा नराम्रो हुन्छ भन्ने विश्वास यहाँका मान्छेमा रहिआएको छ ।

यस जिल्लाका धार्मिक मन्दिरमा पूजा गर्ने व्यक्ति पूजारी, पण्डा, धामी, झाँक्री, भरणे आदि हुन्छन् । यिनीहरू मन्दिरमा जाँदा भोका, चोखा र शुद्ध मानसिकता लिएर जान्छन् । यस जिल्लाका प्रमुख धार्मिक स्थलहरूमा त्रिपुरासुन्दरी भगवती, निङ्गलाशैनी भगवती, जगन्नाथ

बाबा ग्वाल्लेक केदार, रौला केदार, उदयदेव, नागार्जुन, कैलपाल, सिगासधुरा, सिगास मन्दिर, भेलेलिङ, अनिरुद्र, भूमिराज, भगवतीमाई, वाणारसी, चन्नरै, शनसेर, सुरपाल, गोफा केदार, वासुलिङ, बाथ्य, महारुद्र, मणिलेकजस्ता अन्य धार्मिक आस्थाका केन्द्र रहेका छन् । यी मन्दिरहरूमा विभिन्न चाडपर्वमा मेला लाग्ने गर्दछ । अथवा जात्रा (जाँत) हुन्छ र श्रद्धालु भक्तजनहरूको सो समयमा ओइरो लाग्दछ र विभिन्न बाजागाजाका साथ यी देवीदेवताको जाँत हुन्छ अथवा पूजा गरिन्छ र भक्तालुहरू मनोवाञ्चित फल प्राप्त गर्ने आशा गर्दछन् । भक्तजनहरूले कुनै मन्दिरमा राँगाको बलि र कुनै मन्दिरमा बोकाको बलि गर्ने चलन पनि छ । विभिन्न देवताका अलग अलग पर्वहरू हुन्छन् भने विशेष गरी नवरात्रीजस्ता पर्वहरूमा सम्पूर्ण देवी देवताको पूजाआजा गर्ने चलन रहिआएको छ । साथै बैतडेली समाजमा वर्षभरि विभिन्न प्रकारका चाडपर्वहरू धुमधामसँग मनाउने गरिन्छ । यस जिल्लामा वर्षभरि मनाइने मौलिक चाडपर्वले पनि छुट्टै पहिचान गराएको छ । हरेक नयाँ वर्षको दिन मनाइने बिसु पर्व, गङ्गा दशहरा, श्रावण महिनामा ओल्के पर्व, भाद्र महिनामा मनाइने गौरापर्व, दशैंतिहार, पुसेपन्ध्र, उत्तराइनी, माघेसङ्क्रान्ति, होलीजस्ता चाडपर्व र यस अवसरमा पकाइने विभिन्न मौलिक परिकारले पनि यस क्षेत्रको छुट्टै पहिचान गराएको छ । यिनै पर्वविशेषमा गाइने र प्रदर्शन गरिने फाग, सगुन, घरगीत, धमारी, चैत, डेउडा, हुड्केली, ढुस्कोजस्ता लोकसाहित्यको प्रस्तुतिले यस क्षेत्रको गरिमा बढाएको छ । साथै वर्षभरिमा बैतडेली समाजमा सानातिना र प्रमुख गरी थुप्रै धार्मिक चाडपर्वहरू मनाउने गरे तापनि केही प्रमुख चाडपर्वहरू यसप्रकार छन् :

**(क) दसैं/तिहार**

दसैं हिन्दूहरूको महत्त्वपूर्ण पर्व हो । नेपाल अधिराज्यभरि धुमधामसँग मनाइने यस पर्वमा पुरुष तथा महिलाहरूले नौ दिनसम्म देवीभगवतीको पूजा उपासनाका साथ धुमधामसँग मनाउने गर्दछन् । बैतडी जिल्लामा अष्टमी र नवमीका दिन भगवतीको मन्दिरमा राँगा र बोकाको बलि गरिन्छ र जात्रा पनि लाग्छ । बैतडी जिल्लामा निङ्लाशैनी, उदयदेव आदि मुख्य स्थानमा यस समयमा ठूलो जात्रा लाग्ने गर्दछ । स्थानीय भाषामा यसलाई जाँत भनिन्छ र पुरुष तथा महिलाहरू मन्दिरमा भजन, आरती, पूजाआजा गर्ने तथा देउडा खेल खेली रमाइलो पनि गर्दछन् । साथै तिहार भनेको दाजुभाइ र दिदीबहिनी बीच सौहार्द माया प्रेम गाँस्ने चाड पर्व हो । यसमा बहिनीले आफ्ना दाजु भाइसित टीका थापेर आशीर्वाद ग्रहण गर्दछन् र दाजुभाइले गच्छेअनुसार दक्षिणा दिन्छन् । यस पर्वमा राम्रो पकवान खुवाउने चलन पनि छ । यसको अन्त्यमा देउसी र भैलो पनि खेल्ने चलन छ । तिहारमा कुकुर, गाई, गोरु र धनकी देवी लक्ष्मीको पूजा पनि गरिन्छ । यसरी नै बैतडी जिल्लालगायत नेपाल अधिराज्यभरि यो दसैं तथा तिहार पर्व धुमधामका साथ मनाउने गरिन्छ ।

### (ख) गौरा

बैतडेली समाजमा यस पर्वको महत्त्वपूर्ण स्थान छ । यो पर्व भाद्र महिनाको शुक्ल वा कृष्ण पक्षको पञ्चमीदेखि अष्टमीसम्म मनाउने गरिन्छ । 'गोरा' शब्द 'गौरी' बाट बनेको हो र त्यसैबाट विकसित गौराबाट परिर्वतन भएर 'गमरा' भएको हो । यस पर्वमा महिलाहरू उपवास बसेर शिव र गौरा देवीको पूजा गर्दछन् । खास गरी यो महिलावर्गको चाड हो । यस पर्वमा अष्टमीका दिन महिलाहरू बिरुडाद्वारा आफन्तजनको टाउको पुज्ने र आशीर्वाद लिने र दिने गर्दछन् । यसैदिन महिलाहरूले दुब्धागो पनि लगाउँछन् । यस अवसरमा महिला तथा पुरुषहरू विभिन्न किसिमका गौरापर्वका गीतहरू गाएर रमाइलो गर्दछन् । सगुन, फाग, चैत, धमारी, भोलाउलो, ढुस्को, झोडा घरगीत तथा देउडा जस्ता पर्वगीत गाएर आपसी प्रेम र सद्भाव बढाउँछन् । यस पर्वका अवसरमा विभिन्न क्रियाकलाप पूरा गरेर समापन गर्ने बेला गौरीको मूर्तिलाई कुनै पवित्र स्थान वा धार्मिक स्थानमा लगेर सेलाउने चलन छ । यसरी नै यस जिल्लामा गौरापर्व धुमधामका साथ मनाउने गरिन्छ ।

### (ग) माघे सङ्क्रान्ति

माघ महिनामा पर्ने यस पर्वलाई बैतडी जिल्लाका मानिसहरू उपवास बसी पवित्र एवम् धार्मिक पर्वका रूपमा मानेर विभिन्न धार्मिक स्थल तथा पवित्र गङ्गामा गएर दानदक्षिणा र पूजाआजा, धुपबत्ती गर्ने गर्दछन् । सकेसम्म महिनाभरि नै महिलाहरू उपवास बसेर स्नान गरी पूजाआजा र दानदक्षिणा गर्ने चलन छ । सङ्क्रान्तिको दिन प्रातःकालमा कागलाई 'का कौवा का, मेरो माँणो खा' भनेर चामलको रोटी दिने चलन पनि छ । यो दिन पुरी, सेल, माणा (चामलको रोटी), खिचडीलगायत अन्य पकवान पनि पकाएर खाने र आफन्तलाई पनि खुवाउने चलन छ । साथै बिहानपख उठेर धारापँधेरामा गई स्थान गर्ने र समूहमा काठको आगो ताप्ने चलन पनि छ ।

### (घ) बिसु

बिसु पर्व वैशाख महिनाको सङ्क्रान्तिको दिन पर्दछ । यस दिन बैतडेली समुदाय नजिकको कुवा वा पोखरी धारामा गएर वर्षभरिमा आफूलाई कुनै किसिमका रोग नलागून् भनेर घुँडा र काँधमा फूल राखेर 'विष बग्यो फूल चढ्यो' भन्दै प्रातकालीन स्नान गर्ने चलन रहिआएको छ । सुदूरपश्चिमका पहाडी जिल्लामा नयाँ वर्षलाई बिसु तिहार मानेर मनाउने चलन छ । बिसुको दिन यहाँका धेरै मन्दिरमा जात्रा हुन्छ । देवता पुजिने चलन पनि छ । सुदूरपश्चिमका विभिन्न शक्तिपीठमा विशेष पूजाआजा हुन्छ । यस पर्वसित विभिन्न किसिमका लोकविश्वास जोडिएका छन् । बिसुको दिनमा सिस्नु लगाएमा वर्षैभरि शरीरमा कुनै रोग नलाग्ने विश्वास छ । सुदूरपश्चिमको महत्त्वपूर्ण पर्वका रूपमा रहेको बिसु आउनुभन्दा अघि सबै घर रातो माटो र कमेरोले लिपपोत गर्ने गरिन्छ । यसरी घर लिपपोत गरेमा वर्षभरि सुख, शान्ति छाउने र धन सम्पत्तिमा राम्रो प्रगति हुने विश्वास रहेको छ । यसै दिन बिहान तथा बेलुकी मीठो मीठो खाना खाने र देवर भाउजूबीच मनोरञ्जन गर्न सिस्नु लगाउने चलन पनि

बैतडेली समाजमा व्याप्त छ। साथै यस दिन मन्दिरमा गएर आफूलाई वर्षभरिमा सुखशान्तिको कामनाका लागि पूजापाठ गर्ने चलन पनि छ। बिसुको मौकामा सबै गाउँले मिलेर एक ठाउँमा जम्मा भई देउडालगायत विभिन्न गीतहरू गाएर रमाइलो गर्ने गर्छन् ।

**(ङ) हरेलो**

बैतडेली समाजमा साउन १ गते हरेलो पर्व मनाउने चलन छ। यस दिन कृषकहरूले आफूले लगाएको बालीनाली सप्रियोस् र मुसा, चराहरूबाट बचोस् भनेर आफ्नो खेतबारीमा पहराका लागि मेलका फल भएका हाँगा गाड्ने चलन छ । साथै भूतप्रेतबाट बाँच्नका लागि हरेलो झिझिरकाँडी, तेल्परे, कुर्जोजस्ता विशेष महत्त्व भएका चिजहरू ढोका र झ्यालको माथि हाल्ने गरिन्छ । यसरी हरेलो हालेमा सर्प, बिच्छी, कीराफट्याङ्ग्रा घरभित्र प्रवेश गर्न पाउँदैनन् । यसबाट घरमा भूतप्रेत आउँदैन भन्ने लोकविश्वास रहिआएको छ। खेतमा हालेमा चराचुरुङ्गी, कीराहरूबाट खेतीपाती जोगिने विश्वास रहेको छ। हँसिया, कुटो, कोदालोजस्ता औजारहरू सबै भित्र लुकाइन्छन् । श्रावण महिनाभरि राति कुनै पनि भाँडावर्तन बाहिर नराख्ने चलन हुन्छ। यस पर्वका दिन राति सेलपूरी, पुतौकाजस्ता पक्वान पकाउने गरिन्छ। मानिसलाई नियम अनुशासनमा राख्न पनि यस पर्वले मदत पुऱ्याएको छ ।

**(च) ओल्के सङ्क्रान्ति**

बैतडी जिल्लामा ओल्के पर्वको आफ्नै महत्त्व रहिआएको छ। बैतडेली समुदायमा यो पर्व श्रावण मसान्त र भाद्र १ गतेका दिन मनाइन्छ । यस पर्वमा सानाले ठूलाबडाबाट आशीर्वाद प्राप्त गर्ने गर्छन् । यो पर्व विभिन्न जातिले मनाउँछन् । यो सङ्क्रान्ति सुदूरपश्चिमका सबै जिल्लामा मनाइन्छन् । कतै यसलाई ओल्केइ भन्छन् भने कतै हरेली सङ्क्रान्ति भन्ने गरिन्छ । यसलाई भदौरे सङ्क्रान्ति पनि भन्ने चलन छ । सुदूरपश्चिमसित सिमाना जोडिएको भारतका कुमाउँ र गढवाल क्षेत्रमा यस पर्वलाई हरेली सङ्क्रान्ति, घी सङ्क्रान्ति भन्ने गरिन्छ। ओल्के सङ्क्रान्तिका बेला अघिल्ला रात मास भिजाउँछन् । ओल्केका दिन घरमा मासका पुरी, बट्कु, लौन, सेल जस्ता खाने परिकार बनाइन्छन् । यय दिनको विशेष परिकार हरिया गाभाको साग हो । नयाँ गाभा यस दिनमा भगवानलाई चढाएर मात्रै आफूले खान सुरु गर्दछन् । यस पर्वमा देउडा तथा अन्य लोकगीत गाएर रमाइलो गर्ने चलन पनि छ ।

बैतडी जिल्लामा प्रचलित यस्ता चाडपर्व मनाउने आफ्नै किसिमको मौलिक पद्धति तथा परम्परा रहिआएको छ । पुरातात्त्विक सम्पदा र सांस्कृतिक सम्पदाको पुरानो इतिहास बोकेको यो जिल्ला लोकसाहित्यका क्षेत्रमा पनि निकै धनी रहेको छ । यहाँ मनाइने विभिन्न जात्रा, उत्सव, चाडपर्वहरूमा परम्परा, इतिहास, संस्कृति, सभ्यता तथा मान्छेका भावनालाई विभिन्न किसिमका गीतगाथा तथा कलात्मक पक्षहरूबाट झल्काउने गरिन्छ। यस जिल्लामा लोकसाहित्यका विभिन्न विधाहरूलाई आआफ्नै तरिकाले प्रयोग गरिँदै आएको पाइन्छ ।

## २.६ सामाजिक परिचय

देश, जाति र कुनै पनि ठाउँको लोकसंस्कृति र सामाजिक अवस्थाका बीचमा नजिकको सम्बन्ध रहेको हुन्छ । विभिन्न भूगोलमा अवस्थित समाजमा विभिन्न वर्ग, पेशा, लिङ्ग, जातजाति तथा विभिन्न धार्मिक समुदायका मानिस बसोबास गर्दछन् । सबै प्रकारमा मानिसहरूबाट सिङ्गो समाज र सामाजिक परम्परा निर्माण हुने गर्छ । बैतडी जिल्लाको लोकसंस्कृति तथा लोकसाहित्य यहाँको सामाजिक, शैक्षिक, राजनीतिक, आर्थिक अवस्थाका साथै यहाँको रहनसहन र बसोबासबाट प्रशस्त प्रभावित रहेको छ । परम्परादेखि नै आर्थिक विपन्नताका कारण अधिकांश मानिसहरू जीविकोपार्जनका लागि छिमेकी देश भारत जाने गरेको पाइन्छ भने कतिपय मानिसहरूले स्वदेशमै ज्याला मजदुरी गरी जीविकोपार्जन गरेको पाइन्छ । आर्थिक अवस्था कमजोर रहेका परिवारका मानिसहरू प्राय रोजगारीका लागि हरेक वर्ष भारतका विभिन्न ठाउँमा गई काम गर्ने र महिलाहरू विशेष गरी खेतीबारीमा लाग्ने गरेको पाइन्छ । आर्थिक रूपमा सम्पन्न मानिस ग्रामीण बसोबास छाडेर सुविधायुक्त तराईका सहरहरूमा बसाइँ सर्ने क्रम बढ्दो मात्रामा रहेको छ, जसका कारण यस जिल्लाबाट अन्यत्र जिल्लामा बसाइसराइ गर्ने मानिसहरूको सङ्ख्या बढ्दो क्रममा रहेको छ । यस जिल्लामा परम्परादेखि नै विभिन्न जातजातिको मिश्रित बसोवास रहेको पाइन्छ । यहाँ विशेष गरी बाह्मण, ठकुरी, क्षेत्री, आदिवासी र दलित जातिका मानिसहरू बसोवास गर्दछन् । जसमा अवस्थी, पन्त, भट्ट, जोशी, ओझा, बाग, बिष्ट, पाण्डेय, चन्द, कठायत, थापा, धामी, रावल, महरा, भण्डारी, मल्ल, बम, शाही, कुँवर, वि.क., दमाइ, चुनारा, टमाटा, लुहार, सार्की आदि पर्दछन् ।

बैतडी जिल्ला भारतको सिमान्त जिल्ला भएकोले यसमा कुमाउँनी क्षेत्रको पनि प्रभाव परेको छ । भारतको कुमाउँ विश्वविद्यालय नजिक पर्ने भएकाले त्यहाँ पुगेर शिक्षा आर्जन गर्ने अवसर भने उनीहरूलाई उपलब्ध छ । पुरुषवर्ग कोट, पाइन्ट, सर्ट, कमिज, सुरुवाल, टोपी, मुफलरजस्ता पोशाक लगाउँछन् भने महिला वर्ग आङडो, पेटीकोट, घागरो, ब्लाउज, मेक्सी, धोती, साडी तथा केटीहरू कुर्ता, सुरुवाल, स्काप, चुन्नी लगाउँछन् । विवाहिता/अविवाहिता महिला हातमा चुरा, पोते, टिका, काटा, पाइज, फुली, बुलाँकी, मुनडा, औंठी, बाली, सुता, तिलहरी, डोरी, रिवन, धागो, रबड आदि गरगहना र श्रृङ्गारपटार गर्ने परम्परा विद्यमान छ । समयको मागअनुसार उक्त गरगहनामा परिवर्तन भएर आजभोलि विस्तारै आधुनिक किसिमका गरगहनाहरू लगाउने चलन चलेको छ । यहाँको दैनिक खानपानमा रोटी, दालभात, तिहुन, सागतरकारीजस्ता परिकार रहेका छन्, भने पर्वविशेषमा यहाँको स्थानीय परिकार डुब्का ( मासबाट बनाइएको परिकार) माणा, बाबर (चामलको पिठोबाट बनाइएको परिकार), निसोसे (चामलको पिठोबाट बनाइने परिकार), पुरी, माणेरोट (माणाभित्र मास राखेर बनाइने), बटुक (फुलौरा), फाँडोजस्ता परिकारहरू पकाइन्छन् ।

यहाँ विभिन्न जातजातिका मानिसरू भएपनि धार्मिक र सांस्कृतिक एकरूपता रहेको छ । यस जिल्लामा परम्परादेखि विभिन्न जातजातिका मानिसहरू समुदायमा मिलेर बसेको

पाइन्छ । यहाँका मानिसहरू कृषिकार्य गर्दा एकअर्काको अरिमपरिम गर्ने र सामूहिक कार्यमा सधैँ तत्पर रहने परम्परा हालसम्म कायमै छ । चाडपर्व विशेषमा पकाइएका परिकार छरछिमेकमा बाँडीचुडी खाने प्रचलनसमेत रहेको छ । यहाँको समाज परम्परागत मूल्य र मान्यताहरूमा आश्रित रहेको पाइन्छ । परम्परादेखि चलिआएको कुराहरू यस समाजमा अझै प्रचलित छन् । परम्परागत मान्यताका राम्रा पक्षहरूमा आफूभन्दा ठूलालाई अभिवादन गर्ने, सरसहयोग गर्ने, सबै मिलेर खेतीपाती गर्ने, सार्वजनिक काममा सबै संलग्न हुने जस्ता संस्कारहरू रहेका पाइन्छन् ।

**२.७ निष्कर्ष**

भौगोलिक रूपमा सुदूरपश्चिम प्रदेशको पश्चिम किनारमा पर्ने बैतडी जिल्ला भाषा, लोकसाहित्य, संस्कृति तथा सामाजिक परम्पराका दृष्टिले सम्पन्न छ । यहाँ मनाइने चाडपर्व तथा तिनका अवसरमा प्रस्तुत गरिने लोकसाहित्य अन्य स्थानको भन्दा केही भिन्न र मौलिक हुनुमा यहाँको भौगोलिक, सामाजिक तथा सांस्कृतिक कारण रहेको छ । बैतडी जिल्लामा धुमधामका साथ मनाइने गौरा पर्व हिन्दु धर्म, संस्कृतिभित्रको महत्त्वपूर्ण पर्व हो । यसमा गौरी र महेश्वरको पूजाअर्चना गर्ने गरिन्छ । सनातन हिन्दु धर्मभित्रका यज्ञअनुष्ठान तथा षोडस संस्कारहरूसँग सम्बन्धित विषयवस्तु गौरापर्वका गीतहरूमा आउने गर्दछन् । बैतडी जिल्लाको समग्र लोकवार्ताका विषयवस्तुहरू गौरापर्वका माध्यमले थाहा पाउन सकिन्छ । यहाँ गौरापर्वका अवसरमा फाग, सगुन, धमारी, घरगीत, भोलाउलो, ढुस्को, झोडा, देउडाजस्ता लोकगीतको प्रस्तुति भएको पाइन्छ । हाम्रा पुर्खाहरूको लोकजीवनलाई झल्काउने यस पर्वमा प्रस्तुत गरिने गीतहरूमा युगौँदेखि पुर्खाहरूले मान्दै आएका लोकविश्वासहरूको अभिव्यक्ति प्रस्तुत भएका पाइन्छन् । बैतडीमा प्रस्तुत गरिने गौरापर्वका गीतमा सनातन हिन्दुधर्ममाथि विश्वास गरी विभिन्न देवीदेवता, स्थानीय आस्थाका केन्द्र, तत्कालीन शासक तथा वीरपुरुषहरूको वर्णन गरिन्छ । यसैगरी गौरापर्वका गीतमा यहाँको संस्कृति, रहनसहन जीवनशैली, आस्था, लोकविश्वास आदि पक्षको प्रभाव रहेको हुनाले बैतडी जिल्लाको भौगोलिक, सामाजिक, धार्मिक तथा सांस्कृतिक परिचय प्रस्तुत गरिएको छ ।

# तेस्रो परिच्छेद

# बैतडेली गौरापर्वका गीतका प्रकार र लोकविश्वास

## ३.१ विषयप्रवेश

नेपाल बहुभाषिक, बहुसांस्कृतिक एवम् भौगोलिक विविधता भएको मुलुक हो । नेपालका विभिन्न क्षेत्र तथा यहाँ बसोबास गर्ने विभिन्न जातिहरूका आआफ्नै प्रकारका भाषा, धर्म तथा संस्कृति र सोहीअनुरूपमा लोकगीतको परम्परा भेटिन्छ । यसरी नै पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म, हिमालदेखि तराईसम्म आआफ्नै प्रकारका चाडपर्व, संस्कार, संस्कृतिअनुसारका लोकगीत रहेका छन् ।

नेपाली समाजका विभिन्न चाडपर्वका अवसरमा गाइने गीतहरू नै पर्वगीत हुन् । पर्वगीतहरूमा गौरागीत, तीजगीत, सैरेलोगीत, मालसिरी, देउसी, भैलो, भुओ, वसन्त र फागु वा होरी प्रमुख मानिन्छन् । नेपालको भौगोलिक विविधतामय भू-भागका साथै भारतका सिक्किम, आसाम तथा भुटान र बर्मामा बसोबास गर्ने नेपालीहरूका विभिन्न किसिमका पर्वगीतहरू पाइने गर्दछन् । रमाइलो गर्ने, मीठोमीठो खाने, नयाँ लुगा लगाउने तथा नेपाल र नेपालबाहिर भएका इष्टमित्र एवम् आफन्तहरूको मिलन हुने भएकाले नेपालीहरूका निम्ति चाडपर्व महत्त्वपूर्ण मानिन्छन् । चाहे वसन्त ऋतुमा पर्ने विसु पर्व होस्, चाहे हेमन्त ऋतुमा पर्ने माघे सङ्क्रान्ति होस् यिनीहरूको नेपाली परम्परामा निकै महत्त्व रहेको छ । विसु, तीज, गौरा, दसैँ, देउसी, भैलो, शिवरात्री, होरी आदि नेपालका ठूला चाडपर्व हुन् । लोकसाहित्यको प्रमुख विधा लोकगीतका माध्यमबाट यी पर्वहरूका धार्मिक, सामाजिक, ऐतिहासिक महत्त्व झल्काइएको पाइन्छ । चाडपर्वका समयमा मनोरञ्जन प्रदान गर्न पनि यस्ता विभिन्न प्रकारका गीतहरू गाउने गरिन्छन् । चाडपर्वहरू नेपालीका विशिष्ट सांस्कृतिक सम्पत्ति हुन् । नेपाली लोकसंस्कृतिको पहिचानका लागि चाडपर्वहरूको ठूलो महत्त्व रहेको छ ।

नेपालको सुदूरपश्चिम प्रदेश लोकसाहित्यमा धनी क्षेत्र मानिन्छ । यहाँको जनजीवनमा लोकसाहित्य अन्तर्घुलित छ । यस क्षेत्रमा मनाइने चाडपर्व, मेला, जात्रा, उत्सव, धर्मसंस्कार, रीतिरिवाजलगायत कृषिकर्म, मेलापातमा लोकसाहित्यको प्रस्तुति भएको पाइन्छ । यस्ता विभिन्न अवसरमा प्रस्तुत गरिने लोकसाहित्यलाई विभिन्न विधामा वर्गीकरण गरेर अध्ययन गर्न सकिन्छ । यहाँ हरेक क्षेत्र तथा अवसरमा लोकगीतको प्रयोग भएको पाइन्छ । फाग, सगुन, धमारी, घरगीत, भोलाउलो, भैनी, ढुस्को, झोडा, भडा, दोडा, झुनमुन्या, लम्मर, माणा, पुतलीगीत, भेलो, पुतलो, बसन्त, भाटगीत, होरी, देउडा, सृष्टिगीत, बाह्रमासा, सवाई, श्राशीगीत, चैतेलो, मागल, हुड्केलो, ठाडीभाका, बैरा, जागर, भुवाजस्ता लोकगीतहरू प्रयोग भएका पाइन्छन् । यी लोकगीतमध्ये धेरैजसो गौरापर्वका अवसरमा जनसमुदायद्वारा प्रस्तुत गरिन्छन् । यिनमा विभिन्न किसिमका लोकविश्वास प्रस्तुत भएको पाइन्छ ।

## ३.२ लोकगीतको सैद्धान्तिक परिचय

लोकगीत लोकसाहित्यअन्तर्गत रहेको सर्वाधिक लोकप्रिय गेय विधा हो । लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोकगीतलाई सबैभन्दा प्राचीन विधा मानिन्छ। लोकगीत मानवसभ्यताको विकाससँगसँगै प्रारम्भ भएको मानिन्छ । मानव विकाससँगै मानवका हर्ष व्यक्त गर्ने क्रममा लोकसाहित्यको विकास हुँदै यसका विभिन्न विधाहरू अज्ञात रूपमा नै स्थापित भइसकेको कुरालाई लोकसाहित्यको अध्ययनबाट पुष्टि गर्न सकिन्छ । मानिस चेतनशील प्राणी भएकाले आफ्नो चेतन र अचेतन मनमा रहेका आँसु, हाँसो तथा अनेक परिस्थितिजन्य कुराहरूबाट निर्मित मनका कुण्ठा र भावनाको गेयात्मक रूप वा लयात्मक रूप नै लोकगीत हो ।

'लोक' र 'गीत' मिलेर लोकगीत शब्द बनेको हो । 'लोक' शब्दको अर्थ ठाउँ र जनता भन्ने हुन्छ । 'लोक' शब्द अङ्ग्रेजीको 'फोक' शब्दको नेपाली रूपान्तरण हो । यसको अर्थ सामान्य जनसमुदाय भन्ने हुन्छ । 'लोक' शब्दले कुनै स्थानसँग सम्बन्धित विश्व वा जगत् तथा त्यहाँ बसोबास गर्ने जनसाधारण भन्ने अर्थ दिन्छ । वैदिक कालदेखि नै 'जन' को पर्यायवाची शब्दका रूपमा 'लोक' शब्दको प्रयोग भएको पाइन्छ । यसको प्रारम्भ मानिसले वाणीको प्रयोग गर्न थालेदेखि नै भएको ठानिन्छ। यस आधारमा लोकगीतको थालनी वेदभन्दा पनि पूर्ववर्ती समयमा भएको हो भन्ने देखिन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ७३) । 'गीत' संस्कृतको 'गै' धातुमा 'त' प्रत्यय लगाएर व्यत्पन्न भएको शब्द हो। लोकगीत लोकसाहित्यका विधाहरूमा सबैभन्दा व्यापक र समृद्ध छ । लोकगीतहरू समाजमा हस्तान्तरित हुँदै आएका हुन् । लोकगीत गाउँदा कुनै व्यक्तिले त्यसमा केही मौलिकता थपेर अभिव्यक्त गर्ने गरेको पनि पाइन्छ ।

लोकगीत भाषाको माध्यमबाट उद्‌गारित अलेख्य विधा भएकाले यो लिपिभन्दा पनि पुरानो र सभ्यताभन्दा पनि जेठो वस्तु हो । आफ्नो लिपि नै नभएका भाषिकाहरूका पनि प्रशस्त लोकगीत छन् (थापा र सुवेदी, २०४१, पृ. ६२) । लोकगीत देश, जाति, भाषाभाषीअनुसार फरकफरक हुन्छन् । फुर्सदको समय होस् या मेलापात गर्दा अथवा वनपाखामा गोठालो गर्दा नै किन नहोस् दु:ख-सुखमा सामूहिक वा एकल रूपमा गाइने गीत नै लोकगीत हो । लोकगीत परम्पराबाट चलिआएको मौलिक संस्कृति हो । यो दु:ख-सुखको भावना सँगालिएको अभिव्यक्ति हो । यो लयात्मक र गेयात्मक हुन्छ। श्रुतिपरम्परामा आधारित मौखिक रचना लोकगीत हो (शर्मा र लुइटेल, २०६३, पृ. ७४) । चूडामणि बन्धुका अनुसार- "लोकगीत लोकजीवनको रागात्मक स्वत:स्फूर्त लयात्मक अभिव्यक्ति हो। यसमा लोकजीवनका दु:ख-सुख, आँसु-हाँसो, आशाका साथै लोकको चालचलन, विधि-व्यवहार, आस्था र मान्यताहरूको चित्रण हुन्छ" (बन्धु, २०५८, पृ. ११५) । त्यस्तै मोतीलाल पराजुली र जीवेन्द्रदेव गिरीले पनि "लोकगीतमा मान्छेका सुख-दु:ख, घात-प्रतिघात, जित-हार, उतार-चढाव र आस्था-विश्वाससँग सम्बन्धित अनुभूति तथा अनुभव सरल एवम् लयबद्व रूपमा प्रकट भएका

हुन्छन्" (पराजुली र गिरी, २०६८, पृ. २४) भनेका छन् । त्यसैले लोकगीत लोकजीवनको कलात्मक अभिव्यक्ति हो ।

लोकगीत तत्कालीन समाजको साझा भावना तथा विचारको अभिव्यक्ति हो । यसमा लोकबाट प्राप्त ज्ञान, लोकको बारेको धारणा वा दृष्टिकोण तथा तत्कालीन मानिसका सोचको प्रत्यक्ष अभिव्यक्ति हुन्छ । लोकगीतमा सामूहिक भावनाको अभिव्यक्ति हुने गर्दछ । यसमा कुनै पनि जाति, वर्ग वा समुदायको खानपान, वेशभूषा, रहनसहन, चाडबाड, धर्म, संस्कृतिको चित्रण भएको हुन्छ । लोकगीतलाई समाज तथा मान्छेको जीवनशैलीबाट अलग गर्न सकिँदैन । सामाजिकता लोकगीतको मूलभूत स्वरूपगत पहिचान मानिन्छ ।

लोकगीतका आफ्नै विशेषता रहेका छन् । लोकगीतमा परिवर्तनशीलता, तीव्रता तथा लयात्मकता, हार्दिकता, मनोरञ्जनात्मकता, मौलिकता, प्रश्नोत्तरात्मकता र पुनरावृत्ति, सामाजिकता तथा सांस्कृतिक चिनारी, प्रगीतात्मकता, भाषिक सरलता र विविधता तथा लोकतत्त्वको प्राधान्यजस्ता विशेषताहरू हुन्छन् । लोकगीतमा समय र स्थानअनुसार परिवर्तन आउने गर्छ । यसमा हुने परिवर्तनशीलतालाई यसको विकासशीलता मानिन्छ । प्राचीनता, पारम्परिकता, हस्तान्तरणीयता, मौखिकता आदिका कारण यसमा समयसमयमा परिवर्तन देखापर्छ (शर्मा र लुइटेल, २०६३, पृ. ७७) । लोकगीतमा रागात्मकता पनि रहेको हुन्छ । यही रागात्मकताको कारणले मान्छेको हृदयलाई पगाल्न सक्ने र मानिसलाई दुःखकष्टबाट मुक्ति दिन सक्ने सामर्थ्य लोकगीतमा हुन्छ भन्ने ठानिन्छ ।

लोकले मौखिक रूपमा जीवित राखेको लोकहृदयको स्वतःस्फूर्त अभिव्यक्ति लोकगीत हो । मौखिक परम्पराद्वारा सुरक्षित रहेको लोकभाव, चाहना र चेतनाको लयात्मक अभिव्यक्तिलाई लोकगीत मानिन्छ । यो पुस्तौँपुस्ता हस्तान्तरण भएर आएको हो । परापूर्वकालदेखि नै मानव मनका हर्ष-विस्मात्, विरह र वेदनायुक्त भावनालाई गेयात्मक र लयात्मक रूपमा गाइँदै आएको यो विधा अहिले पनि उस्तै लोकप्रिय रहेको छ। एक पुस्ताबाट अर्को पुस्तामा पुस्तान्तरण हुँदै आएको लोकगीत सरल, सहज र बोधगम्य हुन्छ र यसले आदिम संस्कृति पनि बोकेको हुन्छ । यसमा लोकका जीवनभोगाइका अनुभव र अनुभूतिको लयात्मक प्रस्तुति हुन्छ । यो लयात्मक हुन्छ । यसमा शब्दहरूको ध्वनिगत आरोहअवरोहको मिठासपूर्ण संयोजन गरी लय उत्पन्न गरिन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ७४) । सामाजिक जीवनका भोगाइहरूलाई लयात्मक पारेर प्रस्तुत गरिएको लोकगीतले सबै उमेरसमूहका मानिसलाई आकर्षित गर्छ । त्यसैले लय लोकगीतको पहिचानको विशेष आधार हो र अरू लोकसाहित्यिक विधाबाट यसलाई छुट्टै बनाउने खास कुरा पनि लय नै हो ।

समग्रमा लोकजीवनको भावना र चाहनाको मौखिक तथा लयात्मक अभिव्यक्ति नै लोकगीत हो । लोकगीतमा लोकजीवनका दुःखसुख, हाँसोआँसु, आशा निराशाका साथै लोकको चालचलन, विधि व्यवहार, आस्था र मान्यताहरूको अभिव्यक्ति हुन्छ । यसमा लोकको सम्पूर्ण चित्र प्रस्तुत भएको हुन्छ । यो पुस्तौँपुस्ता हस्तान्तरण भएर जान्छ । परापूर्वकालदेखि नै मान्छेका हर्ष-विस्मात्, विरह र वेदनाको प्रस्तुति बनेको यो विधा आज पनि उस्तै प्रिय छ ।

शास्त्रीय कठोर नियमका विपरीत आदिम संस्कृतिको संवाहक अनि सरल, सहज र बोधगम्य हुने भएकाले यसले लोकप्रियता प्राप्त गरेको हो । यो लोकको साझा र सामूहिक अभिव्यक्ति हो । लोकगीतमा समाजका आस्था, विश्वास, परम्परा, रीतिरिवाजजस्ता सांस्कृतिक पक्षहरू समेटिएका हुन्छन् । बैतडी जिल्लामा प्रचलित गौरापर्वका अवसरमा गाइने मुख्य लोकगीतमा फाग, सगुन, धमारी, भोलाउलो, झोडा, घरगीत आदि रहेका छन् ।

### ३.३ लोकगीतको संरचना

'संरचना' शब्द अङ्ग्रेजी भाषाको Structure को नेपाली रूपान्तरण हो । अङ्ग्रेजीको Structure शब्दको व्युत्पत्ति ल्याटिन भाषाको Structura, इटालेली भाषाको Struttura र स्पेनेली भाषाको estructura बाट भएको र यसको अर्थ बनाउनु वा निर्माण गर्नु हो (लुइटेल, २०६२, पृ. ४२) । आज 'संरचना' शब्दको अर्थमा विविधता आएको हुनाले ज्ञानविज्ञानका क्षेत्रमा विभिन्न अर्थहरूमा यसको प्रयोग भएको छ । "विभिन्न अवयव वा घटकहरूको पारस्परिक सम्बन्धद्वारा निर्मित वस्तु वा कृतिको पूर्ण, जीवन्त र स्वनिष्ठ अस्तित्वलाई संरचना भनिन्छ ।" (लुइटेल, २०६२, पृ. ४८) । साहित्यिक दृष्टिमा संरचनाले कुनै कृतिको आन्तरिक तथा बाह्य निर्मितिलाई जनाउँछ । यहाँ संरचनाको साहित्यिक अर्थलाई मात्र ग्रहण गरिएको छ । यसले कृतिमा प्रयुक्त भएका घटकहरूको यन्त्रवत् सुसङ्गठित र तार्किक पूर्णतालाई बुझाउँछ । यसमा आफैँमा पूर्णता, परिवर्तशीलता तथा स्वायत्तताजस्ता विशेषताहरू हुन्छन् । प्रत्येक कृतिको आफ्नै संरचना हुन्छ । कुनै वस्तु वा कृतिको पूर्ण, परिवर्तनशील र स्वनिष्ठ व्यवस्थालाई संरचना मानिन्छ (लुइटेल, २०६२, पृ. ४३) । कुनै वस्तुमा पाइने साना संरचक घटकहरूको योग संरचना हो । संरचनालाई बृहत् घटक पनि भनिन्छ र यो अमूर्त हुन्छ । यसमा बनोट अमूर्त घटकका रूपमा र बुनोट मूर्त घटकका रूपमा हुन्छ । लेखकले कृतिमा विषयवस्तु र अर्थ प्रदान गर्नका लागि विन्यस्त गरेका घटकलाई सो कृतिको संरचना भनिन्छ । यो कृतिको खास आकृति वा खाका हो । हरेक साहित्यिक कृतिको संरचनामा पूर्णता, परिवर्तनशीलता तथा स्वनिष्ठताजस्ता विशेषता हुन्छन्, जसले गर्दा कृतिमा प्रयुक्त घटकहरूको अन्तर्सम्बन्ध सबल र विशिष्ट हुन्छ (लुइटेल, २०६२, पृ. ५१) । कृतिलाई समग्र सूत्रमा बाँध्ने र अर्थयुक्त बनाउने कार्य यसको संरचनाले गर्छ । त्यसैले संरचना भनेको कृति निर्माणको बाहिरी कलेवर तथा भित्री अन्तर्वस्तु दुवै हो ।

संरचनालाई रूप भनेको पनि पाइन्छ । साहित्यिक कृतिहरूको योजनाबद्ध पर्याधार मानिने संरचना र रूपका बीचमा निकट सम्बन्ध रहेको छ । संरचना र रूपका बीचमा विभेद रहेको बताएको पाइए पनि यी दुवैमा एकै प्रकारका विशेषता हुनाले यिनलाई समानार्थी रूपमा प्रयोग गर्न सकिन्छ । यी दुवै सावयव अमूर्त रहने र मूर्त घटकबाट निर्मित हुने भएकाले यी दुईमा रहेको अर्थगत समानताको पुष्टि हुन्छ । तथापि आधुनिक समालोचनाका क्षेत्रमा रूपभन्दा संरचना शब्दको प्रयोग ज्यादा भएको देखिन्छ (लुइटेल, २०६२, पृ. ४६) । लोकगीतको संरचनामा भनेको यसको समग्र बनावट वा सङ्गठन हो । यसमा पूर्णता स्वनियमितता र रूपान्तर हुने सामर्थ्य रहेको हुन्छ । लोकगीतमा कुनै स्थान र भाका विशेषका आधारमा पङ्क्ति

सङ्ख्यामा फरक हुनसक्छ । लोकगीतको स्वरूप र संरचना तुलनात्मक रूपमा मौलिक हुन्छ । लोकगीतको आकार वा स्वरूप नै यसको व्यापक संरचना हो । लोकगीतभित्र रहेका विभिन्न ससाना घटकहरू र तिनको भूमिका र कार्य यसका सूक्ष्म संरचनात्मक पक्ष मानिन्छन् ।

लोकगीत विभिन्न अवयवले बन्ने यौगिक विधान भएकाले यसलाई निश्चित संरचनामा आबद्ध रचना मानिन्छ । "संरचना भएका कारण लोकगीतको स्वरूप पूर्ण, स्वायत्त र गीतशील हुन्छ" (शर्मा र लुइटेल, २०६३, पृ. ७५) । संरचनाका दृष्टिले लोकगीतका आन्तरिक तथा बाह्य गरी दुई तत्त्व रहेका हुन्छन् । लोकगीतको बाह्य संरचना भनेको यसको आवरण हो । बाह्य संरचना बाहिरी रूपमा देखिने स्थूल बनोट हो । यो वर्ण, शब्द, वाक्य, अनुच्छेददेखि सङ्कथनसम्मको हुन सक्छ । यसको आन्तरिक संरचनामा चाहिँ यसभित्रका लय, भाव वा विचारलगायतका तत्त्वहरू पर्छन् । लोकगीतको कथ्यसँग सम्बन्धित पक्षको बनोट यसको आन्तरिक संरचना हो । गीतको आन्तरिक संरचनाभित्र गीतका कथ्यलगायतका तार्किक तथ्यहरू पर्छन् ।

गीतमा स्थायी र अन्तराको व्यवस्था रहेको हुन्छ । प्रत्येक गीतका पङ्क्तिपुञ्जलाई सामान्यतः दुई भागमा विभक्त गर्न सकिन्छ । पहिलो भागमा गीतको मूल भाव वा विचारलाई बोक्ने मुख्य अंश रहेको हुन्छ र यसलाई स्थायी भनिन्छ । एकपटक वा पटकपटक पुनरावृत्ति हुने यसमा गीतमा भन्नुपर्ने मुख्य कुरा भनिएको हुन्छ । स्थायीबाहेकका अन्य पङ्क्तिहरूलाई अन्तरा भनिन्छ । यिनमा स्थायीमा उठाइएका कुराको विस्तार वा पुष्टि हुन्छ (बराल, २०६०, पृ. १४) । स्थायी गीतमा पटकपटक दोहोऱ्याइन्छ तर अन्तरा एकपल्ट मात्र आउँछ र स्थायीका निम्ति मात्र अडिन्छ । लोकगीतमा स्थायीको अर्थपूर्ण पुनरावृत्तिले सौन्दर्योत्पादन गर्दछ । यही सौन्दर्यले लोकसाहित्यका अरू विधाका तुलनामा लोकगीतमा प्रियता र मिठास थप्छ ।

यसको आकारगत संरचनाचाहिँ प्रबन्धात्मक नभएर प्रगीतात्मक हुन्छ अर्थात् आख्यानको प्रयोग र विस्तारका आधारमा लोकगीतको संरचना प्रगीतात्मक हुन्छ । लोकगीतमा विषयवस्तुको सङ्क्षिप्त विस्तार र घटना आदिको सङ्केत मात्र भएको हुनाले यसको संरचनालाई प्रगीतात्मक भनिएको हो । प्रगीतात्मक कृतिलाई सामान्यतः दृश्य, प्रसङ्ग, पङ्क्तिपुञ्ज, पङ्क्ति आदिमा विभाजन गरिएको हुन्छ (लुइटेल, २०६२, पृ. ३०३) । लोकगीतमा कथानक र द्वन्द्वको होइन, भाव वा विचारको प्रधानता रहन्छ । घटना, प्रसङग आदिको स्थूलता भएका गीतहरूको संरचना आख्यानात्मक संरचना हो । यस्तो संरचना लोककाव्य वा लोकगाथामा मात्र सम्भव हुन्छ । लोकगीतले सङ्क्षिप्त आकार र आख्यानहीनता वा न्यून आख्यानात्मकतामा वैयक्तिक अनुभूतिका विविध पक्ष र सामाजिक जीवनका आयामहरू समेटेको हुन्छ ।

पङ्क्तिपुञ्ज भनेको पङ्क्तिहरूको समूह वा एक श्लोक हो । लोकगीतमा पङ्क्तिपुञ्ज पाउभन्दा माथिको र गद्यमा अनुच्छेद बराबरको हिस्सा हो । प्रत्येक पङ्क्तिपुञ्जको निर्माण दुई, चार वा सोभन्दा धेरै पाउबाट हुन्छ । लोकगीतको एउटा संरचनात्मक ढाँचा निर्माण हुनका लागि कम्तीमा एक पङ्क्तिपुञ्ज आवश्यक पर्छ (लुइटेल, २०६२, पृ. २८६) । "चरन

भन्नाले लोकगीतमा रहने पाउ, पङ्क्ति वा हार बुझिन्छ । लोकगीतमा चरनका आधारमा नै प्रत्येक चरनमा विश्राम हुँदै जान्छ । विश्राम केही खासखास अडानका रूपमा हुन्छ र त्यसभित्र पनि ससाना लयविश्राम तथा खण्डचरनको रूप लिइसकेको हुन्छ" (पराजुली, २०५७, पृ. ५१०) । लोकगीतको एक चरन वा पाउसँग अर्को चरनको तुक मिलाइएको हुन्छ । दुई चरनमा पनि पहिलोलाई फेद र दोस्रोलाई टुप्पो भनिन्छ (बन्धु, २०५८, पृ. ११६) । लोकगीतका दुई चरनहरू एकअर्कामा सम्बद्ध र असम्बद्ध दुवै हुनसक्छन् । सम्बद्ध चरन भएका पङ्क्तिपुञ्जमा पहिलो र दोस्रो चरणको अर्थगत वा कार्यकारण सम्बन्ध हुन्छ भने असम्बद्ध चरन भएका पङ्क्तिपुञ्जमा दोस्रो चरनमा सन्देश हुन्छ भने पहिलो चरन यससँग असम्बन्धित हुन्छ । साङ्गीतिकता लोकगीतको मूलभूत पहिचान हो । सङ्गीत नभएको लोकसामग्री लोकगीत बन्न सक्दैन ।

## ३.४ लोकविश्वासको सैद्धान्तिक परिचय

लोकविश्वास 'लोक' र 'विश्वास' दुई शब्दको मेलबाट बनेको शब्द हो । 'लोक' शब्द संस्कृत वाङ्मयमा खास गरी स्थान र जनतालाई जनाउने सन्दर्भमा दुई अर्थमा प्रयुक्त भएको पाइन्छ । 'विश्वास' 'वि + श्वस + घञ्' को मेलबाट बनेको तत्सम शब्द हो । यसले कुनै सिद्धान्त, नीतिनियम, चालचलन, काम र व्यवहार आदिप्रति दृढ आस्था, श्रद्धा र निष्ठासहितको मनोभावलाई बुझाउँछ । यसरी बनेको लोकविश्वास शब्दले लोकले गर्ने पत्यार वा विश्वास भन्ने अर्थ दिन्छ ।

लोकविश्वास शब्दलाई अङ्ग्रेजी भाषामा फोक बिलिभ भनिन्छ । यस शब्दले मान्छेको मनमा भित्री तहमा गडेर बसेको मानवीय मनोवैज्ञानिक दबाब र मानसिक विश्वासलाई सारका रूपमा ग्रहण गरेको छ । यस शब्दले सुसङ्केत र कुसङ्केतका रूपमा विद्यमान रहेका सामाजिक, संस्कृतिलाई बोध गराएको हुन्छ (लम्साल, २०७७, पृ. १४५) । अङ्ग्रेजी भाषाको फोकलोर (Folklore) शब्दको अर्थ लोकवार्ता हो । अङ्ग्रेजीको Folk शब्दको सामान्य अर्थ ग्रामीण असंस्कृत र अशिक्षित जाति हो । Lore शब्दले ज्ञान अथवा सिक्नुपर्ने कुरा भन्ने अर्थ दिन्छ । यसरी Folk र Lore मिलेर बनेको Folklore शब्दले सभ्यताका प्रभावबाट टाढा रहेका असंस्कृत लोकसमुदायको ज्ञानलाई बुझाउँछ । अङ्ग्रेजी भाषाको फोक (Folk) को समानार्थी शब्दका रूपमा संस्कृत भाषामा लोक शब्द प्रयोग गरिएको छ । यसैकारण लोकलाई कतिले अशिक्षित, अपठित तथा असभ्य जनसमुदाय पनि भनेका छन् । अङ्ग्रेजी शब्दले त्यस्तो अर्थ झल्काए पनि संस्कृतबाट आएको लोक शब्दले सामान्य जनसमुदायलाई नै सङ्केत गरेको छ । यति हुँदाहुँदै पनि लोक अभिजात्य संस्कार, शास्त्रीयता र पाण्डित्यका चेतनाले रहित भई परम्पराको प्रवाहमा जीवित रहन्छ (बन्धु, २०६६, पृ. १३) । लोकवार्ताअन्तर्गत लोकसाहित्य, लोकधर्म, लोककला, लोकविश्वास आदि विषय पर्दछन् ।

लोकविश्वास अज्ञानताका कारणबाट मनमा उत्पन्न हुने र अन्धविश्वासको जगमा पल्लवित बनेको मौखिक साहित्य हो । मौखिक साहित्य एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदा व्यावहारिक संस्कृतिका रुपमा रुपान्तरित हुन्छ । लोकमा प्रचलित सांस्कृतिक

जीवनका अनेक सन्दर्भमा घटित हुने विधि व्यवहार नै समग्रमा लोकविश्वासका रुपमा आधारित रहेको हुन्छ । यसैले मानिसले सामाजिक जीवन सञ्चालन गर्न उपयोग गर्ने व्यवहारपरक अन्धविश्वासलाई लोकविश्वास भनिएको हो । यस शब्दले लोकमा प्रचलित प्राकृतिक भौगर्भिक, सांस्कृतिक, धार्मिक, व्यावहारिक, भौगोलिक ज्योतिष, उपचार, शरीरसँग सम्बन्धित अनेक प्रकारका विश्वासका सन्दर्भलाई जनाउँछ (पौड्याल, २०७८, पृ. ३०) । त्यसैले लोकमा प्रचलित मान्यता र समयअनुसार जीवनका विभिन्न पक्षमा जोडिँदै आएको लोकविश्वास व्यावाहारिक सांस्कृतिक सन्दर्भ हो । समाजमा लोकविश्वासका भरमा धार्मिक, सामाजिक तथा सांस्कृतिक क्रियाकलाप सम्पादन गरिने भएकाले मानिसको हरेक व्यवहारमा लोकविश्वासको सन्दर्भ सहज रुपमा उपस्थित भएको देखिन्छ ।

लोकविश्वास लोकको मानसिक भावनाको प्रतीक हो । यो सकारात्मक, नकारात्मक र निदानात्मक अर्थमा प्रयुक्त छ । सकारात्मक अर्थ जनाउने दृष्टिले शुभ फल दिने नकारात्मक अर्थमा भविष्यमा अशुभ हुने र समस्या पहिल्याउन सकिने मान्यतामा पनि आधारित देखिन्छ (पौड्याल, २०७८, पृ.४९२) । मनोवैज्ञानिकहरूले मनको अध्ययन गर्ने क्रममा परम्परागत तत्त्व रहने मनलाई लोकमानस वा आदिम मानस भनेर व्याख्या गरेका छन् । कार्ल गुस्ताभ युङ (इ. १८७५-१९६१) ले यसलाई सामूहिक अचेतन मन भनेका छन् । सामूहिक अचेतन मनले बिम्ब निर्माण गर्छ, जसमा हाम्रा पुर्ख्यौली मानसिक प्रतीकहरू विद्यमान रहन्छन् । युङले सबै आद्यबिम्बहरू वंशानुगत रूपमा आउने र त्यसको प्रकटीकरण मिथक तथा सपनाका रूपमा हुन्छ भनेका छन् । सामूहिक अचेतन व्यक्तिपिच्छे भिन्न हुँदैन, यो सबै मानिसमा समान हुन्छ र यसमा धर्म, आत्मा, मिथकीय बिम्ब तथा अनुभवहरूको स्रोत विद्यमान हुन्छ भन्ने युङको चिन्तन छ । लोकसाहित्यविद्हरूले तिनै आदिम मानसमा रहने भावलाई लोकतत्त्व मानेका छन् ।

मानिस जेजस्तो वातावरणमा हुर्के बढेको हुन्छ, त्यसको प्रभाव स्वभावतः उसमा परिरहेको हुन्छ । व्यक्तिको मनस्थिति उसको पारिवारिक परम्परा, हुर्के बढेको वातावरण, शिक्षा, संस्कृति आदिले निर्धारण गर्छ । लोकविश्वास जाति, धर्म, संस्कार, संस्कृतिअनुसार भिन्न भिन्न पाइन्छन् । लोकका धार्मिक, सामाजिक, सांस्कृतिक, जातीय रूपबाट प्रचलित परम्परागत चालचलन, रीतिरिवाज, प्रथा, संस्कार, व्यवहार, आस्थाप्रतिको विश्वास मानव हृदयमा टाँस्सिएर बसेका हुन्छन् । यसप्रति लोकको विश्वास पाइन्छ ।

हाम्रा लोकसमाजमा त्यस्ता विश्वासहरू पनि छन् जसलाई हामी विश्वास गरिहाल्न पनि सक्दैनौं र नगर्न पनि सक्दैनौं । यी केही लोकपरम्परामा जस्ताको त्यस्तै, केही परिमार्जित हुँदै, केही क्रमशः हराउँदै गएको देखिन्छ । जहाँ आस्था (विश्वास) हुन्छ, त्यहाँ निष्ठा (कार्य) हुन्छ । यी दुई विषय परम्परामा सम्बद्ध छन् । जस्तैः सप्ताह, यज्ञ लगाउनाले पुण्य मिल्दछ भन्ने भावना राख्नु विश्वास हो भने यही विश्वासका आधारमा यज्ञ लगाउनु निष्ठा हो । हाम्रा

पूर्वजहरूको विश्वास यसमा थियो, पछिकाले पनि त्यही सिके र अवलम्बन गरे (पराजुली, २०७१, पृ. २०) । यसरी हरेक पुस्तामा लोकविश्वासको परम्परा अगाडि बढ्दै गएको छ ।

लोकसमुदायले मानसिक तहदेखि नै आस्था र श्रद्धाका साथ स्वीकार गरेका भावनात्मक विश्वासहरूलाई लोकविश्वास भनिन्छ (पराजुली, २०७१, पृ. १६६) । मानसिक सतहमा जीवनको सुरुदेखि नै सहज रूपले टाँस्सिदै आएका, स्वभाविक तहको लोकको विश्वास हो । यसैले लोकविश्वासको प्रभाव जीवनयात्राको गतिमा नजानिँदो किसिमले टाँस्सिएको छ । यस्ता विश्वासहरूले लोकमानसमा गहिरो प्रभाव र प्रगाढ छाप पारेका हुन्छन् ।

## ३.५ लोकविश्वासको वर्गीकरण

लोकजीवन परम्परित आस्था, विश्वास र मान्यताको आधारभूमि हो । लोकजीवनमा प्रचलित आस्था र विश्वास, मान्यता र विधिविधानहरू पुस्तान्तरण हुँदै आजका आधुनिक समाजका मानिसहरूले पनि अनुकरण गर्दै आएका छन् । लोकले मान्दै आएका परम्परागत चालचलन, व्यवहार तथा पुर्खाका रीतिरिवाजहरू लोकविश्वासका रूपमा रुढ छन् । यिनलाई अर्को शब्दमा लोकधर्म पनि भनिन्छ । समाजमा प्रचलित लोकधर्मका विविध रूप हुन्छन् जसको सम्बन्ध लोकविश्वास, मान्यता र लोकव्यवहारसँग हुन्छ । यी विश्वास र मान्यतालाई कतिपय विद्वान्हरूले लोकवार्ताको मुख्य विषय बनाएका छन् ।

लोकविश्वासको उद्भव वा स्रोतका सम्बन्धमा एकमत देखा पर्दैन तर पनि धेरैले आदिम संस्कारलाई महत्त्व दिएको पाइन्छ । अनि केहीको मतमा आदिम मानव समाजमा भएको अज्ञानता र भय नै उत्तरवर्ती समाजगत् लोकविश्वासको आधार हो भनिएको पाइन्छ । केही विद्वान्हरूले लोकतात्त्विक विषयमाथि विमर्श गरेको पाइन्छ ।

नेतृत्वशास्त्री सर जेम्स जर्ज फ्रेजरले *गोल्डेन बाउ* (सन् १९८०) शीर्षक पुस्तकमा विभिन्न जातिमा प्रचलित जादु-टुनासम्बन्धी विषयमा जानकारी दिएका छन् । उनले धर्म, जादु र संस्कृतिको अध्ययनका क्रममा मानवका आदिम भावनाहरू दुई किसिमको भएको बताएका छन् १. विवेकपूर्वी अवस्था र २. रहस्यशीलता । मानिस पूर्ण रूपमा चेतन अवस्थामा आइनसकेको र जडतत्त्व तथा चेतनतत्त्व छुट्याउन नसक्ने विवेकपूर्वी अवस्थामा गरेका चिन्तन र भावनामा लोकतात्त्विक विषय निर्माण हुने गर्दछ । अर्कातिर मानिसले प्रकृति र जीवनका रहस्यहरूबाट पनि धेरै काल्पनिक विश्वासहरू ग्रहण गर्दछ (पराजुली, २०७१, पृ. १६३) । यिनै विषयहरूलाई उनले मानवका आदिम भावनाहरू बताएका छन् ।

प्रसिद्ध मनोवैज्ञानिक सिग्मन्ड फ्रायडले *द इन्टरप्रिटेसन अफ ड्रिम* (सन् १९००) पुस्तकमा प्रचलित सपनासम्बन्धी मतलाई प्रस्तुत गरेका छन् । यस पुस्तकमा सपनाका स्रोत यसको कार्य तथा व्याख्याको तरिकालाई पनि उल्लेख गरेका छन् भने चाहनाको पूर्तिका रूपमा सपना, सपनाको असत्यता वा सत्यता तथा सपनाको प्रणाली आदि विषयको पनि चर्चा गरेका

छन् । यिनैका शिष्य कार्ल गुस्ताभ युङले मनलाई तीन तहमा विभाजन गर्दै सामूहिक अचेतन मनभित्र पुर्खादेखिका मानवीय प्रवृत्तिहरू सङ्ग्रहीत हुने मानेका छन् । वैयक्तिक नभई सामूहिक अचेतन सार्वभौमिक हुने हुँदा धर्म, आत्मा, मिथकीय बिम्ब तथा अनुभवहरूको स्रोत विद्यमान रहन्छन् । यसरी लोकमानसको अध्ययन गर्ने मनोवैज्ञानिकहरूले लोकमानसका तत्त्वहरूलाई चार प्रकारमा विभाजन गरेका छन् : स्वैरकल्पनामूलक चिन्तन, सर्वात्मावादी चिन्तन, टुनावादी चिन्तन र आनुष्ठानिक चिन्तन । लोकवार्ताविद्हरूले तिनै आदिम मानसमा रहने भावलाई लोकतत्त्व भनेका छन् ।

अमेरिकाली विद्वान् रिचार्ड एम डोर्सनले लोकवार्ताअन्तर्गत पर्ने विषयबारे आफ्ना धारणा स्पष्ट पार्दै यसमा लोकसाहित्य, आचारविचार तथा कलाकौशल समावेश हुने मत प्रस्तुत गरेका छन् । उनको *अ ह्याण्डबुक अफ अमेरिकन फोकलोर* (सन् १९७२) शीर्षक पुस्तकमा लोकवार्ताका विषयलाई चार भागमा विभक्त गरेका छन् : १. मौखिक साहित्य २. भौतिक संस्कृति ३. लोकरीति र ४. सम्पादनमूलक कला । उनले लोकरीतिमा लोकप्रचलित रीतिरिवाज, लोकविश्वास र व्यवहार एवम् मूल्य तथा मान्यतालाई अगाडि सारेका छन् (बन्धु, २०६६, पृ. ५१) । सामाजिक संस्कार, प्रथाहरू, धार्मिक सम्प्रदाय र व्यवहारहरू पनि यसै अन्तर्गत समावेश गरेका छन् ।

यसरी पश्चिमा विद्वान्हरूले लोकविश्वासलाई लोकवार्ताको मुख्य विषय मानेर एकोन्मुख ढङ्गले अध्ययन गरेको भेटिँदैन । यद्यपि लोकवार्ताभित्रको सहायक अनिवार्य तत्त्वका रूपमा चर्चा गरेका छन् । लोकवार्ताले विस्तृत क्षेत्र ओगट्ने हुनाले मिथक वा पुराण, रीतिरिवाज, धर्म, संस्कृति, टुनामुना, योग, कला आदिभित्रै लोकविश्वास समाहित हुन्छ ।

नेपाली लोकजीवनमा विश्वासलाई महत्त्वपूर्ण भावात्मक पक्ष मानिन्छ । नेपाली लोकसमाज विश्वासबाटै सञ्चालित र निर्देशित छ । नेपाल विभिन्न जात, धर्म, वर्ग, समुदाय आदिको साझा थलो भएकाले यहाँ आ-आफ्ना मौलिक संस्कृति, रीतिरिवाज, चालचलन, आचारविचार तथा व्यवहारहरू भिन्न भिन्न पाइने भएकाले अनेक लोकविश्वास पाइन्छन् । नेपाली लोकजीवनमा प्रचलित परम्परागत विश्वासहरूमाथि अध्ययन, विश्लेषण र वर्गीकरण गर्ने कार्यमा नेपाली विद्वान्हरूले चासो राखेका छन् । केही विद्वान्हरूको वर्गीकरण यस प्रकार छ :

तुलसी दिवसले नेपाली लोकसाहित्य, लोकधर्म र संस्कृतिको अध्ययनमा विशेष रुचि देखाएका छन् । उनको *धिमाल लोकधर्म र संस्कृति* (२०३९) पुस्तकमा धिमाल समाजमा प्रचलित अनेक विश्वासहरूलाई नौ बुँदामा विभाजन गरेका छन् :

(१) शुभ तथा कल्याणका निमित्त गरिने कर्मकाण्डी विश्वासहरू

(२) पशुपन्छी विषयक विश्वासहरू

(३) आङ्गिक क्रिया विषयक विश्वासहरू

(४) शारीरिक चिह्न विषयक विश्वासहरू

(५) साइत विसाइत विषयक विश्वासहरू

(६) वस्तुको निर्माण र उपयोग विषयक विश्वासहरू

(७) भविष्य सूचना विषयक विश्वासहरू

(८) स्वप्न विषयक विश्वासहरू

(९) निषेध विषयक विश्वासहरू (दिवस, २०३९, पृ. २२०)

नेपाली लोकजीवनमा प्रचलनमा रहेका लोकविश्वासहरूलाई हंसपुरे सुवेदीले आफ्नो पुस्तक *नेपाली लोकजीवन : लोकविश्वास* (२०५५) मा पाँच प्रकारमा विभाजन गरेका छन् ( सुवेदी, २०५५, पृ. २८) । विश्वासका विषयगत प्रकार, आधार र कोटी फरक-फरक देखा पर्ने चर्चा गर्दै विषयगत प्रकारहरू देखाएका छन् :

**(१) धार्मिक लोकविश्वास**

धर्म मानव मनमा रहेको आस्थाहरूको पुञ्ज हो । मानिसले ईश्वर, देवीदेवता, पितृहरू, अतृप्त आत्मा, यज्ञ, पापपुण्य, तीर्थ, पुनर्जन्म आदि लोकआस्थालाई विश्वास गर्दै आएको छ । धर्मसम्बन्धी लोकविश्वासहरू यसअन्तर्गत पर्दछन्, जो यस प्रकार रहेका छन् (सुवेदी, २०५५, पृ. २८) । यसअन्तर्गत मन्दिर तथा देवीदेवतासम्बन्धी, दर्शन, स्पर्शन र पूजापाठसम्बन्धी तथा दानपुण्य र धर्मकर्मसम्बन्धी लोकविश्वास पर्दछन् ।

**(२) सांस्कृतिक लोकविश्वास**

संस्कृति परम्परागत हुन्छ । परम्परादेखि विभिन्न चालचलनहरू लोकमा चलिआएका हुन्छन् । यिनीहरूमा एक प्रकारको विश्वास रहेको हुन्छ । यसअन्तर्गत परम्परागत लौकिक चालचलनहरूसम्बन्धी तथा जात्रा-मात्रा, पर्वउत्सव र आचार विचारसम्बन्धी लोकविश्वासहरू पर्दछन् (सुवेदी, २०५५, पृ. २८) । सांस्कृतिक लोकविश्वासको नेपाली समाजमा विशेष महत्त्व रहेको छ ।

**(३) आभिचारिक लोकविश्वास**

आभिचारिक लोकविश्वासअन्तर्गत लागो, भागो, हेरकोर, जादुटुना, तन्तर-मन्तर, भूतप्रेत, डाइनी-बोक्सी, धामी-झाँक्री आदि लोकविश्वासहरू पर्दछन् (सुवेदी, २०५५, पृ. २८) । यस्ता लोकविश्वास गौरापर्वका गीतमा पनि प्रशस्त मात्रामा प्रयोग भएको पाइन्छ ।

**४. व्यावहारिक लोकविश्वास**

दैनिक मानव जीवनमा आइपर्ने विभिन्न लोकविश्वासहरू यस लोकविश्वासअन्तर्गत पर्दछन् । दैनिक जीवनमा गरिने लेनदेन, कुराकानी, आवत-जावत, घर व्यवहार, भनसुन इत्यादि लोकविश्वासहरू यसमा पदर्छन् (सुवेदी, २०५५, पृ. २८) । यसबाट नेपाली समाज लोकविश्वासको जगमा अडिएको छ भन्ने कुरा बुझिन्छ ।

**५. अन्धविश्वाससम्बन्धी लोकविश्वास**

यसअन्तर्गत लोकमा प्रचलित शकुन-अपशकुन, फाप-अपाप, जुर-बिजोर, गतिपरिने-राम्रो हुने विषय वा वस्तु इत्यादि रहेका छन् । कतै बाटो हिँड्दाको समयमा बिरालोले बाटो काट्यो भने त्यसलाई अशुभ शकुन मानिन्छ । यस्तै जलपूरा घडा, बिना शोकको मृतलाश, दमाई आदि देखिए शुभ शकुन मानिन्छ । हिन्दू परम्परामा शकुनप्रति व्यापक विश्वास छ र यस विषयको अलग्गै शास्त्रसमेत बनेको छ (सुवेदी, २०५५, पृ. २८) । लोकगीतमा पनि यस्ता विश्वास आएको पाइन्छ ।

मोतीलाल पराजुलीले **नेपाली लोककथा : सिद्धान्त र विश्लेषण** (२०७१) पुस्तकमा प्रचलित विश्वासहरूलाई पश्चिमा विद्वान्हरूले गरेको मान्यताअनुरूप उपयुक्त वर्गीकरण गरेका छन् । उनले लोकविश्वासलाई मूलतः पाँच शीर्षक र उपशीर्षकमा वर्गीकरण गरेका छन् :

मोतीलाल पराजुलीले नेपाली लोकसाहित्यको अध्ययन गरेका छन् । उनले आफ्नो अध्ययनमा लोकविश्वासलाई पनि समेटेका छन् । पराजुलीले लोकविश्वासलाई पाँच प्रकारमा वर्गीकरण गरेका छन् (पराजुली, २०७१, पृ. १६५) । उक्त वर्गीकरण यस अध्ययनका निम्ति पनि अन्यन्तै उपयोगी रहेको छ । उनले गरेको वर्गीकरण यस प्रकार रहेको छ :

### १. स्वैरकल्पनाप्रतिका विश्वासहरू

लोकमानसले सृष्टिको प्राचीनकालदेखि नै सपना र कल्पनाका माध्यमद्वारा अद्वितीय लोकहरू, असाधारण मानव तथा राक्षसहरू, देवीदेवताहरू, सांस्कृतिक नायक जस्तै– विष्णु, राम, कृष्ण, बुद्ध आदिप्रति असाधारण सामर्थ्य र स्वरूप भएका वस्तुप्रति, असाधारण प्रकृति वा मौसमप्रति अतिकल्पना वा स्वैरकल्पनाको माध्यमबाट विश्वासहरू गर्दै आएको छ । अतिकल्पनाको माध्यमद्वारा निर्मित यी प्राणी र वस्तुहरूले लोकमानसमा स्थायी स्वरूप प्राप्त गरेका छन् । यिनै अतिकल्पना वा स्वैरकल्पनाबाट लोकमानसमा स्थापित विश्वासहरू नै लोकविश्वास हुन् (पराजुली, २०७१, पृ. १६८) । यसरी अतिकल्पनाको माध्यमबाट लोकविश्वास बन्न पुगेका यी लोकविश्वासलाई निम्नलिखित नौ उपशीर्षकमा चर्चा गरिन्छ :

#### (१) बहुलोकसम्बन्धी लोकविश्वास

लोकसमाज ज्यादै आस्तिक देखिन्छ । यसले तीन त्रिलोक र चौध भुवनमाथि विश्वास गर्दछ । नेपाली लोककथाहरूमा पृथ्वी, स्वर्ग, पातल आदिको चर्चा गरेको पाइन्छ (पराजुली, २०७१, पृ. १७३) । लोककथाका पात्रहरू यिनै अलौकिक लोकमा बस्दछन् । कतिपय लोककथाहरूमा यिनै अलौकिक लोकको प्रयोग र प्रभाव पाइन्छ । यस्ता लोकसम्बन्धी विश्वासहरू लोकविश्वास हुन् ।

#### (२) दैवीशक्तिप्रति विश्वास

दैवीशक्तिअन्तर्गत ईश्वर, देवीदेवता, पितृ र कुलदेवता पर्दछन् । लोकसमाजमा जुन धर्म रहिआएको छ त्यसमा ईश्वर तथा अन्य देवदेवी, अप्सरा, नाग, किन्नर, किन्नरीप्रति श्रद्धाभाव राखिन्छ । यी सबै देवोयोनिअन्तर्गत पर्दछन् । आफ्ना धर्ममा कटिबद्ध यस्ता दैविक पात्रको अस्तित्वलाई जस्ताको तस्तै स्वीकार गर्नु र उनीहरूका कथा श्रवण गर्नु लोकसमाजको

परम्परागत प्रवृत्ति नै बनेको छ (पराजुली, २०७१, पृ. १८२) । गौरापर्वका गीतमा यस्ता लोकविश्वास अभिव्यक्त भएको पाइन्छ ।

**(३) अर्द्धदैविक शक्तिप्रति विश्वास**

अर्द्धदैविक शक्तिअन्तर्गत भूत, राक्षस, ख्याक, लाखे, भयाम्नी, बोक्सी, बोक्सेरो पर्दछन् । हिन्दू धर्मका अनुसार अगतिपरी मरेर आत्मा भड्किएका अतृप्त योनीहरूमा राक्षस, भूत–प्रेत आदिको अस्तित्वलाई स्वीकार गरिएको हुन्छ । यस्ता प्रेतात्माले बेला, कुबेला, कुठाउँ पारी दुर्बल मानिसलाई तर्साउने, सताउने, लाग्ने आदि गर्दछन् । राक्षस भन्नाले एक प्रकारको निम्न योगी र विशेष जातको भन्ने बुझिन्छ । पुराणमा राक्षस र दानवलाई एकै अर्थमा लिइएको पाइन्छ (पराजुली, २०७१, पृ. १८३) । राक्षसलाई देवयोनीको रूपमा लिइने भएकोले शुभकार्यमा राक्षसको भाग छुट्याउनु पर्ने प्रचलन रहिआएको छ ।

**(४) सांस्कृतिक नायकसम्बन्धी विश्वास**

प्रत्येक जातिमा आफ्नो सभ्यता हुन्छ । मानव समाजले आफ्नो सभ्यतालाई बोकेर हिँड्ने क्रममा आफ्नो विशेष प्रभावले व्यक्ति, समाज, राष्ट्र र सिङ्गो विश्वलाई नेतृत्वदायी भूमिका दिन सक्ने महान् व्यक्तिलाई सांस्कृतिक नायक मानेको पाइन्छ । मानव समाजमा आफ्नो विशेष भूमिकाले गर्दा उनीहरूले भगवानकै दर्जा पाएका हुन्छन् । कृष्ण, राम, हरि, विष्णु, बुद्ध, अल्लाह, युधिष्टिर आदि यस्तै प्रकारका नायकका रूपमा पर्दछन् (पराजुली, २०७१, पृ. १७४) । यस्ता सांस्कृतिक नायकप्रतिको अगाध विश्वास लोकसमाजमा पाउन सकिन्छ ।

**(५) अद्भूत पराक्रमी मानवसम्बन्धी विश्वास**

प्राचीन मानव विवेकपूर्वी अवस्थामा थियो । त्यसबेला उसमा यथार्थ र कल्पना बीचमा भेद हुन्छ भन्ने कुराको ज्ञान थिएन । उसले यस्ता कुराहरूमा भेदभाव गर्दैनथ्यो । सपनामा देखेका कुरालाई पनि सत्य मानेर उसले आफ्नो धारणा बनाउँथ्यो । त्यसबेला उसले अद्भूत पराक्रम भएका मानवको कल्पना गरी त्यसलाई लोकसाहित्यमा अभिव्यक्त गऱ्यो (पराजुली, २०७१, पृ. १७५) । धार्मिक ग्रन्थ, पुराण र शास्त्रमा वर्णित घटना र व्यक्तिको प्रसङ्गलाई लिएर आफ्नो मनमा स्थायी धारणा बनाइयो ।

**(६) अतिकाल्पनिक ठाउँसम्बन्धी विश्वास**

प्राचीन समयका मानव यथार्थमा भन्दा बढी कल्पनामा रमाउँथे । हाम्रा पुराणमा वर्णित अतिशयोक्तिपूर्ण लाग्ने स्थानहरूको सादृश्यमा लोकमानसले असाधारण ठाँउको कल्पना गरी लोकसाहित्यमा आफ्नो भावना पोखेको हुन्छ (पराजुली, २०७१, पृ. १७९) । गौरापर्वमा गाइने गीतमा पनि यस्ता लोकविश्वास पाइन्छन् ।

**(७) असाधारण शक्ति भएका जीवसम्बन्धी विश्वास**

लोकविश्वास लोकमानसको अवचेतन मनमा गढेर रहेको हुन्छ । यसै आधारमा लोकमानसले सामान्य जीवनबीच पनि अनौठो शक्तिको कल्पना गर्छ अनि त्यसैसम्बन्धी आफ्नो धारणा बनाउँछ । यसैमा रमाइलो गर्ने, डराउने तथा तर्सनेसमेत गर्दछ (पराजुली, २०७१, पृ. १७६) । यसैका आधारमा लोककथा, लोकगाथा तथा लोकगीतहरू रचिन पुग्छन् ।

### (८) असाधारण पदार्थसम्बन्धी विश्वास

प्राचीन मानवले प्रत्येक जड वस्तुमा पनि आत्मा हुन्छ भन्ने कुरामा विश्वास गरेको हुन्थ्यो । त्यही कुराको अनुकरण गर्दै आजको लोकसमाजले त्यही कुराप्रति विश्वास लिएको हुन्छ (पराजुली, २०७१, पृ. १७९) । असाधारण अवस्था र असाधारण ठाउँमा जड वस्तुमा पनि चेतना हुन सक्छ भन्ने लोकविश्वास रहेको पाइन्छ ।

### (९) असाधारण मौसम र प्रकृतिसम्बन्धी विश्वास

लोकमानसमा प्रकृतिप्रति पनि विश्वास रहेको हुन्छ । प्रकृतिमा आउँने सबै प्रक्रियामा दैवीतत्त्व लुकेको हुन्छ त्यसैले तिनलाई दैवीशक्तिको रूपमा लिनुपर्छ भन्ने लोकमानसले विश्वास लिएको हुन्छ । सूर्य, अग्नि, तेज, वायु, आकाश, नदी, वृक्ष, वनस्पति आदि सबैमा अलौकिक गुण रहेको हुन्छ । त्यसैले तिनलाई सबैले श्रद्धा भावले हेर्छन् अनि पूजा पनि गर्छन् (पराजुली, २०७१, पृ. १७६) । त्यसैले मानस जीवन सुखमय हुन्छ भन्ने विश्वास लोकसमाजले लिएको हुन्छ । प्रकृतिको सन्तुलित रूपलाई माधुर्य र भयानक अवस्थालाई रौद्र रूपका लिइन्छ ।

## २. धर्म र अनुष्ठानप्रतिका विश्वासहरू

धर्म मानवमा रहेको आस्थाको पुञ्ज हो भने अनुष्ठान आस्थाको निष्ठा वा कार्यरूप हो । असल र हितकारी भनिएको कर्मविधान नै धर्म हो भनी लोकले पनि भनेको छ । परापूर्वकालदेखि नै मानिसले पाप-पुण्य, स्वर्ग-नरक, पितृ-देवता, दान-धर्म र अनुष्ठानमाथि विश्वास गर्दै आएको छ । यिनीहरू लोकसमुदाय बाँच्न पनि सक्दैन । त्यसैले यी कुराहरू अतीतको मात्र नभएर आजका मानिसका पनि पर्याय बनेका छन् (पराजुली, २०७१, पृ. १८०) । त्यसैले यी धर्म-अनुष्ठानसम्बन्धी विश्वास पनि लोकविश्वास हुन् । यसरी धर्म र अनुष्ठानका माध्यमबाट लोकविश्वास बन्न पुगेका यी लोकविश्वासलाई निम्नलिखित बाह्र उपशीर्षकमा चर्चा गर्न सकिन्छ ।

### (१) धर्मप्रति विश्वास

असल र हितकारी कर्म नै धर्म हो । धर्ममा नैतिकता हुन्छ । यो नैतिक जीवनको मार्गदर्शक हो । लोकले जे धारण गर्छ त्यो नै धर्म हो । अर्काको भलाइ गर्नु, अर्कालाई दुःख नदिनु, चित्ता शुद्धि गर्नु, दान-पुण्य गर्नु, तीर्थ-वर्त गर्नु आदि कुरा धर्मका क्षेत्रभित्र पर्दछन् ( पराजुली, २०७१, पृ. १८१) । यस्ता धार्मिक आस्थाप्रति लोकसमाजको अगाध आस्था रहेको हुन्छ ।

### (२) दैवीशक्तिप्रति विश्वास

धर्ममा ईश्वरप्रति विश्वास गरिन्छ । जीव र जगत्को परम्पर सम्बन्ध गराउने र जीव जगत्को रेखदेख गर्ने तत्त्वका रूपमा धर्मले ईश्वरलाई मानेको हुन्छ । ३३ थरीका देवीदेवतालाई लोकसमाजले स्वीकार गर्छ । लोकले महादेवलाई आराध्यदेव मान्नुका साथै विष्णु, राम, कृष्णलाई पनि भगवान् विष्णुकै रूप मानेको छ । त्यस्तै भगावतीमा आदिरूप दुर्गालाई मानिन्छ । त्यस्तै मरेका आफ्ना अग्रजलाई पितृ भनिन्छ भने आफ्ना कुल (वंश) अनुसारका देवतालाई

कुलदेवता भन्निछ । देवताले दिए पनि पितृ रिसाए भने खोस्छन् भन्ने मान्यताअनुसार लोकसमाजले पितृलाई शुद्ध मनले श्रद्धा गर्दछन् । त्यस्तै आफ्नो कुलको परम्पराअनुसार कुलदेवताको पूजा पनि लोकसमाजले गर्ने गर्छ (पराजुली, २०७१, पृ. १८२) । यसरी देवी, देवता, पितृ र कुलदेवताप्रतिको विश्वास नेपाली लोकसमाजमा प्रतिविम्बित भएको हुन्छ ।

**(३) अर्द्धदैविक शक्तिप्रति विश्वास**

हिन्दू धर्मशास्त्रले भूतलाई देवीयोनीअर्न्तगत राखेको छ र एक विशेष शिवगण भनी बताइएको छ । देव पूजा र पितृ पूजामा भूत मन्साउने गरिन्छ । 'ख्याक' नेवारी भाषामा भूत हो । लाखे भनेको पनि राक्षस नै हो । काठमाडौँको लोकसंस्कृतिमा लाखेको रूपमा नाच्ने परम्परा छ । मानिसलाई रातविरात तर्साएर बिरामी बनाउने दुष्तत्त्वलाई नै भयाम्नी भनिएको पाइन्छ । यो वायू रूपको भूत हो । बोक्सो तन्त्र मन्त्रका आधारमा कसैमाथि लागेर तर्साउने र अस्वस्थ बनाउने स्वास्नी हो । यसका तत्त्वहरूलाई छौँडा भनिन्छ । बोक्सीले छौँडी खेलाएर अरूमाथि दुष्प्रयास छोड्छन् भन्ने विश्वास गरिन्छ । बोक्सेरो भनेकै बोक्सीको पुलिङ्ग हो ( पराजुली, २०७१, पृ. १८३) । यसरी अर्द्धदैविक शक्तिप्रति विश्वास गरिएको पाइन्छ । यिनै तत्त्वमाथिको विश्वासमा लोकसमाज बाँचेको छ ।

**(४) अतृप्त आत्मासम्बन्धी विश्वास**

प्रेतलाई पनि समाजमा आत्माको रूपमा विश्वास गरिन्छ । विविध कारणले अल्पआयुमा मरेका र मरेपछि विधिपूर्वक काजकिया सम्पन्न नभएका मानव जीवत्माको सूक्ष्म रूपलाई प्रेत भनिन्छ । यसले सूक्ष्म रूप लिएर भूतको सहयोगीको रूपमा काम गरी मानिसलाई दुःख दिने गर्छ भन्ने लोकविश्वास रही आएको छ । सुत्केरी हुन नसकेर मरेका महिलाहरू, अगति परेका वा दुःख पाएर मरेका महिलाहरू वा केटीहरू किच्कन्ने हुन सक्छन् भन्ने विश्वास गरिन्छ । यस्ता महिला रूपका किच्कन्नेहरू सुन्दर त हुन्छन् तर खुट्टाका पैताल पछाडि फर्किएका हुन्छन् । त्यस्तै टाउको काटिएर दुर्गति परेका, राम्ररी सत्‌गत् नभएका व्यक्तिबाट उत्पन्न हुने विशेष भूतप्रेत मुर्कटो हो । मसान भन्नाले मुर्दा पोल्ने वा गाड्ने निश्चित ठाउँलाई भन्ने बुझिन्छ । यस्ता ठाउँमा अगति परेका मृतात्माहरू घुमिरहन्छन् । मसान मानिसमा लागेर दुःख दिन्छ भन्ने विश्वास गरिन्छ (पराजुली, २०७१, पृ. १८४) । यसरी अतृप्त आत्माप्रतिको सन्त्रास र मसान सन्त्रासमय ठाउँ हो भन्ने कुरामा लोकसमाजले विश्वास गर्दछ ।

**(५) धार्मिक व्यक्तित्वप्रति विश्वास**

यमराज, चित्रगुप्त, यमदूत, भावी आदिलाई देवदूतका रूपमा लिइन्छ । यमराज यमलोकको अधिपति मानिन्छन् । चित्रगुप्त यमराजका सहयोगी हुन् । यमदूतहरूले प्राणीहरूको आयु सकिएपछि अन्य लोकबाट यमलोकमा लैजान्छन् भन्ने विश्वास रहेको पाइन्छ । यस्तै पुजारी धार्मिक विधिसहित देवीदेवताको पूजा गर्ने व्यक्तिका रूपमा रहन्छन् (पराजुली, २०७१, पृ. १८४) । धामी, विजुवा, झाँकी पनि पुजारीकै विशेषता भएका अर्द्धदैविक शक्तियुक्त पुरुष मानिन्छन् ।

**(६) जातीय संस्कारप्रति विश्वास**

कुनै अशुद्ध वस्तुलाई निश्चित विधिद्वारा शुद्ध गर्नेलाई संस्कार भनिन्छ। लोकजीवनमा संसारका सबै पदार्थहरू अपवित्र हुन्छन् भन्ने विश्वास गरिन्छ । यिनीहरूलाई संस्कारद्वारा शुद्धीकरण गरेपछि मात्र व्यवहार योग्य हुन्छन् भन्ने लोकविश्वास रहेको पाइन्छ। प्रायः धार्मिक प्रयोगमा आउने पदार्थहरूको शुद्धीकरण गर्ने चलन छ । यज्ञ लगाउने ठाउँको ढुङ्गामाटो र यज्ञमा प्रयोग गरिने द्रव्यहरूलाई शुद्धीकरणद्वारा पवित्र बनाउने प्रचलन रहेको पाइन्छ ( पराजुली, २०७१, पृ. १८५) । गौरापर्वमा गाइने गीतमा पनि जातीय संस्कारप्रति विश्वास व्यक्त भएको पाइन्छ ।

**(७) पाप-पुण्यप्रति विश्वास**

जुनसुकै मानिसहरू कुनै न कुनै धर्मप्रति आस्थावान हुन्छन् । उनीहरू आ-आफ्नो धर्मप्रति गहिरो विश्वास गर्दछन् । नराम्रो काम गरे पाप लाग्ने र राम्रो काम गरे पुण्य हुने विश्वासले गर्दा लोकसमाज धार्मिक र नैतिकवान् बन्न सकेको छ। धर्म गरे स्वर्ग प्राप्ति हुने र पाप गरे नरकको यातना भोग्नुपर्ने कुरामा लोकसमाज विश्वास गर्दछ (पराजुली, २०७१, पृ. १८७)। यिनै लोकविश्वास लोकसमाजमा विद्यमान रहेका छन् ।

**(८) यज्ञ, दान, व्रत र पर्वसम्बन्धी विश्वास**

लोकसमाजमा विभिन्न प्रकारका यज्ञ, दान, व्रत र पर्वसम्बन्धी विश्वासहरू पाइन्छन् । लोकसमाज यस्तै विश्वासहरूले अभिप्ररित भएको पाइन्छ। यज्ञ गऱ्यो भने चिताएको पाइन्छ भन्ने लोकविश्वास रहिआएको पाइन्छ। दान गऱ्यो भने अब आउने जन्ममा सम्पन्नता हासिल गर्न सकिन्छ । त्यस्तै व्रत बस्यो भने देवीदेवतालाई खुसी पारी मनले चिताएको फल प्राप्त गर्न सकिन्छ (पराजुली, २०७१, पृ. १८८) । त्यस्तै पर्व विशेष प्रकारले मनाउनुपर्छ र पर्वअनुसारको व्रत बस्नुपर्छ भन्ने विश्वास लोकसमाजमा पाइन्छ ।

**(९) वेद, पुराण, धर्मशास्त्र र व्रतकथासम्बन्धी विश्वास**

लोकसमामा आ-आफ्नै प्रकारका धर्महरूप्रति विश्वास गरिन्छ । लोकसमाजले वेद, पुराण र धर्मशास्त्रलाई पवित्र ठानेर श्रवण गर्दछ। यसो गर्नले आफ्नो जीवन धनधान्य भएको ठान्दछ । वेदलाई आदिग्रन्थ र औपरुषेय ग्रन्थ मान्ने नेपाली लोकसमाजले पुराण तथा धर्मशास्त्रलाई देववाणीलाई ठान्दछ। उदाहरणको रूपमा स्वस्थानी व्रतकथालाई लिन सकिन्छ । यसको नेपाली लोकसमाजमा आफ्नै किसिमको महत्त्व छ (पराजुली, २०७१, पृ. १८९) । यसरी वेद, पुराण तथा धर्मशास्त्रद्वारा निर्देशित नेपाली समाजले तिनै ग्रन्थप्रति विश्वास एवम् श्रद्धाभाव राखेको पाइन्छ ।

**(१०) तीर्थर्ययात्रामा विश्वास**

लोकसमाजमा तीर्थयात्रामा पनि विश्वास गर्ने चलन रहिआएको छ । तीर्थयात्राबाट प्राप्त हुने धर्मले मोक्ष प्राप्त गर्न सकिन्छ भन्ने जनविश्वास लोकसमाजमा रहेको छ। निश्चित उमेर पार गरेका व्यक्तिहरू तीर्थाटनमा घुमी आफूलाई पवित्र पार्नुपर्छ भन्ने जनविश्वास रहिआएको छ। सबै तीर्थहरू घुमेर मुक्तिनाथको दर्शन गर्नाले मुक्ति पाइन्छ भनिन्छ। नेपालका

पशुपतिनाथ, मुक्तिनाथ, बराहक्षेत्र, भारतका गया, काशी, बद्रीनाथ आदिलाई पवित्र तीर्थ मानिन्छ । तीर्थयात्रुले तीर्थ जाँदा आफू गृहस्थबाट मुक्त भएको अनुभवका साथै पवित्र भएको पनि अनुभव गर्छ (पराजुली, २०७१, पृ. १८९) । त्यसैले तीर्थयात्राप्रति नेपाली लोकसमाजको गहिरो विश्वास रहेको पाइन्छ ।

**(११) जातीय प्रथासम्बन्धी लोकविश्वास**

कुनै पनि धर्ममा विभिन्न प्रकारका प्रथा र विश्वासहरू रहेका हुन्छन् । धर्म प्राप्तिको लागि देवीदेवतालाई पशुको बलि दिनुलाई बलि प्रथा भनिन्छ । पुराणमा कतै मानिसको बलि दिएको पनि पाइन्छ । लोग्ने मरेपछि त्यही लोग्नेको लाशसँगै जिउँदै एउटै चितामा जलेर मर्नु सतीप्रथा हो । सतीप्रथालाई चन्द्रशमसेरको पालादेखि उन्मूलन गरियो भने बलिप्रथा अहिलेसम्म पनि विद्यमान छ तर देश, काल, परिस्थितिअनुसार जातीय प्रथाको पनि उन्मूलन हुन्छ भन्ने कुरामा विश्वास गर्न सकिन्छ (पराजुली, २०७१, पृ. १९१) । अझै पनि हाम्रो समाजमा बालविवाह, बहुविवाह, बलिप्रथाप्रति विश्वास कायमै छ । रजस्वला नभएकी कन्यालाई दियो भने सात जन्मसम्म तरिन्छ भन्ने विश्वास अहिले पनि लोकसमाजमा कायमै छ ।

**(१२) पुनर्जन्म र पुनर्जीवनसम्बन्धी लोकविश्वास**

लोकसमाजमा विभिन्न प्रकारका विश्वासहरू रहेका हुन्छन् । मानिसले आफ्नो जीवनकालमा जेजस्ता कार्य गर्दछ, त्यसैका आधारमा अर्को जन्म (पुनर्जन्म) लिन्छ र अघिल्लो जन्मको धर्मअनुसारको फल प्राप्त गर्दछ भन्ने विश्वासलाई पुनर्जन्मसम्बन्धी विश्वास भनिन्छ । पृथ्वीमा ८४ लाख जीवहरू रहेका छन् भन्ने विश्वास गरिन्छ । यहाँ रहेका प्रत्येक जीवले आफ्नो धर्मकर्मअनुसार प्राणीको जीवन प्राप्त गर्दछ । यस जन्ममा जस्तो काम गऱ्यो अर्को जन्ममा त्यस्तैअनुसारको जीवका रूपमा जन्म लिन्छन् भन्ने विश्वास रहेको पाइन्छ । नराम्रो काम गरेमा कीट, पतङ्ग आदि नराम्रो जीवमा र राम्रो काम वाधर्म गरेमा राम्रो प्राणी भएर जन्म लिन्छ भन्ने विश्वास पाइन्छ । मानिसले आफ्नो जीवनमा गरेका राम्रा, नराम्रा कार्यको प्रभावस्वरूप चरो, सर्प, भ्यागुतो, जनवार, रूख, किरो आदिको जुनीमा जन्म लिइएका विभिन्न प्रसङ्गहरू पाइन्छ । आफूले जानेको ज्ञान नदिँदा सुन्तला भएर जन्मिएको, अर्काको समान पैँचो लिइएकोमा फिर्ता नगरेको दोषमा गोरु भएको, धार्मिक कार्य पूरा नगरी अकाल मरण भएमा पिशाच, दोख, किच्चकन्या, मुर्कुटो भई जन्मेको तथा मानिस फूल, रूख, बाँस आदिमा रूपान्तरण भएको आदि प्रसङ्ग विभिन्न लोककथामा पनि चित्रण गरिइको पाइन्छ (पराजुली, २०७१, पृ. १९२) । यस्ता विश्वास मानिसभित्रको चेतनतत्त्व जागृत भएपछि अनुभूत गर्न सकिन्छ ।

**३. जादु, टुनामुना तथा योगसम्बन्धी विश्वासहरू**

मानिसले विभिन्न साधनाका माध्यमद्वारा अलौकिक शक्ति आर्जन गर्न सक्छ अनि त्यसका माध्यमबाट विभिन्न चमत्कारहरू देखाउन सक्छ भन्ने आदिम भावनामा रहेका जादु, टुनामुना र योगसँग सम्बन्धित विश्वासहरू पनि लोकविश्वास हुन् (पराजुली, २०७१, पृ. १६८) । यस अन्तर्गत इन्द्रजाल, जादुसिद्धि र योगसिद्धिहरू, रूपान्तरण, तान्त्रिक बन्धन र मुक्ति,

लोकविश्वासहरू पर्दछन् । नेपाली लोककथामा प्राप्त जादु, टुनामुना र योगसँग सम्बन्धित लोकविश्वासहरू आठ प्रकारका रहेका छन् जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**(१) जादुगरी शक्तिसँग सम्बन्धित विश्वासहरू**

स्वर्गका देवता इन्द्रको जाललाई इन्द्रजाल भनिन्छ । उनमा योगका आठ सिद्धिहरू र तन्त्रका छवटा सिद्धिहरू प्राप्त छन् । यस्ता सिद्धिहरू प्रयोग गरेर माया, मोह र भ्रम सिर्जना गरी राक्षसहरूमाथि विजय प्राप्त गरेका थिए (पराजुली, २०७१, पृ. १७६) । यी इन्द्रजाल वा तान्त्रिक चमत्कारका विभिन्न पक्षहरू लोकसमाजमा प्रशस्त मात्रामा पाइन्छन् । पोखरीको पानीमा विभिन्न टुनामुना गरेर त्यसलाई पिएमा मोहनी लाग्ने बनाइँने लोकविश्वास समाजमा पाइन्छ ।

**(२) तन्त्र, योग र जादुसम्बन्धी विश्वास**

ज्ञानको विस्तार गर्ने शास्त्रलाई तन्त्र भनिन्छ । यो साधनामूलक विद्या हो । तन्त्रको प्रयोगद्वारा अनुचित कार्य गर्नु वा लोकविनाशकारी कार्य गर्नु अभिचारक्रिया हो । तन्त्र, मन्त्र र यन्त्रका माध्यमबाट अभिष्ट पूरा गर्न गरिने कार्यलाई तान्त्रिक कार्य भनिन्छ (पराजुली, २०७१, पृ. १७७) । नेपाली लोकजीवनमा यस्ता तन्त्रमन्त्रको प्रयोग भएका विभिन्न कथाहरू पाइन्छन्, जहाँ यससँग सम्बन्धित लोकविश्वासहरू रहेका हुन्छन् ।

**(३) रूपान्तरणसम्बन्धी विश्वासहरू**

जादु र इन्द्रजालद्वारा सिद्धि प्राप्त व्यक्तिले एक मानिसलाई अर्को मानिसमा, पशुलाई मानिसमा, मानिसलाई वस्तुमा, एक वस्तुलाई विविध वस्तुमा रूपान्तरण गर्न सक्छ । यसरी रूपान्तरण हुन्छन् भन्ने कुरामा लोकमा विश्वास रहेको हुन्छ (पराजुली, २०७१, पृ. १७९) । यस्ता विश्वासमा नै लोकविश्वास अन्तरनिहित रहेको हुन्छ ।

**(४) जादुका वस्तुसम्बन्धी विश्वासहरू**

जादुका वस्तुहरू शक्तिशाली हुन्छन् । यिनमा अतिरिक्त शक्ति हुन्छ भन्ने विश्वास पाइन्छ । मानिसले गर्न नसकेको कामहरू पनि यस्ता वस्तुले गर्न सक्छन् भन्ने विश्वास रहेको छ । मानिसलाई मार्न र ब्युँताउन सक्ने जादुको चमर, भूत-वर्तमान र भविष्य देखाउन सक्ने सुनौला पिँजरा, जति सामान राखे पनि अटाउने डोको, चिताएको चिज दिनसक्ने मनचिन्ते झोली जादुका वस्तुहरू हुन् (पराजुली, २०७१, पृ. १७८) । त्यसैले नेपाली समाजमा यस्ता विभिन्न जादुका वस्तुसम्बन्धी विश्वास रहेको पाइन्छ ।

**(५) जादुको बन्धन र मुक्तिसम्बन्धी विश्वासहरू**

जादुको प्रयोग गरेर कुनै पनि व्यक्तिलाई बन्धनमा राख्ने र जादुकै प्रयोग गरेर उसलाई मुक्त गर्ने सम्बन्धी लोकविश्वास यस अन्तर्गत पर्दछन् (पराजुली, २०७१, पृ. १८०) । जादुद्वारा बन्धन र मुक्ति दुबै प्राप्त गर्न सकिन्छ भन्ने लोकविश्वास समाजमा पाइन्छ ।

(६) **मोहनी, वशीकरण, मारण र टुनामुना आदिसँग सम्बन्धित विश्वासहरू**

जादुद्वारा मोहनी लगाउनु, वशीकरण गर्नु, मार्नु, टुनामुना लगाउनु, आकाशमा उड्नु, विस्तारित हुनु आदि कार्य गर्न सकिन्छ भन्ने विश्वास लोकप्रचलित छ (पराजुली, २०७१, पृ. १८०) । यस्ता कुरामा पनि नेपाली समाजले विश्वास गरेको पाइन्छ ।

**(७) तन्त्रमन्त्र र झारफुकसम्बन्धी विश्वास**

तन्त्रमन्त्र टुनामुना कै एक रूप हो भने झारफुक औषधोपचार गर्ने एक विधि पनि हो । तन्त्र भनेको विशेष पद्धति हो भने मन्त्र एकनिष्ठ भावनाले कुनै कार्यको सिद्धिका निम्ति गरिने साधना हो । तन्त्रमन्त्रले आफ्नो सूक्ष्म विधिद्वारा कुनै क्रिया गरिरहेको हुन्छ भन्ने लोकमा विश्वास रहेको हुन्छ । तन्त्रमन्त्र र झारफुकमा पनि वैज्ञानिकता रहेको विश्वास गरिन्छ ( पराजुली, २०७१, पृ. १८०) । यसलाई आधुनिक चिकित्सा पद्धतिको रूपमा पनि लिइएको पाइन्छ । अतः तन्त्रमन्त्र र झारफुकलाई पनि जादुसम्बन्धी लोकविश्वास कै रूपमा लिइएको पाइन्छ ।

**(८) इन्द्रजालसम्बन्धी विश्वास**

मायारूपी विद्यालाई इन्द्रजाल भनिन्छ । यसद्वारा मायावी दृश्य देखाइनुको साथै यसले समस्या पनि समाधान गरेका कारण लोकमा यसप्रति गहिरो लोकविश्वास रही आएको पाइन्छ (पराजुली, २०७१, पृ. १८२) । एक वस्तुलाई अर्को वस्तु बनाइँदिनु, कुनै समस्यालाई छुमन्तार गरेर समाधान गरिदिनुले मानिसको मनमष्तिकमा समेत भ्रम सिर्जना गरिदिन्छ । मानिसले यस्तो कार्यलाई सत्य नै ठानेर साधारणीकरण गरेर अनुभव गर्छ ।

**४. आत्मशीलताप्रति विश्वास**

हरेक प्राणी र पदार्थमा चेतना हुन्छ, विवेक हुन्छ सबै प्राणी पदार्थको मानवको जस्तै स्वभाव हुन्छ र यी जीव पदार्थहरू मानवले झैं बोल्न अनुभव गर्न सक्छन् भन्ने विश्वासलाई आत्मशीलता भनिन्छ । यस्ता आत्मशील भावनाहरू लोकमानसका आदिम चिन्तन हुन् ( पराजुली, २०७१, पृ. १७०) । यिनीहरूमा पनि लोकविश्वास रहेको पाइन्छ, जुन दुई प्रकारका रहेका छन् ।

**(१) मानवेतर प्राणीहरूमा आत्माशीलताको विश्वास**

कतिपय कथाहरूमा मानवेतर प्राणीहरूलाई आत्माशील मान्ने प्रचलन रहेको छ । पशुपन्क्षी, सरीसृप आदि मानवेतर प्राणी हुन् । यिनीहरू मानिसले झैं गरी बोल्न, काम गर्न, विचार-विवेक गर्न र संवेदना ग्रहण गर्न सक्छन् भन्ने लोकविश्वास रहेको पाइन्छ (पराजुली, २०७१, पृ. १९२) । त्यसैले पशुपन्क्षी र सरीसृपहरू पनि मानिसजस्तै भएर क्रियाशील पात्रका रूपमा काम गर्दछन् ।

**(२) वृक्षवनस्पति र पदार्थमा आत्माशीलताको विश्वास**

वृक्षवनस्पतिहरू र हावा , माटो, ढुङ्गा, पानी एवम् अन्य पदार्थहरू आत्मशील हुन्छन् । यिनीहरू पनि मानिसजस्तै गरेर बोल्न, हिँडन, काम गर्न, विचार विवेक गर्न तथा संवेदना ग्रहण गर्न सक्छन् भन्ने लोकविश्वास रहेको पाइन्छ । पात्रहरू पनि मानिसजस्तै क्रियाशील हुन्छन् । मानिसका हरेक कार्यमा सहयोग गर्दछन् । वृक्षवनस्पति तथा पदार्थसँग विवाह गर्ने

प्रचलन अहिले पनि रहेको पाइन्छ। तुलसी, वरपिपल, मृतसञ्जीवनी बुटी, कल्पवृक्ष, पारिजात, रूद्राक्ष, बेलपत्र, शालीग्राम, अमरफल, सूर्य, चन्द्र, वायु आदिमा दिव्यशक्ति भएको मानिन्छ ( पराजुली, २०७१, पृ. १९३) । यिनीहरूको प्रयोगबाट मानिसले आफ्नो अभिष्ट पूरा गर्न सक्दछ भन्ने लोकविश्वास रहिआएको छ ।

## ५. विविध लोकविश्वास

लोकमा अतिकल्पना वा स्वैरकल्पनाप्रतिका विश्वासहरू, धर्मअनुष्ठानप्रतिका विश्वासहरू, जादु, टुनामुना तथा योगप्रतिका विश्वासहरू, आत्मशीलताप्रतिका विश्वासहरूका साथै अन्य विविध विश्वासहरू पनि रहेका छन् (पराजुली, २०७१, पृ. १९३) । जसलाई विभिन्न उपशीर्षकमा निम्नानुसार प्रस्तुत गरिएको छ :

### (१) भविष्यवाणीप्रति विश्वास

लोकमा विभिन्न प्रकारका विश्वासहरू रहेका छन् । लोकले भविष्यवाणीप्रति पनि विश्वास गर्दछ। भविष्यमा हुने कामको बारेमा पहिले नै थाहा हुनुलाई भविष्यवाणी भनिन्छ। नेपाली समाजमा देवीदेवता तथा सिद्धहरूले गर्ने भविष्यवाणीमा धेरै विश्वास रहेको पाइन्छ। उनीहरूले बताएका भविष्यवाणी अकाट्य हुन्छन् भन्ने लोकविश्वास समाजमा रहदै आएको पाइन्छ । आकाशवाणीलाई पनि भविष्यवाणीकै रूपमा लिइन्छ । यसको बारेमा हाम्रा पुराण तथा धर्मशास्त्रमा पनि उल्लेख गरिएको पाइन्छ (पराजुली, २०७१, पृ. १९३) । यो आध्यात्मिक हुन्छ । यसमा आफूभित्रको चेतन तत्त्वको अनुभूत गरिन्छ । यसअन्तर्गत चार प्रकारका विश्वासहरू रहेका छन् ।

### (क) देवीदेवता तथा सिद्धहरूले बताएका भविष्यवाणीहरू

देवी, देवता तथा सिद्धहरूमा विशेष शक्ति रहेको हुन्छ जसलाई दिव्यशक्ति भनिन्छ। यस्तो शक्ति त्रिकालदर्शी हुन्छ भन्ने लोकविश्वास रहेको छ। यिनीहरूले गरेको भविष्यवाणी सत्य हुन्छ भन्ने विश्वास समाजमा रहेको पाइन्छ (पराजुली, २०७१, पृ. १७९) । देवीदेवता तथा सिद्धहरूले बताएका भविष्यवाणीहरू गौरापर्वका गीतमा पनि व्यक्त भएका छन् ।

### (ख) ज्योतिषशास्त्रले बताउने फल र भविष्यवाणीसम्बन्धी विश्वास

लोकजीवनमा ज्योतिषशास्त्रप्रति निकै विश्वास गरिन्छ । ज्योतिषशास्त्र आफैंमा गणितशास्त्र भएकोले यो विज्ञान पनि हो। यसमा ग्रह नक्षत्रहरूको गति, स्थिति र मानिसको जीवनमा ग्रह-नक्षत्रले पार्ने प्रभावको विवेचना गरिएको शास्त्रलाई ज्योतिषशास्त्र भनिन्छ। यसलाई धर्मले साथै विज्ञानले समेत प्रमाणित गरिसकेको छ। ज्योतिषशास्त्रप्रति विश्वास गर्नु, ज्योतिषले बताएअनुसार जीवनका प्रत्येक संस्कारहरूको सम्पादन गर्नु, ज्योतिषले बताएको भविष्यमा विश्वास राख्नु आदि कारणले लोकजीवनमा यस विषयप्रति आस्था रहेको पाइन्छ। नेपाली लोकसमाजमा त झन ज्योतिषप्रति अगाध श्रद्धा रहेको पाइन्छ । उसले भविष्यका बारेमा व्यक्त गरेका भनाईलाई लोकले अकाट्य मान्दछ र केही समस्या पर्‍यो भने ऊ ज्योतिषकै शरणमा जान्छ। आपत् परेको अवस्थामा र अन्य अवस्थामा ज्योतिषकै शरणलाई

नै लोकसमाजले पत्यार गर्छ (पराजुली, २०७१, पृ. १९५) । लोकसमाज भाग्य र भविष्यप्रति अति नै आस्थावान् हुनाले ज्योतिषशास्त्रको महत्त्व सर्वोपरि रहेको छ ।

**(ग) शकुन अपशकुनका माध्यमद्वारा दिइने सङ्केत स्वरूप भविष्यवाणीहरू**

लोकमा कुनै कार्यको थालनी गर्दा, शुभसाइत गर्दा वा विशेष काम गर्दा त्यसको बारेमा सुरू नै लक्षण विचार गर्ने लोकप्रचलन रहेको पाइन्छ । कुनै वस्तु, व्यक्ति र वातावरण देख्दा राम्रो हुन्छ भन्ने विश्वास शकुन हो । यस्तो शकुनगत धारणले समाजमा गहिरो प्रभाव पारेको हुन्छ । शुभ शकुन देखिएमा कार्य सिद्धि हुने र यात्रा मङ्गलदायक हुने र अपशकुन देखिएमा कार्यमा बिघ्न आइपर्ने वा यात्रा कष्टप्रद हुने विश्वास गरिन्छ । लोकले शकुनसम्बन्धी विश्वासलाई पाइला पाइलामा पछ्याइएका हुन्छन् (पराजुली, २०७१, पृ. १९७) । यसै परिप्रेक्ष्यमा शुभ-अशुभ, फाप-अफाप आदि कुराको निर्क्यौल त्यसको प्रारम्भबाट नै हुन्छ भन्ने कुरामा लोकसमाज विश्वास गर्दछ ।

**(घ) सुस्वप्न र दुःस्वप्नका रूपमा विश्वास गरिने भविष्यवाणीहरू**

मानिसले निदाएको समयमा मानसिक रूपमा देखिने दृश्य, घटना वा मनमा खेल्ने कुरालाई सपना भनिन्छ । मनोविश्लेषकहरू मानिसको अवचेतन मनमा रहेका जुगुप्सित भावनाहरूले कुनै दृष्यबिम्बको स्वरूप लिएर प्रकट हुन खोज्दा सपना देखिन्छ भन्ने विचार राख्दछन् । दर्शनशास्त्रीहरूको सपनासम्बन्धी भिन्न विचार रहेको छ । उनीहरू सपनालाई जीवहरूको मानसिक क्रियाकलपको दृश्य ठान्दछन् । चेतन अवस्थामा आत्मा र जीव सक्रिया रहेका हुन्छन् भन्ने उनीहरूको भनाइँ रहेको छ (पराजुली, २०७१, पृ. १९९) । लोकसमाजमा सपनालाई सपना देखेकै आधारमा त्यसको फलबारे भविष्यवाणी गर्ने चलन रहिआएको छ । राम्रो सपनालाई राम्रो भविष्यवाणी र नराम्रो सपनालाई नराम्रो भविष्यवाणीको रूपमा लिइन्छ । यी सपनाहरू रातको प्रथम प्रहरमा देखिएमा एक वर्षमा फल दिने, दोस्रो प्रहरमा देखिएमा आठ महिनामा फल दिने, तेस्रो प्रहरमा देखिएमा तीन महिनामा फल दिने, चौथो प्रहरमा देखिएमा दस दिनमा फल दिने अरूणोदयमा देखिएमा तत्काल फल दिने विश्वास गरिन्छ । अशुभ सपना देखेर पूनः निदाएमा तथा दिसा बस्दा सपना सम्झेमा सपनाको फल निष्क्रिय हुने विश्वास गरिन्छ भने शुभ सपना देखेर निदाउन हुँदैन भन्ने विश्वास गरिन्छ । यसरी सुस्वप्न तथा दुःस्वप्नका आधारमा भविष्यवाणी गरिनु पनि लोकविश्वास नै हो ।

**(२) वरदानसम्बन्धी लोकविश्वास**

उत्तम वा श्रेष्ठ आशीर्वादले वरदानलाई बुझाउँछ । कठिन तपस्या, साधना वा अत्यन्त राम्रो काम गरेबाट सन्तुष्ट भएर दिव्यशक्ति भएका व्यक्ति (देवीदेवता, ऋषि, पितृ, गुरु, अप्सरा, बाबुआमा, सिद्ध आदि) ले आराधकलाई दिने उत्तम वा श्रेष्ठ आशीर्वादलाई वरदान भनिन्छ । वरदान एक प्रकारको आध्यात्मिक विश्वास नै हो । यस्तो वरदान स्थिर, पूर्ण र कार्यसिद्ध हुने प्रकृतिको हुन्छ भन्ने गरिन्छ । लोकविश्वास भएका लोककथाहरूमा यस्ता वरदान दिएका र ती वरदानहरू क्रियाशील धेरै प्रसङ्गहरू भेटिन्छन् । यसमा प्रायः देवीदेवता, ऋषि, सिद्धमहात्मा, अप्सरा तथा बाबुआमाले दिएका वरदानहरू प्रत्यक्ष फलदायी भएको चित्रण पाइन्छ (पराजुली,

२०७१, पृ. २०२) । अतिथि सत्कारबाट प्रसन्न भएका शिवपार्वतीले भक्तलाई वरदान दिनु, हराएको सम्पत्ति र राज्य देवीदेवताको वरदानले फिर्ता पाउनु, अदृष्य हुने वरदान, योगीले सन्तान हुने वरदान दिनु, भावीले किसानपुत्रलाई राजा बन्ने वरदान दिनु जस्ता विभिन्न प्रकारका वरदानहरू पाइन्छ । यस्तो वरदान पाउने व्यक्तिहरू कुशल, निरोगी र शक्तिशाली भएर वरदानको चमत्कार देखाउन सफल भएको चित्रण गरिन्छ ।

**(३) आशीर्वादसम्बन्धी लोकविश्वास**

मान्यजनद्वारा वात्सल्यका कारण साना व्यक्तिहरूलाई इष्ट वस्तु प्राप्त गर्न दिइने मङ्गलकामनालाई आशीर्वाद भनिन्छ । यो आध्यात्मिक हुन्छ । यसमा आफूभित्रको चेतन तत्त्वको अनुभूत गरेर अरूको मङ्गलकामना गरिन्छ । आशीर्वाद कहिले पूरा हुन्छ भने कहिले पूरा नहुन पनि सक्छ । कुनै यात्रामा निस्किदा वा कुनै शुभकार्यको थालनीमा, कार्य समाप्तिपछि कार्यसिद्धि होस् भन्ने कामना गर्दा वा कुनै कामबाट मान्यजनहरू खुसी भएमा आशीर्वाद दिने प्रचलन रहेको पाइन्छ (पराजुली, २०७१, पृ. २०३) । यस्तो आशीर्वाद कहीँ फलदायी भएको र कहीँ फलहीन भएको पाइन्छ ।

**(४) श्रापसम्बन्धी लोकविश्वास**

कसैको अनिष्ट चिताएर बोलिने वचनलाई श्राप भनिन्छ । यसलाई शाप र सराप पनि भनिन्छ । काम गर्ने कर्ताले जानेर वा नजानेर अनुचित कार्य गरेबापत देवता, ऋषि, गुरु, अप्सरा, बाबुआमा (दिव्यशक्ति भएका व्यक्ति वा सिद्ध) द्वारा दिइने अनिष्टकारक वचनलाई श्राप भनिन्छ । श्राप एक किसिमको दण्ड हो । यो अध्यात्ममा आधारित हुन्छ । श्राप आध्यात्मिक दण्ड भएकोले मानसिक, भौतिक र जैविक सबै तहमा लागु हुन्छ भन्ने विश्वास गरिन्छ । सिद्धदेवताको श्रापबाट मानिस ढुङ्गमा परिणत हुनु, देवताको अनादर गर्नाले श्राप, ऋषिहरूको अनादर श्राप, झुटो बोल्नले श्राप, मित्रसँग विश्वासघात गर्नाले श्राप, बोक्सी वा राक्षसनीको गर्भबाट जन्म लिने श्राप आदि विभिन्न श्रापहरूको चित्रण लोककथामा पाइन्छ (पराजुली, २०७१, पृ. २०३) । यस्ता श्रापहरू कुनै मानिसले दिँदैमा कियाशील हुँदैनन् तर देवता, कुलदेवता, पितृहरू तथा सिद्धि प्राप्त गरेका मानिसहरूले दिएको श्राप प्रत्यक्ष लागू हुन्छ भन्ने लोकविश्वास रहिआएको छ ।

**(५) श्रापमुक्तिसम्बन्धी लोकविश्वास**

श्रापहरू दिइने मात्र हैन त्यस्ता श्रापहरूबाट मुक्त भएका प्रसङ्गहरू पनि पौराणिक कथाहरूमा चित्रण भएको पाइन्छ । धर्मकर्म गर्नाले श्राप मुक्त हुनु, जादु-टुनामुनाबाट श्राप मुक्त हुनु, अभिमन्त्रित पानी वा रगत चढाउनले श्राप मुक्त हुनु, देवीदेवताको बली दिनले श्राप मुक्त हुनु, तोकिएको व्यक्तिको स्पर्शद्वारा श्राप मुक्त हुनु जस्ता विभिन्न प्रकृतिका श्राप मुक्तिका प्रसङ्गहरू हुन्छन् (पराजुली, २०७१, पृ. २०३) । वरदान, आशीर्वाद, श्राप र श्राप मुक्तिसम्बन्धी लोकविश्वास रहेका छन् ।

**(६) भाग्यप्रति विश्वास**

मानिसको जन्म हुँदा उसको निधारमा विधाताले कर्मरेखा लेखिदिन्छन् र उसले जन्मभर कर्मरेखाअनुसारकै काम र फल प्राप्त गर्दछ भन्ने पौराणिक मान्यता रहेको हुन्छ । लोकविश्वासअनुसार मानिस जन्मेको छैटौँ दिनमा साँझ भाग्यविधाता 'भावी' आएर बालकको निधारमा भाग्य लेख्छन् भन्ने विश्वास रहेको छ (पराजुली, २०७१, पृ. २०४) । यस्ता विश्वासमा पनि लोकको विश्वास रहेको हुन्छ ।

**(७) भाग्य र कर्मसम्बन्धी विश्वास**

प्रारब्धमा जे छ, त्यहीमात्र जीवनमा भोग्नुपर्छ । पूर्वजन्ममा आर्जन गरेको कर्मको फल यस जन्ममा प्राप्त गरिन्छ भन्ने सिद्धान्तलाई भाग्यवाद भनिन्छ । भाग्यवादी चिन्तनप्रति गरिने विश्वासलाई भाग्यसम्बन्धी लोकविश्वास भनिन्छ (पराजुली, २०७१, पृ. २०५) । भाग्य र कर्मसम्बन्धी विश्वास नेपाली समाजमा प्रशस्त रहेका छन् ।

**(८) निषेधसम्बन्धी विश्वास**

समाजका सदस्यहरूलाई कुनै पनि काम गर्न निषेध गरिएको हुन्छ । समाज, परिवार र धर्मलाई व्यवस्थित तुल्याउन, रक्षा गर्न र नियमहरूको पालना गर्न निषेधसम्बन्धी नीति लोकसमाजमा प्रचलनमा रहेको पाइन्छ । यसअन्तर्गत धर्म र संस्कारसँग सम्बन्धित निषेध, पराप्रकृतिसँग सम्बन्धित निषेध, यौन निषेध, खानपानमा निषेध, दृष्टि निषेध, बोलाइसँग सम्बन्धित निषेध, स्पर्श निषेध पर्दछन् (पराजुली, २०७१, पृ. २०५) । लोकसाहित्यमा यस्ता विश्वास पनि झल्किएको पाइन्छ ।

**(९) परीक्षासँग सम्बन्धित विश्वासहरू**

प्राचीन समयदेखि नै समाजका पारखीहरूले मानिसको स्वभाव, बुद्धि, चतुऱ्याइँ, सामर्थ्य, कुलघराना तथा धर्म आदिको परीक्षा गरी परीक्षामा खरो तथा सफल ठानिएका व्यक्तिहरूसँग उचित व्यवहार गर्ने गरेको पाइन्छ (पराजुली, २०७१, पृ. २०५) । यस्ता परीक्षासम्बन्धी विश्वासहरू धेरै रहेका छन् ।

**(१०) राजा, मन्त्री, कर्मर्चचारी र ठूला व्यक्तिहरूसँग सम्बन्धित विश्वासहरू**

राजामा दिव्यशक्ति हुन्छ र राजाले त्यही शक्तिको प्रयोग गरेर राज्यमा सुखशान्ति ल्याउन सक्छन् भन्ने विश्वास रहेको छ । राजालाई न्यायप्रेमी, सिकार प्रेमी, जनताको कष्ट बुझ्ने, जनताको बीचमा गएर सुखदुःख बाँड्ने, देश र जनताको लागि परिवारलाई त्याग्ने, वीर, धार्मिक स्वभावको जस्ता गुणहरू हुनुपर्ने विश्वास लोकमा पाइन्छ । राजकुमार निडर, चतुर, साहसी, सहृदयी, शत्रु तथा नरसंहार गर्ने हिंस्रक प्राणीमाथि अधिकार जमाउने न्यायप्रिय हुनुपर्छ । मन्त्री राजालाई सल्लाह दिने सहायक व्यक्ति हो । ऊ तर्कशील, क्षमतावान् र सहयोगी तथा आज्ञापालक हुनुपर्छ । न्यायाधीश न्याय विभागको उत्तरदायित्व बोक्ने राजकर्मचारीको रूपमा हुनुपर्छ भन्ने विश्वास लोकमा पाइन्छ (पराजुली, २०७१, पृ. २०६) । तसर्थ राजा, मन्त्री, कर्मचारी र ठूला व्यक्तिहरूसँग सम्बन्धित विश्वासहरू पनि रहेको पाइन्छ ।

**(११) परिवार र नातागोतासँग सम्बन्धित विश्वासहरू**

सामाजिक संस्कृति, सभ्यता र चालचलनको संवाहक र व्यवस्थापक पक्ष परिवार हो । पतिपत्नी बीचको प्रेम र मिलनको सात जन्मसम्म सम्बन्ध हुन्छ भन्ने लोकविश्वास रहेको पाइन्छ । आदर्श पति, सती पत्नी, आज्ञाकारी पत्नी आर्दश पतिपत्नी हुनु भन्ने लोकविश्वास रहेको छ । आमा-छोराछोरी, पिता-छोराछोरी बीचको सम्बन्ध प्राकृतिक र प्रेममूलक मानिन्छ । दिदीभाइ, मामाभान्जा र सालाभिनाजुको सम्बन्धलाई घनिष्ट र प्रेमपूर्ण मानिन्छ । मितेरी साइनोलाई प्रेम र सद्भावको साइनो मानिन्छ (पराजुली, २०७१, पृ. २०८) । नेपाली समाजमा परिवार र नातागोतासँग सम्बन्धित विश्वासहरू पनि पाइन्छन् ।

**(१२) नीति, आचरण र शिक्षासँग सम्बन्धित लोकविश्वासहरू**

गुरु, बुबा र योगीहरूले दिएका उपदेशहरू नीतिसम्मत हुन्छन् । यस्ता उपदेशहरू पालना गर्नले कार्य सिद्ध हुन्छ भन्ने विश्वास रहेको छ । सुख भयो भने नहाँस्नु, दुःख भयो भने नरुनु, रिन लागे नडराउनु दिन लागे डराउनु, रिस खा आफू बुद्धि खा अर्को, बीउ गुनाको अन्न आमा गुनकी छोरी, लोग्ने स्वास्नीको झगडा परालको आगो, मुलको पानी कुलकी छोरी जस्ता उखानहरूमा नीति, आचरण र शिक्षासम्बन्धी लोकविश्वासको चित्रण पाइन्छ (पराजुली, २०७१, पृ. २१०) ।

**(१३) शरीरका विभिन्न अङ्गहरू सम्बन्धित लोकविश्वासहरू**

शरीर मानिसको व्यक्तित्वको पहिचान हो । मानिसको व्यक्तित्व झल्काउने पहिलो स्वरूप नै शरीर भएकोले यो सुन्दर र आकर्षण हुनुपर्दछ भन्ने लोकविश्वास रहेको छ । शरीरका विभिन्न अङ्गहरूको बारेमा शुभ र अशुभ लोकविश्वासहरू रहेका हुन्छन् । कुनै पुरुष वा स्त्रीका कपालका रौँ काला, चिल्ला र लामा छन् भने त्यसको मन कमलो हुन्छ, त्यस्ता मानिसहरू धर्मात्मा हुन्छन् । बाडुल्की लागेमा आफ्नाले सम्झन्छन् भन्ने विश्वास रहेको पाइन्छ (पराजुली, २०७१, पृ. २१२) । शरीरका अङ्गहरूसँग सम्बन्धित यस्ता लोकविश्वासहरू धेरै रहेका छन् ।

सदियौँदेखि प्रचलित संस्कृति र व्यवहार स्वाभाविक रूपमा व्यक्तिको जीवनमा लोकविश्वासमा जोडिन्छ । विश्वास मानिसको ठूलो शक्ति हो र यसले जीवनमा ठूलो महत्त्व राख्छ । आस्था वा विश्वासका विभिन्न तह वा श्रेणी हुन सक्छन् । नेपाली लोकजीवनमा विश्वास, आत्मविश्वास, लोकविश्वास र अन्धविश्वास गरी चार प्रकारका विश्वास विद्यमान छन् । जीवनमा मानसिक विश्वास र दृढ साहस हुनु ठूलो शक्ति हो । व्यक्ति हृदयमा स्वतः उब्जिएको एक किसिमको साहस, श्रद्धा र दृढता नै आत्मविश्वास हो । विश्वास सार्वभौम हुन्छ भने आत्मविश्वास वैयक्तिक छ । लोक मानसका सामूहिक भाव, विचार, आस्था र निष्ठा लोकविश्वास हो । यस्तो विश्वास जाति वा समुदाय केन्द्रित हुन्छ । यसैगरी परम्परादेखि चल्दै चलाउँदै आएका मूल्य-मान्यता, रीतिरिवाज, चालचलनप्रति बुद्धिविवेक नराखी अन्धो सुरमा गरिने विश्वासलाई अन्धविश्वास भनिन्छ । यस्ता विश्वास विज्ञानसम्मत नभई अन्धपरम्परामा आधारित हुन्छन् ।

लोकसमुदायमा आफ्नै जाति, धर्म, सम्प्रदायअनुसार आआफ्नै विश्वासहरू विद्यमान छन् । लोकजीवनमा परापूर्वकालदेखि प्रचलनमा रही लोकमानसमा गहिरो प्रभाव छोड्न सफल लोकका सामूहिक विचार, आस्था, भावना, चालचलन, धर्म, संस्कार, रूढि, जादुमन्तर, योग, साधना, सृष्टिप्रकृति आदिप्रति लोकको परम्परागत विश्वास नै लोकविश्वास हो ।

प्रस्तुत शोधकार्यमा गौरापर्वका गीतको अध्ययन तथा विश्लेषणका लागि मोतीलाल पराजुलीले *नेपाली लोककथा : सिद्धान्त र विश्लेषण* पुस्तकमा लोकविश्वाससम्बन्धी गरेको वर्गीकरण तथा विश्लेषणलाई आधार मानिएको छ ।

## ३.६ बैतडेली गौरापर्वका गीतमा प्रस्तुत लोकविश्वास

लोकविश्वास विभिन्न माध्यमबाट प्रकटित भएको पाइन्छ। यसको एउटा प्रमुख माध्यम लोकसाहित्य हो । लोकजीवनमा परापूर्वकालदेखि प्रचलनमा रही लोकमानसमा गहिरो प्रभाव छाड्न सफल लोकका सामूहिक विचार, आस्था, भावना, चालचलन, धर्म, संस्कार, रूढि, जादुमन्तर, योग, साधना, सृष्टिप्रकृति आदिप्रति लोकको परम्परागत विश्वास पाइन्छ, यही नै लोकविश्वास हो । परापूर्व कालदेखि हाम्रो समाजमा लोकसाहित्य हरेक पुस्तामा हस्तान्तरित हुँदै आएको छ । नेपालको बैतडी जिल्लामा प्रचलित गौरापर्वमा गाइने लोकगीतमा पनि विभिन्न किसिमका लोकविश्वास व्यक्त भएका छन् ।

गौरापर्वका अवसरमा बैतडी जिल्लामा विभिन्न गीतहरूको प्रस्तुति हुने गरेको पाइन्छ । फाग, सगुन, धमारी, ढुस्को, भोलाउलो, झोडा, घरगीतजस्ता गीतहरू प्रस्तुत गरिन्छन् । स्वैरकल्पनासँग सम्बन्धित सर्कलोक, मन्तालोक, इन्नरास, कैलास, वैकुण्ठ, शिखर, पत्ताल, आदि प्रत्यक्ष नदेखिएका तर लोकले विश्वास गर्दै आएका विविध लोक तथा स्थानका बारेमा गौरापर्वका गीतहरूमा वर्णन गरिएको पाइन्छ । त्यसैगरी सनातन हिन्दु धर्ममा मानिँदै आएका ब्रह्मा, विष्णु, महेश्वरलगायत इन्द्रादि देवीदेवता, ग्रहनक्षत्र, भगवानका विविध अवतारहरू, देवता तथा दानवलगायत स्थानीय रूपमा परम्परादेखि स्थापित देवीदेवताहरूको वर्णन बैतडेली गौरापर्वका गीतहरूमा पाइने गर्दछ। गौरापर्वकै नायक नायिका गौरा महेश्वरलगायत त्यससँग सम्बन्धित अन्य पात्रहरू पनि यही लोकविश्वाससँग सम्बन्धित रहेको पाइन्छ । गौरापर्वका अवसरमा गाइने स्थानीय देवीदेवताहरूका गीत तथा गाथाहरूमा निङ्लाशैनी, उदयदेव, नागार्जुन, पोटलाशैनी, रैण्यासैनी, मेलौली, बिजासैनी, डिलाशैनीलगायतका भगवतीहरू, ग्वाल्लेक केदार, रौलाकेदार, थल, असमी, सम्रलगायतका केदार देवताहरू, महारुद्र, शिवनाथ, समैजी, भूमिराज, पत्तालभूमेश्वरलगायतका देवताहरूका र अन्य पितृदेवताहरूमाथिका लोकविश्वास गौरापर्वका गीतमा आएको पाइन्छ । यहाँ गौरापर्वका अवसरमा गाइने गीत र तिनमा प्रस्तुत लोकविश्वासबारे छोटकरीमा वर्णन गरिएको छ ।

### ३.६.१ फागमा लोकविश्वास

फाग विभिन्न जात्रा, उत्सव, पर्व, यज्ञ, अनुष्ठान, पूजापाठ, जन्मदेखि विवाहसम्मका संस्कार आदि विभिन्न अवसरमा नारीहरूद्वारा सामूहिक रूपमा गाइने परम्परागत डोटेली लोकगीत हो । यसमा खास गरी मङ्गलकामना र भक्तिको विषयवस्तु समेटिएको हुन्छ । वैदिक, पौराणिक र स्थानीय देवीदेवताप्रतिको आस्थाविश्वास फागमा प्रकटित भएको हुन्छ । पुस्तौँदेखि चलिआएका फागका विभिन्न भेद निश्चित समयमा गाइने चलन रहेको छ ।

फाग कुनै पनि धार्मिक वा सामाजिक कार्यमा सो कार्यको सफलताका लागि महिलाहरूद्वारा अनिवार्य रूपमा गाइने मङ्गलगीत हो । कुनै पनि उत्सव तथा पर्वमा फाग गाइनुभन्दा पहिले सगुन गाउनु अनिवार्य हुन्छ । त्यसपछि मात्र फाग गाइने गरिन्छ । सगुन मूलरूपमा मङ्गलगीत हो । त्यसैले सगुन र फाग दुवैलाई मङ्गलगीतको रूपमा लिइने गरिन्छ (पराजुली, २०५७, पृ. २२५) । मागलको प्रारम्भिक रूपलाई सगुन र मध्य तथा अन्त्य भागमा गाइने गीतलाई फाग भनिन्छ । तसर्थ फागलाई मागलको संरचनात्मक अङ्ग भन्न सकिन्छ (शर्मा र लुइटेल, २०६२, पृ. ११७) । नेपालको सुदूरपश्चिम क्षेत्रमा सगुन तथा फाग गायनको विशेष महत्त्व रहेको छ ।

फाग नेपालको सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाहरूमा मात्र नभई महाकाली नदीपारि भारतको कुमाउँ क्षेत्र र त्यसभन्दा पर गढवालमा पनि गाइने गरेको पाइन्छ । इतिहासको एउटा कालखण्डमा नेपालको हालको सुदूरपश्चिम क्षेत्र र भारतको हाल उत्तराखण्ड राज्यको कुमाउँ र गढवाल क्षेत्र एउटै मुलुक थिए । त्यसैले यी दुवै क्षेत्रको भाषा, संस्कृति र रहनसहन मिल्न जान्छ । दुवैतिर विभिन्न संस्कार तथा रीतिरिवाजमा फागको प्रयोग भएको पाइन्छ ।

'फाग' शब्दको उत्पत्तिका बारेमा विभिन्न मतहरू रहेको पाइन्छ । डोटेली भाषिकामा फाग शब्दको अर्थ माहुरीको घार हुन्छ । घारभित्र माहुरीहरूका समवेत गुनगुन भएझैँ नारी कण्ठबाट समवेत गुञ्जन हुने हुँदा यसलाई फाग भनिएको हो (शर्मा र लुइटेल, २०६२, पृ. ११७) । तर अन्य केही विद्वान्हरूले भने यो अड्कललाई प्रमाणिक मान्न कठिनाइ पर्ने बताएका छन् (पन्त, २०५५, पृ. ७) । फागमा समाजको यथार्थलाई चित्रण गर्नुका साथै ऐतिहासिक, पौराणिक र तत्कालीन कुराहरूको वर्णन गरिएको हुन्छ । यसबाट ईश्वरप्रतिको श्रद्धाभावका साथै पितृहरूप्रति सम्मान प्रकट गरी सम्बन्धित शुभकार्यको सफलताको कामना गरिन्छ ।

जयराज पन्तले डोटेली गमरा पर्वमा गाइने गीतहरूको वर्गीकरण, विश्लेषण र सङ्कलन गर्ने क्रममा फागको परिचय दिँदै के भनेका छन् भने फाग वेदका सूक्तहरूजस्तै लोकसूक्त हुन् । यसलाई लोकगीत भन्नुभन्दा लोकमन्त्र भन्न ज्यादै सुहाउँछ किनभने यो गृ्यय र श्रौत संस्कारमा निश्चित समयमा मात्र गाइन्छ । फागको गायनविना सम्पन्न जुनसुकै संस्कार पनि डोटीमा अपूर्ण मानिन्छ (पन्त, २०३६, पृ. ८) । त्यसैले फाग भनेको शुभकार्यमा मङ्गलको कामना गर्दै गाइने मङ्गलगीत हो ।

चूडामणि बन्धुले *नेपाली लोकसाहित्य*मा जन्मदेखि विवाहसम्मका विभिन्न संस्कारहरूमा गाइने मङ्गलगीतलाई संस्कारगीतका कोटिमा राखेका छन् । मांगल, महाल र सगुन समान किसिमका गीत भएको र फागलाई पनि सोही श्रेणीमा राखी हेर्नसकिने कुरा यिनी व्यक्त गर्दछन् । साथै जीवनसंस्कारको महत्त्वपूर्ण अङ्गका रूपमा फाग गाउने परम्परा रहेको कुरा पनि यिनले प्रकट गरेका छन् (बन्धु, २०५८, पृ. १७) । डोटेली संस्कृतिको अभिन्न अङ्ग मानेका जयराज पन्तले यसबारे थप प्रष्ट पार्दै के भनेका छन् भने यो कुनै पनि संस्कारको मङ्गलकामनाका लागि कथिएको र गाइएको पाइन्छ । श्रुतिपरम्परामा आधारित हुनु, नारीसमूहद्वारा मात्र गाइनु, लयात्मक वैविध्य हुनु, थेगोको अनिश्चितता हुनु, वर्ण्य विषयको विविधता हुनु र निश्चित समयमा निश्चित रूपमात्र गाइनु यसका थप विशेषता हुन् (पन्त, २०३६, पृ. ८) । फागमा स्थानीय शब्दहरूको आधिक्य, प्रतीकात्मकता, सजीवता, सूत्रात्मक अभिव्यक्ति आदि फागका थप विशेषता हुन् ।

जुनसुकै माङ्गलिक अवसरमा गणेशपुजन, कलशपुजन, दीपपुजन, नवग्रहपुजन, मातृपूजन आदिको क्रम पूरा गरेपछि मात्र वास्तविक पूजापाठ हुन्छ, यस प्रकारको पूर्वसर्तलाई पूर्वाङ्ग र त्यसपछि गरिने कृत्यलाई उत्तराङ्ग भनेझैं पूर्वाङ्गका पुजनकार्यसित गाइने फागलाई पूर्वाङ्गका फाग र उत्तराङ्गका साथका फागलाई उत्तराङ्गका फाग भनिन्छ । पूर्वाङ्गका फागहरू लगभग मिल्दाजुल्दा हुन्छन् भने उत्तराङ्गका फागहरू कार्यगत भिन्नताका कारणले गर्दा फरकफरक हुन्छन् । समग्रमा संस्कारगीतका रूपमा प्रयोग हुने फाग लोकसाहित्यको महत्त्वपूर्ण अङ्ग हो ।

फागले बैतडेली संस्कृतिलाई समेटेको हुनाले यसमा विभिन्न किसिमका लोकविश्वास प्रस्तुत भएका पाइन्छन् । फागमा लोकजीवनमा परापूर्वकालदेखि प्रचलनमा रही लोकमानसमा गहिरो प्रभाव छोड्न सफल लोकका सामूहिक विचार, आस्था, भावना, चालचलन, धर्म, संस्कार आदिप्रति लोकको परम्परागत विश्वास व्यक्त भएको पाइन्छ । फागमा धर्म, ईश्वर तथा देवीदेवताप्रतिको अटुट विश्वास, दैवीय शक्ति र आसुरी शक्तिको अस्तित्व स्वीकार गर्नेदेखि लिएर जपतप, यज्ञ अनुष्ठान, पूजाआजा आदि गर्ने, ज्योतिष तथा धामीझाँक्रीमा विश्वास गर्ने, सनातन हिन्दु धर्मसंस्कृतिभित्र मानिँदै आएका विभिन्न मान्यतालाई स्वीकार गर्नेदेखि लिएर हाम्रा पुर्खाहरूले जीवनमा अनुभव गरेका तथा पत्ता लगाएका विविध कुराहरूप्रति विश्वास गर्ने कुरालाई निरन्तरता दिएका शुभ अशुभ, साइत, कुसाइत, सपना, विपना, मौसम तथा प्रकृतिको लक्षणबाट भविष्यका कुराको अनुमान गर्ने जस्ता विविध लोकविश्वास प्रस्तुत भएका पाइन्छन् ।

### ३.६.२ सगुनमा लोकविश्वास

सगुन शब्द स+गुण अर्थात् सद्विचार अथवा सुभावनामा आधारित अभिव्यक्तिका अर्थमा प्रचलित देखिन्छ । यस नामले प्रचलित डोटेली लोकरचना पनि आफ्नो शब्दार्थको परिपोषक पाइन्छ । लोकव्यवहारमा सगुन शब्दले शुभ लग्न, साइत वा शुभ कार्यका अवसरमा

प्रदान गरिने उपहार, शुभकामना, विशेष प्रकारका अनुष्ठानमा आमन्त्रण गर्न पठाइएको कोसेली आदि अनेक अर्थ व्यक्त गरेको बुझिन्छ । लोकसाहित्यिक दृष्टिले पनि लगभग लगभग यस्तै आशय प्रकट गर्ने डोटेली लोकरचना सगुन हो । विभिन्न माङ्गलिक कार्यमा गाइने यसलाई माङल पनि भनिन्छ । स्थानभिन्नताअनुसार सकुन, सयाकुना सगुनु आदि नामले पनि यो प्रचलित छ । (पन्त, २०५५, पृ. १) हरेक गीत गाउँदा सगुन गीत अनिवार्य रूपमा गाउने परम्परा रहिआएको छ । डोटेली संस्कृतिमा सगुनको प्रयोग प्रशस्त मात्रामा भएको पाइन्छ ।

गौरापर्वका अवसरमा मङ्गलगीतका रूपमा गाइने सगुनमा विभिन्न लोकविश्वास प्रस्तुत भएको पाइन्छ । सगुन शुभ गायन भएकाले यसमा शकुनसम्बन्धी भाव बढी मात्रामा आएको हुन्छ । हिन्दु धर्म समुदायमा वेदपुराणहरूप्रति अगाध श्रद्धा राख्ने गरिन्छ । वेद तथा पुराणका वाणी देववाणीका रूपमा मानिन्छ भने तिनीहरूको पाठ श्रवण आदिले पुण्य मिल्ने लोकविश्वास यस समुदायमा रहेको पाइन्छ ।

### ३.६.३. धमारीमा लोकविश्वास

धमारी नेपालको सुदूर तथा मध्यपश्चिमसँगै भारतमा पर्ने कुमाऊँ, गढवाल आदि क्षेत्रमा विभिन्न अवसरमा प्रस्तुत गरिने जनस्तरबाट सिर्जित लोकभावनाको अभिव्यक्ति हो । श्रुतिपरम्परामा आधारित लोकसाहित्यको एक विधा धमारी लोकको अलिखित सम्पत्ति हो । भाषा, साहित्य, धर्म, संस्कृति, इतिहास, दर्शन आदि विभिन्न दृष्टिले यो महत्त्वपूर्ण रहेको छ । यसलाई डोटेली लोकसाहित्यको शिष्ट र गरिमामय गीतका रूपमा लिइन्छ ।

जन्मदेखि विवाहसम्मका विभिन्न जीवनसंस्कार तथा जात्रा, पर्व, मेला, उत्सव, उपासनाका विविध अनुष्ठानहरूमा पुरुषहरूद्वारा वर्तुलाकार घेरामा आबद्ध भई मूल गायकका निर्देशनमा दुइटा भागमा विभक्त रहेर नृत्य वाद्यात्मक शैलीमा गाइने धमारी गीत डोटेली भाषिकाको ज्यादै चर्चित पर्वगीत हो । लेख्य रूपमा धमारी प्रयोग गरिए पनि डोटेली भाषिकामा यसलाई धुमारी भनिन्छ । स्थान भिन्नताअनुसार यसलाई धुमाली र धमाली पनि भनिन्छ । ( पन्त, २०६४, पृ. १) नेपालको सुदूर तथा मध्यपश्चिमका विभिन्न क्षेत्रमा गाइने धमारीमा ध्वनि तथा शैलीमा केही भिन्नता भए पनि आख्यानात्मकमा एकरूपता पाइन्छ । लोसाहित्यका अन्य विधाको जस्तै यसका पनि रचनाकार अज्ञात नै हुन्छन् । आख्यानात्मकता, स्थानीयताको प्रचुरता, वस्तुपरकता, भाषिक सरलता, मनोरञ्जनात्मकता आदि यसका प्रमुख विशेषता रहेका छन् ।

सुदूरपश्चिमेली लोकसाहित्यमा धमारीको आफ्नो छुट्टै विशिष्ट स्थान र पहिचान छ । सामाजिक मूल्यमान्यताबोध र संवर्धनमा यसले महत्त्वपूर्ण भूमिका खेलेको छ । मूलतः भक्तिभावमा आधारित भएर पनि धमारीहरूले मानवीय मनोभावहरूका अतिरिक्त विभिन्न अवस्थामा गरिने क्रियाकलापलाई पनि समेटेको पाइन्छ । मानव जीवनमा नैतिक चेतनाको जागरण गराउने, मनोरञ्जन प्रदान गर्ने सामूहिक सांस्कृतिक मूल्य बोकेको साहित्यिक उपविधाको रूपमा धमारी रहेको छ । सामाजिक एकतालाई बलियो पार्नमा यस्ता गीतले

महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। यस गीतको गायन अवसरमा सबै तह, तप्का, वर्ग, जातजाति, पेशा र उमेर समूहका व्यक्तिहरू एउटै थलो र एउटै लहरमा उभिएर खेलको आनन्द लिन्छन् ।

धमारीमा विशेषगरी देवीदेवताको भक्ति तथा महिमागान, वीरपुरुषहरूको जीवन चरित्रको प्रस्तुतिदेखि लिएर त्यहाँका विभिन्न चाडपर्व, जनजीवनसँग सम्बन्धित रहनसहन, वेषभूषा, कलाकौशल, सुख-दुःख, मिलन-विछोड, आदर्शमुखी समाजको चित्रण गर्नुका साथै सामाजिक, आर्थिक अवस्थाको यथार्थ चित्रणसमेत गरिएको पाइन्छ । यस क्षेत्रमा प्रचलित धमारीमा श्रीकृष्ण, गणेश, सीता, रघुनाथ, पार्वती, नाग आदिका धमारीलाई उदाहरणका रूपमा लिन सकिन्छ ।

धमारी सङ्गीतमय शैलीमा गायकहरूका माध्यमबाट अर्धगोलित पङ्तिमा दुई समूहमा विभाजित भएर प्रस्तुत गरिन्छ। ती गायकहरूमध्ये धमारी कण्ठस्थ भएका एकजनाले आफ्नो समूहका सबै सहभागीले सुन्नेगरी भन्ने गर्छन्। यसका गायकहरू लोकगीतभन्दा छुट्टै दोहोरो, पैतालो चली सिङ्गो जिउ झुकाएर हातको इसाराका साथ एकै स्वरमा गाउँछन् । प्रत्येक पदलाई दुवै समूहले दुईदुई पटक गाउँछन्। धमारी गीत भन्ने व्यक्तिलाई गितेरु भनिन्छ। यस प्रकारले धमारी खेल्दा ढोल (ढालेक), झाँझ (मुजुरा), ठाडोबाजो (नरसिंहेबाजा) आदि वाद्यवादनका साधनको पनि प्रयोग गरिन्छ।

यसरी धमारी निश्चित ढप वा शैलीमा खुट्टा चाल्दै ढोलीद्वारा बजाइने ढोलको खास किसिमको धुनमा एक जना मूल गायकको नेतृत्वमा वर्तुलाकार घेरामा पङ्तिबद्ध भई एक समूहले एक फेरा र अर्को समूहले अर्को फेरा दोहोऱ्याई तेहऱ्याई मिजुरा बजाएर वा नबजाएर झुक्दै हल्लँदै आकर्षक ढङ्गले नाचेर गाइने गीत हो ।

धमारीमा बैतडेली लोकजीवनका विभिन्न लोकविश्वास प्रस्तुत भएका छन् । गौरी, राम, कृष्ण आदि देवीदेवताहरूको जन्मलगायत विभिन्न संस्कार तथा अनुष्ठानमा वेद पुराणहरूको पाठ गरेको प्रसङ्ग आउने गर्दछ। त्यसैगरी ऋषिमुनी, ब्राह्मण तथा पुराण प्रसिद्ध व्यक्तिहरूले विशेष श्रद्धाका साथ वेदपुराणको अध्ययन गरेको कुरालाई श्रद्धाका साथ लिइएको पाइन्छ। यस्ता भाव भएका धमारीमा लोकविश्वासको अभिव्यक्ति पाइन्छ। धमारीमा राजा दशरथले पुत्र प्राप्तिका लागि पुत्रकामेष्ठि यज्ञ गरेको त्यसको फलबाट राम, लक्ष्मण, भरत शत्रुघनको जन्म भएको कथा आउने गर्दछ। त्यसैगरी स्थानीय देवीदेवताहरूको पूजाअर्चना र त्यसको फलको बारेमा वर्णन गरिएको पाइन्छ।

समग्रमा भन्नुपर्दा नेपाली समाजमा प्रचलित लोकविश्वासहरु धमारी गीतमा प्रष्ट रुपमा अभिव्यक्त भएको पाइन्छ । यसमा स्वैरकल्पनाप्रतिका विश्वास, धर्मअनुष्ठानप्रतिका विश्वास, जादु, टुनामुना तथा योगप्रतिका विश्वास, आत्मशीलताप्रतिका विश्वास तथा अन्य विविध लोकविश्वास रहेका छन् ।

### ३.६.४ भोलाउलोमा लोकविश्वास

'भोल' र 'आउलो'को जोडबाट 'भोलाउलो' शब्द बनेको हो । भोल भनेको भोलि वा नयाँ दिन र आउलो भनेको आउने समय हो । नयाँ दिन आउने समय वा भोलि हुने बेला अथवा उज्यालो हुने बखत अर्थात् ब्राह्ममुहूर्तलाई भोलाउलो भनिन्छ। रातभर जाग्रम बसेपछि उज्यालो हुने बेलामा गाइने विशेष लयको गीत भोलाउलो हो । यो प्रभाती गीत हो । (पन्त, २०६४, पृ. १४०)

भोलाउलो लोक साहित्यको लोकगीतअन्तर्गत पर्ने विधा हो। यो खास गरी सुदूरपश्चिम क्षेत्रमा मनाइने विभिन्न चाडपर्व, जात्रा, मेला, उत्सव, धार्मिक अनुष्ठान तथा विवाह, व्रतबन्ध, छैँटीजस्ता सांस्कारिक गतिविधिहरूमा प्रस्तुत गरिन्छ। रातभर जाग्रम बसेर भजनकीर्तन गर्ने, गाउने बजाउने जस्ता रमाइला क्रियाकलाप गरेर रात बिताएपछि उज्यालो हुने बेलामा देवीदेवताका विषय समेटी लोकले रचना गरेको भोलाउलो प्रस्तुत गरिन्छ। यसमा समयसित सम्बन्धित विभिन्न गीतहरू पर्दछन् । विभिन्न कथाहरूलाई आधार बनाएर कुन समयमा कुन काम गर्नु उचित हुन्छ भन्ने शिक्षा दिने कार्य पनि यसले गर्दछ । भोलाउलोमा यस क्षेत्रको धार्मिक, सामाजिक, सांस्कृतिक, राजनीतिक तथा समग्र पहिचान झल्केको पाइन्छ ।

प्रायः पुरुष समूहद्वारा एक जना प्रमुख गायकको नेतृत्वमा दुई भागमा विभक्त सहायक गायकहरूको जत्थाले चैत र धमारीकै नृत्यशैली तथा वाद्यधूनमा गाउने गीत हो यो । यसको लय रागात्मक र ज्यादै मनमोहक हुन्छ। पूर्व दिशामा लालिमा चढ्न थालेको, रातको अन्धकार बिस्तारै हट्न लागेको, चराहरूको चिरिबिरी गुन्जन थालेको र बिहानी बेलाको आगमन हुन लागेको समयमा रातको सुनसान वातावरण चिरेर परिवेशलाई मोहक बनाउनमा यस सङ्गीतले महत्त्वपूर्ण भूमिका खेल्दछ र सम्बन्धित जात्रा, मेला वा अवसरको सौन्दर्य बढाउँछ (पन्त, २०६४, पृ. १४२) ।

भोलाउलोलाई विशुद्ध लोकगीतभन्दा पनि लोकभक्तिगीत मान्नु पर्ने देखिन्छ। किनभने यसमा देवताको भक्ति र स्तुति गरिएको पाइन्छ। यसलाई गाउँदा ठाडो अर्थात् सिधा उभिएर दुई पङ्क्तिमा समूह विभाजन गरी खेलिन्छ । अन्य विभिन्न अवसरमा गाइए पनि यो प्रायः गौरापर्व मनाउने क्रममा प्रस्तुत गरिन्छ । यो पर्व मनाउने क्रममा दिउँसो र राती अन्य गौरापर्वका गीतहरूसँगै खेल खेलिन्छ भने बिहानीपख मिर्मिरेको समयमा दमाइको ढोलको तालमा ताल तथा स्वर मिलाएर यो अत्यन्तै सुमधुर र आकर्षक ढङ्गले प्रस्तुत गरिन्छ । युवायुवतीभन्दा प्रौढ व्यक्ति भोलाउलो गायनमा बढी सक्रिय रहने गरेका छन् ।

प्रातःकालमा गाइने भोलाउलोमा खास गरी राम, कृष्ण आदि भगवान्को स्तुति एवम् प्रार्थना गरिन्छ । त्यसैले यसमा धर्म, संस्कृति तथा भगवान्सँग सम्बन्धित लोकविश्वासको प्रस्तुति पाइन्छ। भगवान् रामको कथामा आधारित भोलाउलोको कथावस्तुका केही अंश मूल रामायणसँग मिले पनि यसमा धेरै कुरा मौलिक रहेका छन् । रानी मौलालाई ब्राह्ममहुर्तमा गर्नुपर्ने कामहरूबारे सोधिएका प्रश्न र तिनका उत्तर भएका भोलाउलो पनि प्रचलनमा रहेका

हुन् । सासु कौशल्याले सीतालाई उज्यालो हुन लाग्यो ब्युँझेर पानी भर्न जानु भन्ने प्रसङ्गबाट रामको कथामा आधारित भोलाउलो सुरु हुन्छ भने रानी मौलाको भोलाउलोमा रानी मौलालाई रात कति घडी बाँकी छ भन्ने प्रसङ्गबाट सुरु भएको पाइन्छ । यसमा शुभ अशुभको सङ्केत गरिएका विषयवस्तु आएका हुन्छन् ।

भगवान् राम तथा कृष्णका आदर्श गुणहरूको अनुसरण गर्नुपर्ने, उनीहरूको जीवनीबाट शिक्षा प्राप्त गरी समाजलाई संस्कारयुक्त, न्यायपूर्ण तथा सभ्य बनाउनु पर्ने सन्देश यस्ता गीतमा पाइन्छ । आआफ्नो धर्म पालन गर्नुपर्ने, कुनै कुरामा गम्भीर भएर विचार गरी अघि बढ्नुपर्ने, हठ गर्नु नहुने, समयको महत्त्व बुझ्नुपर्ने जस्ता विषय तथा जीवनको सुखदुःखको चिन्तन यसभित्र पाइने मुख्य दर्शन हो ।

यसरी विभिन्न मेला, पर्व, अनुष्ठान, विवाह, व्रतबन्ध आदिमा प्रभातकालीन समयमा प्रस्तुत गरिने डोटेली संस्कृतिको बिम्ब बोकेको गीत नै भोलाउलो हो । मनोरञ्जन तथा ईश्वरभक्ति गर्ने उद्देश्यले प्रस्तुत हुने यसमा लोकमा प्रचलित विभिन्न विश्वासहरुको अभिव्यक्ति पाइन्छ । भोलाउलोले वर्तमान नेपालको सुदूरपश्चिम तथा भारतको सीमावर्ती क्षेत्रका केही जिल्लाको धार्मिक, सामाजिक, सांस्कृतिक, नैतिक आदि समग्र पहिचानलाई पर्व गीतका माध्यमबाट प्रस्तुत गरेको पाइन्छ । त्यसैले यसमा स्वैरकल्पनाप्रतिका विश्वास, धर्मअनुष्ठानप्रतिका विश्वास, जादु, टुनामुना तथा योगप्रतिका लोकविश्वासहरू समेटिएका हुन्छन् ।

### ३.६.५ झोडामा लोकविश्वास

झोडा गीत डोटेली समाजमा विभिन्न अवसरमा गाइन्छन् । विशेष गरी गौरापर्व, जात्रामेला, छैंटी, विवाहजस्ता अवसरमा यसलाई गाउने प्रचलन रहेको छ । जोडा अर्थात् जोरको दार्चुलेली र बैतडेली भाषिकाको उच्चारण झोडा हो । गीतका जोडीलाई निश्चित लयमा बाँधेर गाउनु नै झोडा हो । यस गीतको चलन दार्चुला, बैतडी, बझाङ, डडेल्धुरा र डोटी जिल्लामा भए पनि दार्चुला र बैतडीमा नै यो अधिक प्रचलित छ । पुरुष समूहले यसको गायनमा ज्यादा सक्रियता देखाए पनि नारी समूहले समेत यो गीत गाएको देखाइन्छ । गायनसमयका आधारमा यसलाई सान्ध्य गीत वा सन्ध्याकालीन गीत भन्न सकिन्छ (पन्त, २०६४, पृ. १६४) ।

झोडामा सामाजिक, सांस्कृतिक तथा धार्मिक विषयवस्तु समेटिने भएकाले यिनमा यही विषयसम्बद्ध लोकविश्वासको प्रस्तुत भएको पाइन्छ । यी गीतमा स्थानीय देवीदेवताको वर्णन, स्तुतिभक्ति, मायाप्रेमका अभिव्यक्ति, सामाजिक जीवनका समस्याजस्ता विषय समेटिएका हुन्छन् । त्यसैले झोडा गीतमा डोटेली समाज तथा त्यहाँका मानवीय मूल्यमान्यता, आस्था, विश्वास र आम जीवनका विविध पक्षको चित्रण गरिएको लोकविश्वास सम्मिलित लोकसाहित्य हो ।

### ३.६.६ घरगीतमा लोकविश्वास

सम्मानित व्यक्तिका सामु घरआँगनमा खुला रूपले निर्धक्कसित गाइने गीतलाई घरगीत भनिन्छ । यस शब्दले शिष्ट कथ्य र शिष्ट भाषामा आधारित सबैको समान सहभागितामा गाइने गीतलाई जनाउँछ । विभिन्न चाडबाड, जात्रामेलाका साथै गौरापर्वमा यसको गायन अधिक हुन्छ । यो प्रायः दिउँसो र रातीको दोसाँध अर्थात् साँझको समयमा गाइन्छ । पुरुषभन्दा महिलाहरू यो गाउन अधिक सक्रिय हुन्छन् र त्यसमा पनि युवतीहरूको मोह यसप्रति बढी देखिन्छ (पन्त, २०६४, पृ. ११२) । त्यसैले यो गीत डोटेली समुदायमा लोकप्रिय रहेको छ ।

घरगीतहरूमा विशेष गरी महिलावर्गका जीवनका सुखदुःख तथा विभिन्न आरोह अवरोह अभिव्यक्त भएका हुन्छन् । माइतीको सम्झना, एक्लो जीवनको उदासीपन, कामधन्दाको चटारो, प्रकृतिको वर्णन, मायाप्रेम तथा करुणाको अभिव्यक्ति, आर्थिक समस्या र त्यसले निम्त्याएका विभिन्न परिणाम, सासुको कचकचजस्ता विषयवस्तुको प्रस्तुति पाइन्छ । यिनका पनि कहीँ न कहीँ लोकविश्वास र जीवनप्रतिको आशावादी भाव देखिन्छ ।

घरगीतको रचना मुख्य रुपमा महिलाहरूले नै गरेको पाइन्छ । यस्ता गीतमा लयगत विविधता छन् । यिनीहरूका विभिन्न आकार र भेदहरू रहेका छन् । यिनमा हे, ए कठै, ओ, अरेजस्ता थेगोको प्रयोग भएको पाइन्छ । सरल तथा सहज भाषाशैलीमा रचना भएका घरगीत मुक्त वार्णिक छन्दमा बढीजसो रचना भएका पाइन्छन् । यस्ता लोकगीतमा पनि समाज, संस्कृति र जीवनसँग जोडिएका विभिन्न लोकविश्वास पाइन्छन् ।

## ३.७ निष्कर्ष

लोकजीवनमा लोकविश्वासका रूप र प्रकृति अथाह रहेका छन् । नेपाली समाजमा प्रचुर मात्रामा लोकविश्वास कायम रहेको पाइन्छ । लोकमा प्रचलित मान्यता र समयअनुसार जीवनका विभिन्न पक्षमा जोडिँदै आएको लोकविश्वास व्यावहारिक संस्कृतिको सन्दर्भ हो । समाजमा लोकविश्वासमा आधारित भएर धार्मिक, सामाजिक तथा सांस्कृतिक क्रियाकलाप सम्पादन गरिने भएकाले मानिसका हरेक व्यवहारमा लोकविश्वासको सन्दर्भ सहज रूपमा उपस्थित भएको देखिन्छ । लोकजीवनका अनेक रहस्य, सिर्जना र अनुभवप्रति लोकमानसका सामूहिक आद्यभाव वा भावना, आस्था र निष्ठा लोकविश्वास हो । लोकपरम्परामा चल्दै र मानिँदै आएका चालचलन, रीतिरिवाज, धर्म-संस्कृति, चाडपर्व, प्रथा-प्रचलन पुर्ख्यौली कर्तव्य सम्झेर व्यवहार गर्दछौँ । यसप्रति लोकले विश्वास गर्छ । हाम्रा लोकसमाजमा राम्रा-नराम्रा, संस्कृत-असंस्कृत, काल्पनिक-यथार्थ आदि विश्वासहरू विद्यमान छन् । मानिस जेजस्तो वातावरणमा हुर्के बढेको हुन्छ, त्यसको प्रभाव स्वभावतः उसमा परिरहेको हुन्छ । व्यक्तिको मनस्थिति उसको पारिवारिक परम्परा, हुर्के बढेको वातावरण, शिक्षा, संस्कृति आदिले निर्धारण गर्दछ । जो शिक्षित, पठित र संस्कृत पृष्ठभूमिमा बाँचेको छ, कुनै कुराप्रति उसको ज्ञान वा चिन्तन लोकले राख्ने चिन्तन वा भावभन्दा भिन्न हुन सक्छ । लोकले प्रकृति, सृष्टि, ईश्वर, अदृश्य शक्ति,

लोक-परलोक, धर्म-संस्कार, पाप-पुण्य, चालचलनप्रति जुन विचार राख्दछ; त्यसलाई लोकपरम्पराले अगाडि बढाउदै जीवित तुल्याउँछ । लोकका धार्मिक, सामाजिक, सांस्कृतिक, जातीय रूपबाट प्रचलित परम्परागत चालचलन, रीतिरिवाज, प्रथा, संस्कार, आस्थाप्रतिको विश्वास मानव हृदयमा टाँसिएर बसेका हुन्छन् ।

# चौथो परिच्छेद

# बैतडेली गौरापर्वका गीतमा प्रयुक्त लोकविश्वासको विश्लेषण

## ४.१ विषयप्रवेश

गौरा सुदूरपश्चिमको मौलिक पर्व हो । गौरापर्वमा गरिने क्रियाकलाप तथा प्रस्तुत हुने लोकसाहित्यले यस क्षेत्रको समग्र संस्कृति बोकेको छ । तत्कालीन समाजमा मानिसहरूको पेशा, व्यवसाय, खानपिन, पहिरन, मनोरञ्जनका साधन, धर्म, कला, संस्कृतिलगायत जीवनदर्शनका विविध पाटाहरूको उजागर गर्ने पर्वका रूपमा गौरापर्वलाई लिन सकिन्छ । गौरापर्व यस क्षेत्रको समग्र संस्कृतिको प्रतिनिधित्व गर्ने पर्व हो । यो पर्व मनाउने तरिका, यसमा प्रयोग हुने सरसामग्रीदेखि लिएर यसका विभिन्न सन्दर्भमा प्रस्तुत गरिने लोकसाहित्य र लोककलाले यहाँको समग्र संस्कृतिको प्रतिनिधित्व गरेको पाइन्छ । गौरापर्वका गीतहरूमा हाम्रा पुर्खाहरूले मान्दै आएका समग्र लोकविश्वासहरूको उपस्थिति पाइने गर्दछ ।

बैतडेली गौरापर्वका गीतहरुका दैवीशक्तिप्रतिको विश्वास अटुट रुपमा देखिन्छ । हिन्दुधर्मसमुदायले मान्दै आएका ब्रह्मा, विष्णु, महेश, सरस्वती, लक्ष्मी, पार्वती, राम, कृष्णलगायतका अवतार, इन्द्रादिदेवता, गाई, ब्राह्मण, वेद, अग्नि, जल, भूमि, नाग, किन्नरलगायत विभिन्न तीर्थस्थल, स्थानीय देवीदेवताप्रतिको लोकविश्वास गौरापर्वका गीतहरूमा प्रस्तुत भएको पाइन्छ । यस परिच्छेदमा लोकविश्वासको सिद्धान्तका आधारमा बैतडेली गौरापर्वका गीतमा लोकविश्वासको प्रस्तुतिको प्रक्रिया के कस्तो छ भन्ने विषयमा चर्चा गरिएको छ ।

## ४.२ स्वैरकल्पनाप्रतिका विश्वास

मानव सिर्जनशील प्राणी हो । मानव मस्तिष्कमा रहेको कल्पना र सिर्जनशील शक्तिले केवल देखेका कुरा मात्र नभएर देख्न बाँकी कुराहरूका बारेमा समेत कल्पना गरी आफ्नो मस्तिष्कभित्रै आफूले चाहेअनुसारको अलग संसारको सिर्जना गर्न सफल बनेको छ । यसै कल्पनाशक्ति र सिर्जनशीलताको उपज लोकमानसले सृष्टिको सुरुवातदेखि नै काल्पनिक संसारको चिन्तन मात्र गरेन बरु यस भौतिक संसारमा उक्त काल्पनिक संसारको सत्ताशक्तिसमेत स्थापित गर्न सफल भएको छ । यही स्वैरकल्पनाबाट सिर्जना गरिएको ईश्वरीय सत्ता र शक्ति, देवीदेवता, भूतप्रेत, विविध लोक, अलौकिक तथा असाधारण शक्तिलगायतका कुराहरूको चिन्तन गरी मनोवैज्ञानिक रूपमा लोकमानसमा त्यसको प्रभाव पार्ने कार्यसमेत भएको पाइन्छ । यही मनोवैज्ञानिक प्रभावका कारण वर्तमान विज्ञान र प्रविधिको युगमा पनि लोकविश्वासका रूपमा उक्त कुरा जीवित रहेको पाइन्छ । यस्ता लोकविश्वासहरू स्थापित गर्न र पुस्तान्तरण गर्नमा लोकसाहित्यले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । बैतडेली

गौरापर्वका गीतहरूमा पनि स्वैरकल्पनासँग सम्बन्धित थुप्रै लोकविश्वासहरू रहेका पाइन्छन्, जसलाई विभिन्न उपशीर्षकमा यसरी देखाउन सकिन्छ :

**(क) बहुलोकसम्बन्धी लोकविश्वास**

बैतडेली लोकसाहित्यमा विभिन्न धार्मिक, सामाजिक एवम् सांस्कृतिक अवसरहरूमा प्रस्तुत गरिने लोकसाहित्यमा विभिन्न लोकहरूको वर्णन गरिएको पाइन्छ । बैतडेली लोकसाहित्यमा प्रस्तुत हुने सगुन, फाग, ढुस्को, धमारी, भोलाउलो, भैनी, बातै, भडा, चाँचरी, जागर, डेउडा गीतलगायतका विभिन्न विधामा मन्तालोक, सर्कलोक, नरलोक, चन्नरलोक, सुर्जलोक, पत्ताल, बैकुण्ठ, ब्रह्मलोक, शिवलोक, कैलाश, इन्नरास, पितृलोक, यमलोकजस्ता विविध लोकहरूको परिकल्पना गरिएको पाइन्छ। बैतडेली गौरापर्वका गीतहरूमा पनि उपर्युक्त लोकहरू अस्तित्वमा रहेको लोकविश्वास प्रस्तुत भएको पाइन्छ । बैतडेली गौरापर्वका गीतहरूमा प्रयुक्त विविध लोकहरूको प्रसङ्गलाई यसरी देखाउन सकिन्छ :

**(अ) स्वर्गलोक (सर्कलोक)**

बैतडेली लोकवाङ्मयमा स्वर्गलाई सर्क भन्ने गरिन्छ । यस लोकसमुदायमा आफूले बसेको पृथ्वीभन्दा माथि स्वर्गलोक रहेको लोकविश्वास रहेको छ। स्वर्गलोकमा सर्वशक्तिमान् ईश्वर, देवीदेवता, पितृ, यक्ष, गन्धर्व, किन्नर, अप्सरालगायतका अदृश्य शक्ति रहेको र यस संसारलाई यही शक्तिले चलाइरहेको लोकविश्वास रहेको पाइन्छ। स्वर्गलोकभित्र पनि ब्रह्मा, विष्णु, महेश्वर तथा अन्य देवीदेवताहरूका निवासस्थानहरू रहेको लोकविश्वास यस लोकसमुदायमा रहेको पाइन्छ । गौरापर्वको अवसरमा प्रस्तुत हुने सगुन, फाग, अठ्यावाली, धमारी, ढुस्को, डेउडालगायतका गीतहरूमा पनि स्वर्गलोकका प्रसङ्गहरू आउने गर्दछन् ।

बैतडेली लोक समुदायमा गौरापर्वको अवसरमा पञ्चमीको दिन बिरुडा भिजाउने, षष्ठीको दिन पखाल्ने, सप्तमीको दिन गौराको मूर्ति स्थापना गरी पूजा गर्ने र अष्ठमीको दिन अठ्यावालीसँगै बिरुडाले गौराको पूजा गर्ने गरिन्छ । पञ्चमीदेखि अष्ठमी र त्यसपछि गौरापर्वको विधिवत् समापन नहुन्जेलसम्म लोकसाहित्यको प्रस्तुति हुने गर्दछ। सप्तमीको दिन गौराको मूर्ति बनाइ गोऱ्याघरमा राखेर पूजा गर्दा महिलाहरूले गौरा स्वर्गलोकबाट मन्तालोक (मनुष्यलोक) मा आउने गरेको लोकविश्वास बैतडेली गौरापर्वका गीतहरूमा यसरी प्रस्तुत भएको पाइन्छ :

सर्कलोक है चलिआइन लोलीगोःरा इन्नरास उजाल
इन्नरास है चलिआइन लोलीगोःरा मन्तालोक उजाल
मन्तालोक है चलिआइन लोलीगोःरा मेर मन्दिर उजाल
मेर मन्दिर है चलिआइन लोलीगोःरा देव दुवार उजाल ।

गौरापर्वको सप्तमीका दिन गाइने यस गौरागीतमा गौरा स्वर्गलोक (देवलोक) बाट मनुष्यलोकमा आएको लोकविश्वास प्रस्तुत भएको छ । यसै गीतमा प्रयुक्त इन्नरास शब्दले इन्द्रलोकलाई जनाउने गर्दछ । बैतडेली गौरापर्वका गीतहरूको अध्ययन गर्दा स्वर्गलोक र यसभित्र पनि विभिन्न देवीदेवताहरूका छुट्टाछुट्टै इन्द्रलोक, चन्द्रलोक, सूर्यलोक, वैकुण्ठ, पितृलोकलगायतका विविध लोकहरू हुने लोकविश्वास प्रस्तुत भएको पाइन्छ ।

**(आ) मनुष्यलोक (मन्तालोक)**

हामीले बस्दै आएको पृथ्वीलाई बैतडेली लोकसाहित्यमा मन्तालोक अथवा नरलोक शब्दले चिनाएको पाइन्छ । यस समुदायमा मनुष्यलोकको उत्पत्ति र मानवलगायत विभिन्न सजीव एवम् निर्जीवहरूको उत्पत्तिका सम्बन्धमा पनि आफ्नो छुट्टै मौलिक लोकविश्वास रहेको पाइन्छ । विशेष गरी हरितालिका व्रतको अवसरमा महिलाहरूले गाउने फाग र गौरापर्वका अवसरमा पुरुषहरूले ढोलक र मिजुराका साथ गाउने ढुस्कोमा मन्तालोक र यसलोकमा मानिसहरूको उत्पत्ति महादेव (मायासर) ले गरेको प्रसङ्ग आउने गर्दछ। महादेवलाई मानवको सृष्टि गर्न मन लागेपछि क्रमशः सुन, चाँदी, तामा, फलाम आदि धातुका मूर्ति (डिकरो) बनाएर तिनमा प्राण भर्न लाग्दा सफल नभएपछि अन्त्यमा छार (खरानी) को मूर्ति (डिकरो) बनाएर त्यसमा प्राण भर्न सफल भएको प्रसङ्ग बैतडेली गौरापर्वका अवसरमा गाइने गीतहरूमा यसरी प्रस्तुत भएको पाइन्छ :

सृष्टि उब्जौन्ना महादेव
उनले बनाइछ सुना डिकरो
सुनका डिकरा हौ हउ क मन
सुनका डिकराले हउ नाइ कयो
मन्तालोक नर नाइ भयो
नर नाइभयो पजर नाइभयो ।

उपर्युक्त गीतमा मनुष्यलोकको वर्णन भएको पाइन्छ । ब्रह्माण्डमा रहेका विविध लोकमध्ये मनुष्यलोक पनि एक हो भन्ने कुरा यस गीतमा प्रस्तुत भएको पाइन्छ । त्यसैगरी गौरापर्वकै अवसरमा सप्तमीको साँझपख गाइने गौरापर्वका गीतमा पनि गौरा स्वर्गलोकबाट इन्द्रलोक हुँदै मनुष्यलोमा आएको र जुन लोकमा गौरा पुग्यो उक्त लोक प्रकाशमान् भएको प्रसङ्ग यसरी प्रस्तुत भएको पाइन्छ :

इन्नरास है चलि आइन लोली गोःरा मन्तालोक उजाल
मन्तालोक है चलिआइन लोलीगोःरा देवदुवार उजाल
देवदुवार है चलिआइन लोलीगोःरा मेरमन्दिर उजाल
मेर मन्दिर है चलिआइन लोलीगोःरा राज दुवार उजाल ।

उपर्युक्त गीतमा पनि मनुष्यलोक अस्तित्वमा रहेको लोकविश्वास प्रस्तुत भएको छ ।

**(इ) पाताललोक (पत्ताल)**

तीनलोक चौध भुवनमध्ये पाताल लोक पनि एक हो । पाताल लोकमा नागहरूको वासस्थान रहेको लोकविश्वास हिन्दु वाङ्मयमा रहेको पाइन्छ। यस पृथ्वीभन्दा तल पाताललोक रहेको लोकविश्वास पाइन्छ । बैतडेली लोकसमुदायमा पनि पाताल लोक रहेको लोकविश्वास पाइन्छ । यस क्षेत्रमा पाताल लोकलाई नराम्रो लोकका रूपमा मान्ने गरिन्छ । कसैले नराम्रो गरेमा या रिसाएमा 'पत्ताल धस्लो', 'पत्तालकि जून धेकुँलो' भन्ने गरेको पाइन्छ । बैतडेली लोकसाहित्यमा पनि पाताललोकको धेरै ठाउँमा उल्लेख गरिएको पाइन्छ । यस समुदायमा बिहान हुने बेला महिलाहरूले गाउने तथा पुरुषहरूले गौरापर्व तथा मेलाजात्राका अवसरमा गाइने भोलाउलोमा पाताललोकको प्रसङ्ग आउने गर्दछ । भोलाउलोमा बिहान हुने बेला सासु कौशल्याले बुहारीलाई जगाएर घरको कामकाजमा लाग्न अह्राउने बेला वैकुण्ठमा विष्णु कैलाशमा शिव तथा पातालमा कालीनाग जागा भइसकेका तर आफ्नी बुहारी अहिलेसम्म पनि सुतेकी भनेर वचन दिने बेलाको प्रसङ्गमा पाताललगायत वैकुण्ठ, कैलाश आदि लोक तथा भुवनहरूको प्रसङ्ग यसरी प्रस्तुत भएको पाइन्छ :

वैकुण्ठ विसनको जागो होइग्यो लछे राम हरि
कैलाश शिवजीको जागो होइग्यो लछे राम हरि
पात्ताल बिउज्या कालीनाग लछे राम हरि ।

यसरी समग्रमा भन्नुपर्दा बैतडेली गौरापर्वका गीतहरूमा आकाश, पाताल तथा मनुष्य गरी तिनओटै लोकहरूको अस्तित्वमा रहेको लोकविश्वास पाइन्छ । त्यसैगरी वैकुण्ठ, कैलाश, इन्द्रलोक, पितृलोकलगायतका स्वैरकल्पनामा आधारित लोकविश्वास बैतडेली गौरापर्वका गीतहरूमा पाइन्छन् ।

**(ख) दैवीशक्तिप्रति विश्वास**

कुनै पनि धर्ममा अदृश्य शक्तिप्रतिको विश्वास प्राचीन कालदेखि नै रहिआएको पाइन्छ । सनातन हिन्दु धर्मसम्प्रदायमा पनि ईश्वर, देवीदेवता, पितृ, कुलदेवतालगायत अप्सरा, नाग, किन्नरजस्ता देवीदेवताहरूप्रति विश्वास राख्ने गरिन्छ । बैतडेली लोकसमुदाय सनातन हिन्दु धर्मसम्प्रदायको निवास रहेको क्षेत्र हो । यस समुदायमा ईश्वरदेखि लिएर कोटी देवताका साथै स्थानीय कुलदेवता, ग्रामदेवता, मसानी, भुम्या, पिजास, वीर, बेताल, पितृलगायतका देवीदेवताहरू रहेको लोकविश्वास प्राचीन कालदेखि नै अटुट रूपमा रहिआएको छ । यस क्षेत्रको लोकसाहित्य बढीजसो पौराणिक विषयवस्तुमा आधारित रहेको छ । त्यसैगरी मौलिक लोकसाहित्यमा पनि विभिन्न देवीदेवताहरूका गाथा, सगुन, फागलगायतका विधाहरू रहेका छन् । गौरापर्व त विशेष गरेर मानसखण्ड क्षेत्रकी अधिष्ठात्रीदेवी गौरी र महेश्वरको पूजन गरेरै मनाइने भएकाले शिवगौरीका गाथालगायत अन्य देवीदेवताका गाथाहरू यस अवसरमा प्रस्तुत गर्ने गरिन्छ । ब्रह्मा, विष्णु, महेश, लक्ष्मी, सरस्वती, दुर्गा सूर्य, इन्द्र, कुवेर, नवग्रह,

पवन, वरुण आदि हिन्दुधर्ममा मान्दै आएका देवीदेताहरूप्रति यस लोकसमुदायले पनि विश्वास गर्दै आइरहेको पाइन्छ । यसबाहेक पनि यस क्षेत्रमा शिखरवासी, मसानवासी, भूमिराज, केदार, कैलपाल, पितृपिजास, दुर्गालगायतका स्थानीय देवीदेवताहरूप्रति पनि विश्वास गर्ने गरिन्छ । गौरापर्वमा आफ्ना कूलदेवताकै मन्दिरमा पूजाअर्चना हुने र स्थानीय परम्पराअनुसार पूजा हुने गर्दछ । बैतडेली गौरापर्वका गीतहरूमा थुप्रै ब्रह्मा, विष्णु, महेश, दुर्गा, इन्द्रादि देवता, पितृदेवलगायत स्थानीय देवीदेवता र तीर्थस्थलहरूका गाथा, स्तुति रहेको पाइन्छ ।

बैतडेली लोकसमुदायमा हरेक शुभकार्यको आरम्भमा महिलाहरूले सामुहिक रूपमा सगुन प्रस्तुत गर्ने प्रचलन रहेको छ । सगुनमा सरस्वती, बृहस्पति, सीता, पार्वती, ब्रह्मा, शिव, राम, गणेशलगायत विभिन्न स्थानीय देवीदेवताको नाम स्मरण यसरी गरिएको पाइन्छ :

सगुना दिउरे निका बोल
सगुन दे सरस्वती, लगन दे बिरस्पति,
शुभामङ्गल सीताइ पारवती
कसु घर सरस्वती, कसु घर पारवाती,
कसु घर सीताइ रानी हुन्नी
सर घर सरस्वती ईश्वर घर पारवती
रामुइ घर सीताइ रानी हुन्नी ।

त्यसैगरी गौरापर्वकै अवसरमा विभिन्न देवीदेवता तथा स्थानीय देवीदेवताहरूको स्तुति, गाथा प्रस्तुत गरिन्छ । गौरा भित्र्याउने बेला सूर्यको स्तुति यसरी गरिएको छ :

नाबिजु अन्तर उबज्या सुरिज, किरे सुरिज हुन्ना देव दुवार
देव दुवार धमधमकार तिरे सुरिज हुन्ना राजदुवार
दियो जगा पुतब्वारी दियो जगा पूर्व मुख दियो जगाइ दिय
कसुन देवता बोलि दियो जगु, कसुन देवता बोलि तरपियो पानी
महारुद्र देवा बोलि दियो बत्ति जगा तनुइ देउकी सेवा बोलि तरपियो पानी ।

त्यसैगरी गौरापर्वको विशेष दिन गौराष्ठमीमा महिलाहरूले बिरुडाले गौरा र महेश्वरको पूजा गर्दै अठ्यावाली गायन गरिन्छ । अठ्यावाली गाउनुअघि पनि स्थानीय देवीदेवताहरूको स्मरण यसरी गरिन्छ :

कहाँ न उबजिगया भूमिराज देवा
भूमिकुण्ड उबजिगया भूमिराज देवा
कहाँ न उबजिगया महारुद्र देवा
दुदकुण्ड उबजिगया महारुद्र देवा
कहाँ न उबजिगया निङलाशैनी माय

निङलीबाग उबजिगया निङलाशैनी माय ।

यसरी सबै स्थानीय देवीदेवताहरूलाई स्मरण गरेर महादेव र गौराको जन्म, प्रेम, विवाहलगायतका कथा भएको गाथा प्रस्तुत गरी गौरा महेश्वरको पूजा गरिन्छ । यसबाहेक गौराको अवसरमा ढोलक र मिजुराका साथ गाइने चैतहरूमा रामको चैत, कृष्णको चैत, महाभारतको चैतलगायत स्थानीय देवीदेवताहरूका गाथाहरूको गायन गरिन्छ । उदाहरणका लागि उपर्युक्त चैतको *पञ्चायन देवताको धुनी*को अंशलाई यहाँ प्रस्तुत गरिन्छ :

कहाँ उबजिगया श्रीभगवान्
वैकुण्ठ उबजिगया श्रीभगवान्
कहाँ उबजिगया चन्द्रसुरिज
पूर्व उबजिगया चन्द्रसुरिज
कहाँ उबजिगया श्री भूमिराज देवा
भूमि उबजिगया भूमिराज देवा
कहाँ उबजिगया श्री महादेव
विणिमा उबजिगया श्रीमहादेव
कहाँ उबजिगया वेदुवा बामुन
काशीमा उबजिगया वेदुवा बामन
कहाँ उबजिगया कैलुकाइलु गाई
कैलाश उजबजिगया कैलुकाइलु गाई
कहाँ उबजिगया तेत्तिसकोटी देवा
इन्नरास उबजिगया तेत्तिसकोटी देवा ।

उदाहरणका लागि उपर्युक्त चैतको *रामको चैतको अंश* लाई यहाँ प्रस्तुत गरिन्छ :

भूमिमाय धुडधुड रोइन
निसिगैन ब्रह्माका घरी
ब्रह्मा बोलन लाग्या
तमभूमि केउ काम आइछौ
रावण्या बडो पापी राजा
जपतप गरिहाल्यो बन्द....... ।

उदाहरणका लागि उपर्युक्त चैतको *महाभारतको गाथा*को अंशलाई यहाँ प्रस्तुत गरिन्छ :

सब रानी गङ्गानान गैन
कुन्धा रानी गङ्गा नान गैन
सप रानी दियडा बालन्नी
सपका दियडा बलिग्यान

कुन्धाको दियाडो निमी गैछ
कुन्धा रानी धुरुधुरु रोइन
रुनारुना सपना भइछ ......।

स्थानीय देवीदेवताको चैतमा लोकविश्वासको प्रस्तुति यसरी भएको छ :

कहाँ उबजिगयो अठौती मल्ल
देश उबजिगयो अठौती मल्ल
अठौती मल्लले गुमान लियो
पहाड आउनाको मनसोभा लियो ........ ।

यसरी समग्रमा भन्नुपर्दा बैतडेली गौरापर्वका गीतहरूका दैवीशक्तिप्रतिको विश्वास अटुट रूपमा देखिन्छ। हिन्दु धर्मसमुदायले मान्दै आएका ब्रह्मा, विष्णु, महेश, सरस्वती, लक्ष्मी, पार्वती, त्यसैगरी राम, कृष्णलगायतका अवतार, इन्द्रादिदेवता, गाई, ब्राह्मण, वेद, अग्नि, जल, भूमि, नाग, किन्नरलगायत विभिन्न तीर्थस्थल, स्थानीय देवीदेवताप्रतिको लोकविश्वास गौरापर्वका गीतहरूमा प्रस्तुत भएको पाइन्छ।

**(ग) अर्द्धदैविक शक्तिप्रति विश्वास**

जहाँ देवता छन् त्यहाँ आसुरी शक्ति पनि रहन्छन् भन्ने मान्यतामाथि विश्वास गर्ने बैतडेली समुदायमा अर्द्धदैविक शक्तिप्रति पनि विश्वास गरिन्छ। विशेष गरी अगति परेर मरेका अतृप्त आत्मालाई पिजासका रूपमा पुज्ने प्रचलन यस समुदायमा रहेको पाइन्छ। त्यसैगरी मसानी, भूत, राक्षस, ख्याक, लाखे, भयाम्नी, बोक्सी, बोक्सो आदिलाई पनि स्थानीय परम्पराअनुसार उनीहरूको भाग दिने प्रचलन यस समुदायमा रहेको छ। बैतडेली गौरापर्वका गीतहरूमा पनि यस्ता शक्तिहरूको वर्णन गरिएको पाइन्छ।

गौरापर्वका अवसरमा गाइने स्थानीय देवीदेवताहरूका गाथाहरूमा देवीदेवताहरूले राक्षसहरूसँग युद्ध गरेका कथा पाइन्छन्। विभिन्न देवीदेवताहरूका वीर (दानौं) लगायत अन्य पिजास देवताहरूको प्रसङ्ग गौरापर्वका गीतहरूमा आउने गर्दछन्। बैतडी जिल्लामा स्थानीय देवीदेवताहरूका गाहरूमध्ये अठौती मल्लसँग स्थानीय देवीदेवताहरूको युद्धको गाथा विशेष महत्त्वका साथ प्रस्तुत गर्ने गरिन्छ। अठौती मल्ल र उसका सेनापतीलाई खोपऱ्या दैत्यका नामले चिन्ने गरिन्छ। अठौती मल्ल स्थानीय देवीदेवताहरूसँग युद्ध गर्न बैतडी मलास तथा खाँपरक्षेत्रबाट आएको र थुप्रै देवीदेवताहरूसँग लडाइ गरेर विभिन्न किसमको दुःख दिएको, भण्डार तथा चिनाबानाहरू लुटेको र बैतडी जिल्लामा पुग्दा यस क्षेत्रका देवीदेवताहरूले मिलेर अठौती मल्ल र खोपऱ्यासँग युद्ध गरी स्थानीय देवीदेवताहरूका वीर सैपाल, सुरपाल देवताहरूले मारेको कथा प्रसङ्ग बैतडेली गौरागीतमा यसरी आउने गर्दछ :

ससालिङ्ग देवताखाइँ काँकलकी सार
सिउनाथ देवताखाइ काँकल फिरायो

लडिजुज आयो हो पिठी आडो देन
पिठी आडो हमी दिउँला फरी तमी रोक
हल्दुका दानौले पौचुलो ताई........
मालका भरोडाले पैचोलो ताइ
सैपाल सुरपाल पैचोलो ताइ
खेड्यामेड्या कटकको काँ होलो ठाउँ
खेड्यामेड्या कटकको झौलेक ठाउँ
झौलेक थली हो ठोकिया दमउ
माऱ्यो मेधनी मल्ल खेद्यो कुमउ ।

उपर्युक्त गीतका प्रसङ्गमा देवीदेवताका वीर दानौँ, वीर सैपाल, सुरपाल अर्द्धदैविक शक्तिका रूपमा देवताका गणका रूपमा आएका छन् भने अठौती र खोपऱ्या आसुरी शक्तिका रूपमा देखिएका छन् । यसबाहेक पनि यस क्षेत्रमा विभिन्न गीत, स्तुति गाथा र वीर गाथाहरूमा उदयदेवलगायत अन्य पितृपिजास देवताहरूका गाथा आउने गर्दछन् । यसरी समग्रमा भन्नुपर्दा बैतडेली गौरागीतमा अर्द्धदैविक शक्तिका रूपमा देवीदेवताका गण तथा आसुरी शक्तिका रूपमा विभिन्न अठौती खोपऱ्यालगायत विभिन्न दानव रहेको लोकविश्वास प्रस्तुत भएको पाइन्छ ।

**(घ) अतृप्त आत्मासम्बन्धी विश्वास**

सनातन हिन्दु सम्प्रदायमा मानिसले यस लोकमा गरेका कर्म र मृत्युको घटनाअनुसार गति अगति पाउने भन्ने विश्वास गरिन्छ । बालककालमा मरेका, विभिन्न दुर्घटनामा मरेका, कम उमेरमा मरेका, व्रतबन्ध नगरेका र मर्ने बेला घरपरिवारको सुर्ता राखेमा उक्त व्यक्ति प्रेत योनीमा रहने विश्वास गरिन्छ । यस समुदायमा पनि बहुसङ्ख्यक हिन्दुहरूको वासस्थान भएकाले अतृप्त आत्मासम्बन्धी विश्वास गरिन्छ । यसरी अगतिमा परेका व्यक्तिहरू अगति पर्ने र पछि पिजास आदिका रूपमा काम्ने गर्दछन् । तिनीहरूको उद्धारका लागि विभिन्न तीर्थव्रत गर्ने, नारायणवली गर्ने, सप्ताह आदि यज्ञ लगाउने गरिन्छ । यस्तै लोकरीतिअनुसार यस क्षेत्रमा पाइने गाथाहरूमा पनि उक्त संस्कृति र घटनासँग सम्बन्धित गाथा गाउने गरिन्छ । उदाहरणका लागि यस क्षेत्रमा गौरापर्वका अवसरमा गाइने महाभारत पुराणमा आधारित लोकगाथाहरूमा पाण्डव र कौरव पितृको उद्धारका लागि गयाँ तीर्थ गएका र त्यहाँ गएर पिण्डदान गर्दा पाण्डवको पिण्ड पितृले आएर ग्रहण गरेको र कौरवले दिएको पिण्ड विभिन्न जनावर आएर खाइदिएको र उक्त पशुलाई कौरवले रिसाएर हतियारले काटिदिँदा पितृहरू काटिएको र उनीहरूको उद्धार नहुँदा प्रेतयोनीमै रहेको र उनीहरूको उद्धार नभएको भन्ने लोकविश्वास यसरी प्रस्तुत भएको पाइन्छ :

अर्जुन पिण्ण बाटन्ना
इन्द्रले बाहुली छोडी

पूजा गरी पिण्ण सेलाइछ
दुसासन पिण्ण बाटन्ना
सउनले पुछड हल्काइछ
तैकी मथेडी दिछ काटी......
पाण्डव पितर तारी आया
कोरौ पितर काटी आया....।

यसरी बैतडेली गौरापर्वका गीतहरूमा पनि आंशिक रूपमा अतृप्त आत्मासम्बन्धी लोकविश्वास प्रस्तुत भएको पाइन्छ ।

**(ङ) धार्मिक व्यक्तित्वप्रति विश्वास**

हिन्दु सम्प्रदायमा धार्मिक व्यक्तित्व तथा देवदूतप्रति विश्वास गर्ने गरिन्छ । धर्मराज, यमराज, भावी आदिप्रति विश्वास गरिन्छ । तिनै शक्तिले हाम्रा कर्मका आधारमा अर्को लोकमा कस्तो जीवन दिने, भावीले भाग्य लेख्ने कुरामा विश्वास गर्ने गरेको पाइन्छ । यसैगरी देवीदेवताको पूजा आराधना गर्ने पण्डित, भणऱ्या, मुखिया, धामी, झाँक्री आदिलाई धार्मिक व्यक्तित्वका रूपमा सम्मान गर्ने गरिन्छ । यसै आधारमा यस क्षेत्रमा विभिन्न देवीदेवताका धामी हुने र उनको बोलीलाई देवबोलीका रूपमा मान्ने गरिन्छ। यसै संस्कृतिअनुरूप यसक्षेत्रमा विभिन्न गाथाहरूमा पनि यस किसिमको लोकविश्वास मान्दै आएको पाइन्छ । बैतडेली गौरापर्वका गीतहरूमा पनि धार्मिक व्यक्तित्वप्रतिको लोकविश्वास यसरी प्रस्तुत भएको पाइन्छ :

देवता बिचली गया धामी समाइ ल्यास
अठौती मल्लखाइ लुवाकी साँडी
तमाखै त भरिलो ईश्वरैको धामी

उपर्युक्त अठौती मल्लसँग स्थानीय देवीदेवताको युद्ध हुँदा देवीदेवताका धामीलाई आसुरी शक्तिले दुःख दिएकोमा सहानुभूति प्रकट गरिएको पाइन्छ। यस गीतमा देवताको धामी एक धार्मिक व्यक्तित्व भएको र उसलाई अठौती मल्लले तमाखु खान चिलमो तयार पार्न लगाएर अपमान गरेको प्रसङ्ग आएको छ। त्यसैगरी भावीले लेख्यो टल्लैन भन्ने गीत विभिन्न गाथागीत तथा डेउडागीतमा आउने गर्दछ । यसरी बैतडेली गौरापर्वका गीतहरूमा भाग्यविधाता तथा धार्मिक व्यक्तित्वहरू देवतासमान हुने लोकविश्वास प्रस्तुत भएको पाइन्छ ।

**(च) जातीय संस्कारप्रति विश्वास**

कुनै पनि अशुद्ध वस्तुलाई निश्चित विधिद्वारा शुद्ध गर्नुलाई संस्कार भनिन्छ । हिन्दु सनातन धर्ममा षोडस संस्कारहरूलाई प्रमुखताका साथ मान्ने गरिन्छ। विभिन्न जातजाति र क्षेत्रअनुसार जन्मदेखि मृत्युपर्यन्तका संस्कार आआफ्नै किसिमले सम्पन्न गरिन्छन् । बैतडेली लोकसमुदायमा पनि दलित जातिले छुँदा छिटो हाल्ने, नातक सुतक आदि जुठो बार्ने, रजस्वला हुँदा चोख्याउने, गोमुत्र, गङ्गाजल, सुनपानी, तुलसीपानी आदिले पवित्र पार्ने तथा विभिन्न

संस्कारहरूले पवित्र पार्ने काम गरिन्छ । जन्म हुँदा नामकरण संस्कार गर्ने, मृत्युको दोष सकिएपछि तीर्थव्रत गरेर गङ्गास्नान गरी पवित्र गर्ने जस्ता संस्कार यस क्षेत्रमा पनि प्रचलनमा रहेका छन् । बैतडेली गौरापर्वका गीतमा पनि यस्ता थुप्रै संस्कार गर्ने, संस्कारहरूद्वारा पवित्र पार्ने थुप्रै प्रसङ्ग आउने गर्दछन् । पौराणिक गाथाहरूमा पुराण प्रसिद्ध पात्रहरूको न्वारन तथा मृत्युसंस्कार, रजस्वला शुद्धिका लागि स्थान, पञ्चगव्य आदिका कुरा आउने गर्दछन् :

गौरापर्वका गीतकी प्रमुख नायिका लोली गौराको जन्म हुँदा गाइने अठ्यावाली गीतमा गौराकी आमा मैनावती रजस्वला हुँदा स्नानशुद्धि गरी गोमुत्र ग्रहण गरी शुद्ध भएको प्रसङ्ग अठ्यावाली गीतमा यसरी प्रस्तुत भएको पाइन्छ :

चौथा दिन मइनावती गङ्गा तट गैन
गङ्गा तट गैन रानी लुकुडी सुजायो
लुकुडी सुजायो रानी आङमुख धोइन
आङमुख धोयो रानी सनान सनायो
कैलु गाईको गउत रानी शिरैमथि ढाल्यो
मैनावती रानी त आङैशुद्धि भइन ।

त्यसैगरी आसुरी शक्तिसँग युद्ध गरेर उसलाई मार्दा भूमि अशुद्ध भएको, रगत छोइएको आदि शुद्धताका लागि स्थानीय देवीदेवताहरू तीर्थ गएर स्नान गरेको प्रसङ्ग अठौती मल्लको गाथामा यसरी आउने गर्दछ :

खोपऱ्याकी छउ भइ नान चल्या
निङलाशैनी माय नान चल्या
महारुद्र देवा नान चल्या ।

यसरी बैतडेली गौरापर्वका गीतमा विभिन्न संस्कारप्रति विश्वास गर्ने, संस्कारले मानिस तथा देवताको शुद्धि हुने लोकविश्वास रहेको पाइन्छ ।

**(छ) पापपुण्यप्रति विश्वास**

हरेक धर्मसंस्कृतिमा राम्रा काम गरे पुण्य र नराम्रा काम गरे पाप लाग्ने लोकविश्वास रहेको पाइन्छ । हिन्दु धर्मसम्प्रदायमा पनि पापपुण्यमा विश्वास गर्नुका साथै राम्रा काम गर्ने धर्मको प्रभावले स्वर्गलोकमा वास हुने र नराम्रा काम गरे पापको प्रभावले यमलोकमा वास हुने विश्वास गरिन्छ । यसरी पापपुण्यमा विश्वास गर्ने यस समुदायमा विभिन्न अवसरमा प्रस्तुत हुने लोकसाहित्यमा पनि यस किसिमको लोकविश्वास प्रशस्त मात्रामा गरिएको पाइन्छ । अरूको धनमाल हडप्नु, विनाकारण कसैलाई दुःख दिनु, अर्काकी स्त्रीको हरण गर्नु, हत्या गर्नु लगायतका कुरालाई पाप मान्ने गरिन्छ । बैतडेली गौरापर्वका गीतमा पनि यस्ता लोकविश्वास प्रशस्त पाइन्छन् । कुन्तीले धर्मकर्म गरेको हुनाले युधिष्टिरजस्ता धर्मराजलगायत प्रतापी पुत्रहरू प्राप्त गरेको र कौरवपक्षकी मैदाले छल गरेर पुत्रको वरदान मागेकाले दुशासनजस्ता कुपुत्र जन्मेको र सबैको मृत्यु भएको, रामायणमा रावणले अर्काकी श्रीमती हरण गरेको पापले लङ्काको विनाश भएको आदि विभिन्न गीत प्रस्तुत हुने गरेको पाइन्छ। बैतडेली गौरापर्वका

गीतअन्तर्गत रावण आफ्नो शक्ति र मदमा मस्त भई ऋषिमुनीहरूलाई सताउने, डराउने, हप्काउने जस्ता पाप कर्म गर्न थालेपछि रावणको पापले भूमिमा भार बढेपछि भूमि रोएर ब्रह्मासँग गएर मुक्तिको उपाय सोध्न गएको प्रसङ्गमा रावणलाई पापी राजाको नामले यसरी सङ्केत गरेको पाइन्छ :

भूमिमाय धुडधुड राइन
निसिगैन ब्रह्माकी घरी
ब्रह्मा बोलन लागि ग्यान
ब्रह्मा बोलन लागि ग्यान
तम भूमि केउ काम आइछौ
रावण्या बडो पापी राजा
जपतप गरिहाल्यो बन्द ।

यसरी रावणले यज्ञ बन्द गर्नु, जपतप बन्द गर्नु, देवताहरूलाई लखेट्नु जस्ता काम पापकर्म भएको भन्ने कुराले धर्म पापप्रतिको लोकविश्वास प्रस्तुत भएको पाइन्छ ।

**(ज) यज्ञ, दान, व्रत र पर्वसम्बन्धी विश्वास**

सनातन हिन्दु धर्मसम्प्रदायमा जप, तप, दान, व्रत आदि कर्मलाई श्रेष्ठ मानिएको र यस्ता कर्मले यस लोकमा मात्र नभई परलोकमा पनि मनुष्यलाई पुण्य प्राप्त हुन्छ भन्ने लोकविश्वास पाइन्छ । यही लोकविश्वास अनुरूप विभिन्न किसिमका यज्ञ, दान, जपतप, अनुष्ठान आदि गर्ने गरेको पाइन्छ । गौरापर्व आफैमा एक व्रत हो । विशेष गरी पति, पुत्र र परिवारजनलगायत लोक कल्याणका लागि गौरापर्वको व्रत गर्ने गरिन्छ । गौरापर्वको व्रत पुत्रदा एकादशी, बिकडा पञ्चमी, षष्ठी, सप्तमी र गौराष्ठमीको व्रत बसी पूजाआराधना गर्ने गरिन्छ । बैतडेली गौरापर्वका गीतमा पनि यस किसिमको लोकविश्वास प्रस्तुत भएका थुप्रै प्रसङ्ग पाइन्छन् । गौराले भाद्र महिनाको गौराष्ठमीको व्रत लिनका लागि पञ्चबिरुडी आदि आवश्वक सामग्री जुटाइदिन महेश्वरलाई आग्रह गरेको प्रसङ्ग बिरुडा भिगाउने बेलाको फागमा यसरी आउने गर्दछ :

भदो रे मास बिरुडा पञ्चमीको बरत लिया मुइले
भान भान मायासर गुसाया हो कलौ बिरुडी खोजी ल्यास ।

गौरापर्वकै अवसरमा ढोलक र मिजुराका साथ प्रस्तुत गरिने गीतमा कुन्तीले पुत्र प्राप्तिका लागि तप गरेको, ऋषिहरूलाई भोज गराएको, पाण्डवहरूले वनवासमा छँदा ऋषिभोज गराएको, राजा दशरथले पुत्र प्राप्तिका लागि पुत्रकाष्ठी यज्ञ गराएको, रामले लङ्का प्रस्थान गर्नुअघि रामेश्वरको स्थापना गरेको आदि थुप्रै प्रसङ्गमा यस किसिमको लोकविश्वास प्रस्तुत भएका गीत पाइन्छन् ।

**(झ) वेद, पुराण, धर्मशास्त्र र व्रतकथासम्बन्धी विश्वास**

हरेक लोकसमाजमा आआफ्नै प्रकारका धर्महरूप्रति विश्वास गरिन्छ । सनातन हिन्दु सम्प्रदायमा वेद, पुराण र धर्मशास्त्र तथा कथा प्रवचन सुनेर ज्ञान लिने र पुण्य प्राप्त हुने लोकविश्वास गरिन्छ । बैतडेली समुदायमा पनि सत्यनारायण कथा, भागवत, गीता, रामायण दुर्गासप्तसती, वेद, रुद्री, गीता आदि ग्रन्थलाई पवित्र ग्रन्थका रूपमा मान्ने र त्यसैअनुसार पाठ गर्ने गराउने गरिन्छ । बैतडेली गौरापर्वका गीतमा पनि विभिन्न ऋषिमुनीले विविध अवसरमा पाठ, प्रवचन गरेका प्रसङ्ग आउने गर्दछन् । गौरापर्वका अवसरमा प्रस्तुत हुने लोकमहाभारतको गाथागीतमा पनि कृष्णको न्वारनमा विभिन्न विद्वानले विभिन्न पाठ गरेको प्रसङ्ग आउने गर्दछन् । त्यसैगरी लोकरामायणमा रामजन्म र विवाहमा पनि वेद पढेको प्रसङ्ग आउने गर्दछ । बैतडेली गौरापर्वका गीतमा विशेष गरी रामायण र पुराणमा आधारित गाथाको प्रस्तुति आफैमा पुराणप्रतिको विश्वास झल्काउँछ । डोट्याली लोकमहाभारतमा सहदेवले वेद पढ्ने कुरा यसरी आउने गर्दछ :

कइका पुत सहदेव
ब्रह्माका पुत सहदेव
केउकाज चाइन्ना सहदेव
वेद पडन्ना सहदेव ।

यसरी समग्रमा भन्नुपर्दा गौरापर्वमा गाइने लोकगाथा शिवपुराणमा आधारित छ भने गौरापर्वको अवसरमा गाइने लोकरामायण र लोकमहाभारतका गाथा आफैमा पौराणिक गाथा हुन् । यसरी वेदपुराणप्रतिको लोकविश्वास बैतडेली गौरापर्वका गीतमा पाइन्छ ।

**(ञ) तीर्थयात्रासम्बन्धी लोकविश्वास**

सनातन हिन्दु धर्मसम्प्रदायमा तीर्थयात्रालाई पुण्य कर्मका रूपमा लिने गरिन्छ । बैतडेली लोकसमुदायमा देवीदेवतालाई प्रसन्न पार्न, पितृहरूलाई प्रसन्न पार्न तथा विभिन्न संस्कार शुद्धिका लागि एवम् पाप पखाल्नका लागि तीर्थयात्रा उत्तम हुने लोकविश्वास रहेको पाइन्छ । बैतडेली गौरापर्वका गीतमा पनि तीर्थयात्राका थुप्रै प्रसङ्ग आउने गर्दछन् । हरिद्वार, पुष्कर, गयाँ, गङ्गोत्री, यमुनोत्रीलगायत स्थानीय तीर्थको वर्णन गौरापर्वका गीतमा प्रस्तुत हुने गर्दछन् । बैतडेली गौरापर्वका अवसरमा गाइने गौरागीतमा पाण्डवले पितृको उद्धारका लागि गयाँमा पिण्डदान गरेको, स्थानीय देवीदेवताले अठौती मल्ल र खोपऱ्या मारेपछि प्रायश्चित्त गर्न र शुद्धि गर्नका लागि तीर्थयात्रा गरेको लगायतका थुप्रै प्रसङ्ग यसरी आउने गर्दछन् :

दुशासन बुद्धि खटुन्छ
तमहम नाइभ्यो विचार
तमहम गयाँ निसिझानु
तमहम हुन्छ विचार
पाणौले साइतो सारी हाल्यो
पुजिहाल्यो पञ्चदेवता
बामन भोज खोएइछ

पिण्ण सामग्री समाइछ

पाणौ बटुली लागिग्यान ।

यसरी बैतडेली गौरापर्वका गीतहरूमा पनि तीर्थयात्रासम्बन्धी लोकविश्वास प्रस्तुत भएको पाइन्छ ।

**(ट) जातीय प्रथासम्बन्धी लोकविश्वास**

हरेक धर्मसम्प्रदाय र जातजातिमा आफ्नै प्रकारका प्रथा रहेको पाइन्छ । तिनै प्रथाअनुसार सामाजिक एवम् संस्कृतिक संस्कार हुने गर्दछन् । केही प्रथा समाजका लागि राम्रा छन् भने केही प्रथाहरू अहिलेको समाजका लागि अपाच्य छन् । छाउपडी, दाइजो, बलि, देउकी, झुमालगायतका केही प्रथा समाजका लागि हानीकारक छन् । लोकसमाजमा तत्कालीन समयका लागि केही प्रथा राम्राजस्ता लागे पनि कालान्तरमा तिनीहरूको समाजमा नराम्रो प्रभाव परेको देखिन्छ । यस्ता प्रथा बैतडेली समाजमा पनि थुप्रै रहेका छन् । तिनै प्रथा हाम्रो संस्कार र संस्कृतिसँग पनि जोडिएका पाइन्छन् । तिनै प्रथा लोकसाहित्यमा पनि आउने गर्दछन् । बैतडेली गौरापर्वका गीतमा पनि रजस्वला हुँदा बारेको, कन्यादानमा दाइजो लिनेदिने गरेका प्रसङ्ग आउने गर्दछन् । गौरापर्वका गीतमा गौराले बिरुडा भिगाउनका लागि तामाको ताउली दाइजो मागेको, विवाहमा दाइजो दिएको, त्यसैगरी अन्य गाथामा पनि दाइजोलगायत रजस्वला बारेका प्रसङ्ग यसरी आउने गर्दछन् :

झान बाबा दामोदर लोली माइत ल्यान

लोली माइत लेइबरे के रे दाइजो दिउँला

नाककी नथिया जिया लोली दाइजो दिउँला

कानका गलिउ जिया लोली दाइजो दिउँला ।

त्यसैगरी गौराकी आमाले रजस्वला हुँदा चार दिनसम्म बारेको र पाँचौ दिन स्नान गरेर शुद्धि भएको प्रसङ्गले रजस्वला बार्ने प्रथा र गौराकै अवसरमा स्थानीय देवता निङ्लाशैनीमा गाइने गीतमा धामीप्रथा र देउकी प्रथाका प्रसङ्ग यसरी आउने गर्दछन् :

को रे रुजालो फूल रे पाती को रे भरलो पानी

जोगी टिपलो फूल रे पाती देवकी भरन्नी पानी

को रे लिपलो को रे घसलो को रे होलो धामी

रौतु लिपलो रौतु घसलो नाइकइ होलो धामी ।

यसरी गौरापर्वका गीतको अध्ययन गर्दा छाउपडी, देउकी, धामीझाँक्री प्रथाप्रतिको लोकविश्वास रहेको पाइन्छ ।

**(ठ) पुनर्जन्म र पुनर्जीवनसम्बन्धी लोकविश्वास**

हरेक धर्मसम्प्रदायमा जन्म, मृत्यु आदिसम्बन्धी आआफ्नै किसिमका लोकविश्वासहरू पाइन्छन् । हिन्दु धर्मसम्प्रदायमा मानिसको जन्म र मृत्यु विधाताको हातमा हुने र मानिसले

गरेका कर्मका आधारमा कुन योनी, कुन जाति तथा कस्तो परिवारमा जन्म लिने र त्यसको फल कस्तो मिल्ने जस्ता लोकविश्वास हुने गर्दछन् । मान्छेले गरेका कर्मका आधारमा अर्को जुनी मिल्ने र यस जन्ममा पनि पूर्वजन्मको कर्मअनुसारको फल भोग्नुपर्ने विश्वास लिइन्छ । बैतडेली लोकसमुदायमा पनि पुनर्जन्मसम्बन्धी आफ्नै किसिमको लोकविश्वास रहेको पाइन्छ । तिनै लोकविश्वास यस क्षेत्रमा पाइने लोकसाहित्यमा पनि पाइन्छन् । बैतडेली गौरापर्वका गीतमा पनि यस्ता किसिमका लोकविश्वास प्रशस्त रहेका छन् । गौरा स्वयम् पूर्वजन्ममा दक्षप्रजापतिको घरमा सतिदेवीका नामले जन्मेर भगवान् शिवसँग विवाह गरेको र दक्षको यज्ञमा देहत्याग गरेपछि हिमालयको घरमा गौरा जन्मेको लोकविश्वास गरिन्छ । बैतडेली गौरापर्वका अवसरमा गाइने डेउडागीतमा जन्म र पुनर्जन्मसम्बन्धी लोकविश्वास यसरी प्रस्तुत भएको पाइन्छ :

वसन्त फुलेका फूल बर्खामा फाक्कान
उइ जन्म गरेका कर्म एइ जन्म लाग्गान ।

उपर्युक्त गीतमा जसरी वसन्तमा फूल फूलेपछि वर्षाऋतुमा आएर फल लाग्ने र पाक्ने गर्दछन् त्यसैगरी एउटा जन्ममा गरेका कर्मको फल अर्को जन्ममा भोग्नुपर्छ भन्ने अभिव्यक्त आशयबाट जन्म तथा पुनर्जन्मसम्बन्धी लोकविश्वास प्रस्तुत भएको पाइन्छ ।

## ४.३ जादु, टुनामुना तथा योगसम्बन्धी लोकविश्वास

मानिसले विभिन्न खोज अनुसन्धानबाट नयाँनयाँ ज्ञानसीप आर्जन गर्दै आइरहेको पाइन्छ । यस्तै खोज अनुसन्धान गर्ने क्रममा विभिन्न किसिमका चमत्कार पनि गर्दै आइरहेको छ । जसमध्ये साधना, जादुटुना, योगध्यान आदि पनि पर्छन् । जादु, टुना आदिद्वारा विभिन्न किसिमका रोग निको पार्ने, कौतुक देखाउने आदि कार्य गर्दै आइरहेको पाइन्छ । बैतडेली समाजमा पनि झारफुक, जादुटुना, योगध्यान धेरै पहिलेदेखि नै प्रचलनमा रहेको पाइन्छ । यसको प्रभाव लोकसाहित्यमा पनि परेको देखिन्छ । बैतडेली गौरापर्वका गीतमा पनि यस्ता जादुटुना, योगध्यान आदिका प्रसङ्ग प्रशस्त मात्रामा पाइन्छन् । योगी तथा ऋषिमुनीहरू ध्यानमा बसेका, जुवा आदि खेल खेल्दा विभिन्न किसिमका जादुटुना गरेका प्रसङ्ग बैतडेली गौरापर्वका गीतमा यसरी प्रस्तुत भएको पाइन्छ :

दुशासन बुद्धि खटुन्छ
तमहम जुवा खेलिहाल्लु
दुशासन बोलन लाग्या
भीमसेन भौल्या हमरा
तम भौल्या पानी भरिल्यास
भीमसेन पानीनावा गया
बसिगया जितार कोठा
राखिहाल्या कपटका पासा ।

यसरी गौरापर्वमा खेलिने ढुस्कोगीतमा पाण्डव र अर्जुनबीच पासाखेल चल्दा जादुटुना गरेका पासा बदल्नका लागि दुशासनले भीमसेनलाई पानी भर्न लगाई एक्लो मौका छोपी तन्त्रमन्त्र सिद्धि गरेका पासा बदलेर पाण्डवलाई जुवामा हराएको प्रसङ्ग आउने गर्दछ । यसरी बैतडेली गौरापर्वका गीतमा जादुटुना तथा योगध्यानसँग सम्बन्धित लोकविश्वास रहेको पाइन्छ ।

**(क) रूपान्तरणसम्बन्धी लोकविश्वास**

जादु र इन्द्रजाललाई प्राचीन कालदेखि नै शक्तिशाली साधनाका रूपमा चिन्ने गरिन्छ । इन्द्रजाल तथा जादुटुनाद्वारा भेष बदल्ने, आकृति बदल्ने जस्ता कार्य गर्दै आइरहेको पाइन्छ । यसबाट ज्ञान प्राप्त व्यक्तिले एक मानिसलाई अर्को मानिसमा, पशुलाई मानिसमा, मानिसलाई वस्तुमा, एक वस्तुलाई विविध वस्तुमा रूपान्तरण गर्न सक्छ । बैतडेली समाजमा पनि पुरानो पुस्ताका मानिसहरूले यस्ता थुप्रै कौतुक तथा चमत्कार गरेको किंवदन्ती सुन्नमा आउँछन् । यसको प्रभाव लोकसाहित्यमा पनि परेको पाइन्छ । रामायणमा आधारित गौरापर्वमा गाइने ठाडोखेलमा सीताले सुनको चामत्कारिक मृग देखेको प्रसङ्ग आउने गर्दछ । मरिचले आफ्नो भेष बदलेर मृगको रूप लिएर सीतालाई मोहित पार्न खोजेको र सीताले पानी भर्न जाँदा विचित्रको मृग देखेको प्रसङ्ग भोलाउलोमा यसरी आउने गर्दछ :

नाइधोइ सुरिज जवाऱ्यो
सीतारानी मृग धेकन्छी
मृग धेक्यो अन्नी प्रकारको
सुनाले बाद्याका दन्त थ्या
रूपाले बादेकी पिठ थिई
सुनाले बादेका सिङ्ङ थ्या ।

यसरी बैतडेली गौरापर्वका गीतहरूमा कतैकतै पौराणिक साहित्यका कथावस्तुमा आधारित भएकाले रामायण, महाभारत, शिवपुराण आदिमा विभिन्न देवीदेवता तथा राक्षसले भेष बदल्ने गरेका प्रसङ्ग आउने गर्दछन् ।

**(ख) जादुका वस्तुसम्बन्धी लोकविश्वास**

जादुटुना तथा इन्द्रजालका लागि विभिन्न वस्तुहरूको उपयोग गरिन्छ । मान्छेको खप्पर, मसानको कोइला, चमर, विभिन्न वनस्पती आदि जादुका वस्तु शक्तिशाली हुन्छन् । यिनमा अतिरिक्त शक्ति हुन्छ भन्ने विश्वास पाइन्छ । मानिसले गर्न नसकेको कामहरू पनि यस्ता वस्तुले गर्न सक्छन् भन्ने विश्वास रहेको छ । बैतडेली समाजले पनि यस्ता सामग्रीको उपयोग गर्दै आएको पाइन्छ । लोकसाहित्य समाजकै प्रतिबिम्ब भएकाले यसमा पनि उक्त सामग्रीको प्रयोगका प्रसङ्ग आउने गर्दछन् । बैतडेली गौरापर्वका गीतमा बभुती, चमर, गुर्जो, रुद्राक्ष, झिजराइन, तमाखुको पात, डासी ढुङ्गा निङालो आदि वस्तुको प्रयोग प्रसङ्ग यसरी आउन गर्दछ :

पैरिहाल्या बभुतीका गोला

ओडीहाली बघम्बर छाला

हात समाइछ तिमुरकी सोट्टा

रावण्या बटुली लाग्यो ।

यसरी बैतडेली गौरापर्वका गीतहरूमा पनि जादुका वस्तु बभुती, चमर, गुर्जो, रुद्राक्ष, भ्फिजराइन, तमाखुको पात, डाँसी ढुङ्गासम्बन्धी लोकविश्वास प्रस्तुत भएको पाइन्छ ।

**(ग) मोहनी, वशीकरण, मारण र टुनामुना आदिसँग सम्बन्धित लोकविश्वास**

बैतडेली गौरापर्वका गीतहरूमा पनि विभिन्न देव तथा आसुरी शक्तिहरूले विभिन्न किसिमका मोहिनी अस्त्र चलाएका, आकाशमार्गमा उडेका प्रसङ्गहरू आउने गर्दछन् । बैतडेली गौरापर्वका गीतमा मोहनीसम्बन्धी लोकविश्वास यसरी प्रस्तुत भएको पाइन्छ :

हनमन्तका पुछडीमा घिउतेल लाइछ

हनमन्तका पुछडीमा आगो लगाइछ

हनमन्त आकाश उड्या

लङ्काको पोली खाक गऱ्यो

गङ्गा किनार भ्काइ पुछड निमायो ।

यसरी गौरापर्वको अवसरमा आउने ढुस्कोमा रामले मोहिनी अस्त्र चलाएको, हनुमान उडेर लङ्का गएका आदि प्रसङ्ग आउने गर्दछन् ।

**(घ) तन्त्रमन्त्र र भ्कारफुकसम्बन्धी लोकविश्वास**

तन्त्रमन्त्र तथा टुनामुना इन्द्रजालकै एक रूप हो भने भ्कारफुक रोगीलाई निको पार्ने एक प्रकारको लोकचिकित्सा हो । बैतडेली समाजमा अभ्कै पनि भ्कारफुकबाट प्यारालाइसिस, ज्वरो, जुका परेको, अजीर्ण भएको, तालु परेको आदि विभिन्न रोग निको पार्ने गर्दछन् । हिन्दुधर्म सम्प्रदायमा गरुडलाई तन्त्रमन्त्रका देवताका रूपमा लिने गरिन्छ । विभिन्न रोगमा गरुडको प्वाँखले भ्कार्ने तथा उनको नाम विभिन्न मन्त्रहरूमा समेत उच्चारण गर्ने गरिन्छ । बैतडेली गौरापर्वको अवसरमा खेलिने खेलमा रामलक्ष्मणलाई नागपासमा बाँधेर अचेत अवस्थामा पुऱ्याउँदा गरुडले मन्त्र गरेर नागपास काटेको प्रसङ्ग यसरी आउने गर्दछ ।

मेघनाथ नागपास हाण

रामजी अचेत पड्या

लछेमन अचेत पड्या

हनुमन्त गरुड बोलुन्ना

गरुडले नागपास काट्यो ।

त्यसैगरी कृष्णलाई नागले बेर्दा गरुडले सल्लाको सौलीले मन्त्र गरेर विषमुक्त गरेको प्रसङ्ग गौरापर्वका अवसरमा ढोलक र मिजुराका साथ पुरुषहरूले खेल्ने ठाडोखेलमा यसरी प्रस्तुत गरिन्छ :

किसन ज्यू नागले बेऱ्यो, कनिस......

काली नाग बोलन लाग्यो, कनिस......

कोई तेरो हितकी मीत, कनिस......
वाला पियल चढी गै'छ, कनिस......
सरक गरुड मेरा मीत, कनिस......
गडुल्यानी जीउनार साल, कनिस......
भातका सेतकिडा भ्यान, कनिस......
दालको रगत भै'छ, कनिस......
ज्यूनारी विगडी गै'छ, कनिस......
गरुड बटोली लागि ग्यान, कनिस......
पुगी गया पत्ताल लोक, कनिस......
निसी गया नागैकी घरी, कनिस......
साल्लाकी सौली समाइछ, कनिस......
अमृत चिन्नी सुजाइछ, कनिस......
किसन ज्यू फूलमाला भ्यान, कनिस......
फौडी दिछ नागैको शि, कनिस......
पुगि गया कनिसैकी घरी, कनिस...... ।

बैतडेली समुदायमा झारफुकसम्बन्धी लोकविश्वासको गहिरो प्रभाव रहेको पाइन्छ । गौरापर्वका गीतहरूमा पनि झारफुक तथा तन्त्रमन्त्रद्वारा उपचार गरेका थुप्रै प्रसङ्ग आउने गरेका छन् ।

**(ङ) इन्द्रजालसम्बन्धी विश्वास**

इन्द्रजाल एक प्रकारको मायावी विद्या हो । इन्द्रजालद्वारा कुनै एउटा वस्तुलाई अर्को वस्तु बनाइदिनु, कुनै समस्यालाई छुमन्तार गरेर समाधान गरिदिनुले मानिसको मनमष्तिकमा समेत भ्रम सिर्जना गरिदिन्छ । मानिसले यस्तो कार्यलाई सत्य नै ठानेर साधारणीकरण गरेर अनुभव गर्छन् । बैतडीको प्रसिद्ध शक्तिपीठ निङ्लाशैनी भगवतीको मन्दिरमा गौरापर्वको अवसरमा गाइने गीतमा मायावी रूपमा निङलो, गडुवा, छडी आदि कम्पायमान भएको प्रसङ्ग यसरी आउने गर्दछ :

ततनी छै त निङलाडी दुर्गा निङलोइ कामी झालो
औतरी गइन निङलाडी दुर्गा निङलोइ कामी गै'छ
ततनी छै त निङलाडी दुर्गा गडुवाइ कामी झालो
औतरी गैन निङलाडी दुर्गा गडुवाइ कामी गै'छ ।

यसरी बैतडेली समाज पनि इन्द्रजालमा विश्वास गर्दै आइरहेको पाइन्छ । बैतडेली गौरापर्वका गीतहरूमा पनि इन्द्रजालसम्बन्धी विभिन्न प्रसङ्ग आउने गर्दछन् ।

## ४.४ आत्मशीलताप्रति विश्वास

प्रकृतिमा रहेका कुनै पनि प्राणी र पदार्थमा चेतना हुन्छ भन्ने विश्वास आत्मशीलताको विश्वास हो । बैतडेली लोकसमुदायमा पनि रुख, ढुङ्गा, पानी, हावा आदि सबैमा चेतना हुने

लोकविश्वास हुने गर्दछ । तिनीहरूसँग संवाद गर्ने, मनको बह पोख्ने गरेको प्रसङ्ग बैतडेली लोकसाहित्यमा पाइन्छ । बैतडेली गौरापर्वका गीतमा आत्मशीलताको विश्वास प्रशस्त पाइन्छ । गौरापर्वका अवसरमा प्रस्तुत हुने स्थानीय देवीदेवताको उत्पत्ति विषयक कथामा यस्ता थुप्रै लोकविश्वास पाइन्छन् । गौरा रिसाएर माइत जाँदा महेश्वरले बाटामा भएका रुखबिरुवाहरूलाई मेरी गौरा देख्यौकी भनेर सोधेको प्रसङ्ग यसरी आउने गर्दछ :

बाटामाइकी साल्ली बराइली मेरी लोली धेकीथेइ
अफनी सुसाट, अफनी भुवाट नाइँ जाण्या लोलीको बात ।

त्यसैगरी सूर्य, चन्द्र, ग्रह, नक्षत्र, पिपल, तुलसी आदिलाई देवता मान्ने तथा उनीहरूको जन्म भएको मान्नेजस्ता लोकविश्वासहरू बैतडेली गौरापर्वका गीतमा यसरी आउने गर्दछ :

कहाँ उबजी गया चन्द्र सुरिज
पूर्व उबजी गया चन्द्र सुरिज
कहाँ उबजी गया बडु न पिपल
मदेश उबजी गया बडु न पिपल ।

यसरी समग्रमा भन्नुपर्दा बैतडेली गौरापर्वका गीतहरूमा आत्मशीलताप्रतिका विश्वास प्रशस्त रूपमा पाइने गर्दछन् ।

### ४.५ विविध लोकविश्वास

उपर्युक्त लोकविश्वासबाहेक पनि समाजमा विभिन्न किसिमका लोकविश्वास पाइने गर्दछन् । भविष्यवाणी, सपना, विभिन्न पशुपन्छी तथा जनावरहरूका बोली तथा क्रियाकलाप, शरीरका अङ्ग फरफराउँदाको फल, मौसमलगायत प्रकृतिका रूपरङ्गको अवस्था हेरी त्यसको बारेमा यस्तो किसिमको फल मिल्छ भन्ने जस्ता थुप्रै लोकविश्वास बैतडेली समुदायमा प्रशस्त मात्रामा रहेका छन् । लोकसाहित्यमा पनि यसको गहिरो प्रभाव परेको पाइन्छ । बैतडेली गौरापर्वका गीतमा पाइने यस्ता लोकविश्वासलाई यसरी देखाउन सकिन्छ :

#### (क) भविष्यवाणीसम्बन्धी लोकविश्वास

कुनै पनि समुदायमा भविष्यवाणीको प्रचलन परापूर्वकालदेखि नै चलिआएको पाइन्छ । पौराणिक साहित्यमा पनि यस्ता थुप्रै कुराहरू मिल्ने गर्दछन् । बैतडेली समुदायमा ज्योतिष, धामीझाँक्री, बगौली, हात हेर्न तथा विभिन्न व्यक्तिहरूले भविष्यवाणी गर्ने गरेको पाइन्छ । बैतडेली गौरापर्वका गीतहरूमा पनि थुप्रै ठाउँमा यस्ता भविष्यवाणी गरेका प्रसङ्गहरू आउने गर्दछन् । उदाहरणका लागि गौरापर्वको अवसरमा गाइने ढुस्कोमा वशुदेव देवकीको आठौँ पुत्रले कंशको मृत्यु गर्ने भविष्यवाणी ऋषिले गरेको प्रसङ्ग यसरी आउने गर्दछ :

मथुराका कनिस राजा
कंशकी देवाया बैनी
बासुदेव बेउगरिदिन्छ
देवाया पुरिउन गै'छ
रथमा तिनै जना थिया

होइगै'छ भविष्यवाणी
देवायाको आठवा पुत्र
कंश तेरो कालो होलो ।

**(ख) ज्योतिषशास्त्रसम्बन्धी लोकविश्वास**

ज्योतिषशास्त्रलाई एकप्रकारको विज्ञानका रूपमा पनि लिने गरिन्छ । चिना हेराउने, जोशी गन्ने, पोथी हेर्ने आदि कार्य ज्योतिषशास्त्रबाट गर्ने र त्यसैअनुसार विश्वास गर्ने प्रचलन बैतडेली समुदायमा धेरै पहिलेदेखि नै चल्दै आइरहेको छ । बैतडेली गौरापर्वका गीतहरूमा पनि साइत हेर्ने, पोथी पात्रो हेर्न विभिन्न प्रसङ्गहरू आउने गर्दछन् । उदाहरणका लागि सहदेवलाई युधिष्ठिरले गौराको तिथि पात्रोमा हेर्न आज्ञा दिएको प्रसङ्ग यसरी आउने गर्दछ :

भदौ मास, शुक्ल पञ्चमी, मुई इजु माइत बोलाया
हेर दादा खड्सा देउ, खडी पात्रो धैइँकब यो लोली गमरा
हेरा दादा खड्सा देऊ खडी पात्रो
हेरी हाल्यो खड्सा देउले, खडी पात्रो असोज यो लोली गमरा
हेरी हाल्यो दादाले, खडी पात्रो ।

**(ग) शकुन अपशकुनका माध्यमद्वारा दिइने सङ्केत स्वरूप भविष्यवाणीहरू**

लोकमा कुनै कार्यको थालनी गर्दा, शुभसाइत गर्दा वा विशेष काम गर्दा त्यसका बारेमा सुरु नै लक्षण विचार गर्ने लोकप्रचलन रहेको पाइन्छ । कुनै वस्तु, व्यक्ति र वातावरण देख्दा राम्रो हुन्छ भन्ने विश्वास शकुन हो । यस्तो शकुनगत धारणाले समाजमा गहिरो प्रभाव पारेको हुन्छ । शुभ शकुन देखिएमा कार्य सिद्धि हुने र यात्रा मङ्गलदायक हुने र अपशकुन देखिएमा कार्यमा बिघ्न आइपर्ने वा यात्रा कष्टप्रद हुने विश्वास गरिन्छ । बैतडेली गौरापर्वका गीतहरूमा पनि यस्तो किसिमको लोकविश्वास प्रशस्त पाइन्छ । गौरापर्वका अवसरमा गाइने ठाडोखेलमा मृग मार्न गएका रामले वनमा विभिन्न अपशकुनहरू देख्दा घरमा कुनै विपत्ति परेको अनुमान लगाउँछन् र लक्ष्मणलाई देखिएका लक्षणअनुसार आफूमाथि सङ्कट आइलागेको हुँदा घर जानुपर्ने कुरा गरेको प्रसङ्ग यसरी आउने गर्दछ :

खानीका कुकुर भौल्या खानी
भुली गया हिट भौल्या घर निसिझानु
तितरी चाखुडीको पाँखैन पाया
हिट भौल्या घर निसिझानु
बाह्र रैण भूमिको कोट मैलो भै'छ
हिट भौल्या घर निसि झानु ।

**(घ) सुस्वप्न र दुःस्वप्नका रूपमा विश्वास गरिने भविष्यवाणीहरू**

मानिसले निदाएको समयमा मानसिक रूपमा देखिने दृश्य, घटना वा मनमा खेल्ने कुरालाई सपना भनिन्छ । सुतेको अवस्थामा देखिने सपनाहरूको आधारमा त्यसको कस्तो फल

मिल्छ भन्ने कुरा पहिलेदेखि नै अनुमान लाग्दै आएको पाइन्छ । कस्तो सपना देखेमा कस्तो फल मिल्छ भनेर सपनाको व्याख्या गर्ने कार्य पहिलेदेखि नै गरिँदै आएको पाइन्छ । बैतडेली समाजमा पनि सपनाबाट विभिन्न किसिमका अनुमान लगाउने र शुभ या अशुभ हुने कुराको वर्णन गर्ने गरिन्छ । बैतडेली गौरापर्वका गीतहरूमा पनि यस्ता थुप्रै प्रसङ्ग आउने गर्दछन् । गौरापर्वको अवसरमा खेलिने ठाडोखेलमा सीतालाई सपना भएको र त्यसको लक्षण बताइमागेको प्रसङ्ग यसरी आउने गर्दछ :

सीतारानी निनोडा ढुली
सीतारानी सपना भै'छ
रामज्यू ठाकुर मेरा
हम गुसाइ सपन भै'छ
सपन परखी हम दिय
रामज्यू बनेलन लाग्या
क्या जाणौँ सपन कि बात ।

...............

खोलीको पिपल ढल्यो धेक्या
खोलीको पिपल ढल्या नङर पीडा
नवालीका चाप ढल्या धेक्या
नवालीका चापढल्या पन्यारी पीडा
गोठकी भररानी टुटी धेक्या
गोठकी भरानी टुट्या बल्ल पीडा ।

.........

तम बैना बुरो भ्यो सपन
तम बैना लङ्का पुगल्यौ ।

यसरी बैतडेली गौरापर्वका गीतहरूमा सपनाका आधारमा शुभअशुभ के हुन्छ भन्ने प्रसङ्ग आएको छ । सीताको वनवास हुनुअघि उनले देखेको सपनाको आधारमा उनका दाजु बिरखमले हरण हुने कुरा पहिले नै बताएको पाइन्छ । यसरी समग्रमा भन्नुपर्दा सपनासम्बन्धी लोकविश्वास बैतडेली गौरापर्वका गीतहरूमा पाइन्छ ।

**(ङ) वरदान तथा आशीर्वादसम्बन्धी लोकविश्वास**

देवीदेवताले वरदान दिने तथा ठूलाबडाले आशीर्वाद दिने प्रचलन हाम्रो समुदायमा धेरै पहिलेदेखि नै चलिआएको पाइन्छ । गौरापर्वमा त गौराको पूजा गरेका बिरुडाप्रसादले महिलाहरूले घरमा सबै सदस्यहरूको टाउको पुज्ने र आशीर्वाद दिने प्रचलन नै छ । सामान्यतया ठूलाबडा मान्छेले सानालाई आशीर्वाद दिने प्रचलन भए पनि गौरापर्वमा विवाहित नारीहरूले गौरीको उपासना गरी आफूभन्दा ठूलालाई पनि आशीर्वाद दिने गरेको पाइन्छ । त्यसैगरी विभिन्न देवीदेवता तथा ऋषिमुनीहरूले वरदान दिएका थुप्रै प्रसङ्ग सुन्नमा आउँछन्

। यस्ता वरदान तथा आशीर्वादका प्रसङ्ग बैतडेली गौरापर्वका गीतहरूमा यसरी आउने गर्दछन् :

लखत्या लखत्या पाँच भाय जेठो पाँच भाय कान्सो
हिमान्जलो हिउँ छन्जासम्म जि जागिरएइ
समुद्रको पानी छन्जासम्म जिजागिरएइ
गौराको बिरुडो दशैंको जोरो दुत्या चिउडो
तेरा मुण्डाइनी पड्डोइ रौ ।

त्यसैगरी ब्रतालु महिलाहरूले गौराको उपासना गरे के वरदान दिन्छिन् भन्ने प्रसङ्गमा बैतडेली गौरापर्वमा गाइने अठ्यावाली गीतमा यस्तो प्रसङ्ग आउने गर्दछ :

आठै अठ्यावाली पाड्या गुसाइ के रे वर देल्यौ
निरधनी धन दिउँलो अपुतीलाई पुत ।

**(ङ) श्राप तथा श्रापमुक्तिसम्बन्धी लोकविश्वास**

कसैको अनिष्ट चिताएर बोलिने वचनलाई श्राप भनिन्छ । कुनै पनि व्यक्तिले अनुचित कार्य गरेमा अथवा अरूलाई दुःखकष्ट दिएमा देवता, ऋषि, गुरु, अप्सरा, बाबुआमा (दिव्यशक्ति भएका व्यक्ति वा सिद्ध) द्वारा दिइने अनिष्टकारक वचनलाई श्राप भनिन्छ । श्राप एक किसिमको दण्ड हो । पुराणहरूमा विभिन्न ऋषिमुनी तथा देवीदेवताले श्राप दिएको र त्यसको उद्दार गरेका थुप्रै प्रसङ्ग आउने गर्दछन् । बैतडेली गौरापर्वका गीतहरू पनि बढीजसो पौराणिक कथावस्तुमा आधारित हुने भएकाले रामायण, महाभारत, शिवपुराण आदिमा आएका श्राप र मुक्तिका प्रसङ्गहरू आउने गर्दछन् ।

**(अ) श्रापसम्बन्धी लोकविश्वास**

बैतडेली गौरापर्वका अवसरमा प्रस्तुत हुने अठ्यावालीमा गाइने गीतमा रिसाएर माइत गएकी गौरालाई खोज्न गएका महेश्वरले बाटामा भेटिएका रुखबिरुवा, पशुपन्छी आदिलाई गौराको बारेमा सोधपुछ गर्दा आफूलाई मतलव नभएको भन्दा श्राप दिएको प्रसङ्गको गीत महिलाहरूले अष्टमीको दिन बिरुडाले गौराको पूजा गर्दै समूहमा गाउने गीतमा यस्तो प्रसङ्ग आउने गर्दछ :

बाटामाइकी साल्ली बराइली मेरी लोली धेकीथेइ कि
अफनी सुसाट हमी अफनी भुभाट किजाँणौ लोलीकी बात
तेरो तन साल्ली बराइली काट्यो जन पलौ ।

यसरी सल्लाको रुखलाई मेरी लोली देख्यौ कि भन्दा म आफ्नै सुसाट भुभाटमा मस्त थिए, मलाई लोलीको बारेमा के थाहा भनेर महेश्वरलाई भन्दा महेश्वरले तिमीलाई एकपटक

काटेपछि फेरि नपलाओस् भन्ने श्राप दिएका थिए । त्यसैले सल्लोको रुख काटेपछि फेरि नपलाउने गरेको लोकविश्वास यस गीतमा प्रस्तुत भएको पाइन्छ ।

**(आ) श्रापमुक्तिसम्बन्धी लोकविश्वास**

आफूले गरेका कार्य र व्यवहारले जानी नजानी पाएका श्रापहरूबाट प्रायश्चित्तादि विभिन्न तरिकाले मुक्ति हुने गर्दछ भन्ने विश्वास समाजमा पाइन्छ । बैतडेली गौरापर्वका गीतहरूमा पनि विभिन्न ऋषिमुनीले दिएका श्रापबाट मुक्त हुने उपाय र मुक्त भएका घटना प्रसङ्गहरू आउने गर्दछन् । गौरापर्वका अवसरमा प्रस्तुत ढोलक र मिजुराका साथ प्रस्तुत गरिने नृत्य गेयात्मक ढुस्कोमा गौतमकी पत्नीले पाएको श्रापका कारण शिलामा परिणत भएको र त्रेतामा भगवान् रामचन्द्रको चरण स्पर्श भएकोमा श्रापबाट मुक्त भएको लोकविश्वास यसरी प्रस्तुत भएको पाइन्छ :

गौतम बडा ज्ञानी ऋषि
जाँणी हाली इन्नरैकी बात
अहिल्या दिछ श्राप
अहिल्या पत्थर भैन
ऋषि गया बद्री पहाड
शिलनिधि पाउ धरी दिय
अहिल्या हुन्छ उद्धार
अहिल्या होइग्यो उद्दार ।

**(च) भाग्य तथा कर्मसम्बन्धी विश्वास**

हिन्दु धर्मसम्प्रदायमा भाग्य र कर्मका बारेमा थुप्रै व्याख्या विश्लेषण भएको पाइन्छ । मान्छेको प्रारब्ध विधिले पूर्वजन्मको कर्मका आधारमा हुने विश्वास गर्दछ । यस जन्ममा गरेका कार्यले अर्को जन्मको प्रारब्ध निर्धारण गर्दछ भन्ने विश्वास प्राचीन कालदेखि नै गरिँदै आएको पाइन्छ । बैतडेली समुदायमा पनि यसको गहिरो प्रभाव परेको पाइन्छ । त्यही प्रभाव लोकसाहित्यमा पनि पाइन्छ । बैतडेली गौरापर्वका गीतहरूमा पनि भाग्य तथा कर्मको लोकविश्वास प्रस्तुत भएको पाइन्छ ।

आँखाले धेक्यो मिल्लैन
कर्ममा लेख्यो टल्लैन
रामको वनबास भयो
सीताको वनवास भयो
दशरथ स्वर्गलोक गया
विधिको विधान ठूलो

भाग्यको भगवान् लै भोग्गा ।

यसरी हामीले चाहेको मिल्दैन बरु भाग्यमा जे लेखेको छ त्यो कहीँ गए पनि टल्दैन । राम भगवान् भएर पनि आफैले बनाएको विधान टार्न सकेनन्, उनले पनि भाग्यमा लेखेको भोग्नुपऱ्यो । भगवान्ले पनि विधिको विधान टार्न सक्दैनन् भन्ने लोकविश्वास यस गीतमा प्रस्तुत भएको पाइन्छ ।

**(छ) निषेधसम्बन्धी विश्वास**

मानिस विवेकशील प्राणी हो । उसले के राम्रो के नराम्रो भन्ने कुरा छुट्याउन सक्दछ । समाज तथा परिवारलाई व्यवस्थित तुल्याउनका लागि के गर्ने ? के नगर्ने ? भन्ने नियमहरू बनाइएको हुन्छ । समाज, परिवार र धर्मलाई व्यवस्थित तुल्याउन, रक्षा गर्न र नियमहरूको पालना गर्न निषेधसम्बन्धी नीति लोकसमाजमा प्रचलनमा रहेको पाइन्छ । यसअन्तर्गत धर्म र संस्कारसँग सम्बन्धित निषेध, पराप्रकृतिसँग सम्बन्धित निषेध, यौन निषेध, खानपानमा निषेध, दृष्टि निषेध, बोलाइसँग सम्बन्धित निषेध, स्पर्श निषेध पर्दछन् (पराजुली, २०५) । बैतडेली समुदायमा पनि यज्ञ अनुष्ठानका लागि कस्तो आहारव्यवहार गर्ने, जपतपका लागि के गर्ने ? समाजमा के कस्ता कार्य कसरी गर्ने भन्ने नियमहरू बनाएको पाइन्छ । त्यसैलाई धर्म र पापका रूपमा पनि हेर्ने गरिन्छ । परस्त्री हरण नगर्नु, माता पिता गुरु आदि मान्यजनको आज्ञा उलङ्घन नगर्नु आदिजस्ता थुप्रै लोकविश्वासहरू रहेका पाइन्छन् । बैतडेली गौरापर्वका गीतहरूमा पनि परस्त्री हरण नगर्नु भन्ने लोकविश्वास पाइन्छ । रावणकी श्रीमती सीताको हरण गर्दा रावणको विनाश भएको उखान दिई परस्त्रीहरणलाई महापापका रूपमा लिइएको पाइन्छ । बैतडेली गौरापर्वका गीतमा जेठी भाउजुलाई आमासमान मान्नु पर्ने लोकविश्वास भएकाले लक्ष्मणले सीताको मुखमा पनि नहेरेको प्रसङ्ग ढोलक र मिजुराका साथ खेलिने नृत्य गेयात्मक ढुस्कोमा यसरी आउँछ :

चौध वर्ष बौजुका साथ मुई लछी पाप लैन डुब्यो
दस वर्ष पानीकी ताल मुइ लछी जाडीलैन मऱ्यो ।

**(९) परीक्षासँग सम्बन्धित विश्वासहरू**

प्राचीन समयदेखि नै समाजका पारखीहरूले मानिसको स्वभाव, बुद्धि, चतुऱ्याइँ, सामर्थ्य, कुलघराना तथा धर्म आदिको परीक्षा गरी परीक्षामा खरो तथा सफल ठानिएका व्यक्तिहरूसँग उचित व्यवहार गर्ने गरेको पाइन्छ । यस्ता परीक्षासम्बन्धी विश्वासहरू धेरै रहेका छन् (पराजुली, २०५) । पुराना दिहरूमा पनि गुरुले शिष्यको परीक्षा, पतिपत्नी आदि परिवारजन र इष्टमित्रहरूको परीक्षा लिएका प्रसङ्गहरू आउने गर्दछन् । रामायणमा रामले सीताको सतित्वको प्रमाणका लागि अग्निपरीक्षा लिएको कथा हामीले पढ्दै आएका छौँ । बैतडेली लोक साहित्यमा पनि रामायणको कथावस्तुमा आधारित सीताको अग्निपरीक्षा, जनकले सीता स्वयम्वरमा वीरहरूको परीक्षा आदि लिएका प्रसङ्गहरू गौरापर्वको अवसरमा ढोलक र

मिजुराका साथ गाइने नृत्यगेयात्मक ढुस्कोमा आउने गर्दछ । सीताको अग्निपरीक्षासम्बन्धी प्रसङ्ग बैतडेली गौरापर्वका गीतमा यसरी आउने गर्दछ :

गर भौल्या आगाको सरजाम
तम सीता अग्निमा बस
सत्यको परीक्षा होलो
सीतारानी सत्य पुकार ।

**(१०) राजा, मन्त्री, कर्मचारी र ठूला व्यक्तिहरूसँग सम्बन्धित विश्वासहरू**

हिन्दु सनातन धर्ममा राजालाई देवताको अंश तथा विष्णुको अवतारका रूपमा सम्मान गर्ने गरिन्छ। राजामा देवअंश हुने भएकाले दिव्य शक्ति हुने र त्यसै शक्तिद्वारा राज्य सञ्चालन गर्ने विश्वास रहेको हुन्छ । राजा एक वीरपुरुष हुने, जनताको दुःखकष्ट बुझ्ने र न्यायप्रेमी हुने भएकाले राजाको बोली सर्वथा सत्य हुने भएकाले राजाको आज्ञापालन गर्नु सबैको धर्म हुने विश्वास प्राचीनकालदेखि नै रहेको छ । त्यसैगरी मन्त्री, कर्मचारी तथा ठूला व्यक्तिहरू पनि राजाकै कर्मचारी भएकाले न्यायविधान बमोजिम सबैको सम्मान र आज्ञापालनलाई धर्मकै रूपमा विश्वास गरिन्छ। बैतडेली समुदायमा पनि राजालाई विष्णुको अवतारका रूपमा मान्ने प्रचलन रहेको पाइन्छ । यस क्षेत्रमा पुराणप्रसिद्ध राजाबाहेक पनि तत्कालीन समयमा रहेका स्थानीय राजारजौटाहरूलाई सम्मान गर्ने गरेको पाइन्छ। त्यसैको प्रभाव लोकसाहित्यमा पनि रहेको पाइन्छ । गौरापर्वको अवसरमा गाइने गीतहरूमा पनि विभिन्न समयमा राजकाज सम्हालेका राजारजौटाहरूका चैत प्रस्तुत गर्ने गरिन्छ। राजाले विभिन्न ठाउँका बारेमा बुझ्ने गरेको र त्यसअनुरुप राज्यको नीति सञ्चालन गर्ने गरेको पाइन्छ। मध्यकालीन डोटी राज्यको समयमा बाइसे चौबीसे राज्यका विभिन्न राजाहरूका चैत यस क्षेत्रमा प्रसिद्ध रहेका छन् । राजा विभोगी चन्दको चैत, गोपी चन्दको फाग, नाग तथा मल्ल, पनेरु, शाहीलगायतका राजाहरूको जीवनकथामा आधारित चैतहरू बैतडेली गौरापर्वका अवसरमा प्रस्तुत गर्ने गरिन्छ । मध्यकालीन समयमा विशाल डोटी राज्यअन्तर्गत अजयमेरु कोटका राजा नागी मल्लले देवताहरूको शक्ति परीक्षण गरेको र शक्ति नभएका देवताको मन्दिर भत्काएर शक्तिवान् देवताहरूको मन्दिरमा चिनो चढाउने, देवल बनाउने गरेको पाइन्छ। यसै सन्दर्भमा बैतडीको देहीमाडौँस्थित निङ्लाशैनी भगवतीको मन्दिरमा आएर राजा नागी मल्लले मन्दिरमा कसले के काम गर्छ ? देवतामा कस्तो शक्ति छ भनेर जाँच्न लागेको प्रसङ्गमा ढोलक र मिजुराका साथ गोलो घेरामा गाइने गीतको केही अंश यस प्रकार रहेको छ :

डोटी अजयमेरु साइ राज माता पुछनलाग्या बात
को रे होलो दे को पुजारी को रे हो लो हित । माता...
जनाविचारी भट्ट पुजारी बोरोइ होलो हित । माता....
ततनी छैत निङलाडी दुर्गा निङलोइ कामी झालो .. ।

यसरी राजाले देवीदेवताको शक्ति परीक्षण गर्दा समेत सहमति जनाउनुले राजाप्रतिको विश्वास र सम्मान कति थियो भन्ने कुराको अनुमान गर्न सकिन्छ । समग्रमा भन्दा राजालाई देवतासमान विश्वास गर्ने कुरा यसबाट प्रष्ट हुन्छ ।

**(११) परिवार र नातागोतासँग सम्बन्धित विश्वासहरू**

परिवार एकै घरको छानामुनी बस्ने, एकै भान्साको खाना बाँडेर खाने, विवाह, रगत, ग्रहण वा समर्पणको सम्बन्धभित्र आबद्ध सदस्यहरूको समूह हो । परिवार सामाजिक संस्कृति, सभ्यता र चालचलनको संवाहक र व्यवस्थापक पक्ष हो । परिवार विना समाज र संस्कृति अगाडि बढ्न सक्दैन । परिवार तथा नातागोतामा आत्मीयता हुनु र सबैले आफ्नो अधिकार र कर्तव्य सर्वप्रथम परिवारकै लागि निर्वहन गर्ने परिपाटी पहिलेदेखि नै चलिआएको छ । आमाबुबा, श्रीमान्, श्रीमती, दाजुभाइ, दिदीभिनाजु, बहिनीज्वाँइ, मामामाइजुलगायत थुप्रै परिवारका सदस्य तथा नातासम्बन्धहरूमा अटुट प्रेम र तिनीहरूप्रति एकआपसमा विश्वासको सम्बन्ध बाँधिएको हुन्छ । हाम्रा जन्मदेखि मृत्युपर्यन्तका संस्कारहरूमा पनि परिवार तथा नातागोताका सदस्यहरूका विभिन्न भूमिका हुने गर्दछन् । बैतडेली संस्कृतिमा आमाबाबुले जन्मदेखि विवाहसम्मका संस्कार गरिदिने, छोराले पितृहरूको तारणका लागि दाहसंस्कारदेखि पितृकार्य गर्ने, आमाबाबुपछि भान्जीको विवाहमा मामामाइजु पहिलो खुट्टा धुने अधिकारी हुने, दिदीबहिनीलाई भाइले रक्षा गर्ने तथा भेटघाट गर्ने लगायतका थुप्रै संस्कार एकअर्कासँग जेलिएर रहेका हुन्छन् । यसबाट के भन्न सकिन्छ भने परिवार तथा नातागोताबीचको घनिष्ट सम्बन्ध मात्र नभई एक विना अर्काको काम चल्दैन । यसरी संस्कृतिसँग जोडिएर रहेका परिवार तथा नातागोतासम्बन्धी लोकविश्वास लोकसाहित्यमा पनि प्रशस्त मात्रमा पाइने गर्दछन् । बैतडेली गौरापर्वका अवसरमा गाइने गीतहरूमा पनि परिवार तथा नातागोतासँग सम्बन्धित थुप्रै लोकविश्वास पाइने गर्दछन् । पुत्रले गरेको पितृकर्मले आमाबुबाको मृत्युपछि आत्माशान्ति हुने र उत्तमलोक प्राप्त गर्ने, पतिपत्नीको सम्बन्ध एक जन्मको मात्रै नभएर सात जन्मसम्म रहने लगायतका थुप्रै लोकविश्वास बैतडेली गौरापर्वका गीतहरूमा पाइने गर्दछन् । उदाहरणका लागि गौरापर्वको अवसरमा बिरुडा भिजाउँदाको गीतमा खेतमा पाकेको अन्न सर्वप्रथम परिवारका सदस्यहरूले चाख्नुपर्ने र त्यसपछि मात्र अन्य व्यक्तिलाई दिनुपर्ने लोकविश्वास यसरी प्रस्तुत भएको पाइन्छ :

पैल्लिकी कोसी तपसिया जोगी मायासर गुसायाकी चाइन्छी
दोसरी न कोसी तपसिया जोगी गणपती बालाकी चाइन्छी
तेसरी न कोसी तपसिया जोगी सरस्वती कन्याकी चाइन्छी ।

उपर्युक्त गीतमा गौरा महेश्वरसँग  रिसाएर जङ्गलमा गई केराऊ खेती गर्दछिन् । केराऊ पाक्न थालेपछि महेश्वर गौराको आफू र परिवारप्रति कस्तो सोच राख्दछिन् भनेर परीक्षा गर्न जोगीको भेष बनाएर केराउ माग्न लाग्दा गौराले सबैभन्दा पहिले आफ्नो खेतीमा पाकेको अन्न श्रीमान्लाई खुवाउने, त्यसपछि छोराछोरीलाई खुवाउने र पछि मात्र अरुलाई दिन हुने भन्ने कुराबाट के प्रष्ट हुन्छ भने श्रीमतीका लागि देवता भने पनि, साधु भने पनि

श्रीमान् नै हुने र जतिसुकै खटपट भए पनि श्रीमान्लाई नखुवाई न आफू खाने न अरूलाई दिने भन्ने लोकविश्वास यस गीतमा प्रस्तुत भएको पाइन्छ ।

**(१२) नीति, आचरण र शिक्षासँग सम्बन्धित लोकविश्वासहरू**

व्यक्ति समाज तथा राज्यलाई अनुशासनको पाठ सिकाएर सत्मार्गमा लगाउन विद्वान् गुरु, आमाबुबा, साधुसन्त आदिले उपदेश दिने प्रचलन अहिले पनि समाजमा कायम नै रहेको पाइन्छ । पढेर वा परेर ज्ञान आर्जन गरेका, लामो समयको सङ्घर्षमय जीवनबाट घिसिएर, पिटिएर थुप्रै अनुभव सँगालेका मानिसहरूले आफ्नो अनुभवका आधारमा के गर्ने, के नगर्ने ? भन्ने कुराका सन्दर्भमा विभिन्न किसिमका अर्ती उपदेश दिने कार्य गरेको पाइन्छ । साहित्य विशेष गरी यसै सन्दर्भमा रचना हुने भएकाले यससम्बन्धी लोकविश्वास लोकसाहित्यमा पर्नु कुनै अनौठो कुरा होइन । मनोरञ्जनका साथै विभिन्न किसिमका जीवनोपयोगी ज्ञान दिनका लागि लोकसाहित्यको प्रचलन रहेको हुँदा बैतडेली लोकसाहित्यमा पनि यससँग सम्बन्धित लोकविश्वास प्रशस्त मात्रामा रहेको पाइन्छ । यस क्षेत्रमा सुनाइने बातै, उखान, किस्सा, फाग, सगुन, भारतलगायतको लोकसाहित्य यस्तै नीति आचरण तथा शिक्षा दिने उद्देश्यबाटै प्रेरित भएको पाइन्छ । बैतडेली गौरापर्वका गीतहरूमा पनि यस्ता थुप्रै लोकवश्वासहरू पाइने गर्दछन् । कुलघरानमा बिहे गर्नु, गरिबको अंश नमार्नु, पतिपत्नीले आफ्नो दायित्व निर्वहन गर्नु, गुरुजनको आदर गर्नु, विचार पुऱ्याएर मात्र काम गर्नु, अर्काको कुभलो गरे परलोकमा पनि सजाय भोग्नुपर्नेजस्ता थुप्रै लोकविश्वास बैतडेली गौरापर्वका गीतहरूमा पाइने गर्दछन् । बैतडेली गौरापर्वका गीतमा गोत्र, कूल आदि हेरेर मात्रै वैवाहिक सम्बन्ध गर्नुपर्छ भन्ने लोकविश्वास यसरी प्रस्तुत भएको पाइन्छ :

शिरलडी धेकुमुइ छारैको भार
शिरमथी धेकुमुइ छारैको भार
छार खुण्या फुसर चण्या कन्या घउ जाइ हाले
तेरा कन्या दिन हैत रामजिउका दिउला ।

उपर्युक्त गीतमा महेश्वरले जोगीको भेषमा गौरीलाई माग्न जाँदा घरपरिवारका सदस्यले छोरीलाई राम्रो कूलघरानमा दान दिने कुरा व्यक्त भएको छ । जोगीलाई कन्या दिनुभन्दा उत्तम कूलमा सौतामै भए पनि रामलाई दिने विचार व्यक्त भएको छ ।

**(१३) शरीरका विभिन्न अङ्गहरू सम्बन्धित लोकविश्वासहरू**

शरीरका अङ्गहरूको स्वरूप, आकर्षण र अवस्थाले भविष्यको सङ्केत गर्दछ भन्ने लोकविश्वास पहिलेदेखि नै चलिआएको पाइन्छ । चौडा निधार हुनेको भाग्य राम्रो, निधारमा घाउ भए भाग्य कमजोर हुने, लामा कपाल भएकी महिला राम्री हुने, छालाको रङ सेतो, गहुँगोरो र कालोको अलग अलग लक्षण हुने, निधार चिलाउँदा पाहुना आउने, दाँया हत्केला चिलाए लक्ष्मी प्राप्त हुने, बाँया हत्केला चिलाए पैसा जाने, पुरुषको बायाँ आँखा र महिलाको दायाँ आँखा फर्फराए राम्रो हुने, पातलो ओठको पुरुष र बाक्लो ओठकी महिला राम्री हुने आदि विभिन्न लोकविश्वासहरू परम्परादेखि नै चल्दै आएका छन् । बैतडेली लोकसमुदायमा पनि

यस्ता लोकविश्वासहरू प्रशस्त पाइन्छन् । यस्ता लोकविश्वासहरू लोकसाहित्यका माध्यमले गौरापर्वमा गाइने गीतहरूमा पनि प्रशस्त मात्रमा पाइने गर्दछन् । गौरापर्वको अवरमा पुरुषहरूले ढोलक र मिजुराका साथ खेल्ने ढुस्कोमा उत्तम कुलको क्षेत्री, राजपरिवारको सदस्य र वीर एवम् विजयी हुने व्यक्तिको शरीरको वर्णन गर्ने सन्दर्भमा पाँच पाण्डवमध्ये जोगीको भेष बनाएर आएका भीमसेनका शरीरका अङ्गहरूको वर्णन यसरी गरिएको पाइन्छ :

सिका गाठी धेकु मुइ, हाइ रुबस
सरप मुडेली, हाइ रुबस
चन रेखा धेकु मुइ, हाइ रुबस
उदिया सुरिज, हाइ रुबस
दाँत पाटी धेकु मुइ, हाइ रुबस
दाडिमैका चोया, हाइ रुबस ।

यसरी शरीरका अङ्गहरूको आकर्षण, अवस्था आदिले व्यक्तिप्रति अरुको हेर्ने दृष्टिकोण र उसको लक्षणको बारेमा राम्रो नराम्रो अवस्थाको विश्वास बैतडेली गौरापर्वका गीतहरूमा प्रस्तुत भएको पाइन्छ ।

## ४.६ निष्कर्ष

बैतडेली गौरापर्वका गीतहरू फाग, सगुन, धमारी, झोडा, भोलाउलो, घरगीत आदिमा विभिन्न किसिमका लोकविश्वासको अभिव्यक्त भएको पाइन्छ । बैतडी जिल्ला लोकसाहित्यमा धनी क्षेत्र मानिन्छ । यस क्षेत्रमा मनाइने चाडपर्व, मेला, जात्रा, उत्सव, धर्मसंस्कार, रीतिरिवाजलगायत कृषिकर्म, मेलापातमा लोकसाहित्यको प्रस्तुति भएको पाइन्छ । यहाँ हरेक क्षेत्र तथा अवसरमा लोकगीतको प्रयोग भएको पाइन्छ । नेपाली समाजमा प्रचलित लोकविश्वासभित्र स्वैरकल्पनाप्रतिका विश्वास, धर्मअनुष्ठानप्रतिका विश्वास, जादु, टुनामुना तथा योगप्रतिका विश्वास, आत्मशीलताप्रतिका विश्वास तथा अन्य विविध लोकविश्वासहरू पर्दछन् । यिनै लोकविश्वास गौरापर्वका गीतमा पनि प्रस्तुत भएका छन् । मानसिक सतहमा जीवनको सुरुदेखि नै सहज रूपले टाँसिदै आएका स्वभाविक तहका लोकविश्वासको प्रभाव जीवनयात्राको गतिमा नजानिँदो किसिमले गहिरो प्रभाव र प्रगाढ छाप पारेका हुन्छन् ।

## पाँचौं परिच्छेद

# सारांश तथा निष्कर्ष

### ५.१ सारांश

'बैतडेली गौरापर्वका गीतमा लोकविश्वास' शीर्षकको प्रस्तुत शोधकार्य पाँच परिच्छेदमा संरचित छ । पहिलो परिच्छेदमा शोधपरिचयको क्रममा समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्त्व, शोधको सीमाङ्कन, शोधविधिअन्तर्गत सामग्री सङ्कलन विधि र सामग्री विश्लेषण विधि, शोधप्रबन्धको रूपरेखा प्रस्तुत गरिएको छ । यस परिच्छेदमा पूर्वकार्यको समीक्षा गरी दुईओटा शोधसमस्याको निर्धारण गरिएको छ । प्रत्येक शोधसमस्यालाई बेग्लाबेग्लै परिच्छेद बनाई बैतडेली गौरापर्वका गीतमा लोकविश्वासको स्वरूप र त्यसको प्रस्तुतिको विश्लेषण गर्ने उद्देश्य रहेको कुरा उल्लेख गरिएको छ ।

बैतडी जिल्लाको पाटन नगरपालिका क्षेत्र, दशरथचन्द नगरपालिकाको वडा नं. १, गुरुखोला र सोही नगरपालिका वडा नं. २, देहीमाडौं क्षेत्रलाई यस शोधकार्यको भौगोलिक सीमा मानिएको छ । गौरापर्वमा गाइने गीतहरू फाग, सगुन, धमारी, झोडा, भोलाउलो, घरगीत आदि सम्बन्धित क्षेत्रबाट सङ्कलन गरी तिनलाई लोकविश्वासको सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । सामग्री सङ्कलनका लागि प्राथमिक तथा द्वितीयक स्रोतको प्रयोगसँगै पुस्तकालयीय विधि र क्षेत्रीय अध्ययन विधि अपनाइएको छ । यस अध्ययनमा विश्लेषण विधिअन्तर्गत पाठात्मक विधि अवलम्बन गरिएको छ ।

शोधप्रबन्धको दोस्रो परिच्छेदमा बैतडी जिल्लाको सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको छ । यसअन्तर्गत बैतडी जिल्लाको भौगोलिक, ऐतिहासिक, सामाजिक, धार्मिक तथा सांस्कृतिक र लोकसाहित्यको परिचयलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गर्दै बैतडीको नामकरणसम्बन्धी विभिन्न किंवदन्ती तथा बैतडीका विभिन्न स्थानहरूमा हुने रीतिरिवाज र गौरालगायतका विभिन्न चाडपर्व र मानवीय संस्कारमा प्रस्तुत गरिने लोकसाहित्य र त्यसमा अभिव्यक्त लोकविश्वासलाई यहाँका विभिन्न स्थानहरूको परिचय प्रस्तुत गरी र तिनै विशिष्टताका आधारमा बैतडी जिल्लालाई चिनाइएको छ । तेस्रो परिच्छेदमा बैतडेली गौरापर्वका गीतमा लोकविश्वासको स्वरूपको अध्ययन गरिएको छ । बैतडी जिल्लामा प्रचलित गौरापर्वका गीतमा केकस्ता लोकविश्वास प्रस्तुत भएका छन् भन्ने प्रश्नसँग सम्बद्ध भएर उक्त क्षेत्रमा प्रचलित गौरापर्वका गीतको वर्गीकरण गरी अध्ययन गरिएको छ । सङ्कलित गौरापर्वका गीतहरूलाई विषयवस्तु तथा आयामका आधारमा फाग, सगुन, धमारी, चैत, भोलाउलो, झोडा, घरगीतमा विभाजन गरी ती लोकगीतमा प्रस्तुत भएका लोकविश्वासको खोजी तथा पहिचान गरी तिनलाई सैद्धान्तिक आधारमा वर्गीकरण गरिएको छ ।

शोधप्रबन्धको चौथो परिच्छेदमा बैतडेली गौरापर्वका गीतमा लोकविश्वासको प्रस्तुति कसरी गरिएको छ भन्ने प्रश्नसँग सम्बद्ध सामग्रीको विश्लेषण गर्दा लोकविश्वासका सिद्धान्तका आधारमा गौरापर्वका गीतको अध्ययन गरिएको छ । नेपाली समाजमा प्रचलित लोकविश्वासभित्र स्वैरकल्पनाप्रतिका विश्वास, धर्मअनुष्ठानप्रतिका विश्वास, जादु, टुनामुना तथा योगप्रतिका विश्वास, आत्मशीलताप्रतिका विश्वास तथा अन्य विविध लोकविश्वासहरू पर्दछन् । यिनै लोकविश्वास गौरापर्वका गीतमा पनि प्रस्तुत भएका छन् । यसै सिद्धान्तलाई आधार मानेर गौरापर्वका गीतको विश्लेषण गरिएको छ । प्रस्तुत शोधप्रबन्धको पाँचौं परिच्छेदमा सबै परिच्छेदको सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

*बैतडेली गौरापर्वका गीतमा लोकविश्वास* शीर्षकको प्रस्तुत शोधप्रबन्धमा शोध समस्यामा उल्लिखित दुईवटा प्रश्नको उत्तर नै विश्लेषणका क्रममा समेटिएका छन् । ती विश्लेषण प्राप्त उत्तरहरूलाई नै यहाँ निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ । यसबाट प्राप्त नतिजालाई निष्कर्षका रूपमा यस उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

(क) बैतडेली गौरापर्वका गीतमा केकस्ता लोकविश्वास प्रस्तुत भएका छन् ? भन्ने शोधप्रश्न यस शोधकार्यको पहिलो प्रश्नको रूपमा देखिएको छ । शोधप्रबन्धको तेस्रो परिच्छेदमा यस समस्याको प्राज्ञिक समाधान गरिएको छ । यस समस्याको प्राज्ञिक समाधानका रूपमा प्राप्त भएको निष्कर्षलाई निम्नलिखित रूपमा प्रस्तुत गरिएको छ :

गौरा सुदूरपश्चिमको मौलिक पर्व हो । गौरापर्वमा गरिने क्रियाकलाप तथा प्रस्तुत हुने गीतले यस क्षेत्रको समग्र संस्कृति बोकेको छ । तत्कालीन समाजमा मानिसहरूको पेशा, व्यवसाय, खानपिन, पहिरन, मनोरञ्जनका साधन, धर्म, कला, संस्कृतिलगायत जीवनदर्शनका विविध पाटाहरूको उजागर गर्ने पर्वका रूपमा गौरापर्वलाई लिन सकिन्छ । यो पर्व मनाउने तरिका, यसमा प्रयोग हुने सरसामग्रीदेखि लिएर यसका विभिन्न सन्दर्भमा प्रस्तुत गरिने गीतले यहाँको समग्र संस्कृतिको प्रतिनिधित्व गरेको पाइन्छ । गौरापर्वका गीतहरूमा विषयवस्तु तथा आयामका आधारमा फाग, सगुन, धमारी, भोलाउलो, झोडा, घरगीत आदि रहेका छन् । गौरापर्वमा गाइने गीतहरूमा सनातन हिन्दुधर्ममाथि विश्वास गरी ब्रह्मा, विष्णु, महेश्वर र महाकाली, महालक्ष्मी तथा महासरस्वतीलाई अन्तिम सत्यका रूपमा मान्नेदेखि लिएर देवता र दानवको अस्तित्व स्वीकार गरेको प्रसङ्ग आउने गर्दछन् । त्यसैले गौरापर्वका गीतहरूमा हाम्रा पुर्खाहरूले मान्दै आएका समग्र लोकविश्वासहरूको उपस्थिति पाइने गर्दछ । लोकजीवनमा परापूर्वकालदेखि प्रचलनमा रही लोकमानसमा गहिरो प्रभाव छोड्न सफल लोकका सामूहिक विचार, आस्था, भावना, चालचलन, धर्म, संस्कार, रूढि, जादुमन्तर, योग, साधना, सृष्टिप्रकृति आदि प्रति लोकको परम्परागत विश्वास पाइन्छ । नेपालको सुदूरपश्चिम क्षेत्रमा प्रचलित गौरापर्वमा गाइने लोकगीतमा पनि विभिन्न किसिमका लोकविश्वास व्यक्त भएका छन् । हाम्रा पुर्खाहरूको लोकजीवनलाई झल्काउने यस पर्वमा प्रस्तुत गरिने गीतहरूमा

युगौँदेखि पुर्खाहरूले मान्दै आएका लोकविश्वासहरूको अभिव्यक्ति प्रस्तुत भएका पाइन्छन् । धर्म, ईश्वर तथा देवीदेवताप्रतिको अटुट विश्वास, दैवीय शक्ति र आसुरी शक्तिको अस्तित्व स्वीकार गर्नेदेखि लिएर जपतप, यज्ञ अनुष्ठान, पूजाआजा आदि गर्ने, ज्योतिष तथा धामीझाँक्रीमा विश्वास गर्ने, सनातन हिन्दु धर्मसंस्कृतिभित्र मानिँदै आएका विभिन्न मान्यतालाई बिनासर्त स्वीकार गर्नेदेखि लिएर हाम्रा पूर्खाहरूले जीवनमा अनुभव गरेका तथा पत्ता लगाएका विविध कुराहरूप्रति विश्वास गर्ने कुरालाई निरन्तरता दिएका, शुभअशुभ, साइत, कुसाइत, सपना, विपना, मौसम तथा प्रकृतिको लक्षणबाट भविष्यका कुराको अनुमान गर्ने जस्ता विविध लोकविश्वास यस क्षेत्रमा पाइन्छन् ।

(ख) बैतडेली गौरापर्वका गीतमा लोकविश्वासको प्रस्तुति केकसरी गरिएको छ ? भन्ने शोधप्रश्न यस शोधकार्यको दोस्रो समस्याका रूपमा रहेको छ । प्रस्तुत शोधप्रबन्धको चौथो परिच्छेदमा यस समस्याको प्राज्ञिक समाधान पहिल्याइएको छ । उल्लेखित शोधसमस्याको समाधानका रूपमा प्राप्त भएका निष्कर्षलाई निम्नलिखित रूपमा प्रस्तुत गरिएको छ :

सुदूरपश्चिम क्षेत्रमा मनाइने मुख्य पर्व गौराका लोकगीतहरूमा धार्मिक तथा सांस्कृतिक विषयवस्तु समेटिएका हुन्छन् । धर्म र संस्कृतिसँग लोकविश्वासको निकटको सम्बन्ध रहेको पाइन्छ। गौरापर्वमा गाइने फाग, सगुन, देउडा, चैत, धमारी, ढुस्को, भोलाउलो, झोडा आदि लोकगीतमा धार्मिक तथा सांस्कृतिक लोकविश्वास पाइन्छन् । गौरापर्वका अवसरमा गाइने स्थानीय देवीदेवताहरूका गीत तथा गाथाहरूमा निङ्लाशैनी, उदयदेव, नागार्जुन, पोटलाशैनी, रैण्यासैनी, मेलौली, बिजासैनी, डिलाशैनीलगायतका भगवतीहरू, ग्वाल्लेक केदार, रौलाकेदार, थल, असमी, सम्रलगायतका केदार देवताहरू, महारुद्र, शिवनाथ, समैजी, भूमिराज, पत्तालभूमेश्वरलगायतका देवताहरूका र अन्य पितृदेवताहरूका गीत तथा गाथा गौरापर्वका अवसरमा प्रस्तुत भएको पाइन्छ । सनातन हिन्दु धर्मभित्रका यज्ञअनुष्ठान तथा षोडस संस्कारहरूसँग सम्बन्धित विषयवस्तु गौरापर्वका गीतहरूमा आउने गर्दछन् । नारीहरूले गौराष्ठमीका दिन गाउने अठ्यावालीमा गौरीको जन्मसंस्कारदेखि विवाह आदि संस्कार गरिएका कुराहरू आउने गर्दछन् भने गौरीले व्रत बसेको, तपस्या गरेका त्यसैगरी ठाडो खेल तथा धमारीमा राजा दशरथले पुत्र प्राप्तिका लागि पुत्रकामेष्ठि यज्ञ गरेको त्यसको फलबाट राम, लक्ष्मण, भरत, शत्रुघनको जन्म भएको कथा आउने गर्दछ। त्यसैगरी स्थानीय देवीदेवताहरूको पूजाअर्चना र त्यसको फलको बारेमा वर्णन गरिएको पाइन्छ। मानिस मरेपछि स्वर्ग, नर्क जाने, पितृ वा प्रेत भएर बस्ने आदि विविध कुराप्रतिको लोकविश्वास पनि बैतडेली गौरापर्वका गीतहरूमा आउने गर्दछन् । अतृप्त आत्माहरू या मनमा मृत्यु हुने बेलामा कुनै इच्छा बाँकी रहेमा उनीहरूको तारण नहुने र अतृप्त आत्माका रूपमा पिचास भएर घुमिरहने लोकविश्वास पनि बैतडेली गौरापर्वका गीतहरूमा पाइन्छन् ।

प्रस्तुत अध्ययनमा बैतडेली गौरापर्वका गीतको सङ्कलन गरी तिनको परिचय, वर्गीकरण, गौरापर्वका गीतमा प्रतिबिम्ति लोकविश्वास, लोकविश्वासको परिचय,

लोकविश्वासको वर्गीकरण, लोकविश्वासको सिद्धान्तका आधारमा गौरापर्वका गीतको विश्लेषण गरिनु यस अध्ययनको प्राप्ति रहेको छ। बैतडी जिल्लाका विभिन्न स्थानमा प्रचलित गौरापर्वका गीतको अझै विभिन्न कोणबाट अध्ययन अनुसन्धान हुन सकेको खण्डमा गौरापर्वका गीतका विषयमा जान्न चाहने पाठकका जिज्ञासा समाधान गर्नुका साथै इतिहास र संस्कृतिको सम्वर्द्धनमा समेत योगदान पुग्ने देखिन्छ।

# परिशिष्ट - क
# बैतडेली गौरापर्वका गीत

बैतडी जिल्लाको पाटन नगरपालिका क्षेत्र, दशरथचन्द नगरपालिकाको वडा नं. १, गुरुखोला र सोही नगरपालिका वडा नं. २, देहीमाडौँलाई विशेष अनुसन्धान क्षेत्र बनाई त्यहाँ गौरापर्वमा गाइने विभिन्न गीतहरूलाई समेटेर प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ । अध्ययनका क्रममा विभिन्न स्रोतव्यक्तिहरूबाट २० ओटा गौरापर्वका गीत सङ्कलन गरिएका थिए । सङ्कलित गीतहरूलाई गीतका विभिन्न प्रकारअनुसार वर्गीकरण गरी राखिएको छ । ती गीतहरूलाई स्रोतव्यक्तिको नामसहित यस परिशिष्टमा सूचीकरण गरिएको छ ।

## १. सन्ज्या गोराका गीत

साँज सञ्जे रे वाली हो नङरइ ब फेरन्नी
जै कि घरी लिपन घसनी होली तै घर सञ्जाइको बास
साँजै साँज सञ्जे रे वाली हो नङरइ ब फेरन्नी
जै कि घरी जडकुल्ली मडकुल्ली तै घर सञ्जाइको न्यास
साँजै साँज सञ्जे रे वाली हो नङरइ ब फेरन्नी
जै कि घरी साँज दियेली कुच्चो तै घर सञ्जाइको न्यास
साँजै साँज सञ्जे रे वाली हो नङरइ ब फेरन्नी
जै कि घरी साँज दियेली खोड तै घर सञ्जाइको न्यास
साँजै साँज सञ्जे रे वाली हो नङरइ ब फेरन्नी
जै कि घरी सुन दीयो बत्ती बल तै घर सञ्जाइको बास
साँजै साँज सञ्जे रे वाली हो नङरइ ब फेरन्नी
जै कि घरी गोठ गाबडी रमा तै घर सञ्जाइको बास
साँजै साँज सञ्जे रे वाली हो नङरइ ब फेरन्नी
जै कि घरी साँज मनानी कुड्क तै घर सञ्जाइको बास
साँजै साँज सञ्जे रे वाली हो नङरइ ब फेरन्नी
जै कि घरी साँज बत्ती बल तै घर सञ्जाइको बास
साँजै साँज सञ्जे रे वाली हो नङरइ ब फेरन्नी
जै कि घरी साँज बालो खेललो त तै घर सञ्जाइको बास
साँजै साँज सञ्जे रे वाली हो नङरइ ब फेरन्नी

जै कि नारी पुर्ख गाली देली तै घर सञ्जाइको न्यास
साँजै साँज सञ्जे रे वाली ओ नङरइ ब फेरन्नी
जै कि घरी कर्कशा नारी होली तै घर सञ्जाइको न्यास
साँजै साँज सञ्जे रे वाली हो नङरइ ब फेरन्नी
जै कि घरी मनलामुखी होली तै घर सञ्जाइको बास

खेल्ला त खेल्ला भायौ मेरा विन हुड्की नाचै न औनो
खेल्ला त खेल्ला भायौ मेरा ...............................।
हेर भौल्या खडसादेऊ खडिपातडो काँ होलो हुड्कीको दार
हेर भौल्या खडसादेऊ खडिपातडो
हाली हाल्यो धुलाउटो हेरिचपाती नाइँ मिल्यो हुड्कीको दार
हाली हाल्यो धुलाउटो हेरिचपाती
पूरव हेऱ्यो पश्चिम हेऱ्यो नाइँ मिल्यो हुड्कीको दार
रन वन फेऱ्यो विन्द्रावन नाइँ मिल्यो हुड्कीको दार
रन वन फेऱ्यो विन्द्रावन मधुवन हुड्कीको दार ।

**स्रोत व्यक्ति : नन्दादेवी भट्ट**

**उमेर : ८१ वर्ष**

## २. लोली गोराका गीत

शिखरै धुरा है चलि आइन लोली गोरा बटोली भैछ उजालो
बटोली है चलि आइन लोली गोरा खेताली भैछ उजालो
खेताली है चलि आइन लोली गोरा पटकन भैछ उजालो
पटकन है चलि आइन लोली गोरा दिएली भैछ उजालो

ल्यान हो कुवार चेली जखइ भलो जल
काँ है ल्यौँ मुइ चोखो जल मुसली बिटाल्यो
मुसली बिटल्या जल दोष लै नाइँ थिन
ल्या न हो कुवार चेली चोखोइ भलो फूल
काँ है ल्यौँ मुइ चोखो फूल भँमौरी बिटाल्यो
भमौरी बिटाल्या फूल दोष लै नाइँ थिन्
ल्या न हो कुवार चेली चोखोइ भलो दुद
काँ है ल्यौँ मुइ चोखोइ दुद बसुल्या बिटाल्यो
पछुन्या बिटाल्या दुद दोष लै नाइँ थिन्
ल्यान हो कुवार चेली चोखाइ भला फल
काँ हे ल्यौँ मुइ चोखा फल किडी का बिटाल्या
किडीका बिटाल्या फल दोष लै नाइँ थिन्

ल्यान हो कुवार चेली धदुरीको फल
फलै पौँछेइ फलै लै ल्या मन नि त फूल लै ल्यान
फूलै पौछेइ फूलै लै ल्याइ मन नि त पाती लै ल्यान
पाती पौछेइ पाती लै ल्या मन नि त जडोइ लै ल्यान
जडो पौँछेइ जडोइ लै ल्यामन नि त माटी लै ल्यान

बिँडी बादी बैठ्या महादेव सिट्टीका धनी महादेव
सिट्टी उपकौन्ना महादेव तनले उपायो सुना डिकरो
सुनका डिकारा है हौ कपन सुनका डिकराले हौ नाइँ कयो

नन्दा लोग नर नाइँ भयो ला प जर नाइँ भयो

बिँडी वादी बैठ्या महादेव सिट्टीका धनी महादेव
सिट्टी उपकौन्ना महादेव तनले उपायो चाँदी डिकरो
चाँदीका डिकराले हौ नाइँ कयो मन्दा लोक नर नाइँ भयो
नर नाइँ भयो ला पौ नर नाइँ भयो मन्दा लोक मर नाइँ भयो

बिँडी वादी बैठ्या महादेव सिट्टीका धनी महादेव
सिट्टी उपौन्ना महादेव तनले उपायो तमा डिकरो
तमाका डिकरा हौ हौ कपन मन्दा लोक नर नाइँथिन्
नर नाइँथिन् ला प नर नाइँ थिन् मन्दा लोक मर नाइँथिन्
तमाका डिकराइ ले हौ नाइँ कयो मन्दा लोक नर नाइँ भयो
नर नाइँ भयो ला नर नाइँ भयो मन्दा लोक नर नाइँ भयो

बिँडी वादी बैठ्या महादेव सिट्टीका धनी महादेव
सिट्टी उपौन्ना महादेव तनले उपायो पितल्या डिकरो
पितल्या डिकरा है हौ कपन मन्दा लोक नर नाइँथिन्
नर नाइँथिन् ला प नर नाइँथिन् मन्दा लोक नर नाइँथिन्
पितल्या डिकराले हौ नाइँ कयो मन्दा लोक नर नाइँ भयो
नर नाइँ भयो ला प जर नाइँ भयो मन्दा लोक मर नाइँ भयो ।

बिँडी वादी बैठ्या महादेव सिट्टीका धनी महादेव
सिट्टी उपौन्ना महादेव तनले उपायो लुवा डिकरो
लुवाका डिकरा हौ हौ कपन मन्दा लोक नर नाइँथिन्
नर नाइँथिन् ला प जर नाइँथिन् मन्दा लोक मर नाइँथिन्
बढकऱ्या डिकराले हौ नाइँ कयो मन्दा लोक नर नाइँ भयो
नर नाइँ भयो ला प जर नाइँ भयो मन्दा लोक मर नाइँ भयो ।

बिँडी वादी बैठ्या महादेव सिट्टीका धनी महादेव
सिट्टी उपौन्ना महादेव तनले उपायो सिलफऱ्या डिकरो
सिलफऱ्याका डिकरा हौ हौ कपन मन्दा लोक नर नाइँथिन्
नर नाइँथिन् ला प जर नाइँथिन् मन्दा लोक मर नाइँथिन्
सिलफऱ्या डिकराले हौ नाइँ कयो मन्दा लोक नर नाइँ भयो

बिँडी वादी बैठ्या महादेव सिट्टीका धनी महादेव
सिट्टी उपौन्ना महादेव तनले उपायो मटा डिकरो

मटाका डिकरा हौ हौ कपन मन्दा लोक नर नाइँथिन्
नर नाइँथिन् ला प जर नाइँथिन् मन्दा लोक मर नाइँथिन्
मटाका डिकराले हौ नाइँ कयो मन्दा लोक नर नाइँ भयो
नर नाइँ भयो ला प जर नाइँ भयो मन्दा लोक मर नाइँ भयो ।

बिँडी वादी बैठ्या महादेव सिट्टीका धनी महादेव
सिट्टी उपौन्ना महादेव तनले उपायो साजी डिकरो
साजीका डिकरा हौ हौ कपन मन्दा लोक नर चाँइछ
नर चाइँछ ला प जर चाँइछ मन्दा लोक मर चाँइछ
साजीका डिकराले हौ कइ हाल्यो मन्दा लोक नर होइ गयो
नर होइ ग्यो ला प जर होइ गयो मन्दा लोक मर होइ गयो
रुकै रुक को द्यौ ठुमै ठुम हिट्यो मन्दा लोक नर होइ गयो
नर होइ ग्यो ला प जर होइ गयो मन्दा लोक मर होइ गयो ।

**स्रोतव्यक्ति : नन्दादेवी भट्ट**

**उमेर : ८१ वर्ष**

## ३. बिरुडा भिजाउँदाको सगुन गीत

सगुना दिउ रे निका बोल, सगुनु बोल
सगुनु बोल, सरस्वती, लगन बोल बिरस्पति
बोल मया, सगुन बोल सरु घर, सरस्वती
ब्रह्मा घर, बिरस्पति, रामै घर, सीता रानी
राजूता पनी, सगुन बोल, सरस्वती
लगन बोल, बिरस्पति, बोल मया, सगुन बोल
यीन सगुनु (२)
यीनु लगन त (२)

लोलीका बिरुडा रुजन्ना (२)
टुटेकोणे, पासन नडरी गुसाइँ, बर्त मुइले राख्या
खोज खोज मयाश्वर, गुसाइँ त, पञ्च बिरुडी, खोजी दिय ।
पञ्च बिरुडी, नाइँरे पाउना गुसाइँ, कलु बिरुडी खोजी दिय ॥
कलु बिरुडी, नाइँ रे पाउना त, गुरुस बिरुडी खोजी दिय ।
खोज खोज, मया स्वर गुसाइँ त, पञ्च बिरुडी खोजी दिय ।
पञ्च बिरुडी, नाइँ रे पाउना त, मास बिरुडी खोजी दिय ।
खोज खोज मया स्वर गुसाइँ त, गौँकी बिरुडी खोजी दिय ॥
पञ्च बिरुडी नाइँ रे पाउना त, गौँकी बिरुडी खोजी दिय ।
खोज खोज, मया स्वर गुसाइँ त, पञ्च बिरुडी खोजी दिय ॥
पञ्च बिरुडी, नाइँ रे पाउन त, गुसाइँ गौत बिरुडी खोजी दिय ।
सबै बिरुडी, आइ रे गइथि गुसाइँ कलु बिरुडी नाइँ लै आइ थि ॥
ध्युँना तिउँना, मयाश्वर गुसाइँ त, गुसाइँ त, कनैयाँ नगर निसिग्यानु ।
कनैया नगरकी, कुवार चेली त, पञ्च बिरुडी हम्लै देल्यौँ ॥
भलि बिरुडी हमले रुजाई हाल्या, टुडि मुडि लैभ्का छौ की ।
कनैया नगर की, कुवार चेली, तमरो खय होइ भ्कौँ ॥
ध्युँना तिउना, मयाश्वर गुसाइँ त, मथुरा नगर निसि ग्यानु ।
मथुरा नगर की, बुढी रे आमा त, पञ्च बिरुडी हमीले देल्यौँ ॥
मथुरा नगर की, बुढी रे आमाले भाड्धुहुरो लै दि दिहाल्यो ।
मथुरा नगर की, बुढी रे आमाले, आदलि कुसलि लै सोधिहाल्यो ॥
मथुरा नगर की, बुढी रे आमाले, बस्या कि बसेली दि हाल्यो ।
ध्युँना तिउना, मयाश्वर गुसाइँ त, घरै लोटि ब आया ।
मधुरा नगर की, बुढी रे आमाले, कलु बिरुडी दि हाल्यो ॥

ध्युँना तिउना, मयाश्वर गुसाइँ त, धेरै लौटी ब आया ।
लिया तमू, मयाश्वर गुसाइँ त, कलु बिरुडी लिइ आया त ॥
तेरी इज्याले, लाई लगाइ राख्या त, तेरी इज्याले चुटी राख्थ्यो ।
ततीकी खाइली, ततीकी बिखाली लोली, कृषि चलाइ कन खान्यौँ ॥
ध्युँनी तिउनी, लोली गमरा देवी, कट्यौँला निसि गैइन् ।
पिठियू लायो गाना पति गाना पति बालो त मुण्डामा कलुकी डाली ॥
कानुनी हाल्यो, सेर थारी बौसो त, हातुनी खोतला आँसी ।
ध्युँनी तिउनी, लोली गमरा देवी, कट्यौल काट्टु गैइन् ॥
आज लोली ले, कट्यौल काट्यो त, भोल झलमलै आयो ।
भोल लोलीले, झलमल आगो, हाल्यो पोर्की कलु बोई हाल्या ॥
आज कलू, बोइ रे हाल्या त, भोल कलु उम्रि गया औँरी ।
आज कल उम्रिंरी गया त, भोल कलु भुत्या खुरा ॥
तेस्रो दिनू, भूत्या खुरा भ्यानु त, चौथा दिन घसमस फूल्या ।
पछा, दिनू घसमस फूल्या त, छया दिनु चिचला लाग्या ॥
सता, दिनू कोसि खननु होइ गैत छता दिनु कोसी खानी होइ गै ।
कलिया सौडाकी र कली यारी चेलील्यू त, कलुकी कोसि खान्देयौकी ॥
पल्ली की कोसी, केदार भूमिराज दिउँलो त, दोसरी कोसी दशरथा सौरा ।
तेसरी कोसी, कौशिला सासु दिउँलो, चौथो, गाना पति बाला ॥
पछौँ कोसी सुशिला नन्दु दिउँलो, छयौँ कोसी मयाश्वर गुसाइँ दिउँले ।
सतौँ मुई, लोली खाउँलो ॥
आठौँ कोसी, सौतनी दिउँलो त, नौ नयौँ सिट्टि संसार ।
दशौँ कोसी, दिउँलो मुइ त, तोइ जोगी धाकडा ॥
खोज खोज, मयाश्वसर गुसाइ त, सुना कडेली खोजी दिय ।
सुना कुडेली, नाइँ रे पाउना त, रोपा कुडेली खोजी दिय ॥
सुना कुडेली, तोइकी पुजली लोली, सिट्टि संसार उसोइ रालो ।
दादी हुन्ना, दुबला हुन्ना लोली अरू कसैकी, नपुजौँ ॥
रूपा कुडेली, तोइकी पुजली लोली, अरू कसैकी नपुज ।
दादी हन्ना, दुबला हुन्ना लोली, सिट्टि संसार उसोइ रलो ॥
खोज खोज, मयाश्वर गुसाइँ त, तामा कुडेली खोजी दिय ।
तामा, कुडेली, तोइकी पुजली लोली, सिट्टि संसारकी नाइँ लै पुज ॥
दादी हुन्ना, दुबला हुन्ना लोली, अरू कसैकी नपुज ॥
खोज खोज, मयाश्वर गुसाइँ त, पिल्या कुडेली खोजी दिय ।
पितल्या कुडेली, तोइकी पुजली लोली, अरू कसैकी नपुज ॥
दादी हुन्ना, दुबला हुन्ना त, सिट्टि संसार उसोइ रलो ।

खोज खोज, मयाश्वर गुसाइँ त, सान नयाँ पाल्ली खोजी दिय ॥
साननकी पाल्ली साबकी होली लोली, तोइकीलै नझलीमली ।
ध्युँना तिउना, मयाश्वर गुसाइँ त, सानन की भाडी निसि गैइनू ॥
साननकी भाडी है, मयाश्वर गुसाइँ त, सान नयाँ, पाल्ली तोछी लिया ।
सान नयाँ पालली, तोइखी नाइँ हो लोली, सिट्टि संसारकी लोली ॥
ध्युँना तिउना मयाश्वर, गुसाइँ त, सान नयाँ पाल्ली ल्याइ ब आया ।
ल्याउन ल्याउन, कुवार चेलीउँ त, चोखाइ दुबो टिपि ल्याउन ॥
काँ हैं लिउ मुई, चोखो रे दुबो टिपि म्याँम्याँ पाठिले बिटाल्यो ।
म्याँ म्याँ पाठिले, बिटाल्याको दुबो त दोखुलै नाइँ ब थिनु ॥
ल्यानु ल्यानु, कुवार चेली त, चोखा फुल टिपि ल्याउनु ।
काँहै लिउँ मुई, चोखो रे फूल टिपि, भमरीले बिटाल्या ॥
भमरीका, बिटाल्या फूल त, दोखुलै नाइँ ब थिनु ।
ल्यानु ल्यानु, कुवार चेली त, चोखा फल टिपि ल्यानु ॥
काँहै लिउ मुई, चोखा रे फल टिपि, हनोबानले बिटाल्या ।
हनोबानको, बिटाल्या फल त, दोखुलै नाइँ, ब थिनु ॥
ल्यानु ल्यानु, कुवार चेली त, चोखा अक्षता ल्याउनु ।
काँ है ल्याउनु मुई, चोखा अक्षता गेडीले बिटाल्यो ॥
गेडीका बिटाल्या अक्षता, दोखुलै नाइँ ब थिनु ।
ल्यानु ल्यानु, कुवार चेली त, चोखाइ पिठायो ल्यानु ॥
काहैं लिऊ मुइ, चोखाइ रे पिठायो, घुमाइ किरीले बिटाल्यो ।
घुम्याइ किरीका, बिटाल्या, पिठायो दोखुलै नाइँ ब थिनु ॥
ल्यानु ल्यानु, कुवार चेली त, चोखो गोबर ल्यानु ।
काँहै लिऊ मुई, चोखोइ रे गोबर, गोड्या किरीले बिटाल्यो ॥
गोड्या किरीको, बिटाल्या गोबर दोखु लै नाइँ ब थिनु ।
ल्यानु ल्यानु, कुवार चेली त, चोखोइ माटो खनी ल्याउनु ॥
काँहै लिऊ मुई, चोखो रे माटो खनी, धौडी किराले बिटाल्यो ।
धौडी किराले, बिटाल्याको माटो त, दोखुलै नाइँ ब थिनु ॥
ल्यानु ल्यानु, कुवार चेली त, चोखइ जल भार ल्यानु ।
काँ है लिउँ मुई, चोखो रे जल भरी मछलीले बिटाल्यो ॥
मछलीका बिट्या जल त, दोखुलै नाइँ ब थिनु ।
ल्यानु ल्यानु, कुवार चेली त, चोखी गौत ब ल्यानु ॥
काँ है लिऊ मुई, चोखाइ रे, गौत त, बल्लै दौइ बिटाल्यो ।
बल्लै दौइका, बिटाल्या गौत त, दोखुलै नाइँ ब थिनु ॥

स्रोत व्यक्ति : जानकी देवी भट्ट
वर्ष : ६३

## ५. बिरुडा पखाल्दाको गीत

### सगुन गीत

सगुना दिउ रे निका बोल
सगुनु बोल
सगुनु बोल, सरस्वती, लगन बोल बिरस्पति
बोल मया, सगुन बोल
सरु घर, सरस्वती
ब्रहमा घर, बिरस्पति
रामै घर, सीता रानी
राजूता पनी
सगुन बोल, सरस्वती
लगन बोल, बिरस्पति
बोल मया, सगुन बोल
यीन सगुनु (२)
यीनु लगन त (२)

श्रोतव्यक्ति : कविराज भट्ट

वर्ष : ३५

### ६. बिरुडा धुन जाँदा बाटोमा गाइने गीत

पाँणका दिज्यू, मझेलका भौंवा त, हिट दिज्यू बिरुडी धुनू (२)
धोइ धाइकी, पञ्च बिरुडी त, केदार ब चढौंला ।
धोइ धाइकी, पञ्च बिरुडी त, भूमिराज देवा चढौंला ॥
नङरैकी, दिदी रे बहिनी त, डाँको पो लाउँछे ।
चल दिदी, चल रे भौंवा त, पञ्च बिरुडी धोई ब ल्याउनु ॥

श्रोतव्यक्ति : कविराज भट्ट

वर्ष : ३५

### ७. बिरुडा धुने ठाउँ पुग्दाको गीत

भदौ मास, शुक्ल पञ्चमी, मुई इजु माइत बोलाया ।
हेर दादा खड्सा देउ, खडी पत्रो धैइँकब यो लोली गमरा ॥
हेरा दादा खड्सा देऊ खडी पात्रो
हेरी हाल्यो खड्सा देउले, खडी पात्रो असोज यो लोली गमरा ।
हेरी हाल्यो दादाले, खडी पात्रो
फेरी हेर दादा मेरा खडी पात्रो, धैइकब यो लोली गमरा ॥
फेरी हेर दादा मेरा खडी पात्रो, कार्तिक यो लोली गमरा ।
फेरी हेऱ्यो दादाले, खडी पात्रो
हेर दादा हेर दादा, खडी पात्रो धैइकब यो लोली गमरा ॥
फेरी हेर दादा मेरा, खडी पात्रो मङ्सिर यो लोली गमरा ।
फेरी हेऱ्यो दादाले, खडी पात्रो
हेर दादा मेरा खडी पात्रो, धैइकब यो लोली गमरा ॥
हेर दादा खड्सा देउ, खडि पात्रो
फेरी हेऱ्यो दादाले, खडी पात्रो पुस यो लोली गमरा ।
फेरी हेऱ्यो दादाले, खडी पात्रो
हेर दादा मेरा खडी पात्रो, धैइकब यो लोली गमरा ॥
हेर दादा खड्सा देउ, खडि पात्रो
फेरी हेऱ्यो दादाले, खडी पात्रो माघ यो लोली गमरा ।
फेरी हेऱ्यो दादाले, खडी पात्रो
हेर दादा मेरा खडी पात्रो, धैइकब यो लोली गमरा ॥
हेर दादा खड्सा देउ, खडि पात्रो
फेरी हेऱ्यो दादाले, खडी पात्रो फागुन यो लोली गमरा ।
फेरी हेऱ्यो दादाले, खडी पात्रो
हेर दादा मेरा खडी पात्रो, धैइकब यो लोली गमरा ॥
हेर दादा खड्सा देउ, खडि पात्रो
फेरी हेऱ्यो दादाले, खडी पात्रो चैत की यो लोली गमरा ।
फेरी हेऱ्यो दादाले, खडी पात्रो
हेर दादा मेरा खडी पात्रो, धैइकब यो लोली गमरा ॥
हेर दादा खड्सा देउ, खडि पात्रो
फेरी हेऱ्यो दादाले, खडी पात्रो वैशाख यो लोली गमरा ।
फेरी हेऱ्यो दादाले, खडी पात्रो
हेर दादा मेरा खडी पात्रो, धैइकब यो लोली गमरा ॥
हेर दादा खड्सा देउ, खडि पात्रो

फेरी हेऱ्यो दादाले, खडी पात्रो जेठ की यो लोली गमरा ।
फेरी हेऱ्यो दादाले, खडी पात्रो
हेर दादा मेरा खडी पात्रो, धैइकब यो लोली गमरा ॥
हेर दादा खड्सा देउ, खडि पात्रो
फेरी हेऱ्यो दादाले, खडी पात्रो असार यो लोली गमरा ।
फेरी हेऱ्यो दादाले, खडी पात्रो
फेरी हेर दादा मेरा खडी पात्रो, धैइकब यो लोली गमरा ॥
हेर दादा खड्सा देउ, खडि पात्रो
फेरी हेऱ्यो दादाले, खडी पात्रो साउन की यो लोली गमरा ।
फेरी हेऱ्यो दादाले, खडी पात्रो
फेरी हेर दादा मेरा खडी पात्रो, धैइकब यो लोली गमरा ॥
हेर दादा खड्सा देउ, खडि पात्रो
फेरी हेऱ्यो दादाले, खडी पात्रो भदौ की यो लोली गमरा ।
फेरी हेऱ्यो दादाले, खडी पात्रो
फेरी हेर दादा मेरा खडी पात्रो, धैइकब यो लोली गमरा ॥
हेर दादा खड्सा देउ, खडि पात्रो
असोजमास, लेऊ कटाइ छ, नाइँहुनो गमरीको बियो ।
कार्त्तिक मास, कुकुरीको बेऊ छ, नाइँ हुनो गमरीको बियो ॥
मंसिर मास गाई मुकन्छे, नाइँ हनो गमरीको बियो ।
पुस मास हिउँ, तुसारो नाइँ हनो गमरीको बियो ॥
फागुन मास मौरी मुकन्छे, नाइँ हनो गमरीको बियो ।
चैत मास ऋतु मानान्छे, नाइँ हनो गमरीको बियो ॥
वैशाख मास झुसीली बाली, नाइँ हनो गमरीको बियो ।
जेठ मास धुली उड्न्छे, नाइँ हनो गमरीको बियो ॥
असार मास लेऊ, जोताइ छ, नाइँ हनो गमरीको बियो ।
साउन मास हिलो बुढन्छ, नाइँ हनो गमरीको बियो ॥
भदौ मास शुक्ल पक्ष, रोजी यो गमरीको बियो ।
शुक्ल पक्ष, अष्टिमी तिथि रोजी यो गमरीको बियो ॥
शुक्ल पक्ष, सोमबार रोजियो गमरीको बियो ।
भदौ मास, शुक्ल पञ्चमी, मुई इजु माइत बोलाए ॥
कोरे होलो लोली गमरा देवी, को तेरा माइत बोलालो ।
बज्या जति लाइन्या थिउँ त, बाली वृद्धका छन् बुढा ॥
भदौ मास, शुक्ल पञ्चमी, इजु मुई इजु माइत बोलाए ।
जेठा बाबा लाइन्या थिउँ त, लोली देवताका छन् चाकरी ॥

भदौ मास, शुक्ल पञ्चमी इजु मुई इजु माइत बोलाए ।
को रे, होलो लोली गमरा देवी, को तेरा माइत बोलालो ॥
बाबा जति लाइन्या थिउँ, गाउँका छन् भलादमी ।
भदौँ मास शुक्ल पञ्चमी, इजु, मुई इजु माइत बोलाए ।
को रे होलो लोली गमरा देवी को तेरा माइत बोलालो ॥
काका जति, लाइन्या थिउँ त, बाली, भुइँसीका छन् भुँइसाला ।
भदौँ मास शुक्ल पञ्चमी इजु, मुई इजु माइत बोलाए ।
को रे होलो लोली गमरा देवी को तेरा माइत बोलालो ॥
दादा जति लाइन्या थिउँ त, गोरुका छन् गोठालो ।
भदौँ मास शुक्ल पञ्चमी इजु, मुई इजु माइत बोलाए ॥
को रे होलो लोली गमरा देवी को तेरा माइत बोलालो ।
उति कान्छो भाईलो, तेरो त, बाकरीको छ, ग्वालो ॥
भदौँ मास शुक्ल पञ्चमी इजु, मुई इजु माइत बोलाए ।
को रे होलो लोली गमरा देवी को तेरा माइत बोलालो ॥
उति कान्छो, भाइलो तेरो त, काथडीको छ ग्वालो ।
भदौँ मास शुक्ल पञ्चमी इजु, मुई इजु माइत बोलाए ॥
छनाइँ बुबु, छनाइँ रे आमा त, लोग्या सित माइत आउनु भयो ।
दादाको सालो बौजुको भाइलो, सोई सित माइत आउनु भयो ॥
छनाइँ जेड्ज्या, छनाइँ रे बाबु त, लोग्या सित माइता आउनु भयो ।
दादाको सालो, बौजुको भाइलो, सोइ सित माइत आउनु भयो ॥
छनाइँ इज्या, छनाइँ बाबा रे, लोग्या सित माइत आउनु भयो ।
दादाको सालो, बौजुको भाइलो, सोइ सित माइत आउनु भयो ॥
छनाइँ काका, छनाइँ रे काकी त, लोग्या सित माइत आउनु भयो ।
दादाको सालो, बौजुको भाइलो, सोइ सित माइत आउनु भयो ॥
छनाइँ दादा, छनाइँ रे बौजु त, लोग्य सित माइत आउनु भयो ।
दादाको सालो, बौजुको भाइलो, सोइ सित माइत आउनु भयो ॥
धोइँ धाइँ पञ्च बिरुडी, कै रे देवा चढाउँला ।
धोइँ धाइँ पञ्च बिरुडी, केदार चढाउँला ॥
धोइँ धाइँ पञ्च बिरुडी, कै रे देवा चढाउँला ।
धोइँ धाइँ पञ्च बिरुडी, भूमिराज देवा चढाउँला ॥
धोइँ धाइँ पञ्च बिरुडी, कै रे देवा चढाउँला ।
धोइँ धाइँ पञ्च बिरुडी, मसन्या देवा चढाउँला ॥
धोइँ धाइँ पञ्च बिरुडी, कै रे देवा चढाउँला ।
धोइँ धाइँ पञ्च बिरुडी, कैलुपाल चढाउँला ॥

धोइँ धाइँ पञ्च बिरुडी, कै रे देवा चढाउँला ।
धोइँ धाइँ पञ्च बिरुडी, भगवती देवा चढाउँला ॥
धोइँ धाइँ पञ्च बिरुडी, कै रे देवा चढाउँला ।
धोइँ धाइँ पञ्च बिरुडी, विटाकेदार चढाउँला ॥
धोइँ धाइँ पञ्च बिरुडी, कै रे देवा चढाउँला ।
धोइँ धाइँ पञ्च बिरुडी, नागार्जुन देवा चढाउँला ॥
धोइँ धाइँ पञ्च बिरुडी, कै रे देवा चढाउँला ।
धोइँ धाइँ पञ्च बिरुडी, तेत्तीसैकोटी देवा चढाउँला ॥

स्रोत व्यक्ति : द्रौपदीदेवी पन्त
वर्ष : ८६

## ८. घर फर्किंदाको गीत

भिम्या रावलले वाण हाण्यो, छोटी बैना लागी पुछेट ।
ए भिम्या रावलले वाण हाण्यो
पुछेट नलाग मेरी छोटी बैना, घर तेरा आवेयो भराण ॥
पुछेट नलाग मेरी छोटी बैना
अबेयो भराण दादा फेरी पाउँला, त तमु जसा भायलु नाइँपुँ ।
अबेयो भराण दादा फेरी पुउला
पाँछै पाण्डु केदार चल्या, छोटी बैना लागि पुछेट
पाँछै पाण्डु केदार चल्या
पुछेट नलाग मेरी छोटी बैना, घर तेरा घुणीको पारो ॥
पुछेट नलाग मेरी छोटी बैना
घुणीको पारो दादा फेरी पाउँला, तमु जसा भाएलु नाइँपुँ ।
घुणीको पारो दादा फेरी पाउँला ॥
पाँछै पाण्डव केदार चल्या, छोटी बैना लागि पुछेट ।
पाँछै पाण्डव केदार चल्या
पुछेट नलाग मेरी छोटी बैना, घर तेरा सासु ससुरा ॥
पुछेट नलाग मेरी छोटी बैना
सासु ससुरा दादा फेरी पाउँला, तमु जसा भायलु नाइँपुँ ।
सासु ससुरा दादा, फेरी पाउँला
पाँछै पाण्डव केदार चल्या, छोटी बैना लागि पुछेट
पाँछै पाण्डव केदार चल्या
पुछेट नलाग मेरी छोटी बैना, घर तेरा काखीँको बालो ॥
पुछेट नलाग मेरी छोटी बैना
काखीँको बालो दादा फेरी पाउँला, तमु जसा भायलु नाइँपुँ ।
काखीँको बालो दादा, फेरी पाउँला
पाँछै पाण्डव केदार चल्या, छोटी बैना लागि पुछेट
पाँछै पाण्डव केदार चल्या
पुछेट नलाग मेरी छोटी बैना, घर तेरा अबेयो भराण ॥
पुछेट नलाग मेरी छोटी बैना
अबेयो भराण दादा फेरी पाउँला, तमु जसा भायलु नाइँपुँ ।
अबेयो भराण दादा, फेरी पाउँला
पुछेट नलाग मेरी, छोटी बैना
भिम्या रावलले वाण हाण्यो, छोटी बैना लागि पुछेट ॥
भिम्या रावलले वाण हाण्यो

चरी वार दादा ढुङि पार, पापु गाठाई रै गयो ।
चरिवार दादा ढुङिपार
भिम्या रावलले वाण हाण्यो, पापु गोठाई रै ब गयो ॥
भिम्या रावलले वाण हाण्यो
पुछेट नलागु मेरी, छोटी बैना घर तेरा सासु सुसरा ।
पुछेट नलागु मेरी, छोटी बैना
सासु ससुरा दादा फेरी पाउला, तमुजसा भायुल नाइँपुँ ॥
सासु ससुरा दादा फेरी पाउला
उकाली ओराली बैना, पाऊँ खड्न्ना तम बैना कसाइ हिट्ल्यौं ।
उकाली ओराली बैना, पाऊँ खडन्ना ॥
जय पायो हिटन्नी कुन्धा माय, उसइ पाय हमलै हिट्ला ।
जय पायो हिटन्नी, कुन्धा माय
उकाली ओराली बैना, भोक लगानी तम बैना के खानी खाल्यौं ॥
उकाली ओराली बैना, भोक लागली
ज्या खानी खान्नी कुन्धा माय, तेई खानी हमलै खुँला ।
जे खानी खान्नी, कुन्धा माय
उकाली ओराली बैना, जाडि होली तम बैना के लगाउँली ॥
उकाली ओराली बैना, जाडि होली ।
ज्या लाइनी लाइनीन, कुन्धा माय, तेइ लाइनी हमलै लाउँला ॥
ज्या लाइनीन लाउलीनु, कुन्धा माय
थोक नाचु थोक नाचु भिम्या रावल, धर्ती बेवर पणी गया ।
थोक नाच दादा मेरा भिम्या रावल
सुनकी आँगनी माई त, मुई नाचुलो, धर्ती बेवर कस्याई पण्या ॥
सुनकी आँगनी माई त, मुई नाचुलो
थोक नाचु दादा मेरा, भिम्या रावली धर्ती बेवर पणी गया ।
थोको नाच थोको नाच भिम्या रावल
सर्क बोणोली जनि, मुई नाचुलो धर्ती बेवर कस्याई पण्या ॥
सर्क बोणोली जुनि मुई नाचुलो
थोक नाचु दादा मेरा, भिम्या रावली धर्ती बेवर पणी ग्यानु ।
थोको नाच थोको नाच भिम्या रावल
गाड गेरणी जनि मुई नाचुलो, धर्ती बेवर कस्याई पण्या ॥
गाड गेरणी जनि मुई नाचुलो
स्रोत व्यक्ति : जानकी देवी भट्ट
वर्ष : ६३

## ९. कुन्नुनान गयाको गीत (सप्तमी औँसेक)

### सगुन गीत

सगुना दिउ रे निका बोल
सगुनु बोल
सगुनु बोल, सरस्वती, लगन बोल बिरस्पति
बोल मया, सगुन बोल
सरु घर, सरस्वती
ब्रहमा घर, बिरस्पति
रामै घर, सीता रानी
राजूता पनी
सगुन बोल, सरस्वती
लगन बोल, बिरस्पति
बोल मया, सगुन बोल
यीन सगुनु (२)
यीनु लगन त (२)

सर्क लोग है, चलि आइनू लोली गमरा, हिम हिमाञ्चल उज्यालो ।
हिमाञ्चल है, चलि आइन लोली गमरा, डाँडी काँडी भैइछ उज्यालो ॥
रोडी खोली है, चलि आइन लोली गमरा, खाला खेता भैइछ उज्यालो ।
खाला खेत है, चलि आइन् लोली गमरा, दुबी चौड भैइछ उज्यालो ॥
आस बस लोली गमरा देवी, सुनका सङ्घासन बस ।
सुनका सङ्घासन केदार देवा हन्ना, हम लोली दुधकुन्ना बस्ला ॥
आस बस लोली गमरा देवी, सुनका सङ्घासन बस ।
सुनका सङ्घासन, भूमिराज देवा हन्ना, हम लोली दुध कुन्न बस्ला ॥
आस बस लोली गमरा देवी, तम लोली इतोनी क्याई बेर ।
हरद्वार जान्थ्यो, रुद्रकी माला ल्याउन्थयो, हम होइगैइ इतोनी अबेर ॥
आस बस, लोली गमरा देवी, सुनका सङ्घासन बस ।
सुनका सङ्घासन मसन्या देवा हन्ना, हम लोली दुधकुन्ना बस्ला ॥
आस बस लोली गमरा देवी, तम लोली इतोनी क्याई अबेर ।
गंगा नान गैथ्युँ, गंया माटी लिन्थ्युँत, मुई होइगैइ इतनी अबेर ॥
आस बस लोली गमरा देवी, तम लोली इतोनी क्याई बेर ।
आस बस, लोली गमरा देवी, सुनका सङ्घासन बस ।

सुनका सङ्घासन ३३ सैँ कोटी देवता हन्ना, हम लोली दुधकुन्ना बस्ला ॥
आस बस, लोली गमरा देवी, सुनका सङ्घासन बस ।
सुनका सङ्घासन पञ्चैकोटी देवता हन्ना, हम लोली दुधकुन्ना बस्ला ॥

स्रोत व्यक्ति : द्रौपदीदेवी पन्त
वर्ष : ८६

## १०. सज्यावली गीत

साझैँ साझँ, सज्यावली आइनु त, सज्यावली दुवार घुमन्नीन् ।
साझैँ साँझ, सज्यावली आइनु त, सज्यावली कै दुवार बसौँ ॥
जसो दुवार, केदार देवा हुन्ना, उई दुवार सज्यावली बसौँ ।
साँझै साँझ सज्यावली, आइनु त सज्यावली कै दुवार बसौँ ॥
जसो दुवार, लिवनी घसनी होली, तई दुवार सज्यावली बस ।
साँझै साँझ सज्यावली, आइनु त सज्यावली कै दुवार बसौँ ॥
जसो दुवार, बत्ती जललीत, तई दुवार सज्यावली बस ।
साँझै साँझ सज्यावली, आइनु त सज्यावली कै दुवार बसौँ ॥
जसो दुवार, भूमिराज देवा हुन्ना, तई दुवार सज्यावली बस ।
साँझै साँझ सज्यावली, आइनु त सज्यावली कै दुवार बसौँ ॥
जसो दुवार, कैलपाल देवा हुन्ना, तई दुवार सज्यावली बस ।
साँझै साँझ सज्यावली, आइनु त सज्यावली कै दुवार बसौँ ॥
जसो दुवार, मसन्या देवा हुन्ना, तई दुवार सज्यावली बस ।
साँझै साँझ सज्यावली, आइनु त सज्यावली कै दुवार बसौँ ॥
जसो दुवार, तेत्तीसै कोटी देवा हुन्ना, तई दुवार सज्यावली बस ।
साँझै साँझ सज्यावली, आइनु त सज्यावली कै दुवार बसौँ ॥
जसो दुवार, पञ्चैकोटी देवा हुन्ना, तई दुवार सज्यावली बस ।

स्रोतव्यक्ति : जानकी देवी भट्ट
वर्ष : ६३

## ११. अठ्यावाली गीत

कहाँ फुटि उब्जिया, चन्द्रै रे सूर्य ।
हिम् हिमाञ्चल रथ उब्जिया, चन्द्रै रे सूर्य ॥
रथ उब्जिय चन्द्र सूर्य, जलैले नोएया ।
जलैले नोएया गुसाइँ, पुजा भ्याइ लगाया ॥
कहाँ फुटि उब्जीय, श्री रे केदार । (२)
देउँलेक गुफा उब्जीया, श्री रे केदार ॥
उब्जीया गुसाइ श्री केदार जलैले नोएया ।
जलैले नोएया गुसाइँ, चन्दन चढाया ॥
चन्दन चढाया गुसाइँ, फूलैले भरिया ।
फूललै भरिया गुसाइँ, पूजा भ्याइ लगाया ॥
कहाँ फुटि उब्जीया, भूमिराजद देवा ।
भूमि फुटि उब्जीया, भूमिराज देवा ॥
उब्जीया गुसाइँ, भूमिराज, जललै नोएया ।
जलैले नोएया गुसाइ, चन्दन चढाया ॥
फूललै भरिया गुसाइँ, पूजा भ्याइ लगाया ॥
पूजा भ्याँइ लगाया गुसाइँ, फुलैले भरिया ।
कहाँ फुटि उब्जीया, कैलुपाल देवा ।
कैलाश फुटि उब्जीया, कैलपाल देवा ॥
उब्जीया गुसाइँ, कैलपाल, दुधैले नोएया ।
दुधैले नोएया गुसाइ, चन्दन चढाया ॥
चन्दन चढाया गुसाइँ, पूजा भ्याइ लगाया ।
कहाँ फुटि उब्जीया, तेत्तीसै कोटी देवता ॥
कैलाश फुटि उब्जीया, तेत्तीसै कोटी देवता ।
उब्जीया गुसाइँ, तेत्तीसै कोटी, जलैले नोएया ॥
जलैले नोएया गुसाइ, दुधैले नोएया ।
दुधैले नोएया गुसाइ, चन्दन चढाया ॥
चन्दन चढाया गुसाइँ, पूजा भ्याइ लगाया ।
कहाँ फुटि उब्जीया, पञ्चैकोटी देवा ।
पञ्चै धाम उब्जीया, पैञ्चैकोटी देवा ॥
उब्जीया गुसाइँ, पञ्चकोटी, जलैले नोएया ।
जलैले नोएया गुसाइ, चन्दन चढाया ॥
चन्दन चढाया गुसाइँ, पूजा भ्याइ लगाया ।
कहाँ फुटि उब्जीया, मयाश्वर गुसाइ ।

हिम हिमाञ्चल सुनका गिनोसा, मयाश्वर उबज्या ॥
सुनका गिनोसा साल्ली चौखि, मयाश्वर उबज्या ।
उबज्या गुसाइँ मयाश्वर, जलैले नोएया ॥
जलैले नोएया गुसाइँ, पुजा भ्याइ लगाया ।
कहाँ फुटि उब्जीगै, लोली रे गमरा ॥
खाला खेत धान बोट, लोली रे उब्जी ।
धानबोट सौँ बोट, लोली रे उब्जी ॥
कुर्जीबोट बलबोट, लोली रे उब्जी ।
फलफूल दुबिबोट, लोली र उब्जी ॥
उब्जी गुसाइँ लोली गमरा, जलैले नोएया ।
जलैले नोएया गुसाइँ, चन्दन भरिया ॥
चन्दन भरिया गुसाइँ, पुजा भ्याइ लगाया ।
पूजा भ्याइ लगाया गुसाइँ, पोटलो पैरिया ॥
पोटलो पैराया गुसाइँ, फूलैले भराया ।
फूलैले भराया गुसाइँ, पाटैले बधाँया ॥
पाटो भ्याँइ पैराया गुसाइँ, पूजा भ्याँइ लगाया ।
पैहिला मास मैना दैवी, प्रसुती भैइन् ॥
एकै दिन भया रानी, दुई दिन भया ।
दुवई दिन भया रानी, तिनै दिन भया ॥
तिनै दिन भया रानी, चारै दिन भया ।
सासु जति सासु हमरा, हाम्ररोइ बोली सुन् ॥
लुकुडी सुजउँनो ज्यू, के उइकी छ पाल्ली ।
के उइकी साबन होलो, केउइकी छ पाल्ली ॥
लैजा लैजा बुहारी, रिठीको साबुन ।
रिठीको साबुन लैजा, साननकी पाल्ली ॥
ध्युँनी तिउनी मैनावत्ती, गंगा तोट गैइनू ।
आङ् मुङ् धोइ रानीले, लुकुडी सुजायो ॥
लुकुडी सुजायो रानीले, घर लैटि आइनू ।
सासु जति सासु हमरा, मेरोइ बोल सुण ॥
लुकुडी सुजाया सासु, कैले हाङ्गी फिजूँ ।
फिजु फिजु बुहारी, कसुम सुवारी ॥
कसुमकी हाङ्गी बुहारी, जनु लच्काए ।
गाई गोठ गैइजु रानी, गौतु गौताइ ल्याइनु ॥
कसुम सुवाड गैइनु, लुकुडी फिजी आइनु ।

दुबी चौड गैइनु रानी, दुबै टिपि ल्याइनु ॥
चौथा दिन मैना रानी अङ्ग शुद्धि भइनु ।
दुबी चौड गैइनु रानी, दुबै टिपी ल्याइनु ॥
पल्लीको दुबो टिपी, सूर्य जुवार्यो ।
दोस्रो दुबो टिपी, माथा पैरियो ॥
जुवाऱ्या दुबाले, क्यारे बरु दिन्ना ।
जुवाऱ्या दुबाले, कन्या बरु दिन्ना ॥
फल भाँडि भैइनु रानी, फलै टिपी ल्याइनु ।
पल्लीको फल टिपी, सूर्य जुवार्थो ॥
जुवाऱ्या फलले, क्यारे बरु दिन्ना ।
जुवाऱ्या फलले कन्य बरु पाइल्याँ ॥

स्रोत व्यक्ति : द्रौपदीदेवी पन्त
वर्ष : ८६

## १२. गौरादेवीको जन्म हुँदाको गीत

दायुनु हौडूँ कन्याको, भयानि बिसियो ।
भयाँ हौडुको कन्याको मयाले परछ्यो ॥
कन्या भ्याई जन्मी गैइछ, जसि कोइनु तसि ।
उदिया सूर्य कन्या, पन्युकी चन्द्रमा ॥
पलुवा डाकुली कन्या, छोल्या हल्दा जसि ।
थाइकी हाछिनि कन्या, थाइकी भाँचिनि ॥
एकै दिनु भया कन्या, दुई दिनु भया ।
दुई दिनकी बाली कन्या, तीनै दिनका जसि ॥
तिन, दिनकी बाली कन्या, चारै दिनकी जसि ।
चारै दिनु भया कन्या, पाँचै दिनु भया ॥
पाँछै दिनु भया कन्या, छै दिनु भया ।
छया दिनु मैनबत्ती, हर जोइ जोगी गरी ॥
हर जोइ ज्यू हर जोइ ज्यू, घर छौ की वन ।
कैइकी आदेश हुन्छ, घरै छु बैसेक ॥
कन्या जति जन्यी रैछ, होरो हाली दिया ।

एकुनी होरो हाल्ली, हारु लै नाइँ आया ॥
दोसरी होरो हाल्ली, आँखा भ्याँई रङ्काया ।
कैल्या लुहारका घर भ्याँई, बनाइँ हाल्या चाल्लो ॥
तति चोखा बाहुनका आखाँ जति टाल्लो ।
एक आनु एकु मानु, चौखि चाल राख्यो ॥
तेसरी होरो हाल्ली, होरुलै आइ गया ।
अरे तेरी बाली कन्या, मयाश्वर जोग ॥
मयाश्वर जोग, जम्मी कन्या जतिराश ।
पार्वती नामै होलो, कन्या जचि राश ॥
ध्युँना तिउना रूप नारायण, घरै लौटि आया ।
छैय दिनु भया कन्याको, छटि नन्नु भयो ॥
छैय दिनु भया कन्या, सातै दिन भया,
आठै दिनु भया, नौइ दिन भया ।
नयाँ दिन बाली कन्याको, नवान बनाइौ ॥
वर्षे दिनकी बाली कन्या, दुई वर्षकी जसी ।
दुई वर्षकी बालि कन्या, तीन वर्षकी जसी ॥
तीन वर्षकी बाली कन्या, आठ वर्षकी जसी ।
आठ वर्षकी बाली कन्या, दश वर्षकी जसी ॥
दश वर्षकी बाली कन्या, बाह्रं वर्षकी जसी ।
बुबु भ्याँई बोलन लाग्या, कन्या अवेउ रै गई ॥
हाइ शिव सदा, बुरो जन बोल ।
बेउ होइ ब भ्कालो बुबु, अबेउ क्याँइ रउँलो ॥

स्रोत व्यक्ति : अम्बिका भट्ट
वर्ष : ५१

## १३. महेश्वरसँगको भेट हुँदाको गीत

भुइसि चराउन्या, बाँसुरी बजाउन्या कै को बेटा हैं तुई ।
भुइसि चराउन्या, बासुरी बजाउन्या आफ्नै बाबाको बेटा ॥
वारि बाट बालि कन्या विणयी, बजाउँछे ।
पारी बाट बडु भाट, बसुरी बजाउँछ ॥
क हो क हो बाली कन्या, तेरा बाबुको गोत्र ।
क हो क हो बाली कन्या, तमरी राशी ॥
कन्या जति राशी मेरी, पार्वती नामु ।
ईश्वर जति बाबु हमरा, धर्ती माय ॥
क हो क हो बाल बेटा, तमरो गोत्र ।
क हो क हो बाल बेटा, तमरा बाबुको नाम ॥
ईश्वर जति बाबा हमरा, धर्ती माय ।
कौडन्नी गोत्र मेरो, उत्तमकी छया ॥
क हो क हो बाली कन्या, तमरा बाबुको नाऊँ ।

स्रोत व्यक्ति : अम्बिका भट्ट
वर्ष : ५१

## १४. वन विवाहको गीत

तमु हमुई बाली कन्या, गोत्र मिलि गयो ।
तमु हमुई बाली कन्या, विहे गरी हाल्लौँ ॥
कहाँ खोजी ल्यालै, मह माला मुखि ।
काहौँ खोजी ल्यालै बोला, सयलु बऱ्याति ॥
तमरा जबैले, हमरा तपैले यतै उब्जी भान्ना ।
काहिँ खोजी ल्यालै बेटा, बेतुवा बाहुन ॥
तमरा तपैलै हमरा जपैले यतै उब्जी भान्ना ।
काहै खोजी ल्यालै लोग्या बेतुवा बाहुन ॥
काँशिपुर है खोजी ल्युँलो बेतुवा बाहुन ।
मथुरा नगर है खोजी, ल्याउँलो महमाल मुखी ॥
काहैँ खोजी ल्यालै वाला, सयलु बऱ्याति ।
मथुरा नगर है खोजी ल्याउलु, सयलु बऱ्याति ॥
तमु हमुई बाली कन्या, विहे गरी हालौँ ।
आधा गोला माइती बनाइँा, आधा गोला पैली ॥
बाली कन्यालेलै, बडु भाटलेलै वनै बेउ गऱ्यो ।
हलुवा बलुवा सया बनाइँा, भेड मेउलीका लया ॥
औँलाका पातकी पातली, लगायो, साल्ली सिन्दुर पिठायो ।
गोप्ट्यौँलाका बटुकु बनाइँा, औत गौतकी तायी ॥
बाकरीका गोल्यामुल्या घरै, जन भण्या ।
सङ्गका सङ्गीनी भायौँ घरै, जनु भण्या ॥
बडु भाट ले लै, बाली कन्याले लै वनै बियो होइग्यो ।
घर जनु भण्या भायौँ, तिलै खाजा खानु ॥
बाकरीका गोल्या मुल्या, खाजा दिन भुलि ।
बाकरीका गोल्या मुल्या, घरै घातु लैग्या ॥
बाली कन्या र बडू भाटैको वनै बियो भइग्यो ।
बाली कन्या बडू भाटैको, जमुना थली बियो ॥
क हो क हो बाली कन्या तमरा बाबुको घरु ।
को रे बाटो भालो कन्या, तमरा बाबाका घर ॥
दायाँ बाटो भालो लोग्या, श्री रे केदार ।
बायाँ बाटो भालो लोग्या, मेरा बाबाकी घर ॥
तमरा बाबाकी घरु कन्या, के की चिनारी ।
चिणिकी चौपाति होली, साभा लागि रली ॥
मेरा बाबाका माल अघि, दानैवादी घोडी ।

दनुवादी घोडी होली, दनुवादी हात्ती ॥
राना चना भुईसि हन्ना, रोल्या पोल्या बल्लु ।
बाबा ज्यूका मालै अघि, रानाचाना भुइसि ॥
झपुवा कुकुर होलो, लखमा बिराली ।
भिड्या बैकनु होलो, कनौली आई आदो ॥
तमरा बाबाकी घर कन्या, के भेष आउँलो ।
जोगीको भेष पैरी, आस्या बाबा ज्यूका घर ॥
ध्युँनी तिउँनी बालीकन्या, गोरु लैगइब घर ।
खानु खानु बाली कन्या, बासी भातु खानु ॥
गोल्या मुल्याका बाजु मऱ्यानु, गोल्या पाजु गऱ्यो ।
बाँसी भात नाइँ खान्या हुँ, खाजा गेडा दिया ॥
तोरे चेली पाल्ला हैँ त, झपुवा कुकुर कन पाल्या ।
झपुवा कुकुर पाल्या थ्युँ त, देली परे दिनो ॥
लखमा बिराली पाल्या थ्युँ त, मुसी मारी दिनो ।
तोरे चेली कठै लाडी, क्याँइ पाल्या हुँ मुइले ॥
तोरे चेली पाल्दा है त, गयाँ भ्याँइ कन बगाया ।
तोरे चेली पाल्या मैले, वनै बियो गरी ॥
तोरे चेली पाल्ला है त, अग्नि कन जलाया ।

स्रोतव्यक्ति : कुइरा भट्टराई
वर्ष : ७२

### १६. महेश्वरसँगको विवाहको गीत

हाइ शिव सदा शिव, बुरो जनु बाल ।
तमु होल्यौँ सासु भराइ, कन्या दुलेही ॥
सय घडा जलैले, हरै हर नाइाँ ।
बार तिर्थ गैइनु रानी, अङ्गै शुद्धि गऱ्यो ॥
सय घडा गोतैले नाइाँ, धोयो रानीले ।
पाँच गाई कल्प्यो रानीले, पापैँ कट्टि भयो ॥
यो बियो मनलै, नाइँ आयो ।
कार्त्तिक मास रोजीयो बियो, मनैलै नाइँ आयो ॥
मंसिर मास रोजीयो बियो, मनैलै नाइँ आयो ।

पुस मास रोजीयो बियो, मनैलै नाइँ आयो ॥
माघ मास रोजीयो बियो, मनैलै नाइँ आयो ।
फागुन मास रोजीयो बियो, मनैलै नाइँ आयो ॥
चैत मास रोजीयो बियो, मनैलै नाइँ आयो ।
वैशाख मास रोजीयो बियो, मनैलै नाइँ आयो ॥
जेठ मास रोजीयो बियो, मनैलै नाइँ आयो ।
असार मास रोजीयो बियो, मनैलै नाइँ आयो ।
साउन मास रोजीयो बियो, मनैलै नाइँ आयो ॥
भरि भदै शुक्ल पक्ष रोजियो, गमरीको बियो ।
शुक्ली पक्ष सोमबार, रोजियो गमरीको बियो ॥
गमरी मयाश्वर बियो हेर्न को रे देवा आया ।
गमरी मर्याश्व्र बियो हेर्न केदार देवा आया ॥
के का बहान चढि केदारु आया ।
सेती घोडी बहान चढी, केदारु आया ॥
गमरी मयाश्वर बियो हेर्न, को रे देवा आया ।
गमरी मयाश्वर बियो हेर्न, भूमिराज देवा आया ॥
के का बहान चढि, भूमिराज आया ।
भूमिका बहानु चढी, भूमिराज आया ॥
गमरी मयाश्वर बियो हेर्न, को रे देवा आया ।
गमरी मयाश्वर बियो हेर्न? मसन्या आया ॥
के का बहान चढी, मसन्या आया ।
सेती घोडी बहान चढी, मसन्या आया ॥
गमरी मयाश्वर बियो हेर्न, को रे देवा आया ।
के का बहान चढी, सिद्धनाथ आया ॥
सिद्धैका बहान चढी, सिद्धनाथ आया ।
गमरा मयाश्वर बियो हेर्न, को रे देवा आया ॥
गमरी मयाश्वर बियो हेर्न, पाँचै पाण्डव आया ।
के का बहान चढी, पाँचै पाण्डव आया ॥
रथे बहान चढी, पाण्डव भाई आया ।
गमरी मयाश्वर बियो हेर्न, को रे देवा आया ॥
गमरी मयाश्वर बियो हेर्न, तेत्तीसै कोटी देवा आया ॥
के का बहान चढी, तेत्तीसै कोटी आया ।
हावाका बहान चढी, तेत्तीसै कोटी आया ॥
गमरी मयाश्वर बियो हेर्न, को रे देवा आया ।

गमरी मयाश्वर बियो हेर्न, पञ्चै कोटी आया ॥
के का बहान चढी, पञ्चै कोटी आया ।
हावाका बहान चढी, पञ्चै कोटी आया ॥

स्रोत व्यक्ति : द्रौपदीदेवी पन्त
वर्ष : ८६

## १७. भाइर भितर हिङलो खेलाउना फाग

भाइर भितर गोःरा हिङलो खेलन्नी
हिङलो खेलन्नी गोःरा बुबु जाइँ भेटन्नी
भाइर भितर गोःरा हिङलो खेलन्नी हिङलो खेलन्नी
हिङलो खेलन्नी गोःरा आमा जाइँ भेटन्नी
भाइर भितर गोःरा हिङलो खेलन्नी हिङलो खेलन्नी गोःरा
हिङलो खेलन्नी गोःरा जेबा जाइँ भेटन्नी
भाइर भितर गोःरा हिङलो खेलन्नी
हिङलो खेलन्नी गोःरा जेजा जाइँ भेटन्नी
भाइर भितर गोःरा हिङलो खेलन्नी
हिङलो खेलन्नी गोःरा बाबा जाइँ भेटन्नी
भाइर भितर गोःरा हिङलो खेलन्नी
हिङलो खेलन्नी गोःरा इजा जाइँ भेटन्नी
भाइर भितर गोःरा हिङलो खेलन्नी
हिङलो खेलन्नी गोःरा काका जाइँ भेटन्नी
भाइर भितर गोःरा हिङलो खेलन्नी
हिङलो खेलन्नी गोःरा काकी इजु जाइँ भेटन्नी
भाइर भितर गोःरा हिङलो खेलन्नी
हिङलो खेलन्नी गोःरा दादा जाइँ भेटन्नी
भाइर भितर गोःरा हिङलो खेलन्नी
हिङलो खेलन्नी गोःरा बौजु जाइँ भेटन्नी
भाइर भितर गोःरा हिङलो खेलन्नी
हिङलो खेलन्नी गोःरा भयालु जाइँ भेटन्नी
भाइर भितर गोःरा हिङलो खेलन्नी
हिङलो खेलन्नी गोःरा बौरानी जाइँ भेटन्नी
भाइर भितर गोःरा हिङलो खेलन्नी
हिङलो खेलन्नी गोःरा भदु जाइँ भेटन्नी
बाटामै का ढोल बाजा उना कुना छल
तमरी अधेका आइन उना कुना चल
जेठीन जेठाना मेरा उना कुना छल
तमरी अधेका आइन उना कुना चल ।

स्रोत व्यक्ति : अम्बिका भट्ट
वर्ष : ५१

### १८. गमरा सेलाएको गीत

सर्कै लोक है, मयाश्वर गुसाइँ ले, जोलीया ब पठायो ।
तमू जति, लोली गमरा देवी, तुरुन्त घर आस ॥
सन्जाइगंगा घरै ब हुन्नीन्, मुई विजाइ कि पढ्यो खाँचो । (२)
सर्कै लोक है, मयाश्वर गुसाइँ ले, जोलीया ब पठायो ।
तमू जति, लोली गमरा देवी, तुरुन्त घर आस ॥
गंगा सन्जा घरै ब हुन्नीन, मुई विजाई कि पढ्यो खाचो ।
तमु बिजाई लोली गमरा देवी, मयाश्वर पौरुखा रैग्या ॥
तमु जति लोली गमरा देवी, तुरुन्त घर आस ।
सर्क लोक है मयाश्वर गुसाइँ ले, जोलीया ब पठायो ॥
तमु जति लोली गमरा देवी, तुरुन्त घरै आस ।
तमु बिजाई लाली गमरा देवी, गाना पति बालो भोकै रैग्यो ॥
तमु बिजाई लोली गमरादेवी, सरस्वती कन्या भोकी रैगइ ।
सर्क लोक है, मयाश्वर गुसाइँले, जोलीया ब पठायो ॥
तमु जति लोली गमरा देवी, तुरुन्त घरै आस ।
तमु बिजाई लोली देवी, मयाश्वर लकुडी सुभ्काउनु रैगई ॥
तमु जति लोली गमरा देवी, तुरुन्त घरै आस ।
तमु बिजाई लोली गमरादेवी, कोशिला आसु भोकी रैगई ॥
तमु बिजाई लोली गमरा देवी, दशरथ ससुरा भोकाइ रैग्या ।
सर्कलोक है मयाश्वर गुसाइँले, जोलिया ब पठायो ॥
तमु जति लोली गमरा देवी, तुरुन्त घरै आस ।
तमु बिजाई लोली गमरा देवी, राना चाना भुईसि भोकै रैग्या ॥
तमु जति लोली गमरा देवी, तुरुन्त घरै आस ।
सर्क लोक है मयाश्वर गुसाइँले, जोलीया ब पठायो ॥
तमु जति लोली गमरा देवी, तुरुन्त घरै आस ।

## १९. गमरा देवी घर जाँदाको गीत

बाबाकी मझेली जीय रडी झडीलो, जीया सुना भीणै रैगइ, रडी झडीलो ।
आसे बुवा लोली गमरा, रडी झडीलो बुवा तोखि सैतुलो, रडी झडीलो ॥
गोठका झरना जिया रडी झडीलो, जिया सुना भीणै रैगइ रडी झडीलो ।
उपरी भदौं मास, रडी झडीलो, बुवा तई लोली आसे रडी झडीलो ॥
गोठकी सुना विणै रडी झडीलो, लोली तोइखि सैतुलो रडी झडीलो ।
धन पुउला जिया मेरी रडी झडीलो, जिया लुकुडी भेरी रैगइ रडी झडीलो ॥
आसे बुवा लोली गमरा रडी झडीलो, वुबा तोखि सैतुलो रडी झडीलो
कानका गलेयो जीया रडी झडीलो, जीया मुखि सैतुन राख्या रडी झडीलो ।
सैतना सैतुलो रडी झडीलो, लोली खैबुडी झाली रडी झडीलो ॥
टाटुकी हरेवा जीया रडी झडीलो, जीया मुखि सैति राख्या रडी झडीलो ।
सैतुना त सैतुलो रडी झडीलो, लोली खैबुडि झाली रडी झडीलो ॥
आङकि ऐ जीया रडी झडीलो, जीया मुखि सैति राखे रडी झडीलो ।
सैतना त सैतुलो रडी झडीलो, वुबा चिति लागि झाली रडी झडीलो ॥
जातकी घग्रीया जीया रडी झडीलो, जीया मुखि सैति राख्या रडी झडीलो ।
सैतुना सैतुलो रडी झडीलो, लोली निर्मली होई झाली रडी झडीलो ॥

आङकी ऐना मेरी, खुसुनु झाँई लाग्या ।
खुसुनु दे खुसुनु दे, मुई आफू पुऱ्याउलो ॥
जानकी घग्ररीया मेरी, खुसुनु झाँई लाग्या ।
खुसुनु दे खुसुनु दे, मुई आफू पुऱ्याउँलो ॥
कानैका कालेडु मेरी, खुसुनु देई लाल्या ।
खुसुनु दे खुसुनु दे, मुई आफु पुऱ्याउँलो ॥
नककी नथिया जीया, खुसुनु दे झाँई लाग्या ।
खुसुनु दे खुसुनु दे, मुई आफु पुऱ्याउँलो ॥
टाटुकी हरेवा मेरी, खुसुनु झाँई लाग्या ।
खुसुनु दे खुसुनु दे, मुई आफु पुऱ्याउँलो ॥
कि बालो पाल्दे, कि बालो मार्दे, बालो झलाई जनु मारै ।
कठै बालो झलाई जनु मारै
मेलका दाना जति मेली रै छ, बालो भट्टका दाना जनि भट्टि ॥
कठै भट्ट दाना, जति भट्टि
कि बालो पहिहाल, कि बालो मारि, बालो झलाई जनु मारै ।
कठै बालो झलाई जनु मारै
ए मेरा राईपति, साइ बालाकी त कति लड्यानिन ॥

कठै कति लड्यानिन्

बिउजि भ्का, बिउजि भ्का, राइपति साइ बाला बिउजि कन भ्कानैं ।

कठै बिउजि कनु भ्कानैं

ए मेरा राई पति, साइ बालाकी त कति लड्या किन् ॥

कठै कति लड्या किन्

सासु बराइलीले पाल्दियो बालो, नन्दु बराइलीले हेरि ।

कठै नन्दु बराइलीले हेरी

सौतेनी मायले मार्दियो बालो, सौतेनी मायले मार्‍यो ॥

कठै सौतेनी मायले मार्‍या

हाई दया खाँत, हाई काँकुरि बाला ।

हाई दया खाँत, हाई काँकुरि

सौतेनी मायले मार्दियो बालो, सौतैनी मायले मारी

कठै हाई दया खाँत, हाई काँकुरि ॥

स्रोत व्यक्ति : जानकीदेवी भट्ट

वर्ष : ६३

## २०. प्रातकालमा गाइने भोलाउलो

रातीको चौथो प्रहर (३ बजे माथि) गाइने गीत तथा नृत्य :

रातीका हति पहर हो लक्षी राम हरि
रातीका चार पहर हो लक्षी राम हरि
पहिला पहरक गोठपात लक्षी राम हरि
दोसरा पहर खानीधानी लक्षी राम हरि
तेसरा पहर सिता सीन लक्षी राम हरि
चौथा पहर असनान लक्षी राम हरि
पूर्व ढोका खुली ज्ञान लक्षी राम हरि
पश्चिम दुई घडी रात हो लक्षी राम हरि
पूर्व उज्यालो होइब गैछ लक्षी राम हरि
पश्चिम वेइभ्काली रात हो लक्षी राम हरि
शिखर ब्युभ्क्या शिवलिङ्ग लक्षी राम हरि
पत्ताल ब्युभ्क्या कालिनाग लक्षी राम हरि
नगर खुमकी गैछ बुढो हो लक्षी राम हरि
फाग रन्किगैछ मौरी हो लक्षी राम हरि
गोठ रमाई गैछ गाई हो लक्षी राम हरि
खरक अडकी गैछ भैसी हो लक्षी राम हरि
देवता पुजनी बेला होइव गैछ लक्षी राम हरि
पोथ्या कुखुरी वासी गैछ लक्षी राम हरि
बाड माई क्षेत्र्या चडो बासी गैछ लक्षी राम हरि
बाहिर पहर दिन आइ गैछ लक्षी राम हरि
बिउभ्कँ बिउभ्कँ छोरी पनेवारी लक्षी राम हरि
पानी भरनी बेला होइगैछ लक्षी राम हरि
दुध बसनी होइगैछ लक्षी राम हरि
ओखल कुटनी बेला होइगैछ लक्षी राम हरि
फूल टिपनी बेला होइगैछ लक्षी राम हरि
देवता पुजनी बेला होइगैछ लक्षी राम हरि
सवकी बुहारी पानी गैन लक्षी राम हरि
तेरो पानी माछीले विटाल्यो लक्षी राम हरि
माछीले बिटाल्यो पानी दोष नाइँ आथी लक्षी राम हरि
लिपनी धसनी बेला होइगैछ लक्षी राम हरि
बिउभ्कँ विउभ्का छोरी मटवारी लक्षी राम हरि
मेरो माटो धेउडीले बिटाल्यो लक्षी राम हरि

घेउडी बिटाल्यो माटो दोष नाइँआथी लक्षी राम हरि
विउभ्फँ विउभ्फँ छोरी फूलवारी लक्षी राम हरि
तेरो फुल भमोरीले विटाल्यो लक्षी राम हरि
भैमोरी विटाल्यो फूल दोष नाइँआथी लक्षी राम हरि
सबकि बुहारी पानी गैन लक्षी राम हरि
सीता गोसीको जागो लैन भ्यो लक्षी राम हरि
उगाड उगाड रानी दार जालो लक्षी राम हरि
दशरथ सौरा सिताई छन् लक्षी राम हरि
कसी कै उगाडौ मै दार जालो लक्षी राम हरि
राम भतार सितालाई छन् लक्षी राम हरि
कसो कै उगाडौ दार जोला लक्षी राम हरि
लछेमन देवर सिताई छन् लक्षी राम हरि
कसी कै उगाडौं दार जालो लक्षी राम हरि
कोकिला नन्द सिताई छन् लक्षी राम हरि
पानी भरनी बेला होइ गैछ लक्षी राम हरि
कोखी माणि हाली रुपा घडुली लक्षी राम हरि
हात समाई सुना सिरौणी हो लक्षी राम हरि
चलीगैन घाराका पानी हो लक्षी राम हरि
पनघट मिरग चरन लाग्या लक्षी राम हरि
नवाली पाट घडुली बिसायो लक्षी राम हरि
सीता रानी मृगैका ख्याल हो लक्षी राम हरि
अयोध्या रामले घर लायो लक्षी राम हरि
माटो खोदी खोदी घर लायो लक्षी राम हरि
ढुङी फोडी फोडी घर लायो लक्षी राम हरि
पैतोली घर चीडी गोरगाठी लक्षी राम हरि
पिणैली घर चीडि घुडा जोला लक्षी राम हरि
गोरगाठी घर चिडी गोरगाठी लक्षी राम हरि
नाइँ आयो घर सिताको पानी लक्षी राम हरि
जाङ जालो घर चिडी टटौली लक्षी राम हरि
नाइँ आयो सिताको पानी लक्षी राम हरि
टटौली घर चिडीइ शिरमाथी लक्षी राम हरि
नाइँ आयो सिताको पानी लक्षी राम हरि
राम ज्यू हुकुम भइछ लक्षी राम हरि
लक्षेमन भौल्या तमैई वोल लक्षी राम हरि

क्या भैछ पनिया कि ढील हो लक्षी राम हरि
चल भौल्या धाराका पानी हो लक्षी राम हरि
चली गया धाराका पानी हो लक्षी राम हरि
ओ सिता भौजु तमै बोल लक्षी राम हरि
क्या भैछ पनिया की ढील हो लक्षी राम हरि
पन घट मृग चरन लाग्या लक्षी राम हरि
कसीकसी मेर्तिका मृग छन् लक्षी राम हरि
सुना वादी सिङका मृग हो लक्षी राम हरि
रुपावादी दन्तका मृग हो लक्षी राम हरि
तामावादी पिठका मृग हो लक्षी राम हरि
लुवावादी खुरका मृग हो लक्षी राम हरि
लक्षेमन देवर तमई बोल लक्षी राम हरि
कुरडी का घाका बाटी दिय लक्षी राम हरि
ओ सिता बैनी तमई बोल लक्षी राम हरि
नौनीका माणा हाली दिय लक्षी राम हरि
घुडली उचाई हम दिय हो लक्षी राम हरि
दशरथ सौरा तमई बोल लक्षी राम हरि
घडुली विसाई हम दिय लक्षी राम हरि
आइ पुग्यो सिताको पानी हो लक्षी राम हरि
जै कि उचाइ घडी सोइब बिसालो लक्षी राम हरि ।

स्रोतव्यक्ति : कविराज भट्ट

वर्ष : ३५

## परिशिष्ट- ख


# स्रोतव्यक्तिको नामावली

बैतडेली गौरापर्वका गीतमा लोकविश्वासको अध्ययनका लागि गौरापर्वको सन्दर्भ पारेर बैतडी जिल्लाको पाटन नगरपालिका क्षेत्र, दशरथचन्द नगरपालिकाको वडा नं. १, गुरुखोला र सोही नगरपालिका वडा नं. २, देहीमाडौँ क्षेत्रमा प्रचलित गीतहरूको सङ्कलन गर्न प्रत्यक्ष रूपमा शोधकर्ता आफैँ संलग्न भई त्यहाँ सञ्चालित सम्पूर्ण क्रियाकलापको मिति २०७९ भाद्र १६ देखि २७ गतेसम्म अध्ययन अवलोकन गर्नुका साथै त्यहाँका स्थानीयहरूको सहयोगमा गौरापर्वका गीत टिपोट गरिएको थियो । यस अध्ययनका लागि गीत गाएर सहयोग गर्नुहुने मुख्य गीदारा गीदारीको नामावली निम्नलिखित छ :

| क.सं | गीदारा/गीदारीको नाम | उमेर | स्थायी ठेगाना | हाल बसोबास |
|---|---|---|---|---|
| १. | अमर टेर | ४० | दशरथचन्द नगरपालिका, गुरुखोला, बैतडी | |
| २. | अम्बिका भट्ट | ५१ | पाटन नगरपालिका, गागरा, बैतडी | कञ्चनपुर जिल्ला भि.न.पा. |
| ३. | कविराज भट्ट | ३७ | दशरथचन्द नगरपालिका, देहीमाडौँ, बैतडी | |
| ४. | कुइरा भट्टराई | ७२ | पाटन नगरपालिका, जरौली, बैतडी | |
| ५. | जानकीदेवी भट्ट | ६३ | दशरथचन्द नगरपालिका, गुरुखोला, बैतडी | कञ्चनपुर जिल्ला भि.न.पा |
| ६. | द्रौपदीदेवी पन्त | ८६ | पाटन नगरपालिका, गागरा, बैतडी | |
| ७. | नन्दादेवी भट्ट | ८१ | पाटन नगरपालिका, खोल्सी, बैतडी | |

# परिशिष्ट- ग

## बैतडी जिल्लाको नक्सा



## सन्दर्भ सामग्रीसूची


अवस्थी, गणेशदत्त (२०६१), *बैतडेली सांस्कारिक फागको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

उपाध्याय, कृष्णदेव (सन् १९९१), *भारतीय लोकविश्वास,* वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

खत्री, प्रेम (२०७०), *नेपालका जातीय संस्कार,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

गिरी, जीवेन्द्रदेव (२०६७), *नेपाली लोकसाहित्यमा जनजीवन,* काठमाडौँ : एकता प्रकाशन ।

चन्द, उमा (२०५३), *बैतडेली सांस्कारिक फागहरूको सङ्कलन, वर्गीकरण र परिचय,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

चन्द, जयबहादुर (२०६५), *सुदूरपश्चिमको लोकसंस्कृति र लोकसाहित्य एवं शिव-हरि-कृष्ण पुञ्ज,* कञ्चनपुर : तिलकबहादुर चन्द ।

चालिसे, विजय (२०३९), *डोटेली लोकसंस्कृति र साहित्य,* काठमाडौँ : साझा प्रकाशन ।

जोशी, पद्मराज (२०५७), *गौरापर्व एक परिचय,* धनगढी : सुदूरपश्चिमाञ्चल संस्कृति प्रवर्द्धन समिति ।

थापा, धर्मराज र सुवेदी, हंसपुरे (२०४१), *नेपाली लोकसाहित्यको विवेचना,* काठमाडौँ : त्रि.वि., पाठ्यक्रम विकास केन्द्र ।

दिवस, तुलसी (२०३९), *धिमाल लोकधर्म र संस्कृति,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पन्त, कालीभक्त (२०४३), *हाम्रो सांस्कृतिक इतिहास,* काठमाडौँ : लेखक स्वयम् ।

पन्त, जयराज (२०५५), *अँजुलीभरि सगुन पोल्टाभरि फाग,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पन्त, जयराज (२०६४), *डोटेली गौरापर्वका गीत र गाथाहरू,* काठमाडौँ : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा.लि. ।

पन्त, जयराज (२०३६), *डोटेली गौरापर्वका गीतहरूको वर्गीकरण, विश्लेषण र सङ्कलन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पन्त, जयराज (२०६४), *डोटेली धमारी गीत : एक अध्ययन,* काठमाडौँ : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा.लि. ।

पन्त, जयराज (२०६४), *डोटेली भो पर्वका गीत र गाथाहरू,* काठमाडौँ : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा.लि. ।

पन्त, जयराज (२०७१), *नेपाली लोकवार्ता (भाग १),* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पन्त, जयराज (२०६४), *डेउडा,* काठमाडौँ : वाङ्मय प्रकाशन ।

पन्त, जयराज (२०६४), *मस्टापरम्परा र त्यसका गीतहरू,* काठमाडौँ : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा.लि. ।

पन्त, देवकान्त (२०३२), *डोटेली लोकसाहित्य,* काठमाडौं : नेपाल एसियाली अध्ययन संस्थान, त्रि.वि. ।
पराजुली, कृष्णप्रसाद (२०६४), *नेपाली लोकगीतको आलोक,* काठमाडौं : रत्न पुस्तक भण्डार।
पराजुली, मोतीलाल (२०७१), *नेपाली लोककथा : सिद्धान्त र विश्लेषण,* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि ।
पराजुली, मोतीलाल र गिरी, जीवेन्द्रदेव (२०६८), *नेपाली लोकसाहित्यको रूपरेखा,* काठमाडौं : साझा प्रकाशन ।
पाठक, खगेन्द्रप्रसाद (२०७४), *डोटी जोरायल क्षेत्रका गौरागीतको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।
पौड्याल, षडानन्द (२०७८), *नेपाली लोकविश्वास,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।
पौडेल, ईश्वरा (२०७६), *ट्याम्केमैयुङ क्षेत्रमा प्रचलित लोकगीतको संरचनात्मक अध्ययन,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर ।
पौडेल, द्रोणकुमार (२०७४), *लोकवार्ता सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।
बन्धु, चूडामणि (२०५८), *नेपाली लोकसाहित्य,* काठमाडौं : एकता बुक्स डिष्टिब्युटर्स प्रा. लि.।
बन्धु, चूडामणि (२०७५), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौं : रत्न पुस्तक भण्डार ।
बराल, कृष्णहरि (२०६०), *गीत सिद्धान्त र इतिहास,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।
रोस्यारा, ताराकुमारी (२०६०), *डोटी जिल्लामा प्रचलित फागहरूको सङ्कलन र विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।
लम्साल, रामहरि (२०७७), *कुञ्जिनी खण्डकाव्यमा कुसङ्केतन,* प्रज्ञा, अ. २ पृ. ११८ ।
लामिछाने, कपिलदेव (२०७७), *लोकसाहित्य सिद्धान्त,* काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।
लुइटेल, खगेन्द्रप्रसाद (२०५२), *शोधविधि,* ललितपुर : साझा प्रकाशन ।
लुइटेल, खगेन्द्रप्रसाद (२०६२), *कविताको संरचनात्मक विश्लेषण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।
लुइटेल, खगेन्द्रप्रसाद (२०६७), *नेपाली काव्य समालोचना,* काठमाडौं : पैरवी प्रकाशन ।
शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६३), *लोकवार्ताविज्ञान र लोकसाहित्य,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।
श्रेष्ठ, तुलसीमान (२०७१), *नेपाली लोकगीत परिचय र विश्लेषण,* काठमाडौं : नवकला पब्लिकेशन ।
सिजापति, रामबिक्रम (२०५४), *बैतडेली भाषिका,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।
सुवेदी, हंसपुरे (२०५५), *नेपाली लोकजीवन : लोकविश्वास,* ललितपुर : साझा प्रकाशन ।